सजिलो रामायणको कथा

(सविस्तार रामगीता समेत)



मदन प्रसाद अर्याल र भवानी अधिकारी

(दाजु) (बहिनी)

विघ्नेश्वराय वरदाय सुरप्रियाय,
लम्बोदराय सकलाय जगद्धिताय ।
नागाननाय श्रुतियज्ञविभूषिताय,
गौरीसुताय गणनाथ नमो नमस्ते ।।

हे गणपति ! हजुर दुःख कष्ट हटाउने, वरदान प्रदान गर्ने र देवताका प्रिय पनि हुनु हुन्छ । ठूलो भुँडि भएको र विविध कलाहरूले परिपूर्ण हुनु भएको छ । संसारका हितकारी पनि बन्नु हुन्छ । हात्तिको मुख नै मुख भएका, वैदिक यज्ञ यागादिले विभूषित हे गौरीपुत्र ! तपाईंलाई नमस्कार छ ।

बक्रतुण्ड महाकाय सूर्यकोटि समप्रभः ।
निर्विघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

सूर्यको किरण जस्तै देदीप्यमान विशाल शरीर र बाङ्गो सुँड भएका हे गणेशजी ! कृपापूर्वक विघ्न बाधाहरू पन्छाएर हाम्रा सबै कार्यहरू (अनुष्ठानहरू) सफल तुल्याउँनु होस् ।

ज्ञाति. पु. ६१५

श्री गणेशाय नमः । श्रीरामसीताभ्याम् नमः

सजिलो
रामायण कथा

(सविस्तार रामगीता समेत प्रस्तुत)

प्रस्तुतिः

श्री मदन प्रसाद अर्याल (दाजु)
श्रीमती भवानी अधिकारी (बहिनी)

प्रकाशकः

श्रीमती रमादेवी अर्याल

प्रकाशक : श्रीमती रमादेवी अर्याल
एभरेष्ट गीता निकेतन (पुराण घर), घर नं. १४४
तरुण मा.वि. चोक, मनमैजु मार्ग, बालाजु,
बाइपास, काठमाडौं फोन: ४३५१०१२

प्रथम संस्करण प्रकाशित मिति : २००० प्रति २०६५ बैशाख २ गते सोमबार **राम नवमी**
(14th April 2008 Monday)

वितरण सहयोगी : राम बहादुर के. सी., नैकाप, फोन नं. ९८०३२९१६६४
श्रीमती शान्ति पण्डित (नर्जा मण्डप, नुवाकोट)
हाल बालाजु, बाइपास, फोन नं. ४३५००८२

मूल्य : ने. रु. १६०/-, भा. रु. १००/-

कम्प्यूटर डिजाइन : सुश्री सुनिता के. सी., बालाजु, बाइपास

मुद्रण : श्री गोपी के. सी.
डेल्टा अफसेट प्रेश
थापाथली, काठमाडौं
फोन नं. ४-२४०२९९

NEPAL SANSKRIT UNIVERSITY
Acc 4800 / 28608

समर्पण

स्व. तुलसीराम अर्ज्याल (वि.सं. १९६८-२०४५)   स्व. भक्त कुमारी (वि.सं. १९७६-२०५६)

शिष्ट सरल स्वभावका धनी कर्मकाण्डका पण्डित हाम्रा पूजनीय पिता श्री तुलसीराम अर्ज्याल तथा स्नेह र ममताकी प्रतिमूर्ति माता भक्त कुमारी को दिवंगत आत्माको चिर शान्ति प्राप्त्यर्थ यो **सजिलो रामायणको** कथा पुस्तक-पुष्प श्रद्धेय दुवैमा सभक्ति समर्पण गर्दछौं ।

लेखक मदन प्रसाद अर्याल (जेठो छोरा)

लेखिका भवानी अधिकारी (साहिंली छोरी, अनामनगर)

प्रकाशिका रमादेवी अर्याल (जेठी बुहारी)

बिषय सूचि

बालकाण्ड

- रामकथाको प्रारम्भ एवं रामतत्त्वको रहस्य ५
- दशरथको यज्ञ र उनलाई पुत्रप्राप्ति ८
- राम र लक्ष्मणलाई लिएर विश्वामित्रको अयोध्याबाट प्रस्थान १०
- ताडका, सुवाहु र मारिच बध १२
- जनकपुरतर्फ प्रस्थान र अहिल्याको उद्धार १४
- शिव धनुको पूर्व बृत्तान्त १७
- जनकपुरमा राम-सीताको विवाह सकेर अयोध्या प्रस्थान १८
- बाटोमा परशुरामसँग जम्काभेट भएको र परशुरामको घमण्ड चक्नाचूर पारेको २०

अयोध्याकाण्ड

- श्रवण कुमार मारिएको र अन्धा बाबु आमाले दिएको श्राप राजा दशरथको निधन ३५
- भरतले खेद गरेको वनमा राम-भरतको मिलन ३७

अरण्यकाण्ड

- अत्रि ऋषिको आश्रममा श्रीराम पुग्नु भएको र सीता अनशुया भेटघाट विराधको बध शरभङ्गको मुक्ति ४४
- श्रीराम द्वारा राक्षस उन्मुलन गर्ने आश्वासन ऋषिहरुलाई दिएर अगस्ति ऋषिको आश्रम तर्फ प्रस्थान ४५
- पञ्चवटीमा श्रीराम जटायुको भेट र लक्ष्मणलाई उपदेश ४७
- शूर्पणखाको बेइजती र स्वर त्रिशिर दूषणको बध ४८
- रावण- मारिच भेट र सीता हरण ४९
- राम विलाप जटायु-मुक्ति र कबन्ध राक्षससँग भेट् हुनु र सीताजी लङ्कामा भएको जानकारी ५४

किष्किन्धाकाण्ड

- ऋष्यमुक पर्वतमा सुग्रिवसँग मित्रता र वालिको बध तारालाई सान्त्वना ५९
- वर्षा काल वितेपछि सीताजीको खोजी आरम्भ ६८
- हनुमान प्रति रामको आड भरोसा र चिन्ह स्वरुप औंठी प्रदान गर्नु भएको ७१
- अङ्गद हनुमान आदि वीरहरुको सम्पातिसँग भेट ७४

सुन्दरकाण्ड

- सुरसासँग हनुमानको भेट र हनुमानको चलाखी ७७
- लङ्किनी- हनुमान बीच मुठ भेट् ७९
- हनुमानले अशोक वाटिकामा सीतालाई भेटेर रामको खबर सुनाएको ८१
- हनुमानले रावणको कान्छो छोरालाई मारेको लङ्का जलाएको ८७
- लङ्काबाट फर्केर साथिहरु सहित हनुमानले सुग्रिव र श्रीरामलाई भेटेका ९२

युद्धकाण्ड

- लङ्का सहरको सौन्दर्य-वर्णन र बाँदरसेनाको युद्धार्थ प्रस्थान ९७
- रावणले परामर्श लिंदा विभीषणलाई तिरस्कार ४ जना मन्त्रीहरु साथ लङ्का छाडी विभीषण रामको शरणमा गएको ९९
- सुग्रिवलाई संझाउन रावणको शुक नाम गरेको दूतको आगमन र सुग्रिव द्वारा रावण तिरस्कृत १०३
- श्रीराम समुन्द्रसँग रिसाउनु भएको राम बाणको चमत्कार शेतुवन्ध निर्माण १०४
- माल्यवान्सँग रावण रिसाएको राम वाणले रावणको मुकुट र छाता काटेको अटालीबाट ओर्लिएर घनघोर युद्ध आरम्भ १०७
- इन्द्रजितसँगको युद्ध लक्ष्मण मुर्छा परेको अतिकाय वीरहरुको नाश रावण स्वयं लडाई गर्न आएको १०८
- हनुमानको काममा बाधा पार्न रावणले कालनेमिलाई पठाएको ११०

- हनुमानको कालनेमीसँग भेटघाट हनुमान द्वारा तलाउमा गोही मारिएको र कालनेमि बध ११२
- कुम्भकर्णले भयानक युद्ध गरेपछि उसको मृत्यु रावणको विलाप ११५
- इन्द्रजितको होम विध्वंस गरेर लक्ष्मणद्वारा इन्द्रजितको बध ११८
- रावणको क्रोध लुकेर गुफा भित्र पसी होम गर्न थाल्दा यज्ञविध्वंस पारेको र मन्दोदरीको विलाप १२१
- राम-रावण युद्ध रावणको बध १२५
- श्रीरामचन्द्र पुष्पक विमानमा चढी अयोध्या फर्कनुभयो १३२
- अयोध्या पुगेर श्रीरामचन्द्रको राज्याभिषेक १३६

उत्तरकाण्ड

- श्रीरामसँग भेट गर्न अगस्ति ऋषिहरुको आगमन र कुराकानी १४३
- बाली र सुग्रिवको उत्पत्ति कथा १५०
- रावणको सनत्कुमार र नारदसँट भेट र श्वेतद्विपमा रावण गएको १५२
- सीता परित्याग १५४
- श्रीरामगीता (मूलपाठ सहित नेपालीमा भावार्थ) १५७
- लवणासुर बध, राज्यको बन्दोवस्त श्रीरामचन्द्रको सरयु प्रवेश र वैकुण्ठ तर्फ प्रस्थान १७९

बक्स भित्रको नौलो विषय

- कौशल्या र सुमित्रा सँग राजा दशरथको विहे (अ)
- सीताजी मन्दोदरीको गर्भबाट पैदा भएकी थिइन् २२
- बटवृक्षको आकार र विष्णुलाई चार भाइको श्राप ५८
- बाली र रामका बीच कुराकानी र विभीषणलाई लङ्काबाट निष्कासन ९५
- रामेश्वर शिवलिङ्गको सपरिवार रावण मार्ने प्राण प्रतिष्ठा शङ्कल्प रावणद्वारा पढियो १४२
- सुनका सीता १०० जना द्वापरमा महारानी भए १७८
- त्रयोदसाक्षरी मन्त्र "श्रीराम जय राम जय जय राम" १८८

कौशल्या र सुमित्रा सँगराजा दशरथको विवाह

लङ्का नगरीका राजा रावणलाई राजमदको घमण्ड उम्लेर आयो र विद्वान, ज्योतिषि, व्राम्हण वोलाई-मलाई मार्न सक्ने कोहि जन्मेका छन् की ? लौ हेर भन्दा ज्योतिषिले जोखना हेरी भन्छन् महाराज सुन्नु होस् कौशलदेशका कोशल राजाकी छोरी कौशल्याको गर्भवाट राजादशरथका वीर्यद्वारा तपाईंको मृत्यु रुप प्रथम पुत्र जन्मने छ भनी भन्दा जोतिषिका कुरा पत्याई डरले राजा रावणले व्रम्हाको तपस्या गरे । रावणको तपस्या देखि व्रम्हाजी खुशी भै वर माग भन्न जाँदा दशरथका वीर्यवाट पुत्र पैदा नहोस् भन्ने राजा रावणको माग सुनी तथास्तु भनी जगत पिता रिसाउँदै निज लोकतिर जाँदा भए । एता राजा रावण खुशी भै विचार गर्न थाले अव राजा दशरथको पुत्र त नहुने भो- तर डरलाई बोंकि रहनु भन्दा वृक्ष निर्मूल गर्नु भलो हो, भन्ने विचारले केहि दिन पछि, कौशल देशमा गै शिशु कौशल्या मैयांको चोरी गरी काठको वाकसमा राखी गङ्गाजीमा लगी एक माछ्कालाई नासो राख्न दिंदै भन्यो- हे मछ्ली मलाई वाहेक अरुलाई यो बाकस नदिनु भनी दशानन: लङ्का तर्फ जाँदा भए । उता देवर्पि नारदले सो कुरा थाहा पाई पिता व्रम्हाजीलाई विन्ति गर्दा व्रह्माजी क्रोधित् भै ठीक रावणको रुप धारण गरी राजा दशरथका मन्त्रीलाई साथली गङ्गाजीको तटमा गै माछ्कासित वाकस माग्दा माछ्काले ठीक रावणको रुप देखी व्रम्हालाई बाकस जिम्मा लगायो र व्रम्हाजीले त्यो वाकस कौशल देशका राजालाई दिनु भनी सुमन्त्र मन्त्रीका जिम्मा पठाए । उसैवेला मन्त्री सुमन्तले छोरी पुऱ्याउन कौशल नरेश कहाँ जाँदा राजा खुशी भै मन्त्रीलाई तपाई को हुनु हुन्छ भनी सोध्दा मन्त्री भन्छन्- म अवध पुरका महाराज दशरथको मन्त्री हुँ भनी भन्दा राजा हर्षित भै लौ तिनै दशरथ राजालाई यी छोरी दिन्छु भनी मन्त्रीलाई खबर पठाएँ । राजा दशरथले खवर पाउँदा अति प्रसन्न भै सकल भूपति र मुनि महर्षि तथा देवताहरुलाई समेत निमन्त्रणा गरी वरियातका साथ कौशल देशमा गई कौशल्या मैयाँसँग विवाह गरे । दशरथका वीर्यबाट पुत्र पैदा नभएता पनि यज्ञमा प्राप्त भएको पायस खाई कौशल्याका उदरवाट भगवान श्री रामको अवतार भयो । राजा दशरथले कौशल्या मैयाँलाई मागी विवाह गर्न ठीक्क पर्दा पुन: रावणले उसै गरी कौशल्यालाई चोरी लङ्कातर्फ लगेका थिये । कौशल्या नभएको वेलामा राजा दशरथ विवाह गर्न कौशल देशमा जाँदा दिदीको सट्टामा वहिनी सुमित्रासँग विवाह गरेका थिए । पछि कौशल्या पुन: प्राप्त भएपछि कोशल राजाले दशरथ राजासँग नै विवाह गराइ दिएका थिए ।

- शिव रामायण वाट

श्री गणेशाय नमः

श्रीरामसीताभ्याम् नमः

रामायणको कथा

बालकाण्ड

कुनै दिन देवर्षि नारदजी लोकलाई हित (कल्याण) गर्ने मनसुवा लिंदै ब्रम्हाजी रहनु भएको ठाउँ सत्यलोकमा पुग्नु भयो। त्यहाँ ब्रम्हाजीका पाउमा परेर षाष्टाङ्गदण्डवत् गर्नु भयो र ब्रम्हाजीलाई खुशी पनि पार्नु भयो। नारदजीसँग खुशी हुनुभएका ब्रम्हाजीले भन्नु भयो। "हे नारदजी तपाई मबाट के जान्न चाहनु हुन्छ सोध्नु होस्" ब्रम्हाजीको यस्तो करूणामय वचन सुने पछि ऋषि (नारद) ले निम्न कुराहरू विन्ति गर्नु भयो।

हे पितामह (ब्रम्हाजी) ! हजुरबाट मैले राम्रा नराम्रा शुभाशुभ सबै कुराहरू सुन्दै नै गरेको छु। अरू सुन्नु पर्ने कुरा कुनै बाँकि छैन तापनि अहिले म यस्तो चाहना राख्छु कि जव धरतीमा कलियुग आउला अनि सबै प्राणीहरू दुराचारी निस्केलान् नीचमति (दुर्बुद्धि) भई अनेक थरिका पाप गर्लान्। कलियुगमा कसैले पनि साँचो कुरा गर्ने छैन। अरूको निन्दा (परनिन्दा) गर्ने छन्। परायाधन खाने (हडप्ने) अभिलाषा राख्नु नै ठिक हो भन्ने ठान्नेछन्। कोही मानिस परस्त्रीमा लाग्ला त कोही हिंसा (मारकाट) तर्फ आकर्षित होला। कोही नास्तिक भई पशुतुल्य बन्दै शरीर नै आत्मा हो भन्ने पनि ठान्लान्। मान्यजन पितामातालाई शत्रु समान ठान्लान् नोकर जस्तो बनेर (स्त्री) स्वास्नीलाई देवता सरह मान्नेछन्। ब्राम्हणको सर्वस्व ग्रन्थ वेद हो। कसैले वेद पढ्ने गरे तापनि कतिपयले भने वेद ग्रन्थलाई बेच्ने पनि गर्नेछन् र धनलाई नै ठूलो सम्झेर जे जसरी भए पनि धन कमाउँने चेष्टा गर्नेछन्।

क्षेत्रीहरू पनि आफ्नो जातीय धर्म छाडेर नीच हुन पुग्छन् । शूद्र आदि तल्लो जातका मान्छेहरू तपस्वी भई ब्राम्हण सरिका बन्नेछन् । स्त्रीहरू पनि आफ्नो पति र ससुराको अदवमा नरही ठूलो द्रोह गरेर धेरै नै भ्रष्ट बन्नेछन् । यस्तो कुकर्म गर्नेहरूले यस संसार रूपी सागंर तरेर कसरी मुक्ति पाउन सक्लान् ?

यस्तै चिन्ताहरू मेरो (नारदको) मनमा उब्जन थालेका छन् । हे दयानिधान ! हे दयासागर ! यी कलियुगका मान्छेहरू कसरी भवसागर सहजै तर्लान् ? भन्ने ठानेर हजुरका नजिकमा आएको छु । पापीले पनि भवसागर सजिलैसँग तर्ने उपाय के हो ? यसबारे मलाई बताएर मेरो चित्त बुझाई दिनु होस् भनी नारदले दुनियाँ उपर दया गरेर यस्तो किसिमले ब्रम्हाजी समक्ष विन्ति गरेका थिए ।

यस्तो नारदको आग्रह सुने पछि ब्रम्हाजी पनि ज्यादै नै खुशी हुनु भयो । अनि नारदलाई भन्नु भयो । "हे नारद ! रामायण बराबरको सबैको हितकारी ग्रन्थ अरू कुनै छैन । रामायण पाठ गर्नुमा नै सबैको हित छ यो अमृत जस्तो मिठो छ । रामायण पढ्नु बाहेक अरू कुनै उपाय देखिँदैन"।

ब्रम्हाजी रामायणको उत्पत्तिबारे भन्नु हुन्छ- यो राम महिमा वारे सर्वप्रथम माता पार्वतीले भगवान् शम्भु (शंकर) बाट जानकारी लिनु भयो राम नाम लिंदा लिँदै गौरी माता अपार आनन्दमा पर्नु हुन्थ्यो । जसले यो "राम" नामको गान गर्दछन् ती सबै सहजैसंग संसार पार तर्दछन् । राम नाम जप्नेलाई कालको पीर (ताप्) रहँदैन । सहजैसंग उनीहरूको पीर, ताप, दुःख, कष्ट टरेर जान्छन् । सबै ठूला शास्त्रहरू र पुराणहरूमा भगवान् श्रीरामको स्वरूप भेटिन्छन् । यसैले भगवान् श्रीराम नै मुख्य मानिनु हुन्छ भन्ने कुरा वुझ्नेहरू राम नामका कीर्तन गर्छन्, सुन्छन् र वाञ्छित कुरा पनि प्राप्त गर्दछन् । रामनामको कीर्तन गर्नेले यत्ति धेरै पुण्यको फल पाउँछन् कि जसको मैले (ब्रम्हाले) पनि बयान गर्न सक्तिन ।

सर्व प्रथम शिवबाट नै राम नामको महिमाबारे ज्ञात भएको हो। राम नाम ग्रन्थ (रामायण) को एकै श्लोक पनि भक्ति पूर्वक पढ्नाले सबै पापहरू छुट्नेछन्। जसले एकाग्र चित्तले रामायणको पाठ खुशीसाथ सदैव गर्छ ऊ जीवन मुक्त (जन्मनु मर्नु नै नपर्ने) मानिस बनी ईश्वर समान हुन पाउँछ, रामायणको पुस्तकलाई पूजा मात्र गर्दा पनि अश्वमेध यज्ञ गरे समानको फल प्राप्त हुन्छ। जसले रामायण पुस्तकको नजिक पुगेर किताबलाई नमस्कार मात्र गर्दछ सबै देवताको पूजा गर्दा जुन् फल प्राप्त हुन्छ सोहि फल उसले भोग्न पाउँदछ।

चारै थरि वेदहरू पढेर शास्त्रहरूको व्याख्या गर्दा पनि नपाइने फल रामायण पुस्तकको दान मात्र गर्नाले पाइन्छ। चौबीस पटक गायत्री पुरश्चरण गर्दा पाइने फल, एकादशीका दिनमा भक्तको घरमा गई रामायण पाठ गर्नेले पाउँदछ। जसले राम नवमीका दिनमा उपवास बसेर रातमा जाग्राम बसी तन मनले रामायण पाठ गर्छ र सुन्छ, उसले सूर्य ग्रहणमा तीर्थहरूमा गई तुलादान गरे समान पुण्य प्राप्त गर्दछ र सुखी बन्दछ भन्ने कुरा निश्चित छ।

रघुनाथजीको प्रियजन रामायण पाठ गर्ने व्यक्ति हुन् यिनले भनेको कुरालाई देवराज इन्द्रले पनि नकार्दैनन् दिनहुँ रामायण पाठ गर्ने र सत्कर्म गर्ने मानिसको इज्जत (गुण) बढ्दै जान्छ रत्तिभर पनि घट्दैन। ब्रम्हघाती दुष्टको हृदयमा यदि राम छन् भने उसका पापहरू नष्ट हुन्छन्। तीन दिन रामायण पढ्यो भने पापात्मालाई पनि श्रीरामजीले शुध्दात्मा बनाइ दिनु हुन्छ। जसले रोजै हनुमानजीको तसवीर सामुन्ने राखेर रामायण पाठ गर्दछ उसले मनले चाहे जति सम्पूर्ण कुराको भोग गर्न पाउँछ। जसले तुलसी र पिपलको बोट वरिपरि प्रदक्षिणा गर्दै रामायणको पाठ गर्दछ उसका जन्म जन्मान्तरका पापहरू छुटी जानेछन्। रामायण ग्रन्थ र रामगीता ब्रम्हाजीलाई दिइएको विष्णुको बरदान हो। रामगीता भन्ने ग्रन्थको पाठ गर्नु झनै बढी उत्तम छ।

रामगीताको सम्पूर्ण महत्त्व बुझ्ने भगवान शङ्कर मात्र हुनुहुन्छ। आधा पार्वती माताले बुझ्नु भएको छ मैले (ब्रम्हाले) चौथाइ मात्र बुझ्न सकेको छु। रामगीता पाठ गरे पछि नाश नहुने कुनै पनि पाप छैन। श्रीरामजीले सकल वेदको सार यो अमृत बराबरको रामगीता बनाउँनु भयो र आफ्ना प्रिय भाइ लक्ष्मणजीलाई दिँदै भन्नु भयो "यो रामगीता पढे पछि संसार तरिन्छ"

कार्तवीर्यलाई मार्दछु भन्ने निश्चित बिचार लिएका परशुरामजी कुनै दिन शिवजी कहाँ पढ्न जानु भयो र शिवका चरणमा पर्नु भयो। पार्वतीमाता पनि शिवजीको नजिकमा नै बसेर रामगीताको पाठ गर्दै हुनु हुन्थ्यो। पार्वतीद्वारा गरिएको पाठ सुने पछि परशुरामजीले पनि रामगीताको पाठ गर्न शुरू गर्नु भयो। रामगीता पाठ गर्न शुरू गरे पछि मात्र "परशुराम" नारायण बन्नु भएको थियो। महिना दिन सम्म रामगीतालाई पढेमा ब्रम्हहत्या आदि सम्पूर्ण पापहरू नाश हुन्छन्। शालिग्राम, तुलसी, पिपल वा ठूला सन्यासी साधु नजिक गएर रामगीताको पाठ गर्नाले ठूलो महात्मा बनिन्छ। बयान नै गर्न नसकिने फल भोग्न पाइन्छ। श्राद्ध गर्दा रामगीता पाठ गर्नाले श्राद्धकर्ताका सम्पूर्ण पितृहरू तर्दछन्। दशमी र एकादशीका दिनमा नियम पूर्वक आसन बाँधी भक्ति साथ "अगस्ति" वृक्षका मुन्तिर बसेर आदरले रामगीता पढ्नेलाई मानिस होइन राम नै भने पनि हुन्छ अर्थात् त्यो व्यक्ति राम सरिकै हुन जान्छ। कुनै दान ध्यान तीर्थ नगर्दा पनि रामगीता पाठ गर्नेले अनन्त पदवी प्राप्त गर्दछ।

सम्पूर्ण पापनाश गर्न सक्ने रामायण वरावरको कुन जब्बर ग्रन्थ छ ? कुनै पनि छैन। श्रुति, स्मृति, पुराण र तन्त्र शास्त्रहरू र षोडष (सोह्) कला जुनसुकै भए पनि यस ग्रन्थको टक्करमा ती पुग्न सक्तैनन्। रामायणको महत्त्व वा गरिमा बारे वर्णन गरेर साध्यै छैन भनी ब्रम्हाजीले रामगीता र रामायणको महत्त्व बारे नारदजीलाई बताउनु भयो। यो सुनेर नारदजी पनि खुशी हुनु भयो। जसले रामायणको पाठ गर्ला वा अलिकति पनि सुन्ला ऊ सबैको पूज्य व्यक्ति भएर विष्णुपुरीमा (बैकुण्ठमा) पुग्न पाउला।

रामकथाको प्रारम्भ एवं राम तत्त्वको रहस्य

कैलासमा भगवान् सदाशिव ध्यान मग्न हुनु हुन्थ्यो। उहाँका काखमा पियारी जगज्जननी पार्वतीजी बस्नु भएको थियो। एक दिन पार्वतीले सदाशिवको पाउमा परेर सम्पूर्ण लोक उपर दया गर्ने उद्देश्यले सोध्नु भयो। हे नाथ ! म (पार्वती) हजुरलाई विन्ति गर्दछु कि जगत्का पति श्रीराम हुनुहुन्छ यो गहीरो संसाररूपी भवसागरलाई सजिलैसँग तर्नको निमित्त रामको भक्ति गर्नु सिवाय अन्य कुनै उपाय छैन। डुङ्गा तरे जस्तै गरेर मानव देहले यो भवसागरलाई रामको भक्ति गर्दा गर्दै तरेरै छाड्छ। संसारमा कतिपयले रामलाई ईश्वर मान्दछन् ता कतिपय मूर्ख अबुझहरूले यिनलाई मानिस भन्ने ठान्दछन्। के श्रीराम ईश्वर थिए त थिए भने रावणले पियारी सीतालाई हरेर लगेपछि ठूलो विपत्तिमा परी उनले शोक किन गर्नु पर्‍यो ? ईश्वरलाई शोक हुँदैन र उनमा अज्ञान पनि छैन। अज्ञानी र शोकमग्न भएकाले श्रीरामलाई कसरी ईश्वर भनी मान्ने ? लोकले यस्तो शंकास्पद कुराहरू गर्ने गर्दछन् तसर्थ हे प्रभो ? खूब विचार गरेर मेरो शन्देह हटाइ दिनुहोस् - भनी पार्वतीले जिज्ञासा व्यक्त गर्नु भयो।

पार्वतीजीको यस्तो जिज्ञासा सुने पछि भगवान सदाशिव खुशी हुनु भयो र श्रीरामका सबै तात्विक कुराहरू बताउँदै भन्नु भयो- ! सुन्यौ पार्वती- श्रीरामजी आकाश सरी व्याप्त अनादि परमेश्वर हुन् उनले यो विश्व ब्रम्हाण्डलाई शृष्टि गरी विराट स्वरूप लिएर ढाकेका छन्। जसरी चुम्बकका नजिक पुगे पछि लोहा (फलाम) नाना प्रकारले नाच्दछ त्यसै गरी राम तत्त्वले यो जगत्लाई नाना प्रकारले नचाउँदछ। यो कुरा नबुझेर जसले श्रीरामजीलाई मानिस सरह ठान्दछ उसलाई नै सांसारिक ताप कष्ट आइ परेरै छाड्छ। जस्तो बादलले सूर्यलाई ढाकेर नामेट पारि सक्यो अव सूर्य रहेनन् भन्नु झैं श्रीरामलाई ईश्वर होइन मानिस हो भन्नु एकै हो।

अज्ञानताले घुमाइएका मानिसहरू श्रीरामलाई ईश्वर नभनेर मानिस हो भन्ने गर्दछन्। राममा शोक र अज्ञान केही पनि छैन। उनी सबैका आत्मा

हुन् भनेर बुझ्नु पर्दछ। पृथ्वीमा भएका अधर्मीहरूलाई नाश गर्न अर्थात् भूभार हर्न सीताराम पैदा भएका हुन् भन्ने गोप्य रहस्य पनि तिमीलाई बताइ दिएको छु।

लंका विजय गरेर पृथ्वीका भारहरू सबै हरेर जब श्रीराम (रघुनाथ) ले राज्य गर्न थाल्नु भयो त्यसै वेला आफ्नो सामुन्नेमा उभिरहेका श्रीहनुमानजीलाई देखेर प्रभुको मनमा दया उब्जियो र सीताजीलाई हाम्रो तत्त्व रहस्य बताइ दिनु भनी रघुनाथजीले आज्ञा गर्नु भयो।

आफ्ना पति श्रीरामको आज्ञा पाएपछि सीताजीले हनुमानलाई बताउँनु भयो कि हेर हनुमान् ! तिम्रा स्वामी रामचन्द्र ब्रम्ह हुन् यिनकी सबला माया शक्ति भनेकी मैं सीता हुँ। श्रीरामको सन्निधि पाएर मैले यस जगतको शृष्टि र पालना गर्दछु। ब्रम्हाण्डका सबै काम यिनै श्रीरामजीले गर्नु हुन्छ पनि भनिएको छ। प्रभु श्रीरामले रघुको निर्मल वंशमा जन्म लिनु भएको छ। विश्वामित्र आदिका यज्ञहरू उपर मन लगाएर सफल पार्न दया समेत गर्नु भएको छ। श्रीरामले गौतमपत्नीका (अहिल्याका) पाप हरि दिनु भयो, शिवजीको धनुलाई भाँचि दिनुभयो र मसँग विहे गर्नु भयो। परशुरामको घमण्डलाई चकनाचूर पारेर १२ वर्ष अयोध्यामा विराजमान हुनु भयो। त्यस पछि जंगल पस्नु भयो। यी सवै जे जति कामहरू भए ती सबै गर्ने म (सीता) नै हुँ ता पनि लोकले रामलाई नै कर्ता ठानेको छ। वास्तविक कर्ता म भए पनि श्रीराम अन्तर्यामी (सवैका हृदयका ज्ञाता) र अनादि पुरुष हुनु हुन्छ मेरो गुण कै कारणले गर्दा उहाँलाई कर्ता भन्ने गरिएको हो।

सीताजीबाट हनुमानले यस किसिमका रामचन्द्रवारेका ज्ञानहरू पाउँनु भयो। त्यसपछि प्रभु श्रीरामले पनि परात्मा-आत्मा-अनात्मा वारेको व्याख्या हनुमानजीलाई सुनाउँने सन्दर्भमा आत्म-परात्म बुझ्नेले मुक्ति पाउँदछ भन्ने कुरा पनि बताइ दिनु भयो। अनात्म भन्ने विषय झूठो (असत्य) हो यसलाई त्यागि दिएर आत्म परात्मलाई बुझ्नु पर्दछ। आत्म परात्म बुझ्नेको अज्ञान नाश भइ जान्छ त्यस्तो व्यक्ति म (राम) समान बन्दछ। राम नामलाई हृदयभित्र गोप्य रूपमा राख्नु पर्छ भन्ने तत्व ज्ञान रघुनाथजीले हनुमानलाई बताइदिनु भयो।

सदाशिवले रामको ध्यान मात्र गर्ने मनुष्य संसार पार तर्दछ भनी पार्वतीलाई वताइ दिनु मात्र के भएथ्यो पार्वतीले रामको लीला सविस्तार आफूंलाई सुनाउन पतिदेव शंकरलाई आग्रह गर्नु भयो । आफ्नी प्रियतमा पार्वतीको आग्रह टार्न नसकी भगवान शंकरले पनि सम्पूर्ण राम चरित्र पार्वतीलाई सुनाउँनु भयो ।

रावणादि दानववीरहरूले पृथ्वीलाई ठूलो भारी बोकाएर कष्ट दिएका छन् । आफूलाई पीडा परेपछि पृथ्वी पनि रूँदै ब्रम्हाजीकहाँ पुगिन् र विन्ति गरिन् कि हे प्रभु ! पापीजन धेरै भइ दिएकाले मलाई ठूलो भारपरी थाम्न गाह्रो पर्‍यो यसबाट कसरी छुट्कारा पाउँन सक्छु भनी ब्रम्हाजीका पाउमा विन्ति गर्न थालिन् । पृथ्वीको यस्तो विन्ति सुनेर ब्रम्हाजी पनि श्रीविष्णु रहेको ठाउँ जलधि (आकाश) को बाटो हुँदै बैकुण्ठ तर्फ लाग्नु भयो । इन्द्रादि सबै देवताहरू समेत भई श्री विष्णुको स्तुति गर्नु भयो । स्तुति सुने पछि भगवान् श्री विष्णु खुशी हुनु भै दर्शन पनि दिनु भयो ।

भगवान् श्रीविष्णुको सुन्दर रूपको दर्शन पाएपछि ब्रम्हाजी चरणमा पर्नु भयो अनि भक्तिपूर्वक हात जोडेर पुनः स्तुति समेत गर्नु भयो । "हे प्रभो विष्णु ! रावण दुष्ट भएको छ उसले सम्पूर्ण लोकलाई विपतमा पारेको छ । इन्द्रादि देवताहरूको तेजलाई खिंचेर ऊ आफैंले लिएको छ । पहिले मेरो उसले तपस्या गर्दा मानिसद्वारा मात्र तँ मर्नेछस् भनी मैंले उसलाई बरदान दिएको थिएँ । अव हजूरले आफू स्वयं मानिस सरीको बनेर रावणलाई मारि बक्सनु पर्‍यो । ब्रम्हाजीको यस्तो विन्ति सुने पछि श्री विष्णु भगवानले यस्तो आज्ञा गर्नु भयो "म आफैँ मानिस बनेर रावणलाई मारि दिउँला मेरो माया जनककी छोरी सीता भएर रहलिन् म राजा दशरथको छोरा भई उहाँको दरवारमा जन्मुँला सीतालाई साथमा लिई हे ब्रम्हाजी ! तिम्रो विन्तिलाई मैंले पूरा गरुँला" ब्रम्हाजीकन यति कुरा त्रैलोक्य नाथ श्रीहरिले भन्नु भयो र अन्तध्यान पनि हुनु भयो ।

जव त्रैलौक्यनाथ श्री हरि अन्तध्यान हुनुभयो त्यसै बखतमा ब्रम्हाजी खुशी भएर इन्द्रादि तेत्तीसकोटी देवताहरूलाई "हे देवता हो जति समय सम्म श्री हरि मानिस भई भूलोकमा रहनु हुन्छ त्यति समय तपाइँहरू पृथ्वी तलमा जानुहोस् बानरको जुनि लिएर श्रीहरिको सहयोगी बन्नु होस्" यति कुराको आदेश देवताहरूलाई गरेर ब्रम्हाजी पनि सत्यलोक तर्फ लाग्नु भयो। इन्द्रादि देवताहरू पनि पृथ्वीलोकमा गएर बानर भई किष्किन्धा आदि ठाउँमा बस्न थाले।

दशरथको यज्ञ र उनलाई पुत्र प्राप्ति

त्यस वेला पृथ्वीको अयोध्या शहरमा दशरथ नामका बडा वीर रघुवंशीय राजा थिए। उमेरले बूढेसकाल लागि सक्ता पनि उनका कुनै छोरा भएनन्। सन्तति अभावको पीरपरी राजाले गुरू वशिष्ठ कहाँ गएर "हे मुने! कसो गरेमा मलाई छोरा होलान् ?" भनी सोधनी गरे। यस किसिमको राजाको आग्रहलाई सुनेपछि वशिष्ठ ऋषिले जुक्ति पनि बताइ दिनु भयो "हे राजन् शान्ताका पति ऋष्यशृङ्ग भन्ने ऋषि छन् यहाँ डाक्नु होस् अनि उहाँलाई नै आचार्य बनाएर यज्ञ गराउनु होस् हामीहरू पनि यहीं एउटा यज्ञ गरौंला, तपाईका अति नै वीर चार जना छोराहरू हुनेछन् त्यसपछि तपाइँका सबै ताप कष्ट पनि छुट्नेछन्।"

कुलगुरू बशिष्ठबाट भएको यस किसिमको अर्ति उपदेश सुनेर राजा दशरथ खूवै खुशी भए। त्यसपछि शान्ताका पति ऋष्यशृङ्ग ऋषिलाई बोलाएर यज्ञ पनि शुरू गराए। जव ऋष्यशृङ्ग र मुनि वशिष्ठले होम गर्न थाले त्यसै बखतमा अग्निदेव पायसको थाली लिएर यज्ञमा प्रकट हुनु भयो। अग्निदेवले राजालाई भन्नु भयो "हे राजन् यो पायस समाउँनोस् तपाईलाई भगवान् नै पुत्र प्राप्त हुनेछन्" यत्ति भनि दिए र आफू पनि अलप भइहाले (लुकिहाले)। पायसको थाली पाएर खुशी हुँदै याज्ञिक ऋषिका नजिकमा गई पायसलाई दुई भाग पारेर रानी कौशल्या र कैकेयीलाई एउटा एउटा राजा दशरथले दिए।

दुवै रानीले पायस खान मात्र बाँकि थियो त्यसै बखतमा सुमित्रा रानी पनि त्यहाँ आइपुगिन्। उनले कौशल्या र कौकेयीलाई मेरो भाग खोइ त ? भनी सोधिन्। दुवै रानीले आफ्नो आफ्नो भागबाट अलग अलग पायस झिकेर सुमित्राको लागि भाग लगाइ दिए। अनि तीनैवटी रानीले सो पायस मिलीजुली खाए।

पायस खाएपछि तीनै जना रानीहरूको गर्भ रह्यो। उनीहरूमा देवता सरि तेज पनि देखियो। सबै जनताहरू खुशी भए। जेठी महारानी कौशल्याबाट भगवान् श्रीराम पैदा हुनु भयो। माता कौशल्याले चतुर्भुज स्वरूपको दर्शन पनि पाउँनु भयो। उहाँको सबै ताप र कष्टहरू नाशिए। कौशल्या माताले आफूले जन्माएको शिशु ईश्वरै हो भन्ने विश्वास गरी दुवै हात जोडेर स्तुति गर्दै भन्नु भयो -

"हे नाथ ! हजुर आत्मस्वरूपी हुनुहुन्छ भन्ने कुरा मैंले जानें। सहजैसँग यो व्रम्हाण्डलाई आफ्नो उदरमा तपाईँले धारण गर्नु हुन्छ। अहिले भने मेरो पेट भित्र बसेर जन्म लिनु भएको छ। हे नाथ ! हजुरले भक्तका उपर दया गर्नु हुन्छ म पनि शरणमा आएकी छु। यो चतुर्वाहु स्वरूप मूर्ति सधैं मनमा झल्कि-रहोस्। अब यो चतुर्वाहु भएको दिव्य शरीरलाई लुकाएर बालकको रूपमा दर्शन दिनु होस् म अब हजुरको बाल लीला पनि हेर्न चाहन्छु। हजुरको त्यसै बालक मूर्तिलाई हेरी आलिंगन समेत गरेर सकल पापहरू नष्ट गर्न चाहन्छु।"

आफ्नी माता (महतारी) को यस्तो विन्ति सुने पछि नवजात प्रभुले हुकुम गर्नु भयो "हे माता हजुरको मनले ठानेको हित हुने कुन कुरा छ सबै विषय आज्ञा गर्नुहोस्। राजा दशरथ र तपाई दुई स्त्री-पुरूषले मिलेर पूर्व जन्ममा मेरो तपस्या गर्नु भयो (विष्णु रूप) मलाई पुत्र पाउँने तिब्र इच्छा व्यक्त पनि गर्नु भयो मैंले "तिमीहरूको म पुत्र हुँला" भन्ने वरदान पनि दिएँ र अहिले सोही वरदानलाई सिद्ध गर्न तपाइँ दुईको छोरा भई जन्मेको छु"- यति कुरा माता कौशल्यालाई बताएर तत्कालै बालक सरीको चेष्टा गर्दै प्रभुजी खुवै "चियाँ... चियाँ" गरेर रून पनि थाल्नु भयो। राजा दशरथलाई पनि शिशु जन्मेको कुरा थाहा भयो अनि सुत्केरी बसेको ठाउँमा स्वयं गएर प्रभु शिशुको दर्शन गर्नुभयो। परिपूर्ण मन पारिकन खुशी पनि हुनुभयो।

भगवान् श्रीरामको छैठी, न्वारान लगायतका जातकर्म संस्कार पनि त्यहीं गुरू वशिष्ठजीको हातबाट सम्पन्न भए। कैकेयी रानीले भरतलाई जन्म दिइन्। सुमित्रा रानीले भने दाजु लक्ष्मण र भाइ शत्रुघ्न नामका जुम्ल्याहा छोरा जन्माइन्। आफ्ना प्यारा राजा दशरथलाई पुत्र प्राप्ति भै दिएको हुनाले सम्पूर्ण प्रजाजनहरू ज्यादै खुशी पनि भएका थिए।

राजा दशरथका तीन रानीबाट चार छोराहरू जन्मिए। पुत्र प्राप्तिको खुशीयालीमा नानाथरिका वस्तुहरू सुवर्ण वस्त्र आदि पदार्थहरू दान गरिएका थिए। वशिष्ठ गुरूजीले कौशल्याका पुत्र जो सबै भन्दा जेठो हुनु हुन्थ्यो उहाँको नाम "राम" भन्ने राखि दिनुभयो। कैकेयीका पुत्रलाई भरत नाम दिइयो। सुमित्रा रानीका जुम्ल्याहा दुई छोरा मध्ये जेठाको नाम "लक्ष्मण" र कान्छालाई "शत्रुघ्न" भन्ने नाम दिइयो। लक्ष्मण रामसँग र शत्रुघ्न भरतसँग खेल्ने गर्दथे। पायसकै प्रभावले होला यी सबै भाइ भाइमा अत्यधिक मात्रामा प्रीति र स्नेह बढ्दै जान थाल्यो।

राम र लक्ष्मणलाई लिएर विश्वामित्रको अयोध्याबाट प्रस्थान

रामजीको बाल्यकाल विति गयो। अनेकौं बाललीला पनि गर्नु भयो। चारै भाइहरूको शास्त्रोक्त विधिले व्रतवन्ध पनि गरियो। सबै भाइहरू बनमा गएर कुशल शिकारीले जस्तै गरी शिकार पनि खेल्दथे। राजकाजको कार्य पनि सिकेका थिए। राम परमात्मा हुन् विकारी पुरूष होइनन्। यस पृथ्वीलोकमा मानिसको रूप लिएर आएका छन्। उनी मानिसले गर्ने जस्तै काम गर्दछन्। भगवान् श्रीहरिका लीला नै अपार छन्।

कुनै दिन विश्वामित्र ऋषिको मनमा राम नररूपधारी साक्षात् नारायण हुन् भन्ने पर्न आयो। मुनिजी खुशीले गद्गद् हुँदै अयोध्या पाल्नु भयो। राजा दशरथले ऋषिलाई आफूकहाँ आएको देख्ने वित्तिकै आदर सत्कार

गरेर कतिकामले पाल्नु भयो भनी ऋषि समक्ष श्रद्धा पुर्वक जिज्ञासा राख्नु भयो। ऋषि विश्वामित्र भन्नु हुन्छ -

"हे राजन् ! म ईश्वरमा मन दिएर विभिन्न तिथि र पर्वहरूमा होमादि कर्महरू गर्दछु। मारिच र सुवाहु भन्ने दुई दानव आएर अनुष्ठान कर्मको विध्वंस गर्न थाल्छन्। यी दुवै उपर रिस उठ्त छ। दुवैलाई म मराउँन पनि चाहन्छु। तसर्थ हजुरले आफ्नो जेठा छोरालाई मेरा साथ पठाइ दिनु हवस्। लक्ष्मणलाई साथ लगाएर रामलाई पठाइदिनु भएको खण्डमा झनै उत्तम होला यिनले दैत्यद्वय मारिच र सुबाहुलाई सहजैसँग मार्ने थिए। यसबारे गुरू वशिष्ठसँग पठाउँने कि नपठाउँने भनी सोध्नुहोस् उहाँले पठाई दिए हुन्छ भन्नु भयो भने आफ्ना यी दुवै छोरालाई मेरा साथ पठाइ पनि दिनु होस् यसै प्रयोजनको निम्ति म यहाँ आएको हुँ।"

विश्वामित्र ऋषिको यस्तो कुरा सुनेपछि छोरालाई पठाउँ कि न पठाउँ भन्ने दुविधा राजा दशरथको मनमा पर्न गयो। राजाले त्यसै ठाउँमा गुरू वशिष्ठलाई सोधे- "हे गुरूवर ! रामलाई देख्न पाइन भने म कसरी बाँच्न सकुँला ऋषिको कुरा अटेर गरेमा यिनले मलाई सराप पनि देलान् भन्ने लागेको छ म ज्यादै सकसमा पर्न गएको छु मैंले जे गर्दा श्रेय हुन्छ त्यसै गर भनेर आज्ञा हवस् जस्तो आज्ञा हुन्छ त्यस्तै नै म गर्दछु यसो गर्दा मेरो हित पनि हुनेछ"

राजा दशरथको यस्तो आग्रह सुने पछि गुरूले पनि राम बारेको गुहय कुरा बताइ दिनु भयो। हे राजन् ! अहिले तपाई राम मेरा छोरा हुन् भनी भन्नु हुन्छ तर तपाईका पुत्र भएतापनि यी राम चौधै भुवनका स्वामी हुन्। भू भार हर्नका निमित्त पृथ्वीमा अवतरण गरेर कौशल्याको कोखबाट जन्म लिएका हुन्। तिमी (दशरथ) र कौशल्या पूर्व जुनिमा कश्यप र अदिती थियौ। भगवान् नारायणको दुवैले तपस्या गरेर प्रभुलाई नै पुत्र प्राप्त गर्ने वरदान पाए पछि दुवैले समाधि लिएका हौं। परमेश्वर नारायणले पनि म तिमी दुवैको

छोरा हुनेछु भन्ने वरदान दिए बमोजिम साक्षात् परमात्माले जन्म लिनु भएको हो । **लक्ष्मण शेष** हुन् भने **शङ्ख** र **चक्र** क्रमशः **भरत** र **शत्रुघ्न** बनेका छन् यो अपार प्रभुलीलालाई तपाईले बुझ्नु पर्दछ । यसै सन्दर्भमा अर्को कुरा पनि म तपाइंलाई बताइदिन्छु - नारायणकी मूल शक्ति अनन्त गुण भएकी **सीता** पनि जनककी छोरीको रूपमा अबतरित भई बसेकी छिन् । सीता र रामको विधिपूर्वक विवाह गराइ संयोग गराइ दिने भावना विश्वामित्रको मनमा उब्जियो र विश्वामित्र मुनिजी राम र लक्ष्मणलाई लिन आउँनु भएको हो । हे राजन् ! तपाईंले आफ्ना दुवै छोरालाई उहाँका साथमा पठाइ दिनु नै वेस हुनेछ ।

गुरु वशिष्ठबाट यस्तो आज्ञा मिलेपछि दशरथले पनि खुशीसाथ भाइ लक्ष्मण सहित रामलाई ऋषिको जिम्मा लगाइ दिए । दुवै भाइलाई साथमा लिएर जान पाउँदा खुशी हुँदै राजा दशरथलाई आशिर्वाद दिएर राम लक्ष्मणका साथ अयोध्याबाट ऋषि विश्वामित्र पनि रमाना भए ।

ताडका, सुवाहु र मारिच मारिए

अयोध्या नगरीबाट केही टाढा पुगे पछि विश्वामित्रले कहिल्यै भोक, तीर्खा, थकाइ नलाग्ने विद्या रामलाई सिकाइ दिए । उनीहरू गङ्गाको तीरमा रहेको घनघोर बनमा पुगे । अनि विश्वामित्रले रामलाई '**ताडका**' नामगरेकी राक्षसी यहीं कतै बस्तछे पनि भनिदिए । ताडका मैथुन (संभोग) गराउँन खोज्ने ज्यादै कामिनी राक्षसी हो । यसले धेरैलाई बाधा र कष्ट दिंदै आएकी छे । हे राम ! तपाई यसलाई मारि दिनुहोस् भन्ने विश्वामित्रको आज्ञा सुन्ने वित्तिकै रामले पनि ठूलो आवाज आउँने गरी धनुलाई टङ्कानु भयो यो शब्द सुन्ने बित्तिकै ताडका राक्षसी आइ जाओस् भन्ने पनि जनाए । नभन्दै धनु टङ्कारेको ठूलो शब्द सुन्ने बित्तिकै ताडका पनि दौडदै त्यस ठाउँमा आइपुगी ।

रामले पनि छातीमा ताकेर बाण हानिदिनु भयो बाणले उसको छाती चिरिदियो र उसको मृत्यु भयो। यो ताडका पूर्व जन्ममा यक्षिणी थिई, सरापले गर्दा भयंकर राक्षसी हुन गएकी हो। रामले मारि दिएकाले उसको श्राप पनि टऱ्यो र उसले पुनः यक्षिणी कै रूप पनि पाई। त्यसपछि यक्षिणीले रामचन्द्रजीको वरीपरि घुमेर नमस्कार गरी राक्षसी रूप छाडी यक्षिणीको रुप लिएकी ताडकाले रामचन्द्रबाट आज्ञा पाए पछि उसलाई लिन भनी आएको विमानमा चढेर स्वर्ग तर्फ प्रस्थान पनि गरिहाली। नारीजातिलाई मार्नु पुरूषोचितकार्य होइन तापनि जब रामको यो कार्य (ताडकावध) विश्वामित्रले देखेर ध्यान पूर्वक विचार गर्न थाले त्यस पछि उनले शास्त्र अनुरूप नै यो कार्य भएको छ भनी रामचन्द्रलाई संझाएका पनि थिए।

कामाश्रम नामको रमणीय त्यस ठाउँमा एक रात विताई सबैको मङ्गल गरेर त्यहाँबाट टोली अर्का दिन सिध्दाश्रममा पुग्यो। सिध्दाश्रममा अनेकौं ऋषिहरूसँग भेट भयो। सबैले रामको स्वागत र अर्चना पनि गरे। रामले विश्वामित्रसँग सोध्नु भयो अब म मारिच र सुबाहुलाई मार्न अगाडि सर्न चाहन्छु ती दुबै कहाँ बसेका होलान् ? तपाइँ ऋषि महोदयहरूले नयाँ यज्ञको शुरू गर्नु भएमा ती दुवै राक्षस यज्ञलाई विध्वंस गर्न यहाँ अवश्य नै आउँने छन्। रामचन्द्रजीको यस्तो मनसाय सुने पछि विश्वामित्र समेत भई सबै ऋषिहरूले महायज्ञको शुरूआत पनि गर्न थाले। जब दिनको मध्यान्ह भयो आफूलाई मार्न काल आइपुगेको छ भन्ने कुराको हेक्का पनि नराखी यज्ञलाई विध्वंस पार्न होम भइ रहेको ठाउँमा राक्षसले कतै हाड फाल्छन् कतै रगत पनि छर्दछन्। यसरी हाड फ्याँक्तै रगत छर्दै आएका मारिच र सुबाहुको सामुन्नेमा पुगेर रामजीले बाण प्रहार गर्नु भयो। रामको बाणले मारिचलाई छिचोलेर समुद्र सम्म पुऱ्याइ दियो। सुबाहुलाई अग्निबाणले डढाएर खरानी पारिदियो। मारिच र सुबाहुका सबै फौजहरूलाई लक्ष्मणजीले मारि दिनुभयो।

यो देखेर खुशी हुँदै देवताहरूले त्यस ठाउँमा पुष्पवृष्टि पनि गरे। विश्वामित्र पनि ज्यादै खुशी हुनु भयो। उहाँले रामलाई आफ्नो काखमा राख्नु भयो। भोजन गर्न मीठा फलहरू दिनु भयो। त्यस ठाउँमा तीन दिन मुकाम गर्दा अनेकौं कथा वार्ताहरू (प्रवचन) पनि गरिए। चौथो दिनमा विश्वामित्र ऋषिले रामचन्द्रलाई भन्नु भयो अब हामीले राजा जनकको सहर तर्फ लाग्नु पर्दछ। राजा जनकले तपाईंको ठूलो स्वागत र सत्कार गर्नेछन्। जनकपुरमा एउटा शिवजीको धनु रहेको छ त्यसलाई हेर्दा पनि बेसै होला। ऋषिको जनकपुर जाने कार्यक्रम सुने पछि रामचन्द्र पनि कार्यक्रममा आफ्नो सहमति जनाउँदै साऱ्है खुशी हुनु भएको थियो।

जनकपुरतर्फ प्रस्थान र अहिल्याको उद्धार

रामचन्द्रजी विश्वामित्र र भाइ लक्ष्मणका साथ जनकपुर तर्फ प्रस्थान गर्नु भयो। हिंड्दै जाँदा गङ्गाजीको किनारमा पुगे पछि गौतम ऋषिको आश्रममा आँखा पर्न गयो। आश्रमको नजिकमा असल स्वादिला लटरम्म फल फलेका वृक्ष र फूलवारी (बगैंचा) पनि थिए। त्यहाँ कुनै जीव-जन्तु थिएनन् स्याहार संभार हेर विचार विना नै यी फलफूलका विरूवाहरू हुर्कि रहेका थिए। रामजीलाई यसको कारण थाहा नहुने त कुरै थिएन तैपनि "यो बगैंचा प्राणीसुन्य भइ किन रित्तो भयो ?" भन्ने जिज्ञासा ऋषि विश्वामित्र समक्ष राख्नुभयो। सबै कुराका ज्ञाता विश्वामित्रले पनि "यो ठाउँ पहिले गौतम ऋषिको बस्ती थियो तर अहिले यहाँ कोही पनि बस्दैनन्। गौतमकी भार्या गुणवती र भक्तिभाव भएकी ब्रम्हाजीकी छोरी परम सुन्दरी अहिल्या थिइन्। उनले आफ्ना नाना थरीका गुणका प्रभावले पतिलाई अत्यन्त खुशी पनि गराइन्। कुनै बेला काम विशेषले गौतम ऋषि बाहिर टाढा गएको मौका छोपी गौतम ऋषिको भेष बनाई गौतम पत्नीका नजिक पुगी इन्द्रले उनीसँग भोग विलास मोज मस्ती गरेर ज्यादै प्रसन्न भई स्वर्ग तर्फ फर्केर जाँदै

गरेको स्थितिमा आफ्नो रूपको दोश्रो व्यक्तिलाई आश्रम छेउ आइपुगेको गौतम ऋषिले जव देखे उनी आश्चर्यमा परे। गौतमले आफ्नो रूपको त्यस व्यक्तिलाई सोधे "तँ को होस् ? साँचो सत्य बताइ हाल् नत्र तँलाई भस्म पारि दिन्छु"

रिसाएका ऋषिले कड्किएर सोधे पछि डराउँदै र गिडगिडाउँदै इन्द्रले सबै कुरा बताए। आफ्नो रूपधारी इन्द्रको जवाफ सुन्ने वित्तिकै ऋषि सार्है रिसाए "हे इन्द्र ! तँ आज नारीको गुप्तांग (योनि) मा ज्यादै लुब्ध भइछस् देवताहरूको राजा भएको यस्तो ठूलो व्यक्ति योनिमा लुब्ध हुनु कदापि सहय छैन यसैले तेरो जिउभरि नै हज्जार वटा योनि उब्जिउन्" भनी श्राप दिए र आफ्नो कुटिभित्र पसेर पत्नी अहिल्यालाई श्राप दिंदै भन्न थाले- "हे पत्नि ! अहिल्या तैंले तत्कालै पत्थर ढुंगा बन्नु परोस्। तँ ढुंगा भएर बसेको ठाउँको वरिपरि जीवजन्तु र प्राणी कुनै हुने छैनन्। जुन बेला रघुनाथको गोडाले ढुंगा भएर बसि रहेकी तँलाई स्पर्स गर्ला अनि तेरो मुक्ति हुनेछ" ऋषिले भनि दिए।

आफ्ना पतिको यस किसिमको सत्य श्राप परेपछि अहिल्या पनि त्यसै ठाउँमा गिरेर ढुङ्गाको आकृतिमा परिणत भइन्। उनी रामचन्द्रको पादस्पर्शको प्रतीक्षामा रहेकी छिन्। हे राम ! तपाईले पत्थर बनेकी अहिल्यालाई आफ्ना गोडाले छोइ दिनु अर्थात् कुल्चि दिनु पर्‍यो भनी विश्वामित्रले भन्नु भयो। ऋषिजीको यस्तो आग्रह सुन्ना साथ रधुनाथ जानु भयो र तेर्सिरहेको ठूलो पत्थरलाई कुल्चि दिनु भयो। एउटा सुन्दर मूर्ति भएर त्यहीं अहिल्या पनि उठिन्। ब्राहमणी हुन् भनेर रामले पनि उनलाई प्रणाम गर्नु भयो। अहिल्या पनि रघुनाथलाई देखे पछि अत्यन्त खुशी भइन् श्रीरामको पूजा अर्चना र स्तुति गरेर उनी आफ्ना पति भएको ठाउँमा गइन्। रघुनाथजी पनि त्यस ठाउँबाट प्रस्थान गर्नु भयो र गङ्गाजीको तिरमा पुग्नु भयो। गङ्गाजी तर्ने मन गर्नु भयो अनि माझीलाई बोलाएर डुङ्गामा आफूलाई तार्न भन्नु भयो। माझीले तुरून्तै विन्ति गरे- "हे स्वामित् हजुरको गोडामा लागेको धुलोले

यो देखेर खुशी हुँदै देवताहरूले त्यस ठाउँमा पुष्पवृष्टि पनि गरे। विश्वामित्र पनि ज्यादै खुशी हुनु भयो । उहाँले रामलाई आफ्नो काखमा राख्नु भयो। भोजन गर्न मीठा फलहरू दिनु भयो। त्यस ठाउँमा तीन दिन मुकाम गर्दा अनेकौं कथा वार्ताहरू (प्रवचन) पनि गरिए । चौथो दिनमा विश्वामित्र ऋषिले रामचन्द्रलाई भन्नु भयो अब हामीले राजा जनकको सहर तर्फ लाग्नु पर्दछ। राजा जनकले तपाईंको ठूलो स्वागत र सत्कार गर्नेछन्। जनकपुरमा एउटा शिवजीको धनु रहेको छ त्यसलाई हेर्दा पनि बेसै होला। ऋषिको जनकपुर जाने कार्यक्रम सुने पछि रामचन्द्र पनि कार्यक्रममा आफ्नो सहमति जनाउँदै सार्‍है खुशी हुनु भएको थियो।

जनकपुरतर्फ प्रस्थान र अहिल्याको उद्धार

रामचन्द्रजी विश्वामित्र र भाइ लक्ष्मणका साथ जनकपुर तर्फ प्रस्थान गर्नु भयो। हिंड्दै जाँदा गङ्गाजीको किनारमा पुगे पछि गौतम ऋषिको आश्रममा आँखा पर्न गयो । आश्रमको नजिकमा असल स्वादिला लटरम्म फल फलेका वृक्ष र फूलवारी (बगैंचा) पनि थिए। त्यहाँ कुनै जीव-जन्तु थिएनन् स्याहार संभार हेर विचार विना नै यी फलफूलका विरूवाहरू हुर्कि रहेका थिए। रामजीलाई यसको कारण थाहा नहुने त कुरै थिएन तैपनि "यो बगैंचा प्राणीसुन्य भइ किन रित्तो भयो ?" भन्ने जिज्ञासा ऋषि विश्वामित्र समक्ष राख्नुभयो। सबै कुराका ज्ञाता विश्वामित्रले पनि "यो ठाउँ पहिले गौतम ऋषिको बस्ती थियो तर अहिले यहाँ कोही पनि बस्दैनन्। गौतमकी भार्या गुणवती र भक्तिभाव भएकी ब्रम्हाजीकी छोरी परम सुन्दरी अहिल्या थिइन्। उनले आफ्ना नाना थरीका गुणका प्रभावले पतिलाई अत्यन्त खुशी पनि गराइन्। कुनै बेला काम विशेषले गौतम ऋषि बाहिर टाढा गएको मौका छोपी गौतम ऋषिको भेष बनाई गौतम पत्नीका नजिक पुगी इन्द्रले उनीसँग भोग विलास मोज मस्ती गरेर ज्यादै प्रसन्न भई स्वर्ग तर्फ फर्केर जाँदै

गरेको स्थितिमा आफ्नो रूपको दोश्रो व्यक्तिलाई आश्रम छेउ आइपुगेको गौतम ऋषिले जव देखे उनी आश्चर्यमा परे। गौतमले आफ्नो रूपको त्यस व्यक्तिलाई सोधे "तँ को होस् ? साँचो सत्य बताइ हाल् नत्र तँलाई भस्म पारि दिन्छु"

रिसाएका ऋषिले कड्किएर सोधे पछि डराउँदै र गिडगिडाउँदै इन्द्रले सबै कुरा बताए। आफ्नो रूपधारी इन्द्रको जवाफ सुन्ने वित्तिकै ऋषि सान्है रिसाए "हे इन्द्र ! तँ आज नारीको गुप्तांग (योनि) मा ज्यादै लुब्ध भइछस् देवताहरूको राजा भएको यस्तो ठूलो व्यक्ति योनिमा लुब्ध हुनु कदापि सहय छैन यसैले तेरो जिउभरि नै हज्जार वटा योनि उब्जिउन्" भनी श्राप दिए र आफ्नो कुटिभित्र पसेर पत्नी अहिल्यालाई श्राप दिंदै भन्न थाले- "हे पत्नि ! अहिल्या तैंले तत्कालै पत्थर ढुंगा बन्नु परोस्। तँ ढुंगा भएर बसेको ठाउँको वरिपरि जीवजन्तु र प्राणी कुनै हुने छैनन्। जुन बेला रघुनाथको गोडाले ढुंगा भएर बसि रहेकी तँलाई स्पर्स गर्ला अनि तेरो मुक्ति हुनेछ" ऋषिले भनि दिए।

आफ्ना पतिको यस किसिमको सत्य श्राप परेपछि अहिल्या पनि त्यसै ठाउँमा गिरेर ढुङ्गाको आकृतिमा परिणत भइन्। उनी रामचन्द्रको पादस्पर्शको प्रतीक्षामा रहेकी छिन्। हे राम ! तपाईले पत्थर बनेकी अहिल्यालाई आफ्ना गोडाले छोइ दिनु अर्थात् कुल्चि दिनु पर्‍यो भनी विश्वामित्रले भन्नु भयो। ऋषिजीको यस्तो आग्रह सुन्ना साथ रधुनाथ जानु भयो र तेर्सिरहेको ठूलो पत्थरलाई कुल्चि दिनु भयो। एउटा सुन्दर मूर्ति भएर त्यहीं अहिल्या पनि उठिन्। ब्राहमणी हुन् भनेर रामले पनि उनलाई प्रणाम गर्नु भयो। अहिल्या पनि रघुनाथलाई देखे पछि अत्यन्त खुशी भइन् श्रीरामको पूजा अर्चना र स्तुति गरेर उनी आफ्ना पति भएको ठाउँमा गइन्। रघुनाथजी पनि त्यस ठाउँबाट प्रस्थान गर्नु भयो र गङ्गाजीको तिरमा पुग्नु भयो। गङ्गाजी तर्ने मन गर्नु भयो अनि माझीलाई बोलाएर डुङ्गामा आफूलाई तार्न भन्नु भयो। माझीले तुरून्तै विन्ति गरे- "हे ख्वामित् हजुरको गोडामा लागेको धुलोले

ज्यादै महत्व राख्दछ त्यो धुलो जव पत्थरमा पऱ्यो मान्छे बन्यो। अव डुङ्गाम परेपछि डुङ्गाको अभाव हुन जाला त्यसपछि हाम्रो रोजी रोटी टुट्नें छ हाम्र जहान वच्चा भोकले मर्नेछन्। त्यसैले धुलो लागेको गोडालाई वारिपा तीरैमा पखालि दिनुहोस्।" माझीको आग्रह सुनेपछि रामचन्द्रले आफ्न गोडा अगाडि सारि दिए। माझीले पानीद्वारा सफा गरी पखाल्यो र पान आफ्नो शीरमा दल्यो। यस प्रकार तयार पारिएको डुङ्गामा चढेर रामचन गङ्गा पारि पुग्नु भई जनकपुरमा दाखिल हुनु भयो। विश्वामित्र ऋषि दुई वट कुमारहरूका साथ आफ्नो शहर जनकपुरमा आइ पुग्नु भयो भन्ने सुनेर राज जनक पनि स्वागतार्थ त्यस ठाउँमा आइपुगे।

राजा जनकले विश्वामित्र मुनिको पाउमा परेर क्षेम कुशल सो अनि सुन्दर राजकुमार रामलाई देखेर पूजा अर्चना पनि गरे। राजा जनक ऋषिसँग रामचन्द्रको परिचय सोधे अनि यिनै विष्णुका अवतार हुन् भन्ने कुर पनि मनले विश्वास गरे। जनक सोध्छन् "हे व्राहमण यी कसका छोरा हुन् यिनलाई देख्ना साथै म ज्यादै प्रभावित भएको छु" जनकको कुरा सुनेपा विश्वामित्रले रामवारे सविस्तार जनकलाई वताउँन थाले। "हे राजन् यी दु राम र लक्ष्मण राजा दशरथका छोरा हुन्। मानिसले गर्न नसक्ने पराक्र यिनले गरेका छन्, मारिच र सुवाहु दुई अजेय राक्षस थिए राम मारिचलाई सहजै समुद्र पारी फ्याँकि दिए अनि सुवाहुलाई मारि दिए पत्थर भएर कैयौं वर्ष देखि लडिरहेकी गौतमकी पत्नी अहिल्यालाई रामक पाउले कुल्चि दिने वित्तिकै आफ्नो जस्ताको तस्तै स्वरूप लिँदै खडा भइन् तपाईंको शहर जनकपुरमा पनि एउटा शिवको धनु छ भन्ने सुनेर यिनी य आएका हुन्। त्यो धनु हेर्ने रामको इच्छा छ धनु कहाँ राखिएको छ ? छिट आफैं धनु देखाउने व्यवस्था गर्नुहोस्।" विश्वामित्रले राजा जनकलाई वता दिए। राजा जनकले पनि शिव धनु ल्याउँन आफ्ना मन्त्रीलाई हुकूम दिए अनि ऋषिलाई यसै मौकामा भनी हाले यो शिव धनुलाई रामले उचाल उनलाई म छोरी सीता दिन तयार छु रामले सीतासँग विवाह पनि गरून् जनकसँग यस्तै कुराकानी हुँदै थियो त्यसै बखतमा ५ हजार वीरले ध उचालेर बल्ल तल्ल त्यहाँ ल्याइ पुऱ्याए।

शिव धनुको पूर्व वृत्तान्त

(वाल्मिकी रामायण बालकाण्ड ६६ अध्याय)

राजा जनक विश्वामित्र ऋषिलाई शिव धनु बारे बताउँदै भन्दछन्- यो शिव धनु यहाँ नासो (धरोहर) को रूपमा रहेको छ। सत्ययुगमा निमि राजाका जेठा छोरा देवरातलाई नासोको रूपमा यो धनु राख्नलाई दिइयो। ख्याल ख्यालमा नै धनु उठाएर दक्ष प्रजापतिको यज्ञ विध्वंस गरे पछि भगवान् शंकरले रोषयुक्त स्वरले देवताहरूलाई भन्नु भयो हेर देवता हो ! तिमीहरूले मैंले प्राप्त गर्न चाहेको यज्ञको भाग खोस्यौ अब म यसै धनुद्वारा तिम्रा शरीरको मुख्य अंग शीरकाटि दिन्छु भन्ने कुरा गरेपछि सबै देवताहरूले भगवान् शंकरको स्तुति गरे। स्तुतिद्वारा शंकर भगवान् खुशी पनि हुनु भयो। उहाँले यो धनुलाई देवताहरू कै जिम्मामा छाड्नु भयो। यो त्यही धनु हो मेरा अग्रज देवरातले जिम्मा लिनु भएको थियो। अहिले यो धनु मेरो जिम्मामा छ। कुनै दिन यज्ञ गर्न भनी म आफैं जमिन जोत्दै थिएँ हलोको फालीले खोतलि दिएको खोल्सो (सीया) मा एक कन्या पैदा भइन् अयोनिजा ती कन्यालाई मैंले पालन पोषण गरेको छु। विवाह योग्य उमेर भएकी सीता नाउँकी मेरी कन्यालाई माग्न धेरै राजाहरू आए तर मैंले जो वलवान् छ र यो शिव धनु उठाउँन सक्छ उसैसँग छोरीको विवाह गराउँदछु भन्ने सर्त राखें। धेरै वलवान् मै हुँ भन्ने राजा आए कसैले पनि धनु उठाएर चढाउँन त परै जाओस् यसलाई हल्लाउँन समेत सकेनन्। म पनि धनु नउठाउने र ताँदो नचढाउँने निर्वलियोलाई छोरी दिन्न भनी अडिग भै रहें।

रिसाएका धनु उठाउँन असक्त वलवान् राजाहरूले मिथिला राज्यलाई चारैतिरबाट घेरेर मसँग युद्ध गर्छु भनी मलाई चुनौती समेत दिन थाले। उनीहरूले पूरा एक वर्ष सम्म मिथिलालाई घेरा हालेर अडिग रहे। मिथिला शहरलाई उनीहरूले पीडा समेत हर तरहले दिन थाले। पूरा एक वर्ष सम्म प्रतिरक्षामा लाग्दा मेरा युद्ध सामाग्री घट्नथाले मलाई अत्यन्त पीडा र कष्ट भयो। त्यसपछि मैंले देवताहरूको तपस्या गरेर देव शक्तिको आश्रय खोजें मेरो तपस्याबाट सबै देवताहरू ज्यादै खुशी भएर मलाई चतुरंगिणी सेना पनि उपलब्ध गराए। हाम्रो सेनाको मार खाए पछि बलहीन अथवा आफू बलवान्

छु भन्ने कुरा देखि शशंकित ती पापी राजाहरू आफ्ना मन्त्रीहरू सँगै देश विदेश तर्फ भागी गए। हे मुनिवर ! यो परम प्रकाशमान धनु हो अव म तपाईं, श्रीराम र लक्ष्मणलाई देखाउँदछु । यदि श्रीरामले यस धनुको प्रत्यञ्चा (ताँदो) चढाउँन सक्छन् भने म आफ्नी अयोनिजा कन्या सीतालाई यी दशरथ कुमार समक्ष सुम्पन पाउँछु।

धनुलाई देख्ने वित्तिकै रघुनाथजी पनि धनुका नजिक पुग्नु भयो। आफ्नो देब्रे हातले धनुलाई सहजैसँग उचाल्नु भयो। धनुमा ताँदो चढाएर जव खिच्नु भएथ्यो धनु भाँच्चिएर दुई टुक्रा भइ खस्यो। यो घटनाले सारा जनकपुरवासीहरू हर्षित भए। राजा जनकले पनि प्रभु श्रीरामचन्द्रलाई आलिंगन गर्नुका साथै ठूलो सत्कार गर्नु भयो।

जनकपुरमा राम-सीताको विवाह सकेर अयोध्या प्रस्थान

त्यसै वेला सीताजी पनि शीरमा कनक पुष्पको माला पहिरिएर छम् छम् गर्दै घरमा आइ पुगिन् मङ्गल पढियो। विहेको "अहम्" निर्णय कर्ता अयोध्याका राजा दशरथलाई यहाँ आउँनका लागि निमन्त्रणा पनि अयोध्यामा पठाइयोस् भनी विश्वामित्रले राजा जनकलाई भन्नु भयो। सविस्तार आग्रह पूर्वक निमन्त्रणा पत्र तयार गरेर दूतहरूलाई अयोध्या तर्फ पठाइयो। राजा दशरथले यो कुरा थाहा पाए। उनी ज्यादै खुशी भए र अयोध्याबाट सबैजना जनकपुरमा जानु पर्छ भनी हूकूम पनि दिए। एकै दिनमा ठूलो लावा लस्कर जम्मा भई छिट्टै जनकपुरमा पनि पुगिहाल्यो। यती ठूलो भिड जम्मा भएको थियो कि अयोध्या नै खाली भए जस्तो हुन गयो। अयोध्यावासीहरूका साथ दशरथजी मिथिलामा पुगे पछि राजा जनकले ठूलो आदर सत्कार गरे। सुन्दर हवेलीमा राजा दशरथलाई बस्न आग्रह गरियो। खुशी साथ राजा दशरथ पनि त्यो सुन्दर हवेलीमा बस्न गए। लक्ष्मणका साथ श्रीरामले पिता दशरथलाई ढोगभेट चढाएका थिए। विवाहको शुभ लगन राजा जनकले तोकि दिए। शहर भरी मङ्गल कार्यक्रम चल्न थाल्यो। चिराग सल्काएर रात भरि झल मल्ल उज्यालो पारियो नाच गान जारि गरिए। विवाह मण्डप तयार पारियो मण्डपमाथि हिराका झुम्काहरू झुल्याइएका थिए। त्यसैगरी शहरका घर घरमा मुगा, मोति जुहारका झुमरहरू झुण्डयाइए। राजा

जनकले आफ्नी दुई छोरी मध्ये जेठी सीता रामलाई र कान्छी छोरी उर्मिला लक्ष्मणलाई दिए। भाइ कुशध्वजकी छोरी श्रुतकीर्ति र माण्डवीको विहे पनि क्रमशः भरत र शत्रुध्नसँग गराइ दिए। जनकले आफ्ना सम्धि दशरथलाई छोरी सीताको उत्पत्ति लगायत सबै घटनाक्रमहरू सविस्तार बताइ दिए। राजा जनकले विश्वामित्रका छेउमा गई उनको खातिर गरे ज्यादै खुशी भएर सीतानाथ रघुनाथको पनि स्तुति गरे। सय कोटी (एक अरव) दाइजो स्वरूप दिए। दश हजार संख्यामा वेस मजवुत रथहरू प्रदान गरे। एक लाख घोडा र छ सय मत्ता हात्तीहरू पनि समर्पण गरे। एक लाख पैदल सेना र तीन सय सुसारे केटीहरू पनि अर्पण गरे। डबल असर्फी चढाएर गुरू वशिष्ठको पूजा गरियो। भरत, लक्ष्मण र शत्रुध्नको पनि पूजा सत्कार भयो। विवाह भएको केही दिन पछि रघुनाथले ससुरा जनकसँग घर (अयोध्या) फर्कने इच्छा पनि जाहेर गर्नु भयो।

रामचन्द्रको घर फर्कने इच्छा बुझ्नेपछि राजा जनक जुवाइँ रामचन्द्रका चरण पर्नु भयो। खुशी मनले सबैको विदाइ गर्नु भयो। सीताजी पनि विदा हुन आफ्ना महतारी (जनककी रानी) कहाँ गएर अँगालो हाल्दै रून्न थालिन्।सीताजीको आँखा रसाएको देखेर त्यहाँ सबैको आँखाबाट बर्बरी आँशु झर्न थाल्यो। जनक पत्नी तथा सीताकी महतारीले छोरीलाई बुहारीको लागि आफ्ना सासु र ससुरा सरी अर्को कोही मान्य व्यक्ति हुँदैन यसैले हे छोरी सीता ! तिमीले आफ्ना सासु र ससुराको हेरचाह र टहलमा दृष्टि दिनुपर्छ। स्त्रीको सबै भन्दा ठूलो धर्म पतिब्रता हुनु हो, तिमीले अनिवार्य रूपले सधैं पतिब्रता धर्मको पालना गर्नु पर्दछ। महतारीद्वारा भएका अर्तिहरू ग्रहण गरी सीताजी विदा पनि भइन्।

वाटोमा परशुरामसँग जम्का भेट भएको र परशुरामको घमण्ड चक्नाचूर पारेको

दुलही लिएर प्रस्थान गरेको त्यो जन्तिको लावा लस्करले बजाएको मृदङ्ग र नगराको आवाजले आकाशगुञ्जियो। जनकपुरदेखि १२ कोस लामो यो लस्कर हिंड्दा निस्केको आवाजले नजिक पर्ने मानिसको मुटु पनि थर्कायमान हुने गर्दथ्यो। पृथ्वीतलमा क्षत्रीयहरूको संहार र विनाश गर्दै

हिंडेका परशुराम अकस्मात् त्यस भीडमा आइपुगे। उल्का जस्तो गरी देखा परेका परशुरामलाई देख्नासाथ हाहाकार चल्न थाल्यो डरले भीड तित्तर बितर हुन पुग्यो। राजा दशरथको मनमा कुनै पनि उपायले आफ्ना छोराहरू बचुन् भन्ने भावना पनि उब्जन थाल्यो। राजा दशरथले किं कर्तव्य विमूढ भई चञ्चल मनले परशुरामका पाउमा परेर छोराहरूको ज्यानको लागि गिड गिडाउँदै प्रार्थना पनि गरे। तर राजा दशरथको प्रार्थनालाई अनादर गर्दै परशुराम रीसले कालाग्नि जस्तो भएर रामको सेखी र फूर्ति भ्फार्दछु भनी रामको सामुन्ने गएर रामलाई भने - "ए रे तँ कसको छोरो होस् ? जाबो पुरानो धनु भाँच्दैमा के गर्व गर्दछस् ? यो मैंले बोकेको हरिको धनु हो यदि वीर होस् भने यसमा ताँदो चढाएर हेर" भनेर परशुरामजी रामचन्द्रका अगाडि उभिए फेरि पनि कड्किँदै भन्दछन् - "यो हरिको धनुमा ताँदो चढाउँन सकिनस् भने म आजै तँ सँग लडेर यहाँ भएका सबैजना र तँलाई समेत मृत्युको मुखमा पुऱ्याइ दिनेछु" यस किसिमको कुरा (वचन) गरी परशुराम कालाग्नि जस्ता हुन पुगे परशुरामको काल समान उग्र रूप देखेर पृथ्वी पनि थर्कायमान भइन् सबैको सातो पुत्लो उड्न थाल्यो।

परशुरामको यस्तो क्रूर वचन सुनेपछि रघुनाथ पनि रीसले चूर भई अगाडि सर्नु भयो। परशुरामको हातबाट बल पूर्वक धनु खोस्नु भयो, तुरून्त ताँदो पनि चढाइ हाल्नु भयो। रघुनाथको त्यो ठूलो बल देखे पछि सम्पूर्ण लोक पनि खुशी भयो। रघुनाथले परशुरामलाई बताइ दिनु भयो- **हे ब्रह्मन! म तारो हान्न चाहन्छु त्यो तारो कुन हो ?** छिटो यसलाई हान भनी बताइ देऊ यदि कुनै तारो छैन भने अहिल्यै म यी तिम्रा गोडा काटि दिन्छु" यति भनेर परशुरामका तेज जति आफूले खिंच्नु पनि भयो।

परशुरामले पनि पूर्व बृत्तान्त सम्झेर श्रीरघुनाथलाई चिनिहाले अनि रघुनाथलाई भन्न थाले "हे प्रभु जगन्नाथ ! प्रभु कै अंश प्राप्त भए पछि म यस्तो घमण्डी र रिसाहा हुन गएको हुँ। कार्तवीर्य ठूलो पापी भयो यसलाई मार्दछु भन्ने उदेश्यले बालक अवस्थामा नै हजुरको (श्रीहरिको) ठूलो तपस्या पनि गरें। हजुरले खुशी भएर अव तिम्रो इच्छा पूरा हुनेछ म शक्ति दिन्छु त्यै शक्ति लिएर जाउ पनि भन्नु भएको थियो।

मनले चाहेको कुरा गर्न सक्ने ठूलो वरदान पनि मलाई हजुरले दिनु भयो सवभन्दा पहिले हजुरले आज्ञा भए बमोजिम कार्तवीर्यलाई मारें । एक्काइस पटक लडेर क्षेत्रीहरूको नाश पनि गरें। हजुरले क्षेत्रीशून्य भएकी पृथ्वीलाई कश्यपको जिम्मा लगाउँनु पनि भन्नु भएको थियो। सो पनि गरि सकें सेखी जुन् ममा पहिले थियो अव झरी (नाश) भइ सकेको छ।

मलाई वरदान दिने बखतमा आफ्नो शक्ति समेत प्रदान गर्दै प्रभुबाट आज्ञा भएको थियो कि- "तिमीले पृथ्वी क्षत्रीयहीन बनाएर सो क्षेत्रीशून्य पृथ्वीलाई कश्यप मुनिका जिम्मामा दिनु । त्रेतायुग लागेपछि राम भन्ने नामले प्रख्यात भई मेरो जन्म हुनेछ। त्यसै बखतमा मेरो तिमीसँग जम्का भेट हुँदा तिम्रो शक्ति हरि (खोसी) दिनेछु । त्यसपछि ब्रम्हाजीको तपस्या गरेर तिमीले बस्ने गर्नुपर्दछ। यति कुरा मलाई बताएर तपाईं प्रभु हरि बैकुण्ठ धाम तर्फ लाग्नु भएको थियो।

"हे प्रभु ! आफूले गर्नुपर्ने कामहरू गरिसकें रामलाई भेटें मेरो शक्ति पनि हरियो । हजुर प्रभु नै श्रीहरि हुनुहुन्छ भनेर चिनि पनि सकें । अहिले मेरो जन्म सफल भएको छ। परात्मालाई पनि सहजै प्राप्त गरेको छु। कृपापात्र बनेर हजुरको तत्व पनि बुझेको छु। अबदेखि हजुरका भक्तजनहरूसँग मेरो सत्सङ्ग हुने गरोस् सधैं हजुरका चरणमा मेरो दृढ भक्ति पनि रहि नै रहोस्"। यसो भनेर आफूले गरेका सबै पाप पूण्यहरू परशुरामले प्रभु समक्ष समर्पण गरे। चाहना गरेको बरदान प्रभु श्रीरामबाट प्राप्त गरे पछि परशुराम पनि खुशी भए। रघुनाथलाई नमस्कार गर्दै वरिपरि घुमेर रामचन्द्रको आज्ञा पाएर परशुरामजी तपस्या गर्न भनी महेन्द्र पर्वत तर्फ प्रस्थान गरे।

राजा दशरथ पनि आफ्नो छोराको तेज बढेको देखे पछि हर्षाश्रुका धारा बगाउँदै छोरालाई अंकमाल गरी स्नेहसिक्त भए। यस घटना पछि राम पनि अयोध्या तर्फ लाग्नु भयो र राज्यको सुख भोग गर्नु भयो। भानिज भरतलाई केही दिन मामाघरमा ल्याउँ भन्ने मनसायले कैकेयीका भाई युधाजित् आइपुगे। बुबा महाराज दशरथबाट विदा पाई भाइ शत्रुघ्नलाई साथमा लिई भरतजी मामाघर तर्फ लागे। रामचन्द्रजी विवाह गरेर दुलही सीताजी सहित अयोध्यापुरीमा आउँनु भयो भन्ने सुन्नासाथ सम्पूर्ण अयोध्यावासीहरू अत्यन्तै प्रसन्न भए।

उहिले परापूर्वकालमा प्रभु श्रीहरिलाई छोरो बनाउँन पाउँ भन्ने इच्छाले तपस्या गरेकी अदितीलाई “तथास्तु” भनेर बरदान दिए अनुसार कौशल्याको रूपमा अदिती प्रकट भएकी हुन् । सोही बमोजिम श्रीहरि पनि “रामको” रूपमा कौशल्याका छोरा भई जन्म लिनु भएको हो । श्री हरिकी लक्ष्मी पनि रामचन्द्रकी शक्ति भई सीताको रूपमा धरती तलमा प्रकट भएकी हुन् । विष्णु र लक्ष्मीले रामसीता भई सकल लोकलाई आनन्द मङ्गल गर्दै मानिसको रूपमा रहेर त्रैलोक्यनाथ श्रीहरि स्वयंले लोक हित गर्दै आउँनु भएको हो ।

- इति बालकाण्ड -

सीताजी मन्दोदरीको गर्भबाट पैदा भएकी थिइन् ।

रावणको राज्यमा ऋषिगणले ज्यादै कष्ट भोग्नु पर्‍यो । रावणले कर संकलन गर्दै जाँदा महार्षिहरुसँग तिरो माग्न थाल्यो । कुटिमा बस्ने हामी सँग केही छैन कसरी दिने भनी ऋषिगणले भने । तिमीहरुको शरिरको रगत लिन्छु भनी रावणले कठोरता देखायो । ऋषिहरु डराए । त्यसैबेला गायत्री माता आएर ऋषिहरुलाई भन्नु भयो तपाइँहरुले औंलाको टुप्पोबाट २ थोपा रगत निकालेर रावणको जिम्मा लगाउँनोस् त्यसैबाट मेरो उत्पत्ति हुनेछ अनि रावण मारिनेछ । ऋषिहरुले रगत दिए त्यो रगतलाई चाँदीको बट्टामा हालेर लङ्कामा लगी यो विष हो राम्ररी राख भनी रावणले मन्दोदरीलाई राख्न दियो । वर्षौं दिन वित्दा पनि आफ्नो पति लडाइँ गर्नमा नै व्यस्त भै घर नफर्केको पीरले रानी मन्दोदरीले विष खान्छु र मर्छु भन्ने सोचेर त्यो रगत खाइन् उनमा गर्भ रह्यो, छोरी जन्मिइन् । पति नभएको बेला छोरी जन्मिएकीले आपत पर्‍यो अनि विश्वासी दूतहरुलाई रानीले भनिन् यी बालिकालाई सुनको बाकसमा राखी हाम्रा स्वामीको शत्रु देशमा लगेर गोप्य रुपले दवाइ देउ भन्ने आदेश गरिन् । दूतहरुले पनि त्यो बाकस जनकपुरमा (मिथिलामा) ल्याई दवाइ दिए । राजा जनकले धनुष यज्ञ गर्दा उत्पत्ति भएकी सीता ब्रम्ह गायत्री हुन् भनी भगवान् शङ्करले पार्वतीलाई बताउँनु भयो ।

- मणि रत्न. रामायणबाट

रामायणको कथा

अयोध्याकाण्ड

सीताजीका पति श्रीराम कुनै दिन एकान्त स्थलमा बस्नु भएको थियो। सीताजी पनि नजिक मैं बसेर चमर हस्कँदै हुनुहुन्थ्यो। अत्यन्त खुशी भएका नारदजी आकाश मार्गबाट त्यस ठाउँमा आइ पुगे। आफ्ना नजिक नारदजीलाई देखेर श्रीरामले खुशी हुँदै दण्डवत् गर्नु भयो। रामचन्द्रजी नारदलाई भन्नु हुन्छ-"म संसारी भएर बैकुण्ठबाट यहाँ धर्तीमा अवतरण गर्दै रहेको समयमा तपाईसँग भेट भएको थियो। यहाँ अहिले भाग्यले पूनः भेट भयो। अब मैंले के काम गर्नु छ बताइ दिनु हवस्, सो काम सिद्ध पारेर तपाईको मनलाई खुशी राख्नेछु।"

रामचन्द्रको यस्तो वचन सुनेर नारदले पनि विन्ति चढाए। ब्रम्हाले संझाउँनु भएको छ कि समस्त दुष्ट नाशेर भुभार हर्न आफू आयोध्यामा जाने कुरा ब्रम्हाजीलाई भनेर आश्वस्त पार्नु भएको थियो। अहिले दशरथ महाराजले तपाईलाई गद्दि सुम्पन खोज्नु भएको छ। राजकाजमा भुल्न थाले पछि दुष्टको नाश गरेर भूमिको भार कसरी हरि बक्सिएला? सो काम बाँकी नै रहने भयो। नारदजीको यो कुरा सुने पछि प्रभुले भन्नु भयो -"म राज्य नगरी भोली नै हिंडी हाल्छु" रामचन्द्रको यस्तो कुरा सुनेर नारदजी खुशी हुनु भयो। तीन पटक प्रभुलाई प्रदक्षिणा गरेर आकाश गतिले नारदजी पनि आफ्नो गन्तव्य तिर लाग्नु भयो।

एक दिन रामदेखि अत्यन्त सन्तुष्ट भई मनमा आनन्द लिएर राजा दशरथले उनलाई (रामलाई) राज्य दिने मनसुव गरी गुरुलाई बोलाएर भनिदिए कि अब रामलाई राज्याभिषेक गरिदिने, त्यसको लागि चाँहिने जति सामग्रीहरू ल्याउनुहोस् भनी आग्रह गरे। त्यसका लागि उनले (दशरथले) मन्त्रीलाई डाकेर हूकूम दिए। "हे मन्त्री ! गुरुबाट जे जे आज्ञा हुन्छ, अरू सब

काम छोडी त्यो सामग्री तयार पार ।" महाराज दशरथको यस्तो हूकूम सुनेपछि गुरूका साथमा रहेर गुरूबाट आज्ञा भए बमोजिमका चाहिने जति सामग्री मन्त्रीले खोज्न लगाए। त्यसपछि गुरु वशिष्ठ श्रीराम भएको ठाउँमा गए। पहिले त श्री रघुनाथले गुरु भनी वशिष्ठको ठूलो आदर सत्कार गरे। त्यसपछि श्रीरामको आफू उपरको सत्कार देखेर गुरूले भन्न लागे -"हे त्रैलोक्यनाथ ! म तपाईंको गुरु हुन त हुँ, तर के भनुँ ? मलाई श्रीरामका गुरु हुन् भनेर सम्पूर्ण व्यक्तिहरू भन्दछन्, तिनीहरू जे जे भन्छन् भनुन्। तर हजुरको दर्शन पाउँला भन्ने पूर्ण आशाले गर्दा म तपाईंको पुरोहित (गुरू) भएको हुँ, तर दुनियाँले भित्री कुरा (रहस्य) थाहा पाउलान् भन्ने कुराको डर मलाई लागेको छ के भनुँ, तर सकभर यो भित्री कुरा (रहस्य) खोल्दिन वरू चूपलागेर बस्छु यिनै कुरा हजुरलाई विन्ति गर्न आएको हुँ।

गुरू वशिष्ट फेरि भन्छन् -"हजुरको भोली राज्याभिषेक हुनेछ, किनकि राज्याभिषेकको लागि सम्पूर्ण सामग्री तयार भइसक्यो, वरू हजुरले भुइँमा सुकला हुनुपर्छ भनी शास्त्रले बताएको छ। फेरि जनकनन्दिनी सीताले पनि आफ्ना सम्पूर्ण इन्द्रियहरू जितेर हजुरसँगै उपबास बसुन्। अब मलाई जानको लागि विदा दिनु हवस् किनकि मेरो धेरै काम छ, ती सबै काम म गएर हेरबिचार गर्दछु। यस्तो विन्ति गरेर गुरू वशिष्ठ जानुभयो। त्यसपछि श्रीरामले लक्ष्मणलाई भन्नु भयो -"म तिमीलाई काम गर्न दिउँला", तर भाइ भरत पनि यहाँ छैनन्। तिनका निम्ति मलाई दया लाग्दछ, तर म राजा हुने कुरा सुनेपछि माता कौशल्या पनि अत्यन्त खुशी हुनेछिन् भनेर बताउँदै जानुभयो।

राम लक्ष्मणलाई फेरि भन्नुहुन्छ कि राजाले (दशरथले) आफ्नो राज्य समेत सबैथोक दिनुभयो। यसमा कैकेयीले के गर्लिन्। तर लक्ष्मी र दुर्गा भएर यसमा कदापि विध्न पर्न नदिउन्। कौशल्या (माता) पनि यही विचार गरेर रामलाई राजा हुनमा कुनै किसिमको विध्न वाधा नपरोस् भनेर देवीको पूजा गर्दै हुनु हुन्छ।

उता देवताहरूको मनमा भने, रामलाई राजा हुन नदिनको लागि विघ्न वाधा ल्याइ दिनु थियो । त्यसकारण उनीहरुले वाणीकी देवी (सरस्वती) लाई भने कि तिमी जाऊ, मन्थरा र कैकेयी कहाँ यी दुबै स्त्रीका मनमा पसेर बुद्धि विगार्ने काम पूरा गर, देवताहरूका यी कुरा सुनेर झटपट वाणीकी देवी (सरस्वती) मन्थराको मनभित्र पसिन् त्यसपछि कैकेयीलाई पनि भुलाउँछु भनी उनको पनि मनभित्र पसिन् ।

वाणीको (सरस्वतीको) वसमा परेकी कैकेयी जहाँ थिइन् त्यहाँ विघ्न वाधा आइ पर्ला भनी झटपट कैकेयी कहाँ मन्थरा गइन् । त्यसपछि उनले (मन्थराले) विभिन्न प्रकारका छलकपट गरी ठिक्क दुरूस्त पारेर भनिन्- तिमीले राजासँग लिनुपर्ने बाँकि दुई वटा वर छन्, त्यो माग भनी सम्झाइन् वाणीद्वारा भुलाइएकी कैकेयीले मन्थरासँग भनिन् कि- रामलाई वनवास र भरतलाई राजगद्दि, छिट्टै यी दुई वर राजासँग माग्छु, यी दुई वरले जव काम पूरा हुन्छ, त्यसपछि तिमीलाई यसको वदला सय गाउँ दिनेछु, त्यति भनेपछि मन्थरालाई विदा दिई, कैकेयी रीसाउन थालिन् । राम्रा कपडा (लुगा) फुकालेर फ्याँकी, मैला कपडा लगाइन् गहनाहरू पनि फुकाली रीसले खाली भुईंमा (जमिनमा) लडीवुडी गर्न लागिन् सज्जन मानिस पनि दुर्जनको संगतले गर्दा दुर्जन हुन जान्छ भनी दुनियाँले भने जस्तै कैकेयी पनि मन्थराको संगतले विग्रिइन् । यता राजा (दशरथ) रामलाई राजगद्दि दिने विचारले खुशी हुँदै कैकेयी कहाँ बस्न गए तर उनलाई देखेनन् । त्यसपछि कहाँ गइन् कैकयी भनी नोकर्नीसँग सोधे रानी रीसाएको कुरा नोकर्नीबाट सुने पछि राजाले कैकेयी रीसाएको कारण नोकर्नीसँग बुझ्न खोज्दा उसले भनी के कारण रीसानी भएको हो, मैले बुझेकी छैन हजुर नै गई बुझ्नुहवस् भनी विन्ति गरी ।

सुसारेका यी कुरा सुनेर राजा (दशरथ) डराइ डराइ कैकेयीका नजीकमा गए र उनलाई (कैकेयीलाई) तिमी किन रिसायौ रिसाउनुको कारण के हो ? भन भनी सोधे तिमी जे भन्छ्यौं, त्यो म पुऱ्याउँछु भनी वाचा समेत

गरे । रामलाई बनवास र भरतलाई राज्य दिनु पर्‍यो भन्ने कैकेयीका कुरा सुनेपछि राजा दशरथ रूख ढले झैं भुइंमा ढले । तर कैकेयीले भने आफ्नो जिद्दि छाडिनन्। रामलाई वनवास र भरतलाई राज्य दिनुहवस् भन्ने रटान गर्दै रहिन् । यी दुई वर दिने भए दिनु हवस् नत्र भने मर्छु पनि भन्न थालिन्, उनले फेरि भनिन्- भोलि यति कुरा भएन भने विष खाएर मर्छु, उनको बराबर यस्तो कुरा सुनेर राजा दशरथ जमिनमा ढली मुर्छा परे, राजा दशरथको लागि त्यो रात विताउन वर्षदिन विताए जस्तै भयो ।

जव विहान भयो सब सामग्री तयार गरी मन्त्री राजाकहाँ आए, तर राजा (दशरथ) को त्यस्तो अवस्था देखी खूबै विचार गरेर मन्त्रीले महाराज के भयो ? भनी सोधे - राजाबाट सम्पूर्ण कुराको रहस्य थाहा पाएर मन्त्री सुमन्त्र रामलाई लिन गए अनि रामचन्द्र पनि आए । राम आएपछि कैकेयीले रामलाई भनिन्- "राजाको सुख र दुखको कारण नै तिमी हौ, त्यसकारण तिमी वनमा जाउ । भरतलाई राज्य देऊ" । उनका (कैकेयीका) कुरा सुनेपछि श्रीरामले भन्नु भयो-"माता कैकेयी तपाई सुन्नु होस्, राजा(दशरथ) खुशी हुनु हुन्छ भने मैंले घरमा बसेर के काम छ ? म वनमा नै जान्छु, राजा बोलुन् म कत्ति पनि गाहो नमानी वनमा जान्छु ।" श्रीरामको त्यस्तो कुरा सुनेर राजा दशरथ भन्छन्- हे ! "रामचन्द्र मलाई बाँध र तिमी राज्य गर, यसमा तिमीलाई कुनै पनि प्रकारको पाप लाग्दैन।" राजा (दशरथ) यति भनेर फेरि विलाप गर्न लागे। राजा दशरथको यस्तो आशय बुझेर रामचन्द्र माता कौशल्या कहाँ जानु भयो । त्यति बेला माता कौशल्या पनि श्रीहरिको ध्यानमा हुनुहुन्थ्यो रामचन्द्रजी आउँनु भएको नदेखी कत्ति पनि ध्यान नछुटाई आफ्नो सम्पूर्ण मन प्रभु श्रीहरि पट्टि नै दिई रहनु भयो ।

कौशल्यालाई सुमित्राले बोलाउँदा, मात्र उहाँको ध्यान खुल्यो, आँखा खोलेर यसो हेर्दा उनले रामचन्द्रलाई देखिन्। रामलाई देखेर कौशल्याको मन आनन्दित भयो । उनले रामलाई खुशी हुँदै काखमा लिएर केही खान भनिन्।

माता कौशल्याको यस्तो पुत्र वात्सल्य देखी श्रीराम भन्नुहुन्छ -"अब त म पनि कति खाउँला र" खानेवेला त गयो, मलाई वनको राज्य मिल्यो, भरतले यहाँको राजगद्दि पाए, त्यसकारण उनी यहीं बसेर राज्य गरून्। हे माता ! हजुर ले विदा दिइवक्सिन्छ भने म खुशीसाथ वनमा जान्छु र चाँडै नै फर्केर आउँछु, त्यतिञ्जेल सम्मका लागि कत्ति पनि मनमा नरमाइलो नमानि वक्सिएला।

रामको यस्तो वचन सुन्ना साथ तत्काल मुर्छा परेर बिउँतेकी कौशल्याले भनिन् -"म अब तिमीलाई छोड्दिन। राजाले वनमा पठाए तापनि म तिमीलाई वन जानबाट रोक्दछु। होइन भने तिमी जहाँ जान्छौं मलाई पनि साथ साथै त्यहीं लैजाऊ। माता कौशल्या फेरि भन्छिन्-तिमीलाई पठाएर बिदा दिई म यहाँ कसरी तिम्रो वियोगको दुःख सहन सक्छु, वरू तिमीलाई छोड्नु पऱ्यो भने प्राण त्यागेर यमलोक जानेछु। माता कौशल्याको यस्तो दुःखपूर्ण मायाले भरिएको विलाप सुनेपछि, लक्ष्मण अरूसँग रीस गर्नलागे उनी रामचन्द्र तर्फ फर्केर उठेको रीस बढाउँदै विन्ति गर्छन् - कि अब म (लक्ष्मण) भरतसँग लडाईं गर्छु, लक्ष्मण फेरि पनि भन्छन् दाजु ! हजुरको राज्य जस-जसले हरण गर्छन्, ती व्यक्तिहरू सबलाई मार्छु र अरूको त के कुरा सबभन्दा पहिले पितालाई नै बाँध्छु, फेरि लक्ष्मण भन्छन् अरूले राजगद्दि चढे चढुन् म भने सम्पूर्ण शत्रुको नाश गर्नेछु। यस्तै यस्तै काम गरेर माता कौशल्याको मनका सम्पूर्ण शोक हरण गर्नेछु। लक्ष्मणका यस्ता कुरा सुनेर रामचन्द्र खुशी हुनु भयो र लक्ष्मणलाई माया गरेर विस्तारै सम्झाउनु भयो। श्रीरामले जुन् कुराहरू बताएर लक्ष्मणलाई सम्झाउँनु भयो त्यसैलाई राम गीता पनि भनिएको छः-

श्रीराम भाइ लक्ष्मणलाई भन्नु हुन्छ– "भाइ सुन यो संसारमा जति पनि मानिसहरू छन्, ती सबको शरीर अति नै कच्चा कमजोर छ, त्यस्तो कमजोर शरीर भएको व्यक्ति भएर तिमी (लक्ष्मण) कत्ति पनि मनमा रीस (इर्ष्या) नलेऊ। हामीले जति सुख दुःख भोगेका छौं, ती सबै ज्यादै चञ्चल छन्। जसरी पानी पर्दा आकाशमा विजुली झिलिक्क चम्कन्छ, त्यसपछि तुरुन्तै हराएर जान्छ। त्यो स्थिर हुँदैन, अस्थिर हुन्छ। विजुली समान हाम्रो भोगाइ हुन्छ भने त्यस्तो भोगाइप्रति विचार गरेर तिमीले सहनु पर्छ। सहनसील हुनुमा नै तिम्रो महानता हुन्छ। जस्तो सर्पको मुखमा परेको भ्यागुतोलाई पनि डाँसले जे जसो पर्ला पर्दै रहला भन्ने सोचेर खान खोज्छ। जस्तो आइ पर्ला त्यस्तै किसिमको भोग गरूँला भनी सम्पूर्ण दुनियाँ मनमनै भन्दछन्। फेरि यसरी विचार गर्दा कालो सर्पको मुखमा पर्नाले त्यस डाँसले भोग्ने परिणाम कस्तो होला, त्यो विचार गरेर हेर त त्यसै कारण बरू म (रामचन्द्र) वनमा जान्छु। यहाँ रहने जो जो छन् ती सबैलाई भगवान हरिले आनन्दित र सुखी राखून्।

रामचन्द्र फेरि भाइ (लक्ष्मण) लाई भन्नु हुन्छ–"हेर भाइ देश देशका मानिसहरू बाटोका पौवा पाटीमा जम्मा भई गुजुमुज्ज भएर वास बस्छन्, त्यसपछि खुशी मनले कुराकानी गर्दै, दाजुभाइ जस्तै भएर रात त्यहाँ (पाटीमा) नै विताउँछन्। जब उज्यालो हुन्छ ती सबै उठ्छन् त्यसपछि आ–आफ्ना गन्तव्य स्थानतिर लाग्छन्। त्यसकारण दाजुभाइका साथ यस्तै दुःख सुख हुन्छ भन्ने बुझेर गुणी व्यक्ति दुःख र सुख दुवैलाई एकैनास ठान्छन्। श्रीराम फेरि पनि भन्नु हुन्छ धन र जवानी भन्ने कुरा पानीको भेल जस्तो हो, स्त्रीसुख भनेको कुरा पनि सपना जस्तो हो, जुन कुरा सपनामा प्राप्त हुन्छ, तर विपनामा गएर लोप हुन्छ (हराउँछ) यस्तै कुरा बुझेर पनि मानिस यो सपना सरीको संसारमा भुल्दछन्, संसारभर डुल्दछन् पनि।

भगवान् श्रीराम भाइ (लक्ष्मण) लाई पुनः संझाउँनु हुन्छ -"भाइ तिमीले यो शरीरको निमित्त जुन रीस गऱ्यौ, त्यो कस्तो छ ? के बुझेका छौं ? यो कस्तो छ भने- हाड, मासु, रगत र नसा यी चार कुराहरू मिलेर बन्दछ। पछि गएर यो (शरीर) कि त मलहुन्छ कि त खरानी हुन्छ भने यस संसारमा कोही पनि पछिसम्म बाँच्दैन कतै पनि बाँचेको छैन । त्यसकारण तिमीले कसैलाई माऱ्यौ भने वेकारमा पापको भागी मात्र बन्दछौ अरू केही पनि हुनेवाला छैन । त्यसकारण हे भाइ ! यमराज भन्नु क्रोध र वैतरणी भन्नु तृष्णा हुन् । त्यसकारण तिमीले यी कुरा राम्ररी बुझ्नु पर्छ, कहिल्यै विर्सनु हुँदैन । मानिस भएर सधैं सन्तोषी हुनु पर्छ यो सन्तोष भन्ने कुरा कामधेनु समान हो भनिएको पनि छ -"सन्तोषम् परमम् सुखम्" अर्थात् सन्तोषी मानिस सधैं सुखी हुन्छ त्यसकारण मानिसले रीस गर्नु हुँदैन रीस गर्ने मानिस कहिल्यै पनि सुखी, सन्तोषी र ठूलो बन्न सक्तैन, वरू रिसलाई सहेर वनमा जानुनै असल हुन्छ ।

भगवान् श्रीराम भाइलाई फेरि स्पष्ट पार्नु हुन्छ-हे भाइ ! सुन कर्मको वसमा पर्दा यस्तै हुन्छ, जुन सुकै मनुष्य पनि एकै ठाउँमा बस्न पाउँदैन, जो कोही पनि जहाँ जानु छ, त्यहाँ करवलले गर्दा उसले जानुनै पर्छ। आफूले जस्तो कर्म गरेको छ, त्यस्तै कर्मको फल सम्पूर्ण दुनियाँले भोग्नु पर्छ, हे भाइ ! यही कुरालाई मनमा विचार गर। माता कौशल्याले पनि यही बुझेर हामीलाई विदा दिनु हवस्। रामले यस्तो विन्ति गरेर माताको पाउमा परे ।

त्यसपछि मन बुझाएर कौशल्याले विदा दिन त दिइन् तर आँसु थाम्न नसकी खुवै रोइन्, आशीर्वादको साथै विदा पनि दिइन् त्यसपछि भाइ लक्ष्मणले पनि दाजुसँगै जान्छु भनी विन्ति गरे । लक्ष्मणलाई साथमा लिई भगवान् श्रीराम जनक नन्दिनी सीता भएको ठाउँमा जानुभयो र उनलाई शुरुमा नै तिमी घरमै बस भन्ने आज्ञा दिनुभयो। पङ्खा, छाता र चमर विनाको आफ्ना पतिदेव श्रीरामलाई देखी, जनक नन्दिनी सीताको मनमा शंका

उत्पन्न भयो। त्यसपछि उनले त्यसको कारण बुझ्न आफ्ना पतिदेव भगवान् श्रीरामलाई हातजोड्दै उहाँको नजिक गइन्, शङ्कित जानकी (सीता) लाई देखी श्रीरामले तिमी घरमै सासुको (माता कौशल्याको) टहल गरेर चौध वर्ष बस। पिताको (राजा दशरथको) आज्ञा शिरोपर गर्न म वनमा जान्छु, चौध वर्ष पछि निश्चय नै म अयोध्या फर्कन्छु। आफ्ना पतिदेव श्रीरामका यस्ता कुरा सुनेर जनक नन्दिनी सीता मूर्छा परिन्। मूर्छा खुलेपछि उनले भनिन् - हजुरको सेवा गर्न छोड्दिन सीताका यस्ता कुरा सुनेपछि भगवान् (श्रीराम) अत्यन्त खुशी हुनु भयो र जनक नन्दिनी सीताजीलाई पनि साथमै वन तर्फ लैजाने निश्चय गर्नु भयो।

भाइ लक्ष्मणले माता कौशल्याकहाँ गएर विन्ति गरे कि हे माता! मेरी माता सुमित्रा मेरो पछि लाग्नु भयो उहाँ अब हजुरको साथमा बस्नु हुनेछ। यति भनेर श्रीरामचन्द्रका हूकूमले वन जानको लागि लक्ष्मण तयार भए वैदेही (सीता) र लक्ष्मणलाई साथै लिएर श्रीरघुनाथ राजा भएको ठाउँमा विदा हुन जानु भयो।

विदा हुनभनी आएको छोरालाई देखेर राजा दशरथ पुनः मूर्छा परे। केही बोल्न सकेनन् केवल अब तिमीहरूलाई देख्ने यत्ति कै हो भन्ने आशयले तीनै जनाको मुखमा टुलुटुलु हेरिरहे। यस किसिमले पितासँग विदा भएका रामको यस्तो भेष र अवस्था देखी असह्य भएर सम्पूर्ण दुनियाँले शोक गर्न लागे। उनीहरू भन्न लागे- "सीता र रामलाई दुःख हुनाको कारण कैकेयी दुष्ट हुनाले हो, त्यसकारण आज ती जनकनन्दिनी राजकुमारी (युवराज्ञी) सीताले त्यो घोर जङ्गलमा गएर कसरी दुःख सहलिन्। यो साह्रै अन्याय भयो त्यसकारण यहाँ नबसौं हामी पनि प्रभुसँगै जाऔं, श्रीराम भगवानलाई छोडी यहाँ कसरी बसौं प्रभुका साथ नगई हाम्रो मन बुझ्नेन यस्तो कुरा गरेर सम्पूर्ण लोकले ठूलो शोक गरे। त्यहाँ पुगेका बामदेव ऋषिले पनि रामको इशारा पाएर विस्तारै त्यहाँ भएका सबैलाई संझाएर चित्त पनि बुझाइदिए।

ऋषि बामदेव भन्छन्- हे लोक हो "तिमीहरू अति शोक गर्छौ, शोक गर्न छाडिद्यौ, किनभने श्रीराम साक्षात् भगवान् विष्णु हुन् भनेर बुझ उनी यो पृथ्वीको सम्पूर्ण भार हरेर कहीँ पनि नगई फेरि अयोध्यामा फर्केर आउने छन्। यो कुरा साँचो हो, कुनै पनि किसिमको शंका र खेद गर्नु पर्दैन। यस्तै कुरा गरेर ऋषि वामदेवले त्यहाँ उपस्थित सम्पूर्ण व्यक्तिको चित्त बुझाइदिए।

रामचन्द्रले पनि कैकेयी र दशरथ बसेंको ठाउँमा गएर भन्नु भयो- "हे माता ! हामी तीनै जना वनमा जानलाई तयार भयौं कत्ति पनि रीस राग नलिई हामीलाई विदा बक्सियोस्, हामी बनमा जान्छौं, त्यतिमात्र होइन पिताजीबाट (बुवाबाट) पनि आज्ञा होस् हामी खुशीसाथ वनमा जाँदैछौं, केही गरी हामीले दुःख पाऔंला भनी पिताजीले शोक गर्नु पर्दैन, यस्ता कुरा सुनेर कैकेयीले खुशी भई पुराना वस्त्र (कपडा) दिइन्, भगवान् रघुनाथले ती पुराना कपडा लगाउनु भयो। तर जनक नन्दिनी सीताजीले चाहिं लिइन् मात्र त्यसपछि उनले मनमनै विचार गरिन् कि यस्ता पुराना कपडा कसरी लगाउने भन्ने विचार गरी, पतिदेव श्रीरघुनाथका मुखमा क्वार-क्वार्ति हेरिन् भगवान् श्रीरामले गुट्मुट्याएर ती कपडा जब हातमा लिनु भयो, त्यो देखेर त्यहाँ उपस्थित जो-जो रानीहरू थिए ती सबै रोए।

त्यसपछि गुरू वशिष्ठले कैकेयीलाई भने- हे दुष्टे ! आज तिमीले जनक नन्दिनी सीताजीलाई थोत्रा कपडा किन दियौं ? तिम्रो यस कामले गर्दा यहाँ आज उपस्थित जति छन् ती सबको तिमीले प्राण खिचेर लियौं। गुरू वशिष्ठले कैकेयीसित यस्तै कुरा गरेको बेला भगवान रघुनाथ विदा भएर रथमा चढ्नु भयो त्यसैवखत त्यहाँ उपस्थित भएका जोजति थिए ती सम्पूर्ण मानिसहरू रोए। त्यसपछि सीता र राम रथमा चढी लक्ष्मणलाई साथ लिएर वन तर्फ लागे। घर छोडेको त्यो रात रघुपतिले रूखमुनि बसेर बिताउनु भयो। त्यहाँ नजिकै तमसा नाम गरेकी स्वच्छ नदी थिइन्, त्यस ठाउँमा पुग्दा अयोध्यावासीहरूको लस्कर अयोध्या नै खाली हुने गरेर रामचन्द्रजीसँग आएर बसे। उनीहरू भन्दथे- यदि रघुनाथ अयोध्या फर्केर जान्छन् भने हामी पनि फर्कन्छौं, फर्कनन् भने हामी पनि उनका साथै वनमा

जान्छौं। भगवान् रामलाई छोडी हामी कसरी बस्ने ? त्यसकारण उहाँ जता जानुहुन्छ, उतै जान्छौं उहाँ सँग नगई छोड्दैनौं। लोकको यस्तो विचार बुझेर प्रभु श्रीरामले उनीहरूलाई छल्ने विचार गर्नुभयो र विहान सबेरै उठेर झट्पट् त्यहाँबाट प्रस्थान गरि हाल्ने विचार गर्नुभयो।

भोलिपल्ट विहान झिसमिसेमा अयोध्या शहर तर्फ फर्केर गएको जस्तो गरेर बाटो छली रामचन्द्र अर्कै बाटो जानु भयो, यति भएपछि राम फर्किनु भयो भनी जो जति थिए, सम्पूर्ण दुनिया अयोध्या तर्फ फर्के। यसरी दुनियाँलाई अयोध्या शहरमा छोडी श्रीराम वन तर्फ लाग्नु भयो।

यसरी सवैसँग छुट्टिएपछि गङ्गाको तिरमा पुगेर रथ रोक्न लगाउनु भयो। त्यहाँ नदीको किनारमा एउटा अत्यन्त राम्रो शिंशापा (सिसौ) को ठूलो रूख थियो, रघुनाथको दोश्रो वास त्यही रूखमुनी भयो। श्रीरामलाई भेट्न भनी अत्यन्त हर्षित हुँदै फलफूल लिएर निषादराज गुहजी त्यहाँ आए। श्रीरामले छोइदिनाले गुहजीको शरीर हलुका भयो। उनले विन्ति गर्दै भने - "हे मालिक ! मेरो घर पवित्र पार्नको लागि जाउँ म हजुरको सेवक हुँ म प्रति माया गर्नुहोस्" गुहको आग्रह सुनेर श्रीराम आज्ञा गर्नु हुन्छ- "हे साथी ! सुन्यौ आज त वनमा जान हिंडेको हुँ त्यसकारण घरमा जान्न यहीं वनमा रहन्छु।"

श्रीराम फेरि निषादराज गुहजीलाई भन्नु हुन्छ- "अरूले दिएको कुनै पनि फलफूल खान्न मैले यो प्रतिज्ञा नै गरेको छु, त्यसकारण खाने मन हुँदा पनि मनलाई थाम्छु, श्रीराम गुहजीलाई फेरि भन्नुहुन्छ - तिमी पनि मेरै हौ, राज्य पनि मेरै हो यति कुरा भनिसकेपछि वरको दूध घसेर जटालाई मुकुट जस्तो पारेर बाँध्नु भयो, जलपान गरिसकेपछि रघुनाथ र जनक-नन्दिनी सीता कुशको विछौनामा सुत्न जानुभयो। लक्ष्मण र गुह पनि रातभर नसुती खडा भै चौकिदारी गर्दै रहे। सीता र राम केवल कुशासनमा मात्र सुतेको देखेर गुहजीलाई साह्रै ग्लानी भयो र मनमनै शोक गर्न लागे। त्यसपछि उनी लक्षमणलाई भन्न लागे भाइ यस्तो दुःख कैकेयीले राजा दशरथलाई वशमा राखी प्रभु श्रीरामलाई

दिएकी हुन् । त्यतिकैमा गुहको कुरा सुनेर लक्ष्मण आफ्नो मन ठण्डा पार्दै भन्दछन्- गुहजी पनि तन, मन र वचनले युक्त भई खुव ध्यान दिएर सुन्न लागे सम्पूर्ण कुरा सुनिसकेपछि गुह भन्छन्- दुःख र सुख दिने दाता को छ यहाँ ? त्यसैले आफ्नो कर्मको फल स्वयंले भोग्नै पर्छ ।

गुहको यस्तो कुरा सुनेर भगवान् श्रीराम भन्नु हुन्छ- यस्तो भन्नु कुवुद्धि हो, जसले यस्तो भन्छ, त्यसको सम्पूर्ण धर्म नाश हुन्छ, म कर्ता हुँ भनी मानिसले कहिले पनि घमण्ड नगर्नु जसले जस्तो कर्म गर्छ त्यस्तै फल भोग्नु पर्छ यो कुरा तिमीले जहाँ तहीं बुझ्नु कि मानिस भएर जहिले पनि जतिसुकै आपत विपत परे पनि धैर्यधारण गर्नु पर्छ, यो संसार भनेको माया हो, मानिस भएर यो मायारूपी संसारमा कहिल्यै पनि भुल्नु हुँदैन । श्रीरामको यस्तो अमृतरूपी वचन सुन्दै गुहजीको त्यो रात रामको नजिकमा बसेरै वित्यो, जब उज्यालो भयो, श्रीरामजीबाट गङ्गा तर्नको लागि हुकूम भयो । त्यसपछि श्रीरामले गङ्गालाई भन्नु भयो - हे गङ्गे ! फर्कँदा ठूलो सामग्री लिएर पूजा गर्छु तर अहिले केवल नमस्कार मात्र गरेर घोर जङ्गलमा पस्छु, यस्तो विन्ति गरेर सीताजी पनि पतिका साथै गङ्गा पार तरिन् श्रीरामको आज्ञाले गुह पनि रामप्रति भक्ति गर्दै आफ्नो घरमा फर्के ।

उनीहरूले गङ्गा पार गरेपछि मृगमारी तारेर खाए । तेस्रो वास रघुनाथको त्यही रूखमुनि भयो रामको चौथो वास ऋषि भारद्वाजको आश्रममा भयो । त्यहाँ रामचन्द्रको कामकाज र दिन चर्या बारे थाहा पाए र भारद्वाज ऋषिले स्तुति पनि गरे । पाँचौं दिन श्रीरामले ऋषिका कुमारलाई बाटो देखाउन आग्रह गर्नुभयो । रामचन्द्रलाई यमुना पार गराई ऋषि कुमार साँझमा आश्रममा फर्के । सीता, राम र लक्ष्मण तीनै जना भारद्वाज ऋषिको निर्देशन बमोजिम चित्रकूटमा पुगे, जहाँ वाल्मीकि बस्तथे । वाल्मीकिलाई दण्डवत् गर्न पाएकोमा श्रीरामले आनन्द मान्नु भयो । रघुपतिले ऋषि वाल्मीकिलाई भन्नु भयो- केही दिन यहाँ बस्छु,यहाँ बस्नको लागि उपयुक्त र सुविधायुक्त कुन ठाउँ होला भनी सोध्नु भयो । साधारण मानिस जस्तो भएर रामले सोध्नु भएको

कुरा सुनेपछि वाल्मीकिले पनि त्यही अनुसारको जवाफ दिए- ऋषि वाल्मीकि भन्छन् कि ठूला-ठूला ऋषि मुनिहरूले पनि हजुरको एक मात्र नाम "राम" हो सो कुरा जान्दैनन् यस्ता रघुनाथ हजुरलाई असल ठाउँको के आवश्यकता ? हजुरको हृदयनै साधु सज्जनहरूको घर छ भने त्यस्ता परमात्मा हजुरको लागि असल ठाउँको आवश्यकता नै पर्दैन। यस्ता प्राणीका हृदयनिवासी परमात्मा प्रभुले विस्तारै सुनि बक्सियोस्- म हजुरलाई विन्ति गर्छु- म पहिले रत्नाकर नाम गरेको डाँकु (व्याधा) थिएँ, सप्तऋषिको कृपाले गर्दा राम नाम उल्टो 'मरा' गरी जपेर वाल्मीकि भनी मेरो नाम चल्यो यस्तो हजुरको महिमा नबुझी उल्टो नाम लिनाले त मेरो नाम ऋषि वाल्मीकि रहयो। हजुरको महिमाको लेखाजोखा नै गर्न सकिँदैन, त्यस्ता परमात्मा प्रभु गङ्गा नदी र चित्रकूट गिरीको वीचको ठाउँमा रहनु होस्। त्यसपछि श्रीराम बाल्मीकिका यस्तो कुरा सुनेर अत्यन्त खुशी हुँदै जानु भयो र गङ्गा र चित्रकूट गिरीको बीच पारेर बस्न थाल्नु भयो।

गङ्गाको छेउमा श्रीराम, सीता र लक्ष्मणलाई पुऱ्याएपछि सुमन्त्र विदा भई राजा दशरथ बसेको ठाउँ अयोध्यामा तुरून्त फर्केर सम्पूर्ण समाचार (रामचन्द्रको हालखवर) राजालाई सुनाए। सुमन्त्र दशरथलाई भन्छन्- बरको दुधले जटालाई मुकुट जस्तो पारेर राम र लक्ष्मण दुबै भाइले बाँधे, त्यसपछि श्रीराम र सीतामाता दुवैले मलाई लौ जाउ अयोध्या तर्फ भनी हुकुम बक्सियो, त्यसपछि रघुनाथले गङ्गा पार गरिबक्सियो त्यो दृश्य हेर्दा मलाई अत्यन्त गाह्रो भयो, जब उहाँहरू देखिन छाडिनु भयो तव रथ लिई दौडेर यहाँ आएँ। तिमीले जुन सेवा हाम्रो (सीता, राम र लक्ष्मणको) गऱ्यौ, त्यो वुवा (दशरथ) लाई बताइदेउ। फेरि हाम्रो बारेमा शोक कत्ति पनि कहिल्यै पनि नगरिबक्सियोस् भनी विन्ति गर। यस्तै कुरा भनेर राम वन तर्फ जानु भयो भनी सम्पूर्ण कुरा विस्तार पूर्वक जब सुमन्त्रले सुनाए कौशल्याले रिसले चूर भई राजा दशरथलाई नराम्रोसँग गाली गरिन्। कौशल्याको बचनरूपी वाण राजा दशरथलाई खपिनसक्नु भयो र उनी अति नै दुःखित हुँदै आफूले अनजानमा शिकारमा श्रवण कुमारलाई वाण हान्दा उनको मृत्यु भएको घटना सुनाउँछन्-

श्रवण कुमार मारिएको र अन्धा बाबु आमाले दिएको श्राप राजाको निधन

जुन बेला दशरथ राजा भै सकेका थिएनन् युवराज मात्रै थिए। उनी अविवाहित जोशिला वीर युवक थिए। उनले शव्द भेदी वाण विद्या सिकेका थिए। यो विद्या सिके पछि आवाज कै भरमा हानिनेबस्तु (निशाना) नदेखिंदा पनि अचूक वाण निशाना गरिन्छ। कुनै रातमा युवराज दशरथ शिकार खेल्न भनी शरयु नदी तटको जंगलमा गएका थिए। श्रवण कुमार पनि आफ्ना अन्धा अन्धी पिता माताका साथ त्यसै जंगलमा छाप्रो बनाई बसेका थिए। कुनै झम्मक्क रातमा अधेंरो यति गाढा थियो कि कतै केही चीज पनि देख्न सकिंदैनथ्यो। तिर्खाएका बाबुआमालाई पानी पिलाउँनको लागि श्रवण कुमार पनि नदीमा पानी लिन भनी लोटा लिई गएका थिए। लोटा पानी भर्नाका लागि नदीमा फाल्दा छ्याप्ल्याङ्गको आवाज निस्कियो। शिकार खेल्न गएका राजा दशरथले हात्तिको आवाज हो भन्ने ठानेर भ्रमवस शब्द भेदी वाण प्रहार गरी दिए। वाण श्रवण कुमारको मर्म स्थलमा लाग्नासाथ उनले "ऐया मरें नी मैंले कसको के विगारेको थिएँ र मउपर वाण प्रहार भयो" भन्दै ठूलो आर्त्त पुकार गर्न थाले। राजा मान्छेको स्वर सुनेर आत्तिए अनि स्वर आइ रहेको ठाउँमा दगुर्दै पुगे।

सो ठाउँमा वाण लागेका ऋषि कुमार पीडाले छटपटाइ रहेको देखे र राजाले विनय पूर्वक भने "म अयोध्याको युवराज दशरथ हुँ सिकार खेल्न आएको थिएँ हात्तिको आवाजको भ्रममा परेर मबाट् यो अकार्य हुन गयो क्षमा पाउँ" राजाको यो भनाइ सुनी कुमारले भने म वैश्य पिताकी शूद्र पत्नीबाट पैदा भएको हुँ तपाईंलाई ब्रह्महत्याको पाप लाग्ने छैन। मेरा तिर्खाएका अन्धा अन्धी माता पिताको लागि पानी लिन आएको थिएँ। अब तपाई मेरो मर्म स्थलको बाण निकालेर पानी लिएर मेरा पिता माता कहाँ जानु होस् र पानी पिलाउँनोस् उहाँ दुवैलाई यथार्थ कुरा वताएर क्षमा माग्नु होस् उहाँ दुवैले तपाईलाई जीवनदान दिन सक्नु हुनेछ। ऋषि कुमारले अराए बमोजिम राजा दशरथले पनि त्यसै गरे। बृद्ध अन्धा दम्पतीले छोरा मरेकोमा सार्है विलौना गरे। अनि राजालाई चिता बनाएर आगो सल्काउनु भने। राजाले चिता

तयार गरेर आगो बालि दिए। दुबै वृद्ध दम्पतीले चितामा जल्नु अगाडि राजा दशरथलाई तिम्रो पनि पुत्रशोकबाट नै मृत्युहोस् भनी श्राप दिएका थिए।

राजा दशरथ पुनः भन्दछन्- अब मेरो मर्ने बेला भयो, शरीरले गति छोडिसक्यो अब म अहिल्यै मर्छु किनकि पुत्रशोकले मेरो मृत्यु हुनेछ, यस्तै नै मलाई श्राप परेको छ। श्रवण कुमारका अन्धा अन्धी बाबु आमाले बिपत्तिले गर्दा जसरी हामी मर्‍यौं त्यसै गरि तिम्रो पनि पुत्रशोकले मृत्यु हुनेछ भनेका थिए। तपस्वीको यसरी श्राप परेकोले त्यही श्रापको फल आज मैले भोग्नु पर्‍यो भनी आफूलाई सराप परेको कुरा विस्तारमा सुनाएर राजा दशरथले "हा राम ! हा सीता !"भनी प्राण त्यागे। अनि त्यहाँ ठूलो खलबली मच्चियो।

जब विहान भयो। गुरू वशिष्ट मन्त्रीलाई लिएर दरवार गए। दशरथको शवलाई तेलमा डुवाएर भरतलाई मावलीबाट बोलाउन पठाए। छिट्टै आउनु गुरू वशिष्ठको आज्ञा छ भन्ने सुनेपछि मामाघरमा गएका भरतलाई लिनजाने दूतका साथै भाइ शत्रुघ्नलाई साथै लिएर भरत पनि अयोध्यामा आए। माता कैकेयीसँग उनको भेट भयो र भरतले पिता (दशरथ) कहाँ होइबक्सन्छ भनी सोधे, त्यसपछि कैकेयीले सम्पूर्ण बृत्तान्त भरतलाई सुनाइन् त्यो सुनेपछि भरतले ठूलो शोक गरी साह्रै रिसाएर माता कैकेयीलाई तिमी कुम्भिपाक नरकमा भोग गर्न जाउली भनेर नराम्रो गरी गाली गरे।

कैकेयीलाई त्यति गाली गरेर अत्यन्त दुःखी हुँदै माता कौशल्या वसेको ठाउँमा रूँदै भरत गए र उनले कौशल्यालाई भने हे माता ! यो कुरामा मेरो सहमति कत्ति पनि छैन त्यसकारण मेरो सहमति छ भनी कहिल्यै पनि हजुरको मनमा शंका नपरोस् यदि ममा यस्तो सहमति भएको भए गुरूलाई काटेर मारेको (गुरू हत्याको) पाप मलाई लागोस्। माता कौशल्या समक्ष यस्तो विन्ति गरेर दुःखी हुँदै भरत विलाप गर्न लागे। त्यसपछि मन्त्रीहरू र गुरु वशिष्ठले सम्झाउन लागे। हे महाराज ! बाबु स्वर्ग भए भनेर यस्तो ठूलो

शोक गर्नु हुँदैन किन भने शोक गरेर पिताजी फेरि फर्केर आउने होइनन् आदि भनेर अनेकौं किसिमका कुरा गरी सम्झाए। भरतको सम्पूर्ण शोक गुरूले हरण गरिदिए । त्यसपछि गुरूको आज्ञा लिएर भरतले पिताको कामकाज कृया गरे बाबुको किरिया सकेपछि प्रसस्त दान पनि गरे । दान गर्दागर्दै पनि बीच बीचमा भरतले बाबुको अत्यन्तै शोक गरे। उनले मनमनै विचार गरे कि मेरी आमा राक्षसनी जस्ती छन्, यस्ती आमाको नजिक बस्नु भन्दा बरू (दाजु) जहाँ हुनुहुन्छ उहीं जान्छु, भरतको यस्तो विचार गुरूले बुझेका थिए, तर पनि गुरू बुझ्छन् कि भरतको विचार ठीक हो। गुरू फेरि भन्छन्- "बाबाको हुकुम छ, भरतले राज्य गरून् राम चौध वर्ष सम्म ऋषि मुनि जस्तो भएर वनमा बसुन् । त्यसले गर्दा सीता र राम वनमा गए, त्यसकारण हजुर राजगद्दीमा बस्नु हवस् र हुकुम दिनु होस् यो राज्य मेरो हो भनेर। यस्तो विन्ति भरत समक्ष गरेर गुरू वशिष्ठ चूप लागे। गुरू वशिष्ठको कुरा सुनेर भरतले तुरून्तै जवाफ दिए- "के गर्नु यो राज्य यहाँ दाजुको कीर्ति छँदा छँदै अकीर्ति पारेर कसरी यहाँ बसेर राज्य गर्नु, बरू दाजुको टहल गरेर लक्ष्मण आनन्दसँग बसेका छन् ।"

भरतले खेद गरेको वनमा राम-भरतको भेटघाट

भरत भन्छन्- सीतापति राम जहाँ गएका छन्, त्यही जान्छु खाली कैकेयी मात्र यहाँ बसिरहुन् यिनलाई यहीं छाड्छु शिरभरि जटा धारण गर्छु र वनका फलफूल खान्छु, म भोली नै हिंडेर जान्छु, मेरो मनमा यही नै विचार छ। यो राजगद्दी श्रीरामको हो उहाँलाई घरमा फर्काएर राजगद्दी सुम्पन्छु, तर म राजगद्दीमा बस्दिन । भरतको यस्तो कुरा सुनेर सबै जना अत्यन्त खुशी पनि भए। भरत भोलिपल्ट विहान सबेरै उठेर वन तर्फ प्रस्थान गरे। उनले आमा भाइ र गुरूका साथै सम्पूर्ण फौज पनि साथै लिई केवल सीता र रामका पाउँमा मन दिएर गएका थिए । जब भरत गङ्गामा पुगे त्यहाँ गुहजीलाई शङ्का लाग्यो-भरतका साथमा ठूलो लस्कर देखेर गुहले केही कुरा पनि बुझ्न सकेनन् उनी डराए। त्यसपछि उनले मनमनै विचार गरे कि

यदि भरत कपटी रहेछन् भने नाउलाई रोकेर लडौंला भनेर आफ्ना लस्कर हरूलाई तयार होऊ भनेर भित्री रहस्य बुझ्न भनी भरत कहाँ गए र त्यहाँ भेटी चढाई भरतको मुखतिर हेरे पनि। जब भरतले गहभरी आँसु गरी शोक गरेको देखेर छिन-छिनमा सीतापति (श्रीराम) कहाँ होलान् के गरी भेटौंला भन्दै रहेको सुने। त्यसपछि गुहलाई विश्वास भयो र भरतलाई श्रीराम बस्नु भएको ठाउँ बताइदिए पछि भरत त्यहीं गए, तर श्रीराम कुशको आसनमा सुत्नु भएको ठाउँ देखेर भरतले मनमा अत्यन्त दुःख माने।

दाजुको त्यो हाल देखेर भरत आश्चर्य चकित हुँदै भन्छन् अहो मलाई जन्म दिने आमा कैकेयीलाई धिक्कार छ। यिनैले गर्दा जनक नन्दिनी सीताजी पतिसँग वनमा गइन्। भरत फेरि गुहजीलाई सोध्छन् सीतानाथ कहाँ छन् ? कति पर गएका छन् ? कति पर कहाँ गएर भेट्छु केही थाहा छ ? मलाई भन त्यहाँ नै जान्छु, भरतको यस्तो वचन सुनेर गुहले राम जहाँ थिए, त्यही ठाउँ बताए। गुहको यस समाचारले भरत अब दाजुलाई भेट्न पाइने भयो भनी अत्यन्त खुशी भए। गुहले पनि रामचन्द्र कहाँ बस्नु भएको छ भन्ने सम्पूर्ण कुरा बताए। त्यसपछि गुहले भरतलाई गङ्गाजी पार गराए। त्यहाँबाट भरत ऋषि भारद्वाजको आश्रममा पुगे ऋषि भारद्वाजले स्वागत सत्कार गरे भरत एकदिन त्यहीं बसे। भरतका जति सैन्य थिए, ती सबै ऋषिको मेजमानी खाएर छक् परे।

भोलिपल्ट बिहान सबेरै उठेर आफ्ना सम्पूर्ण लावा लस्कर लिएर भरत ऋषिसँग विदा भएर चित्रकूट गिरीमा कहिले पुगिन्छ भन्दै सोच्दै गए। जब त्यो लस्कर चित्रकूट गिरीको नजिक पुग्यो, भरत अत्यन्त खुशी भएर अगाडि गई प्रभुको डेरा खोज्न लागे। जब भरत डेराको नजिक पुगे दाजुका पाउका छाप (पाइला) देखेर चिने अनि त्यसलाई ढोगे, भरत मनमनै विचार गर्छन् कि म धन्य रहेछु, किन कि सजिलैसँग प्रभुको पाउको छाप देखें, ब्रम्हाजीले समेत पाउन नसक्ने छाप सजिलैसँग आज शिरले दर्शन गर्न पाएँ।

८ तो भन्दै प्रभुका पाउको धुलोमा लटपटिँदै कहिले पुग्दछु भनी मनमनले गुन्दै दशैं दिसातर्फ दृष्टि दिए। जाँदा जाँदै भरतले आफ्नै आँखाले दाजुलाई देखे। त्यसपछि स्वामित्‌लाई बल्ल पाएँ भनेर खुशी हुँदै प्रभुको पाउमा पर्नगए।

आँखाभरी आँसुका धारा बगाउँदै आफ्नो पाउमा परेका सम्पूर्ण राज्य त्यान्ध्रो बराबर सम्झेर आफूमा तन मन दिएका भाइ भरतलाई देखी रघुपतिले अङ्कमाल गर्दै आफ्नो काखमा राख्नु भयो र भरतको मन आफैँमा तल्लिन भएको बुझेर आफ्नो प्यारो भाइ भरतप्रति खुबै कृपादृष्टि दिनु भयो। फेरि भरतले सीतापतिका पाउमा शिर राखे, त्यसपछि श्रीरामले पिता कहाँ हुनु हुन्छ ? के गर्नु हुन्छ ? भनी पिताजीको क्षेमकुशल बुझ्न खोज्नु भयो। तब गुरु वशिष्ठले पिताजीका बारेमा सम्पूर्ण हाल श्रीराम समक्ष अवगत गराइदिनु भयो । श्रीरामचन्द्रजी पनि पिताको शोक गर्न लाग्नु भयो। पिताका सम्पूर्ण हाल चाल अवगत भएपछि श्रीरामले गङ्गामा गई स्नान गर्नु भयो। तिलाञ्जली दिनु भयो अनि पिण्डदान पनि गर्नु भयो, त्यसका साथै फलफूल पनि पिताले पाउन् भनी दान गर्नु भयो । त्यसदिन श्रीराम उपवास बस्नुभयो, जब भोलिपल्ट विहान भयो फेरि गङ्गा स्नान पश्चात फर्केर आई आराम गर्नु भयो।

भरतले सीता र रामका पाउमा शिर राखी अयोध्यामा फर्काएर लैजान्छु भन्ने विचार (मनसुवा) गरी भरत विन्ति गर्छन् हे रघुपते ! किन आज वनमा आउनु भएको ? हजुर वनमा आउनाले मलाई अत्यन्त पिरताप लागि रहेको छ। हे मालिक ! म त हजुरको दास पो हुँ, मालिक छँदा छँदै नोकरले राज्य गर्नु योग्य छैन, यो राजगद्दि त हजुरको हो, मेरो होइन, मैले त हजुरलाई राजगद्दिमा राखेर हजुरको सेवा गरेर बस्ने पो हो त। हजुरले अहिले वनमा आउने बेला भएको छैन, किन कि जब हजुरको छोरा हुन्छन्, सम्पूर्ण यज्ञ यागादि गरिसकेपछि, सम्पूर्ण लोकको पिरमर्का हरण गरिसकेपछि तब छोरालाई राज्य सुम्पिएर वनमा आउनु पर्छ।

भरत फेरि भन्छन् दाजु ! अहिले वनमा जानेबेला हजुरको होइन, मेरो मनले त यही कुरा निश्चय गर्छ, घर फर्किएर जाउँ तर मेरी यी आमासित रीस नगरिबक्सिएला, यस्ता किसिमले आँखाभरि आँसुका वलिन्द्र धारा बगाउँ भरतले दाजु श्रीरामको पाउमा परेर विन्ति गरे, भाइले आफू प्रति त्यस्तो भक्तिभाव गरेको देखी अत्यन्त खुशी हुँदै श्रीरामले भन्नु भयो- हे भाइ ! आज तिमी किन यस्तो जिद्दी गर्छौ ? किन कि मैले आफ्नो काम नसकी फर्कनु उचित हुँदैन । त्यसकारण म वनमा जान्छु, तिमी घरमा फर्किएर जाऊ र राजकाज चलाऊ, रामले वनमा जानु मुनिको भेष धारण गर्नु र भरतले यहीं बसी राज्य गर्नु भन्ने पिताजीको आज्ञा पाएर म वनमा आएको हुँ। रामचन्द्रको यस्तो कुरा सुनेर भरत फेरि दाजुको पाउमा परी विन्ति गर्छन्- हे नाथ ! हाम्रा पिता बुद्धि नभएका र साहैनै श्रीमतीका वशमा परेका हुन् त्यस्ता जोइटिङ्ग्रे पिताजीले भनेको कुरा शिरोधार्य गरेर आज वनमा जानु असल होइन, वरू हे स्वामित ! म भरत धेरै विन्ति गर्छु फर्केर जाउँ तर हजुर बाट फर्कन्न भन्ने आज्ञानहोस् ।

यस्तो किसिमको भरतले अतिनै जिद्दी गरे । त्यसपछि श्रीरामले फेरि उत्तर दिनु भयो- हे भाइ ! म फर्कन्न तिमी फर्किएर जाऊ, पिताजीलाई दोष नदेऊ । हाम्रा पिताजी अत्यन्त सत्यवादी थिए, सत्यवादी भएकै कारण गर्दा माता कैकेयीलाई वरदान दिए, त्यो वरदान पूर्ण गराउनको लागि म वनमा जान्छु । त्यसकारण यो साँचो कुरा बुझ । प्रभु श्रीरामबाट यस्तो उत्तर पाएर भरतले दुःख माने र फेरि पाउमा परी विन्ति गर्न लागे- हे स्वामित ! फर्कनु होस् म विन्ति गर्छु, वरू वनमा म जान्छु । भरतका यस्ता वचन सुनेर श्रीरामबाट फेरि हुकुम भयो कि हे भाइ ! तिमी यहाँबाट फर्क । त्यो राज्य मैले चलाएर तिमीलाई वनमा पठाएँ भने पनि झूठो ठहर्छ त्यसकारण हे भाइ ! यस्तो प्रकारको कचिंगल उठाई मलाई पीर नपार

रामको यस्तो हुकुम सुनेपछि भरत फेरि पाउमा परी विन्ति गर्छन् - हे रघुपति ! म त हजुरकै शरणमा छु। हजुर विना म एकछिन पनि रहन सक्दिन, मलाई अत्यन्त पिरताप हुन्छ। त्यसकारण फर्कनु हुदैन भने ख्वामित्का पछिपछि लागेर म वनमा जान्छु, न त हजुर फर्केर जानु हुन्छ न मलाई वनमा लैजानु हुन्छ यदि यस्तै नै हो भने हे ख्वामित ! म अरू कुरो केही नभनिकन मर्छु, यति भनेर भरतले निश्चय गरी मर्नको लागि आसन बाँधे, भाइको यस्तो अवस्था देखी श्रीराम खुशी भई अत्यन्त दयालु पनि हुनु भयो।

भगवान श्रीरामचन्द्रले भाइको यस्तो अवस्था देखी सहन नसकी गुरूलाई इसारा गरी भरतलाई सम्झाउँन भन्नु भयो, त्यसपछि गुरूले भरतलाई एकान्तमा लगी भित्री रहस्य खोली सम्झाउन लागे- "सुन यी जो तिम्रा दाजु रघुपति भनेका जगतका मालिक साक्षात् भगवान विष्णु हुन् यी तीनै लोकका मालिक हुन्। अघि ब्रम्हाजीले सम्पूर्ण पृथ्वीको भार हरण गर भनी स्तुति गरेका थिए, उनका स्तुति देखी खुशी भएर पृथ्वीको भार हर्छु भनी वचन दिनु भएको हुनाले त्यही वचन पालन गर्नको लागि तिम्रा दाजु वनमा जानु हुन्छ। पृथ्वीको सम्पूर्ण भार हरण गरेर फेरि दरवारमा फर्कनु हुन्छ। यी सब कुरा प्रभुको नै इच्छाले भएको छ, नत्र कसरी कैकेयीले प्रभुलाई त्यान्द्रो जति पनि नगनी वनमा जाउन् भन्थिन् ? त्यसकारण यस्तो कुरा बुझ र प्रभुलाई फर्काउने चेष्टा नगर, भूमिको भार टारिसकेपछि प्रभु कहाँ जानु हुन्छ ? फर्कि हाल्नु नै हुन्छ नि। रावणादि राक्षसहरूलाई मारी भूमिको भार हरण गरेर जगतका मालिक तिम्रा दाजु फर्किएर अयोध्यामा आउँनु हुनेछ। यस्ता हुन् तिम्रा दाजु रघुनाथ भनी भित्री रहस्य गुरूले भरतलाई खोले।

गुरूले यी सम्पूर्ण रहस्य खोले पछि भरतको चित्त बुझ्यो र उनी खुशी भएर अब रघुनाथ फर्कदैनन् भनी मन बुझाएर रामका नजिकमा गएर भने हे नाथ ! हजुरको सम्पूर्ण तत्व सुनें त्यसकारण मेरो चित्त बुझ्यो अब अयोध्या फर्कन्छु, पूजा गर्नको लागि हजुरको एक जोर खराऊ बक्सियोस्।

भरतले यस्तो आग्रह गर्दै वरिपरि घुमीघुमी प्रणाम गरे। अनि श्रीरामले आफ्ना सफा खराऊ भरतलाई दिएर उनका सम्पूर्ण पिर ताप हरण गर्नु भयो। फेरि भरत प्रभुश्रीरामका समक्ष विन्ति गर्छन्- लौ प्रभु म फर्कन त फर्कन्छु तर चौध वर्ष पछि हजुर फर्कि वक्सिएन भने साँच्चै नै म मर्नेछु। भरतको यस्तो विन्ति सुनेर श्रीरामले 'लौ हुन्छ' भन्नुभयो, त्यही वेला कैकेयी पनि रूँदै रघुनाथको पाउमा परिन्।

त्यसपछि कैकेयी श्रीरामलाई भन्न लागिन्- हे नाथ ! ममा दुर्बुद्धि आएर हजुरलाई राज्य गर्न नदिएर अति नै दुःख दिएँ माया मोहमा परी मेरो बुद्धि हरायो त्यसैले हे नाथ ! आज मलाई विपत्ति आइपर्‍यो बल्ल मेरो मनमा चेत आयो। कठपुतली झैं विश्वलाई नचाउने हे तीनै लोकका मालिक ! तपाईंको महिमा अपरम्पार र धन्य छ। हे पुत्र तिमीमा मेरो अत्यन्त माया र ममता छ त्यसकारण यी सबै खिचेर लेउ र यो बुद्धि नभएकी हो पहिले बुद्धि नपुर्‍याए पनि पछि त मेरो शरण परी भनी म प्रति कृपा राख भन्दै स्तुति गरी कैकेयीले श्रीहरिका (रामका) पाउमा परिन्। हे नाथ ! मेरो शरणमा परी भनी ममाथि करूणा राख्नु होस् भनी विन्ति पनि गरिन्। माता कैकेयीको यस्तो विन्ति सुनेर हाँस्दै सीतापतिले भन्नु भयो- "तपाइँलाई अभय दान दिएँ किन कि त्यो मैले नै तपाइँद्वारा राजालाई भनाइएको कुरा हो सहि कुरा भनौं यसमा तपाइँको कुनै दोष छैन, यो सबै मेरै इच्छाले भएको हो, यस कुरामा सन्तोष लिनुहोस्। मलाई दिनहुँ सम्झेर दिन बिताउनोस्, यसले गर्दा तपाईंका सम्पूर्ण कर्महरू छुट्छन्। यसैले मनमा कत्ति पनि शोक नलिइकन फर्केर जानोस्। कैकेयीले श्रीहरिले आफूमाथि त्यस्तो करूणा राख्नु भएको कुरा बुझेर अत्यन्त खुशी भइन् र प्रभुबाट विदा भइन्। अनि श्रीरामलाई मनमनै सम्झदै अयोध्या फर्किन्। भरत पनि सम्पूर्ण लस्कर लिई प्रभुबाट विदा भएर अयोध्या फर्किए। सबै लस्करलाई घरमा राखी आफु छुट्टै फलाहार गर्न थाले। सबै जटालाई एकै ठाउँमा बाधेर जुरो पारि खराउलाई राजगद्दिमा राखेर गद्दिलाई

विन्ति चढाएरै राज्यको सम्पूर्ण काम चलाउँथे एवम्रितसँग भरतले राममा चित्त धर्दै दिनहरू व्यत्तित गर्दै रहे ।

यता रघुनाथ पनि केही दिन चित्रकूटमा बसी वाल्मिकीबाट विदा भई वनमा जान्छु र फर्कन्छु भनी खुशी हुँदै अत्रि ऋषिका आश्रममा जानुभयो । त्यसपछि अत्रि ऋषिको पाउमा दर्शन गरी (शिरराखी) म त राम हुँ भनी आफ्नो परिचय दिनु भयो । श्रीरामको यस्तो वाणी सुनेर अत्रि ऋषि पनि अत्यन्त खुशी र हर्षित भए ।

अनि ऋषिले सीतापतिको पूजा गरेर पाउमा पर्दै भने -मेरी पत्नी बुढी र असक्त छिन् त्यसकारण उनलाई कुनै पनि कुराको (वास्ता) माया छैन । त्यसैले उनलाई दर्शन दिनकालागि जनक नन्दिनी सीता आश्रम भित्र नै जाउन् । सीताजीलाई पाएर ती बुढीले जन्मलिएको सार होस् । ऋषि अत्रिको विन्ति सुनेर श्रीरामले सीतालाई हुकुम दिनु भयो- लौ सीता तिमी भित्रै जाऊ र अत्रिकी पत्नीलाई भेटेर छिटै फर्कि आऊ । आफ्ना पतिको यस्तो हुकुम सुनी सीता अत्यन्त खुशी हुँदै भित्र पसिन् । ज्यादै नै बूढी भई सकेकी अत्रि ऋषिकी पत्नी अनसुयालाई भेटिन् । सीताले उनको पाउमा शिर राखी ढोगिं दिइन् ऋषि पत्नीले बहुतै प्रेम गरिन् अनि उनले सीताजीलाई एक जोर कुण्डल र सारी दिएर अङ्कमाल गरिन् र भनिन् यसले तपाईलाई निरन्तर शोभा देला । त्यसपछि सीताजीलाई आशिष दिएर ऋषिपत्नी (अनसुया) अति नै हर्षित भइन् ।

यसरी भेटघाट भएपछि सीता, लक्ष्मण र रामलाई भोजन गराउँछु भनी राम्रोसित चीजविज तयार गरिन् र भोजन गराइन् अनि रघुनाथको माया पनि पाइन्, त्यसपछि ती दुबै स्त्री पुरूषले श्रीरामको भजन कीर्तन गर्न थाले ।

अयोध्याकाण्ड समाप्त

श्री अरण्यकाण्ड

अत्रि ऋषिको आश्रममा श्रीराम पुग्नु भएको र सीता अनशुया भेटघाट विराधको बध शरभाङ्गको मुक्ति

जब रघुपति श्रीराम अत्रि ऋषिका आश्रममा पुग्नुभयो, त्यहाँ उहाँले माया स्नेह र ममताका साथ दिनहरु बिताउनुभयो । कुनै दिन विहान सबेरै उठेर वन तर्फ लाग्ने विचार गरी अत्रिजीका नजिकमा गएर भन्नु भयो - अब म जान्छु विदा पाउँ जानको लागि कुन बाटो उपयुक्त होला भनी बाटो देखाउने एक जना अगुवा पठाइ दिनुहवस् भनी आग्रह गनुभयो । श्री रामको यस्तो कुरा सुनेर अत्रि ऋषिले भने- यी सबको बाटो देखाउने आफू स्वयं हुनुहुन्छ भने यस्ता हजुरलाई बाटो देखाउने कुन अगुवा पठाउँ ? हजुरको यो सम्पूर्ण लिला जान्दछु, तर पनि आज हजुरबाट यस्तो आज्ञा हुन्छ भने एक अत्यन्त असल अगुवा पठाइदिन्छु ।

यति विन्ति गरेर अत्रि ऋषिले बाटो देखाउनको लागि उनका आफ्ना धेरै शिष्यहरूलाई पठाए केही बाटो चाहिँ आफैं पनि श्रीरामका पछि पछि गएर देखाइ दिनु भयो । एक कोश पर गएपछि ठूलो नदी तर्नु पर्दथ्यो, जुन नदी तर्न नाउद्वारा मात्र संभव थियो । त्यो नदी तारेर ऋषिका शिष्यहरू फर्किए । सीता, राम र लक्ष्मण घनघोर जङ्गलमा पुगे जहाँ बाघ भालु राक्षसहरू निरन्तर घुमिरहन्थे, यस्तो घना जङ्गलमा पुगेपछि श्रीरामले भाइ लक्ष्मणलाई हुकूम भयो- भाइ धनुवाण सहित तयार भएर हिंड । सीताका अघि अघि म हिंड्छु, तिमी पछि पछि हिंड्नु ।

यस्तो कुरा गरेर राम र लक्ष्मण सीताका अगाडि पछाडी भएर हिंडे । उनीहरू एउटा अत्यन्त राम्रो वनमा पुगे, त्यहाँ एउटा तलाउ थियो, मीठो पानी पिएर रूखको छहारीमा रघुनाथ आरामले बस्नुभएको थियो । ठीक त्यही समय विराध नाम गरेको एउटा ठूलो राक्षश आयो र उहाँहरूलाई तर्साउन

थाल्यो उसले रामलाई सोध्यो तिमी को हौ ? तिम्रो साथमा श्रीमती पनि छन्, कहाँबाट आयौ ? तिम्रो मनमा के विचार छ ? तिम्रो कहाँ जाने इच्छा छ ? मीठो खानेकुरा पाएँ भनेर सोधेको हुँ, तिम्रो सम्पूर्ण नाम काम बताउ, जुन कामका लागि आएका हौं, त्यो सम्पूर्ण मलाई तुरून्त बताऊ। राक्षसका यी कुरा सुनेर प्रभूजीले सम्पूर्ण नाम काम बताउनु भयो। त्यसपछि राक्षसले भन्नथाल्यो-बाँच्ने मन भए सीता र हतियार छोडेर जाऊ,यति भन्ने वित्तिकै सीताजीलाई पक्रिने सुरकसेर राक्षस दौडियो, श्री रघुनाथजीले उसका दुबै हात काटिदिंदा हात भूइँमा केमात्र खसेथ्यो रामलाई खान्छु भनी मुखबाएर दगुऱ्यो, अनि प्रभूजीले उसका दुवै गोडा काट्दा सर्प जस्तो भएर भूइँमा पसारियो, हात गोडा नहुँदा जब घस्रेर आएथ्यो, प्रभूजीले शिर पनि काटिदिनुभयो त्यो विद्याधर गण भएको र सरापले गर्दा राक्षस हुन गएको थियो। त्यसैले गर्दा परमधाम जाओस् भनी त्यसको बध गर्नु भएको हो। जब राक्षसले देह त्याग्यो, उसको सराप पनि सकियो र फेरि ऊ विद्याधर नै भएर श्रीरामको खूवै स्तुति गर्न थाल्यो पछि खुशी भएर स्वर्ग गयो। त्यस पछि तीनै जना योगीको भेष धारण गरी वनको बाटो लाग्नुभयो, त्यहीं वनमा शरभङ्गजी ध्यान गरेर बसेका थिए, श्रीरघुनाथजी पनि त्यहीं पुग्नुभयो र अत्यन्त खुशी हुँदै उनलाई दर्शन दिनुभयो। शरभङ्गजीले आफ्नो सम्पूर्ण तन, मन र वचन प्रभूजीमा अर्पण गरे। श्रीरामको निर्देशन पाएर एउटा चिता तयार पारी श्रीहरिको दर्शन गर्दै आफ्नो देह त्याग गरेर यस संसाररूपी सागर पार तरे।

श्रीराम द्वारा राक्षस उन्मुलन गर्ने आश्वासन ऋषिहरूलाई दिएर अगस्ति ऋषिको आश्रम तर्फ प्रस्थान

श्रीशरभङ्गले मुक्ति पाएको देखेर त्यहाँ वनमा रहेका जो जति मुनिश्वरहरू थिए, ती सबै अत्यन्त खुशी भएर प्रभूलाई भेट्न भनी आए। आफ्ना ख्वामित् थिनै हुन् भनी विचार गर्दै ती सबैले हात जोडेर प्रभुको खूव स्तुति गर्न थाले। प्रभूले पनि अत्यन्त दयालु मन गरी उनीहरूलाई हेर्नु भयो। ती सबैले प्रभूजी समक्ष हामीले साहै दुःख पायौं भने। साहै नै आपत विपत पाए

छन् भन्ने ठानेर हामीमाथि दया गर्नु हुन्थ्यो कि ? भनेर विन्ति गरे। अनि सबैले आश्रममा गएर उनीहरूमाथि दया गर्नु पऱ्यो भनी आग्रह गरे। त्यसपछि प्रभुजी पनि आश्रममा जानुभयो।

त्यस वनमा अनेकौं खप्परहरू भूइँमा छरिरहेका देख्नुभयो श्रीसीतापतिले ऋषिहरूसँग यी कसका खप्पर हुन् र को को मरेका हुन् ? अनेकौं किसिमका खप्परहरू देख्छु भनी सोध्नु भयो। श्रीसीतापतिका यस्ता वचन सुनेर ऋषिहरूले विन्ति गरे। राक्षशहरूका छलमा परी धेरै ऋषिश्वरहरू मरे र तिनैका शिर हुन् भनी विन्ति गरे। यसरी राक्षशहरूका छलबाट धेरै ऋषिहरू मरे भन्ने कुरा सुनेर श्रीसीतापतिले त्यहाँ सबै ऋषिहरूलाई राखी उनीहरूका अगाडि प्रतिज्ञा गर्नुभयो कि यी सब राक्षशहरूलाई नष्ट गर्छु। जब प्रभूबाट यस्तो प्रतिज्ञा भएको थियो, त्यहाँ भएका सब ऋषिहरू खुशी भएर आनन्द माने। केही वर्ष त्यहीं बिताएर श्रीरामले सम्पूर्ण योगीजनको पिर ताप नाश गरिदिनुभयो र ऋषि सुतीक्ष्णउपर माया जाग्यो, त्यहाँबाट प्रस्थान गर्नुभयो जहाँ भक्त सुतीक्ष्ण ऋषि बसेका थिए, त्यहीं गएर प्रभुले उनलाई दर्शन दिनुभयो। ऋषि सुतीक्ष्णले रामको पूजा गरेर, सम्झिंदै बसे। रामले उनलाई भन्नु भयो सुन ! जहिले तिमीले आफ्नो देह त्याग्छौ, तुरुन्तै मुक्ति पाउँछौ भन्ने आज्ञा भयो। यो सुनेर कहिले कर्मबाट छुट्कारा पाइएला भन्ने ऋषिको मनमा विचार आयो र उनी मनमनै हर्षित पनि भए। सीता पति रामले पनि केही दिन ऋषि अगस्तिसँग उहाँकै आश्रममा गएर बस्ने विचार गर्नुभयो।

प्रभूजीका साथमा पछि पछि लागेर गएका सुतीक्ष्णका साथै ऋषि अगस्तिका भाइ कहाँ गएर पहिलो एक रात बिताउनु भयो। अगस्तिका भाइ **अग्निजिहवा** पनि श्रीरामलाई ईश्वर बुझेर अति नै खुशी भए अनि प्रभुलाई चिनी विधिपूर्वक पूजा गरे। त्यहाँबाट सीतापति विहान सबेरै उठेर अगस्ति ऋषि बसेको ठाउँमा खवर पठाएर जानुभयो। ऋषि अगस्तिले पनि अत्यन्त खुशी भएर प्रभुमा चित्त लगाइ स्तुति गरे। पहिले इन्द्रले बोकेका सुन्दर धनु,

तरवार र वाण राख्ने जोडी ठोक्रो त्यहीँ थियो ती सब रघुनाथलाई सुम्पिएर पृथ्वीको भार आजै गएर हरण गर्नुहवस् भनी आग्रह गरे।

पञ्चवटीमा श्रीराम जटायुको भेट र लक्ष्मणलाई उपदेश

उनी फेरि प्रभुलाई भन्छन्- यहाँबाट आठ कोस पर पञ्चवटी नाम गरेको अत्यन्त असल आश्रम छ, त्यो अति नै रमणीय छ, त्यहीँ बसेर केही दिन बिताउनुहवस् र सबै साधु सन्तमाथि माया गर्नुहवस् ऋषि अगस्तिको यस्तो उपदेश पाएर श्रीराम पंचवटी तर्फ जानको लागि तयार हुनुभयो र आफ्नो बाटो लाग्नुभयो। त्यहाँबाट अलिकति पर जङ्गलमा अत्यन्त बूढो जटायु (गिद्ध) लाई देखेर राक्षश भनी मार्नको लागि धनु मागेर, प्रभूले आफ्नो लीला मात्र जनाउनु भयो।

यसरी रामबाट आफूलाई मार्ने कुरा सुनेर जटायुले डराएर भन्यो- म राजा दशरथको प्यारो साथी हुँ, यहीं बसी सीताजीको सेवा गर्दछु, त्यसकारण हजूरले मलाई नमार्नुहोस् र मेरो कल्याण गर्नुहवस्। जटायुको यस्तो कुरा सुनेर प्रभुले अत्यन्तै खुशी भई "नडराइकन आनन्दपूर्वक बस" भन्नु भयो। यो सुनेर जटायुले ख्वामित् म हजूरको शरणमा छु भनी विन्ति पनि गर्‍यो। त्यसपछि श्रीराम त्यहाँबाट पञ्चवटी जाँदा वीच एकान्त वनमा वास बसनुभयो, त्यो एकान्त थलो देखेर प्रभु अत्यन्त खुशी भई आनन्दपूर्वक बस्नुभयो। त्यहाँ नजिक अर्को कुनै आश्रम थिएन। यस्तो एकान्त स्थल देखेर लक्ष्मणले रघुपतिको चरणमा परेर विन्ति गरे - हे रघुपते ! म हजूरको शरणमा छु, म माथि दया गरेर ज्ञान भनेको के हो ? र विज्ञान भनेको के हो ? म केही जान्दिन, ठूलो अज्ञानी छु, हजूरबाट आज्ञा हवस्, ज्ञान विज्ञानका सम्पूर्ण तत्व सुन्न पाउँ, यो विषयको जान्ने पुरुष अरु को छ र ? कता जाउँ ? लक्ष्मणजीको यस्तो विन्ति सुनेर प्रभु खुशी हुँदै लक्ष्मणजीलाई ज्ञान विज्ञान र अज्ञानको सबै तत्व त्यहीं बताउनुभयो। लक्ष्मणजीले ज्ञान विज्ञान र अज्ञानका सबै तत्वहरु बुझ्े।

शूर्पणखाको बेइजती र खर त्रिशिर दूषणको बध

त्यसै समयमा शूर्पणखा त्यहाँ आई पुगी प्रभुजीले पनि त्यस दुष्टलाई देख्नुभयो कामदेवको वशमा परी प्रभुजीका नजिक गएर अत्यन्त खुशी हुँदै प्रभुजीलाई नाम के कहाँबाट आउनुभयो आदि सबै कुरा सोधी। प्रभुजीले पनि आफ्नो नाम बताउनु भयो, जब नाम सुनी अनि उसले विचार गरेर भनी म तपाईंलाई लोग्ने मान्दछु मलाई स्वास्नी बनाउनु होस् र कामदेवको तापबाट छुटाउनुहोस् भनी विन्ति गरी। शूर्पणखाको यस्तो कुरा सुनेर सीताजीको मुखमा हाँसेर हेर्नु हुँद्रै प्रभुजीले भन्नुभयो मेरी पत्नी घरमै छ, त्यसकारण सौता छ भन्ने बुझेर मलाई पति नमान बरू भाइ खाली छ, उसलाई पति मान। जब रामबाट यस्तो कुरा शूर्पणखाले सुनी तव साँचो कुरा ठानेर खुशी हुँदै म तपाईंकी पत्नी हुन आएँ भन्दै लक्ष्मणका नजिकमा गई। उसका सम्पूर्ण कुरा सुनेर लक्ष्मणले भने म त दास हुँ दासकी पत्नी भएर केही सुख पाइँदैन बरू त्यहीं मालिक हुनुहुन्छ उहीं गएर बस्नु राम्रो हुन्छ, तेरो बुद्धि रहेनछ तँ कच्चा नै रहिछस्। यस्तो कुरा सुनेर शूर्पणखा रिसाइ र अब सीताजीलाई नै खान्छु भनेर गई। प्रभुले लक्ष्मणलाई त्यसको नाक र कान काट्ने आदेश दिनुभयो। लक्ष्मणजीले दाजुबाट आज्ञा पाएर शूर्पणखाको नाक र कान काटिदिए। त्यो डराएर भागी र आफ्ना भाइ भएको ठाउँमा गई।

जब शूर्पणखा त्रिशिर दूषण र खर नाम गरेका भाइहरू कहाँ गएकी थिई, ती राक्षशहरू उसका कुरा सुनेर रिसले आगो भएर ती तीनै भाइ लस्कर समेत लिई श्रीराम जहाँ हुनुहुन्थ्यो त्यहीं आए। प्रभुजीले यी राक्षश हुन् भन्ने चिनेर भाइ लक्ष्मणलाई भन्नुभयो हे भाइ तिमी छिटै सीताजीलाई लिएर गुफा भित्र जाऊ र त्यहीं बसिरहनु किनभने अब लडाईंको वेला आयो वेर नलगाऊ छिटै उठेर गईहाल, म यी चौध हजार दुष्टहरूलाई सजिलैसँग टुक्रा पारेर मार्छु। दाजुको यस्तो हुकुम सुनेर लक्ष्मणजीले छिटै नै सीताजीलाई लिएर गुफा तिर गए। यता रघुनाथ गुफाको नजिक धनु वाण ठीक्क पारी तुरुन्तै लड्न भनी तयार भएर बस्नुभयो।

त्यसपछि खर, त्रिशिर र दूषण ती तीनै भाइ लस्कर लिई रिसाएर आइपुगे अनि ठाकुरजी उपर वाणको वर्षा गराए। ठाकुरजीले तिनीहरूको सम्पूर्ण वाण हतियारहरू नष्ट गरी खर, त्रिशिर र दूषण जस्ता सम्पूर्ण राक्षशहरूलाई चार घडीमा सखाप पार्नुभयो।

प्रभुले खर, त्रिशिर र दूषणलाई मारे पछि सीता र लक्ष्मण पनि प्रभु भएकै ठाउँमा आए अनि शूर्पणखा डराएर भागी र रावण बसेको ठाउँमा विलाप गर्दै गई जहाँ उसका सम्पूर्ण भाइ बन्धुहरू पनि थिए। रावणले जब नाक र कान नभएकी बुच्चि बहिनीलाई देख्यो, बहिनीको मायाले तुरुन्तै उठ्यो र सम्पूर्ण कुरा सोध्न लाग्यो- "बहिनी तिम्रो नाक र कान काट्ने कुन पुरुष हो ?" त्यो अब मर्ने भयो। रावणको यस्तो कुरा सुनेर, शूर्पणखाले सीता, लक्ष्मण र रघुनाथको नाम बताई त्यसपछि शूर्पणखा भन्न लागि- तीनै जना पराक्रमीहरु पञ्चवटीमा धनुवाण सहित ठोक्रो भिरेर बसेका छन्। तिनीहरूले सम्पूर्णलाई भस्म गरिदिन्छन् कि जस्तो मलाई लाग्छ। त्यसकारण म साह्रै डराएर आएको छु, तिनीहरू सबै ऋषिलाई खुशी पारेर फर्कन्छन्, तिनीहरूलाई देख्दा म त आश्चर्य मान्दै यी कुरा तपाईंलाई विन्ति गरूँ भनी दैडिएर आएँ।

रावण- मारिच भेट र सीता हरण

शूर्पणखा रावण समक्ष फेरि भन्न लागि "सीताजी अतिनै सुन्दरी रहिछन्, त्यसकारण तिनलाई टपक्क टिपेर यहाँ ल्याउँ जस्तो लाग्यो र त्यहाँ गएँ तर नाक र कान काटिएर बुच्चि हुनुको साथै साह्रै दुःख पाएँ। ऊ फेरि भन्छे हे दाज्यू यदि तपाईं सक्नुहुन्छ भने त्यहाँ जानु हवस् र जुक्तिपूर्वक ती सीतालाई छल गरी हरण गरेर यहाँ ल्याउनुहवस् तर तिनीहरूको (राम लक्ष्मणको) अगाडि चाहिँ नजानुहवस् किन कि तिनीहरूले मार्नेछन्। बहिनी शूर्पणखाले डराएर कुरा गरेको र ठूलो लस्कर सहित **त्रिशिर, दूषण र खर** मरेको खबर बहिनीबाट सुने पछि रावणले एकान्तमा बसेर खूवै सोच्न लाग्यो- उसले मनमनै विचार गर्‍यो कि यी सामान्य मानिस नभई परमेश्वर

हुन् नत्र भने ती खर त्रिशिर र दूषण भाइहरूका सामु कुनै पनि व्यक्ति टिक्न सक्दैनथ्यो। त्यसकारण ती यदि ईश्वर हुन् भने मलाई मार्लान् सामान्य मानिस हुन् भने सीताजीलाई हरण गर्छु। यदि ईश्वर हुन् भने विरोध गर्दा खुशी हुन्छन् किन कि रीस गर्दा खेरी पनि उनैको नाम जपिइन्छ। यस्तो विचार गरेर रावण समुन्द्र पार गयो जहाँ मारिच थियो त्यतै लाग्यो। रावणले आफ्नो रथ नजिकै राखेर ऋषिको भेष बनाएर गयो र खरहरू सब मारिएको कुरा मारिचलाई बतायो।

त्यसपछि रावण मारिचलाई भन्न लाग्यो- "हे मारिच ! ठूलो र राम्रो मृगको रुप लिई रामचन्द्रलाई छली टाढा लैजाऊ अनि मैंले सीतालाई जब हरण गर्छु, तव तिमी फर्किएर आऊ, यति आज मलाई मद्दत गर," रावणको यस्तो कुरा मारिचले सुन्यो, मनमनै विचार गऱ्यो र रामचन्द्रको सम्पूर्ण शक्ति रावणलाई अवगत गरायो। अनि आफ्नो मालिक हो भनेर मनमनै रावणको भलाई गर्ने पनि सम्झयो। त्यसपछि मारिच रावणलाई भन्न लाग्यो कसले आज तिमीलाई यो उपदेश दियो ? तिमी मलाई मृग होऊ र आफूले सीतालाई हरण गर्छु भन्यौ, त्यो राम त शत्रु हो त्यसलाई मार्नुपर्छ जसले हाम्रो कुलै समेत मास्न खोज्छ। मारिच रावणलाई फेरि भन्छ, रामलाई जित्न कसैले पनि सक्दैन यदि जित्न सकिन्छ भन्ने सोचेर तिमी आँट गर्छौ भने आफ्नो कुलै समेत लिई मर्नेछौ किन कि जसको एक वाणले मलाई चार सय कोश पर पुऱ्यायो, उनी त्यतिवेला बालकै थिए तर पनि सुवाहुलाई त भस्मै पारिदिए। फेरि मारिच भन्छ भरखर मात्र मृगरुप धारण गरेर वनमा गएँ एक वाण हानेर मलाई पछारिदिए अनि रगत छाद्दै डराई भागेर आएँ, अब त्यहाँ जान्न किन कि ठूलो चेत पाइसकें। त्यसकारण तिमी रामको विरोध नगर, सीता हर्छु भन्ने जुन विचार लियौ त्यो छाडिदेऊ, यदि तिमीले सीता हर्ने जस्तो दुर्मति लिन्छौ भने सब नष्ट हुन्छ देखिहाल्यौ जसले खर, त्रिशिर र दूषण जस्तालाई कसरी मारिदिए। मारिच फेरि रावणलाई संझाउँदै भन्छ- मैले जुन कुरा तिमीलाई भनें बुझ त्यो तिम्रै भलाइको लागि हो, त्यतिमात्र होइन अर्को गोप्य

कुरा पनि म भन्छु सुन यी रामचन्द्र संसारका मालिक परमेश्वर हुन् जसको भजन शृष्टिकर्ता ब्रम्हाले पनि सधैंभरि गर्दछन् ।

मारिच फेरि रावणलाई भन्छ- हे मालिक ! म त सधैं तपाईंको हित नै चिताइरहन्छु, त्यसकारण मैले नारदजीबाट यो कुरा सुनेको हुनाले आज म भन्छु कि ब्रम्हाजीले रावणलाई मार भनी बरदान दिएको हुँदा श्रीरामले सोही गर्न लाग्नु भएको हो । त्यसकारण हे रावण ! तिमी जाऊ घरमा गएर बस, सीतालाई हरण गर्ने कुविचार नगर श्रीरामलाई ईश्वर सम्झेर उनैमा मन लगाऊ, **'जो गर्दछन् प्रभु गरुनु छ लिला उनैको । लाग्दैन जोर प्रभु विषे अरु ता कसैको**

जब मारिचले राम ईश्वर हुन उनको दाँजोमा कोही पनि पुग्न सक्दैन । यो संसार उनैको लिलामा चलिरहेको छ जस्ता ज्ञानका कुराहरु रावणलाई बतायो त्यसपछि रावणले पनि खुव मन दिएर मारिचका कुरा सुन्यो, अनि रावणले मारिचलाई हेरेर फेरि भन्यो, तिमी मृग भएर जाऊ म सीतालाई हरण गर्छु किन कि ती राम यदि ईश्वर हुन् भने अवश्य मलाई मार्छन्, साधारण मानिस भए मारिन्छन् । रावण फेरि भन्छ- राम ईश्वर ! भए अत्यन्त असल हुन्छ किन कि उनको हातबाट मारिएँ भने यो संसारबाट सजिलै पार तर्छु यदि साधारण मानिस रहेछन् भने उनलाई मारेर सीतासँग भोग विलास गर्छु, त्यसकारण हे मारिच तिमी अहिल्यै जाऊ र मृगको रुप लेऊ, म सीताजीलाई अवश्य पनि हरेर लैजान्छु । यदि यसमा नानु गरी केही बोल्यौ भने तिमीलाई काटिदिन्छु । यस्तो कुरा गरेर रावणले मारिचलाई नाजवाफ पार्‍यो । मारिचले पनि गइन भने रावणबाट नबाँच्ने ठान्यो र उसले सोच्यो कि आखिर मर्नै पर्छ भने श्रीरामको हातबाट मर्छु, जसको हातबाट मारिंदा मुक्ति पाउँछु, तर यो दुष्टको हातबाट मारिएँ भने नरक पर्छु । यस्तो सोचेर उसले तुरुन्तै सुनको मृगको रुप लियो, अनि अनेकौं विचित्रको लिला गर्दै सीताजीका नजिक जाँदै फर्किंदै गर्दथ्यो । जसमा अनेकौं लिला गर्न लाग्यो । त्यसको त्यस्तो लिला देखेर श्रीरामले यो छल हो भनी चाल पाउनुभयो र एकान्तमा सीतालाई

भन्नु भयो- हे सीता ! तिमी अदृश्य भएर बस र यहाँ छायाँ सीता बनाएर छोड किन कि एक भिक्षुको रुप लिई रावण आज आउने छ र तिमीलाई आफ्नो रुप छिपाएर हर्नेछ, त्यसकारण तिमीले छिट्टै आफ्नो रुप छिपाऊ र एक वर्ष सम्म यही रुपमा बसी आफ्नो दिन बिताऊ। रामचन्द्रको यस्तो हुकुम सुनेर सीताले अदृश्य रुप धारण गरिन् र छायाँ सीता भइन् अनि सीता आफैं अग्नि भित्र लुकेर बसिन्। त्यसपछि रघुनाथ त्यहाँ छायाँ सीतासँग बस्नुभयो। अनि छायाँ सीताले त्यो सुनको विचित्रको मृगलाई खेलाउँ भन्ने विचार गरेर श्रीरामलाई विन्ति गरिन्- हे रघुपते ! त्यो सुनको मृग अत्यन्त राम्रो लाग्यो त्यसलाई पक्रेर आज मलाई दिनुहवस् म खेलाउँछु।

सीताजीको यस्तो विन्ति सुनेर रामचन्द्रलाई पनि त्यो मृग ल्याउने इच्छा भयो र हातमा धनु लिई लक्ष्मणलाई त्यहीं बस भनी अह्राएर मृगको पछि लाग्नु भयो। यता लक्ष्मण पनि सीताजीको रेखदेख गरी बसे। उता श्रीराम पनि मृगरुपी मारिचलाई लखेट्दै पछि पछि जानुभयो। निकै टाढा पुगेपछि रामले मृगलाई मार्नुभयो तर मर्ने बेलामा मृगरुपी मारिचले छल गरेर रामचन्द्रको आवाजमा हे भाइ लक्ष्मण ! मऱ्याँ भनेर रामको जस्तै स्वरले करायो।

त्यसपछि मृगरुपी मारिचले छल गरी कराएको सुनेर सीताजी डराइन् र लक्ष्मणजीलाई राम कहाँ जान अह्राइन् अनि लक्ष्मणले सीताको हुकुम सुनेर विन्ति गरे हे माइ ! जुन मृग थियो त्यसलाई रामले मार्नु भयो। लक्ष्मण फेरि भन्छन् त्यो मृग खास मृग होइन, मृगको रुप लिएको राक्षश मारिच हो, त्यसैलाई रामले मार्नु भएको हो। श्रीरामले त्यसलाई लडाउँदा छल गरेर हे भाइ लक्ष्मण ! मऱ्याँ भनी कराएको हो। त्यति भनेर मरे पछि ज्योति भएर त्यो श्रीराममा (हरिमा) मिल्यो त्यो देखेर त्यहाँ भएका जो जति थिए आश्चर्य चकित भए, त्यो दुष्ट अपकारीले पनि त्यसरी गति पाएको कुरा देखेर सब जना हर्षित पनि भए। लक्ष्मणजीका यस्ता कुरा सुनेर सीता रिसाइन् र आँखाबाट आँसुका धारा बगाउँदै लक्ष्मणलाई भनिन् दाजु नहुँदा मलाई पति मान्लिन् भन्ने जस्ता दुःशब्द प्रयोग गरी गाली गरिन्। सीता लक्ष्मणलाई फेरि

भन्छिन् - "रामदेखि बाहेक म कसैलाई पनि पति मान्दिन, त्यसकारण तिम्रै अगाडि प्राण छोड्छु, तिमीलाई मैले चिनें तिम्रो चित्त साह्रै नै दुष्ट रहेछ यही दुष्ट काम देखि तिमीलाई आज मैले शत्रु मानें।

सीताजीका यस्ता दुर्वचन सुनेर लक्ष्मणजी रिसाए, दुर्वाच्य बोलिन् भन्ने मनले चिताएर "धिक्कार चण्डि" मनमनै भनी चट्पटाएर वनदेवीलाई जिम्मा लगाई सीतालाई त्यहीं छोडी जुलुक्क उठेर गए। जब लक्ष्मण टाढा पुगे त्यसपछि रावण उनी टाढा पुगेको देखि जोगीको भेष लिएर छिट्टै सीता भएको ठाउँमा आयो अनि सीताले पनि जोगी सम्झी रामको यथार्थ कुरा नलुकाइकन बताइन् अनि सीताले पनि रावणको नाम, काम बस्ने ठाउँ सबै सोधिन्।

सीताजीका यस्ता वचन सुनी उनलाई हरण गर्ने विचारले रावणले आफ्ना सम्पूर्ण नाम, काम साँचो-साँचो बतायो र सीतालाई भन्यो मलाई पति मान रामचन्द्रलाई तिमीले अब छोड भनी अवाच्य बोल्यो। रावणका यस्ता वचन सुनी वैदेही डराइन् र त्यस दुष्टलाई तृण बराबर सम्झिएर भनिन्- "हे दुष्ट रावण ! तँ अहिले श्रीरामको अगाडि परिस् भने अवश्य मर्नेछस्।" सीताजीको यस्तो कुरा सुनेर रावण रिसले तुरुन्तै उठ्यो र जोगीको रुप छोडेर आफ्नो रुप लियो। उनलाई हरण गर्छु भनेर देख्दै डरलाग्दो कालो बीस हात र दश टाउको भएको रावण बगुऱ्यो। जब उसले मनैमनले सीताजीलाई चिन्यो, तब उनलाई आमाको जस्तो व्यवहार गरी हातले नछोइकन आफ्ना नङ् जमिनमा धसी जमिनै समेत उठाएर सीताजीलाई रथमा राखी दगुऱ्यो। त्यतिभएपछि सीता हा राम ! हा लक्ष्मण ! भन्दै रोइन् र आफ्नो सम्पूर्ण तन मन राममा दिंदै विह्वल भइन् त्यो वृध्य जटायूले देखेर उडेर गई रावणको रथ ठूँगेर चूर्ण पारिदियो। त्यतिमात्र होइन घोडा चूर्ण गरायो र धनु समेत टुक्रा-टुक्रा गराइदियो। रावण रिसायो झटपट हातले खडग समाएर जटायुका दुवै पखेटा काटी दियो, अनि जटायु जमिनमा खस्यो दिव्यको रथ तयार गरी सीतालाई लिएर रावण समुद्र पार गयो। सीता जब ऋष्यमूक गिरीको

माथि आकाशमा पुगेकी थिइन्, आफ्ना सबै गहना फुकाली पोको पारिन् अनि राम र लक्ष्मणलाई कसैले दिउन् भनी पोकै खसालिन्, त्यो पोको सुग्रिवले भेट्टाएर गुफामा लगेर राखे। त्यसपछि रावणले सीताजीलाई लङ्कामा लगेर आमाको जस्तो संमानजनक व्यवहार गरेर आफ्नो अति नै राम्रो बगैंचामा रहेको अशोक वृक्षमुनि राख्यो। अनि मनमनले यी माइले साह्रै दुःख पाइन् भन्ने सम्भेर उनको खूब सेवा गर्न पनि लाग्यो। यता सीता चाहिं रामलाई नै सम्झिएर हा राम् ! हा राम् ! हा जगन्नाथ भन्दै बस्तथिन्।

रामचन्द्रले मारिचलाई मार्नुभयो र फर्कदा मनमनै विचार गर्नुभयो माया सीता बनेकी कुरा अलिकति पनि थाहा छैन भाइ लक्ष्मणलाई, साँच्चै सीता यिनै हुन् भनी सम्झिएका छन्, यस्तै यस्तै कुरा सोच्दै फर्कदै हुनुहुन्थ्यो, त्यसैबेला वनमा लक्ष्मणलाई टाढैबाट देख्नुभयो फेरि उहाँले विचार गर्नुभयो यो कुरा गोप्य नै राख्छु किनकि सीता तिनै हुन् भन्ने मानून् त्यस पछि शत्रुसँग रिस गरेर लड्ने छन्। यस्तो कुरा श्रीराम विचार गर्दै हुनुहुन्थ्यो तुरुन्तै लक्ष्मण त्यहाँ पुगे अनि रामचन्द्रले सीतालाई किन छोडेर आयौ भनी सोध्नु भयो। त्यसपछि लक्ष्मणले रामचन्द्रलाई भन्न लागे- "मारीचका छलका कुरा सुनेर उहाँले मलाई दुर्वाच्य बोल्नुभयो, जति सम्भाए पनि केहि सीप लागेन।" रामचन्द्रले फेरि भन्नुभयो- "तिमीले उनलाई एक्लै छोड्नु हुदैंन थियो, किनभने स्त्री जाती हो दुर्वचन बोली हालि त के भो ?" यति भनेर तुरुन्तै आश्रमतिर जानुभयो, तर सीताजीलाई देख्नु भएन र रामचन्द्र अति नै शोक गर्न लाग्नुभयो।

राम विलाप जटायु-मुक्ति र कबन्ध राक्षससँग भेट हुनु र सीताजी लङ्कामा भएको जानकारी

रामचन्द्र पीर गर्दैभन्नुहुन्छ- "जनकनन्दिनी सीतालाई कि राक्षसहरुले हरण गरे कि त दुष्टहरुले खाए, के गर्नु मलाई जानैपर्‍यो अवश्य एक थोक त भयो भयो, कुन दुष्टको खेलमा परिन् ? यदि तिमी वनदेवीहरुलाई थाहा छ भने

मलाई बताऊ किनकि प्यारी सीतालाई कहीं पनि देख्दिन त्यसकारण तिनी जहाँ छिन् त्यहीं जान्छु ।" यस्तो किसिमले श्रीरघुनाथ केही थाहा नपाएको जस्तो गरी, जस्तो मानिसले गर्छ सोही रितले हा मेरी सीता ! भनी सोध्दै हिंड्न लाग्नु भयो । यसरी सीताको विरहले वन वन घुम्दा एक ठाउँमा रामचन्द्रले रथ र धनुका टुक्रा देख्नुभयो अनि लक्ष्मणलाई भन्नुभयो- "भाइ तिमीले देख्यौं त यहाँको चालामाला सीतालाई अर्को आई बीचैमा जितेर लिएछ।" यस्तो कुरा गरी राम अलि पर मात्र के पुग्नुभएको थियो, दुवै पखेटा खसी चिन्नै मुश्किल पर्ने घाइते जटायुलाई देख्नुभयो । यसरी श्रीरामले थाहा नपाउने केही कुरा थिएन, साधारण मानिस जस्तो भएर चिनेको नचिन्यै गरी अगाडि सरेर रामचन्द्र लक्ष्मणलाई भन्नु हुन्छ- "हे भाइ ! धनु देऊ, दुष्टलाई फेला पारें मार्छु। यसैले मेरी सीतालाई पेट भरी खाएछ र पल्टेछ।" जब जटायुले श्रीरामको यस्तो कुरा सुन्यो त्यसपछि उसले सीताको बारेमा जे-जति भएको सम्पूर्ण वृतांन्त रामचन्द्रलाई बतायो । अनि रामलाई ऊप्रति अति नै करुणा भयो उसको शरीर छामी दिएर उसको सम्पूर्ण दु:ख हरण गरिदिनु भयो । यति भएपछि सीताको सम्पूर्ण खबर रामचन्द्रलाई सुनाएर जटायु परमधाम गयो। अनि रामचन्द्रले त्यसको दाहसंस्कार, काजक्रीया गर्नुभयो ।

त्यसपछि जटायु श्रीरामको भक्ति गरेर तुरुन्तै मुक्ति पाएर धाममा गए। अनि राम पनि मानिस जस्तै भएर शोक गर्दै सीतालाई देख्यौ भनी वन-वन घुम्न थाल्नुभयो तर सीतालाई देखें भन्ने कोही फेला परेनन् । सीताको खोजीमा वन-वन घुम्दा छातीमा मुख भएको तर टाउको नभएको "**कबन्ध**" नाम गरेको चार कोस लामो हात भएको अति नै बलियो राक्षस भेटियो। त्यो राक्षस हातले जे भेट्टाउँथ्यो त्यो समाउँथ्यो र बसि-बसि खान्थ्यो, त्यसकै हातको बीचमा रघुनाथ पर्नुभयो र बाटो रोकियों। यसरी राक्षसबाट घेरिएको कुरा रघुनाथले भाइ लक्ष्मणलाई भन्नु हुन्छ- "हे लक्ष्मण ! देख्यौ आज हामी राक्षसको बीचमा पर्‍यौं, यसले हामीलाई निल्छ कि क्या हो ।" श्रीरामका

यस्ता कुरा सुनेर लक्ष्मण भन्छन्- "हे दाजु ! के को डर हामी दुई भाइ यसका दुबै हात काटिदिऊँ अनि मरिहाल्छ।" यति भनेर दुवै हात काटिदिए आफ्ना दुबै हात खसेपछि राक्षसले आश्चर्य मान्दै सोध्यो- "म जस्तो वीरको हात सजिलैसँग काट्यौ, तिमीहरु को हौ ? कहाँ जान लागेका हौ ? वनमा किन डुल्छौ ?" उसका कुरा सुनेर रघुनाथले हाँसेर सब कुराको उत्तर दिनुभयो, उसले राम भन्ने सुन्यो र मनमनै विचार गऱ्यो कि हरि यिनै हुन्। ऊ अति खुशी भयो र आफ्ना सम्पूर्ण कुरा बतायो र भन्न थाल्यो- "हे नाथ ! आज तपाईलाई पाएँ र मेरो सम्पूर्ण दुःख हट्यो।" फेरि ऊ भन्न थाल्यो- "म गन्धर्व थिएँ, मलाई अति नै राम्रो छु भन्ने घमण्ड भयो, कुनै दिन अष्टावक्र ऋषिलाई देखेर साह्रै नराम्रा भनी हाँसें अनि ऋषिले रिसाएर राक्षस भएस् भनी श्राप दिए, पहिले श्राप दिए तर पछि मुक्ति पाउने बाटो पनि बताए। त्यसपछि राक्षस भएर घुमफिर गर्दथें। इन्द्र रिसाएर शिर काटिदिए अनि ब्रम्हाजीको वरदान पाएकोले बाँचें। त्यो देखेर इन्द्रादि सब छक्क परे। इन्द्रलाई पनि म प्रति दया जागेर आयो र खानको लागि मुख छातीमा दिएर गए। चार-चार कोस टाढा सम्म समाउन सकोस् भनेर लामा हात दिए, त्यही हात आज काटिदिनुभयो। त्यसकारण अष्टावक्र ऋषिले मलाई मुक्ति हुने बाटो बताएका थिए, सोही आज ठीक भयो, हात काटियो, मैले मुक्ति पाएँ। म आज धन्य रहेछु। जेजति आशा गरेको थिएँ, रात दिन तपाईको स्तूति गर्दथें आज गति पाएँ। अब अति गहिरो खाल्डो खनी मेरो शरीर त्यहीं राखी जलाएर भष्म गराउनुहोस्। म संसार तरेर जान्छु। सीताको खबर पनि बताउँ छु, यस्तो कुरा सुनेर रामचन्द्रले उसको शरीर खरानी हुनेगरी जलाइ दिनुभयो। उसले सुन्दर स्वरुप लियो र खूब भक्तिले रामचन्द्रको स्तुति गर्नलाग्यो। रामचन्द्रले खुशी भएर त्यसलाई वरदान दिनुभयो र ऊ परम्धाम जान लाग्यो। त्यसैबेला उहाँलाई भन्छ कि- "हे नाथ ! अब तपाई शबरी कहाँ जानुहवस् ती साह्रै तपाईकी भक्तिनी छन्, तिनलाई दुःखबाट छुट्कारा दिनुहवस्।" यति भनेर रामलाई प्रणाम गरी त्यो कवन्ध राक्षस परमधाम गयो, राम शबरी बसेको ठाउँमा जानुभयो र दर्शन दिनुभयो। त्यसपछि शबरी आफू बसेको ठाउँबाट

तुरुन्तै उठेर रामको पाउमा परिन्, आफूले सकेजतिको पूजा अर्चना गरी हात जोडेर विन्ति गर्दै उनले भनिन् -"हे नाथ ! सानो जातीकी गरीब स्त्री भएकोले तपाईंको स्तुति गर्न जानिएन मेरो आधार भन्नु नै तपाईंको पाउ हो किनकि मेरो गति यस्तै छ। तपाईंको वर्णन मैले गुरुबाट सुनेकी थिएँ, गुरुको आज्ञाले कहिले तपाईंलाई भेट्टूँला भनी दिनहुँ तपाईंलाई नित्य पूजा गरेर पर्खिबसेकी थिएँ। हे नाथ ! आज प्रत्यक्ष दर्शन पाएँ। "शबरी भन्छिन् - हे राम ! के कुराले आज म देखि खुशी हुनुभयो ? मैले के राम्रो काम गरें ? ठूला-ठूला योगीहरुले त तपाईलाई भेट्न सक्दैनन् भने मैले कसरी दर्शन पाएँ ? मेरो अहो भाग्य ! शबरीको यस्तो विन्ति सुने पछि उनीप्रति अत्यन्त दयालु बनेर राम भन्न लाग्नुभयो -"म ठूला साना स्त्री र पुरुष केही पनि विचार गर्दिन। जुन व्यक्तिले मेरो भक्ति गर्छ, त्यही व्यक्तिदेखि म खुशी हुन्छु।

श्रीराम फेरि भन्नुहुन्छ- "**भक्तिका नौवटा** साधनहरु छन्- तिनीहरुमा पहिलो साधन **सत्संग** हो। यदि पहिलो साधन भयो भने बाँकि रहेका आठ साधन सज्जनको सङ्गत गरे पछि क्रमैसित मिल्दै (प्राप्त हुँदै) जान्छन्। त्यसकारण असल सङ्गतमा परेको र दिन प्रतिदिन मेरो भक्ति गर्ने सज्जनको सङ्गत गरेर सम्पूर्ण गुणले परिपूर्ण भएकी यस्ती तिमीलाई देखेर म आफैं तिमीलाई दर्शन दिन आएँ, यदि तिमी मूर्ख भएकीं भए कदापि तिमीले मेरो दर्शन पाउँदिनथ्यौ। आज मेरो दर्शन पाएर तिमीले मुक्ति पायौ। अब तिम्रो जुन इच्छा थियो, त्यो पूर्ण भयो, अब जाऊ, तर मेरी सीता कहाँ छिन् थाहा छ भने त्यो पनि खबर बताऊ। रामको यस्तो कुरा सुनेपछि शबरी विन्ति गर्छिन् कि के बताउँ हजुर नै सर्वव्यापी हुनुहुन्छ। शबरी फेरि रामलाई भन्छिन्- "तपाईलाई सबै कुरा थाहा हुँदाहुँदै पनि आज साधारण मानिस जस्तो बनेर सोध्नुभए तापनि म सब विचार गरेर विन्ति गर्दछु कि **सीता अहिले लङ्कामा छिन्**। तपाईले गएर सुग्रीवलाई भेट्नुहवस् बाँकि सम्पूर्ण काम उनैले पूरा गर्नेछन्। सुग्रीव पम्पा नाम गरेको तलाउको नजिक ऋष्यमुक पर्वतको टाकुरामा बस्दछन्। उनका दाजु बालीका डरले गर्दा त्यहाँ बसेका हुन् बाली त्यहाँ जाँदैन किनकि उसलाई त्यहाँ नजानु भन्ने सराप परेको छ। सो ठाउँमा

गएर तपाईले सुग्रीवसँग मितेरी लगाउनुहोस् । अनि सीतालाई पाउन सक्नुहुन्छ ।" यति विन्ति गरेर उनी चितामा पसिन् शरीर खरानी बनाइन् र श्रीरामको भक्तिनी भएकी हुँदा संसार रुपी सागर पार भइन् । सानो जातकी शबरीले मुक्ति पाएकी देखेर रघुनाथ अत्यन्तै खुशी हुनुभयो । शबरीले श्रीरामको अगाडि आफ्नो देह त्याग गरी सजिलैसँगै भव सागर पार भइन् । त्यसकारण जस्तो सुकै उच्च नीच जातिको जो कोही पनि यदि रामको भक्ति गर्दछ भने ऊ निश्चय पनि पूरा योगी बन्न पाउँदछ ।

हे मानव हो ! रघुनाथको भक्ति गर्नाले मुक्ति पाइन्छ, रामभनेका कामधेनु समान हुन् । यो कुरा मनमा राख्नुपर्छ । अरू मन्त्रहरू सबै छोडेर राममा नै तनमन लगाउनु पर्छ । यसो गरेको खण्डमा मनले चिताएको कुरा पूरा हुन्छ ।

श्री अरण्यकाण्ड समाप्त

वट वृक्षको आकार र विष्णुलाई श्राप

पार्वतीकासाथ शिवजी विराजिनु भएर रामकथा सुनाउँनु भएको ठाउँ बट वृक्ष -१००- योजन् उच्चाई र (५७-योजन् चोडाई भएको थियो ।

- मन्जुल रामायणबाट

उहिले, स्वर्गमा देव सभा बस्दा, सकल देवता तथा मुनि महर्षि-जंमा भै श्री भगवान विष्णुलाई उठेर नमस्कार गरे तर सनकादिक चारभाईले चाहिं गरेनन् । नमस्कार नगरेको कारण विष्णु भगवान रिसाएर तिमीहरु सधैं बालक नै भइ रहनु भन्ने श्राप गरे पुनः ती चारै भाइले पनि हे विष्णु: तिमीलाई पनि मनुष्य हुनुपरोस् भनी श्रापा श्राप गरेका थिए । श्राप कै कारणले भगवान विष्णुले रामचन्द्रको अवतार लिनु परेको हो ।

- योग वाशिष्ठ बाट

श्री किष्किन्धाकाण्ड

ऋष्यमूक पर्वतमा सुग्रिवसँग मित्रता र बालि बध तारालाई सान्तवना

जब शबरी मुक्ति पाएर गइन् तब रामचन्द्र पनि उनले भनेको कुरा सम्झेर ऋष्यमूक पर्वतमा त्यसै दिन सुग्रिवलाई भेट्ने विचारले जानुभयो। त्यहाँ पम्पा नाम गरेको एक कोस लामो तलाउ देखी श्रीरघुनाथले शवरीले भनेको तलाउ यहीं हो भनी चिन्नु भयो। तलाउमा माछा र कछुवा खेल्थे, कमलको फूल र केसर झर्थे केसरले छोपिंदा भने त्यहाँको पानी देखिदैनथ्यो, कमलका फूलहरू रङ्गी विरङ्गी थिए। हाँस, चखेवा, सारस र लाटोकोसेराहरुको आवाज सुनिन्थ्यो। साधु सन्तहरुको मन जस्तो सफा हुन्छ त्यस्तै त्यहाँको पानी सफा र निर्मल थियो। त्यो दृश्य देखेर रामचन्द्र अत्यन्त खुशी हुनु भयो र पानी पिउँनुभयो। त्यहाँको दृश्य हेर्दा हेर्दै सुग्रिवले रामचन्द्रलाई देखे र डराए पनि।

सुग्रिवले विचार गरे यो बालिको छल हो कि भन्ने लाग्यो हातले इसारा गरे पछि अरू कोही सज्जन जस्तो ठानेर हाँसे। सुग्रिवले हनुमानलाई भने- "ए हनुमान ! तिमी ब्राम्हणको छोरो बनेर जाऊ ती को हुन् ? कहाँ जान्छन् ? उनको मनमा के छ ? त्यो सब बुझेर आऊँ।" जब सुग्रिवले हनुमानलाई यति भनेका थिए ब्राम्हणको छोरो बनेर रामचन्द्र भएको ठाउँमा हनुमान गए नाम काम सब सोधे रामचन्द्रले खुशी भएर सबै कुरा बताउनु भयो। हनुमानले सुग्रिवको हालखबर बताएर रघुनाथलाई बोक्छु भनेर आफ्नो रूप लिए अनि राम र लक्ष्मणलाई बोकी आकाश मार्गबाट दौडे। जब उनी ऋष्यमूक पर्वतमा पुगे तब राम पर्वतको छायाँमा बस्नुभयो यो खबर सुग्रिवलाई दिन भनी हनुमान गए। सुग्रिवले राम बसेको ठाउँमा आएर श्रीरामको दर्शन गरे, रूखको कमलो हाँगा भाँचेर रामलाई बस्न आसन दिंदा आनन्दित पनि भए। सुग्रिवलाई आसन लक्ष्मणजीले दिए, लक्ष्मणलाई हनुमानले। लक्ष्मणले

आफूहरु वनमा आएको मारिचादि राक्षसहरु मारिएको सीताजी हरण भएको सम्पूर्ण कुरा बताए । सुग्रिवले पनि सीताले खसालेर गएको सम्पूर्ण गहना देखाउदै भन्न लागे – "हे राम ! हे लक्ष्मण ! यति भनेर सीताजीले आफ्ना सबै गहना फुकालिन् पोको पारिन् र खसालेर गइन् । मैले चिनिन यो कसको गहना हो चिन्नुहवस्" यति भनेर गहना सुम्पि दिए । जब श्रीरामले गहना देख्नु भयो, सीताका गहनालाई चिनेर हा मेरी सीता ! भनी शोक गर्नलाग्नु भयो । अनि ती गहनालाई छातीमा राखेर नाना प्रकारले विलाप पनि गर्नु भयो ।

लक्ष्मण र सुग्रिव मिलेर रामलाई सम्झाई खुशी पारे । सुग्रिव र हनुमान मिलेर रामलाई भन्छन्- "हे राम ! दुष्ट रावणलाई मारेर सीताजीलाई तपाइँकहाँ ल्याइदिन्छौं" यस्तो कुरा जब सुग्रिवले रामलाई विन्ति गरे । अग्निलाई साक्षी राखेर सुग्रिवले रामसँग मित लगाएर रामको साथी भए । सुग्रिवले रामलाई भने- "हे नाथ ! बालिका डरले धेरै दुःख पाएर यहाँ बसेको धेरै दिन भयो, यो ठाउँलाई मातङ्गजीको सराप परेको छ बालि यहाँ आउँदैन यसैले म आएर यहाँ बस्न पाएको हुँ नत्र मर्ने थिएँ । बालि यति बलियो छ, जो कोही जतिसुकै बलियो भएपनि उ देखि सबै डराउँछन्, त्यसलाई जित्न कसैले सक्दैन ।" सुग्रिव फेरि भन्छन्- "मयको छोरो मायाविनाम गरेको ठूलो वीर राक्षस थियो त्यो बालिसँग लड्न भनी आयो, खुबै हाँक दियो अनि बालिले दौडिएर गई मुट्ठीले हान्यो दुःखाइ खप्न नसकी डराएर भाग्यो बालि पछि पछि उसलाई लखेट्दै गयो, राक्षस गुफाभित्र पस्यो, म पनि गुफामा बालिको पछि गएको थिएँ, मलाई ढोकामा राखेर ऊ भित्र लखेट्दै गयो । बालिलाई कुर्दा महिना दिन बित्यो फर्किएर आएन साह्है दिक्क भएँ, एक्कासी गुफाबाट रगत बग्न थाल्यो ।

लौ बालि मरेछ भन्ने लाग्यो र ठूलो ढुङ्गोलिई गुफाको ढोका थुनें अनि फर्किएँ । बालि गुफामा मर्‍यो भन्ने कुरा सबैलाई सुनाएँ, मलाई राजा बनाए, केही दिनपछि बालि राक्षस मारि फर्किएर मदेखि रिसाउँदै आयो । त्यसबेला

देखि उसँग डराएर यहीँ आएर बसें मेरी पत्नी उसैले लग्यो, के गर्नु मेरो बल पुग्दैन, यहाँ आउन सक्ने भए आएर मलाई मार्ने थियो। बालिलाई पापको डर छैन किनकि भाइ-बुहारीलाई समेत रखेल बनाएको छ।

सुग्रिवको यस्तो दुःखका कुरा सुनेर श्रीरामले भन्नुभयो- "हे साथी ! त्यो दुष्ट बालिलाई मारेर तिमीलाई राजा बनाउँने छु।" श्रीरामको यस्तो कुरा सुनेर सुग्रिवले पत्याएनन् किनकि बालि धेरै बलियो थियो। उसका बहादुरीका गाथा श्रीरामलाई सुनाउँदै सुग्रिव भन्छन्- "एकदिन दुन्दुगि नाम गरेको ठूलो राक्षस आयो र बालिलाई हाँक दिन लाग्यो बालिले त्यसलाई सजिलैसँग निमोठी टाउको छुट्ट्याएर हातमा लियो, त्यो टाउको चार कोस पर पुग्ने गरि फ्याँकिदियो। टाउको फ्याँक्दा तपस्या गर्दै गरेका ऋषिलाई रगतको छिटा पर्‍यो ऋषिले रिसाएर बालिलाई श्राप दिँदै भने आजदेखि तँ यस ठाउँमा आएर तेरो टाउको यहाँको भूमिमा ठोकियो भने जसरी तैंले फ्याँकेको त्यो टाउको भूमिमा खस्यो, त्यसैगरी तेरो टाउको पनि खस्नेछ भनी श्राप दिए। यो कुरा मलाई थाहा भएर यहाँ आइबसें अनि बचें। त्यो टाउको अझै पहाड जस्तो छ। त्यसलाई तपाईले फ्याँक्न सक्नुभयो भने अवश्य बालिलाई मार्न सक्नु हुन्छ। यस्तो कुरा सुग्रिवबाट श्रीरामले सुन्नु भयो र मितलाई आफ्नो परिचय दिनुपर्‍यो भन्ने लाग्यो। उहाँले खुट्टाको औंलाले त्यो पहाड रुपी टाउको फ्याँक्नु भयो जुन् चालीस कोस पर पुग्यो।

यो सुग्रिवले देखे तैपनि उनको मनको शङ्का दूर भएन उनले मनमनै सोचे कि यदि यिनले एउटा वाणले सात ताल (पटक) पार गरी रूखलाई छेड्न सके भने अवश्य बालिलाई मार्न सक्नेछन्। यस्तो सोचेर रामलाई विन्ति गरे- "हे नाथ ! बालि यति बलियो छ कि जसले सातवटा ठूला-ठूला रूखलाई विरुवा जस्तो गरी हल्लाएर सम्पूर्ण पात झारिदिन्छ। तपाईले एक वाणले सातवटा ताल नाघी वाण हानेर रूखमा लगाई प्वाल पार्न सक्नुभयो भने अवश्य बालिलाई मार्न सक्नुहुन्छ" सुग्रिवका यस्ता कुरा सुनेर रामचन्द्र खुशी भई हातमा धनु लिएर वाण हान्नुभयो, त्यो वाण वेगसित गयो सात ताल नाघी

वाण छोड्नु भयो, वाण गएर बालिको छातीमा लाग्यो बालि पृथ्वीलाई कम्प गराएर मूर्छा परी भुइँमा ढल्यो, केही समय पछि होस् आयो र रघुनाथलाई आफ्नो सामुन्नेमा बसिरहनुभएको उसले देख्यो ।

बालिले दुःखी हुँदै रामलाई भन्यो- "हे रघुनाथ ! मैले तपाईंको के विराम गरेँ धर्म छोडी लुकेर आज मलाई मार्नुभयो के यो क्षत्रीय धर्म हो ? वीरले कहिं लुकेर वाण छोड्छन् ? क्षत्रीय भएर आफ्नो धर्म छोडी लड्ने तपाई मात्र आज देखें बरु अगाडिनै आएर वाण हानी मलाई मारेको भए, तपाईको निकै कीर्ति फैलिन्थ्यो तपाईको लेखा सुग्रिव र म एकै होइन र यसमा के फरक छ ? हे ईश्वर ! तपाईलाई के मनमा आयो, सीतालाई रावणले हर्‍यो भनेर साधारण मानिस जस्तो पीर गरेर सुग्रिवको सहायता लिई चोर झैं लुकेर मलाई मार्नुभयो । यदि म बाँचेको भए रावणलाई पाता कसी यहाँ ल्याउँथे, त्यतिमात्र होइन उसको कुलै समेत नष्ट पारी लङ्कापुरी नै मेरो वलले उठाएर यहाँ ल्याउँथे पाजी रावणलाई मार्न तपाईं त्यहाँ जानु पर्दैनथ्यो, फेरि लुकेर मार्नाले नत कीर्ति नै फैलियो न त मासुनै खानु भयो, तपाईं जस्तो पर मात्मा साधारण मानिस झैं पापी हुनु भयो, व्यर्थैमा मेरो प्राण गयो। बालिका यस्ता कुरा सुनेर रघुनाथले भन्नु भयो- "तँ बालि हुँ भनी कति घमण्ड गर्छस्, साँच्चै तँ आफ्नी भाइ बुहारी हरण गर्ने पापी होस्, त्यही पापले गर्दा तँ मरिस् किन कि पापी मारेर धर्म स्थापना गर्नको लागि मैले रामको अवतार लिई तँ जस्ता अधर्मी पापीलाई मार्नाले धर्म हुने विचार गरेर तँलाई मारेको हुँ।"

श्रीरामका यस्ता कुरा सुनेर बालिले उहाँलाई नारायण भनी राम्ररी चिन्यो र उहाँको पाउमा परी हात जोरेर भन्न लाग्यो- "हे रघुनाथ ! म वानर हुँ माफ गर्नुहवस् किन कि तपाईको नाम मात्र उच्चारण गर्नाले पनि संसार तरिन्छ। हे मालिक ! तपाईको दर्शन गरेर म जान्छु" मैले मर्ने बेलामा तपाईंको दर्शन पाएँ म वडो भाग्यमानी रहेछु, कसैले पनि यस्तो अवस्थामा तपाईंलाई

पाउन सक्दैन, म धन्य रहेछु किनकि मेरो भाग्यमा यस्तै लेखेको थियो, सो मिल्यो, अब म परमधाम जान्छु, तपाईको सेवक मेरो छोरो अङ्गद उता छ, त्यसको हेरविचार गर्नुहोला । मेरो छातीमा तपाईको वाण छ, त्यसलाई निकालिदिए यो देह सितल भई प्राण सजिलैसँग जाने थियो ।

बालिका यस्ता कुरा सुनेर श्रीरामले वाण झिकी उसलाई छुनुभयो अनि उहाँकै अगाडिं प्राण छोडी बालि परमधाम गयो । त्यसपछि बालिका साथमा जे जति वानरहरु थिए, ती सबै भागेर तारा कहाँ गए रामचन्द्रले लुकेर वाण हान्नुभएको बालि मरेको मन्त्री सुग्रिव खुशी भएर रामसँग बसेको सम्पूर्ण कुरा सुनाएर भने- "यो राज्य अङ्गदलाई दिनुहवस् शहरको ढोका बन्द गर्नुहवस् अनि हामीलाई आज्ञाहोस् हामी बस्छौं । यति भनी ताराले भने बमोजिम काम गर्नभनी वानरहरु तुरुन्तै तयार भए । बालि मरेको खबर सुनेपछि तारा रुन थालिन् छोरा राज्य र धनले केही गर्न सक्दैन भनेर विव्हल हुँदै बालि मरेको ठाउँमा गइन्, बालि मरेर लडिरहेको देखेर आँखाबाट आँसुका धारा बगाउँदै उसका दुईटा खुट्टा समातेर तारा विलाप गर्दै रघुनाथलाई भन्न लागिन्- "हे रघुनाथ ! अहिले तुरुन्तै वाण लिएर मलाई पनि मारिदेउ, मेरा पतिका साथमा जान्छु, उनले स्वर्गमा गएर मलाई खोज्ने छन् म उनको साथमा नगइछोड्दिन । उनी भन्छिन्- पतिसित विछोड हुँदा यति धेरै विलाप गर्छन् भन्ने कुरा तपाईलाई थाहै छ मैले भन्नु पर्दैन, पत्नीलाई दान गर्दा जति पुण्य हुन्छ त्यति नै पुण्य मिल्छ, त्यसकारण आज वाण हानी मलाई पतिका साथ जावस् भनी मार्नुहवस् । रामचन्द्रलाई यति भनेर तारा सुग्रिवकहाँ गएर भन्न थालिन- लौ खुशी भएर राज्य गर किन कि मितले दिएको भनेर । ताराका यस्ता हृदयविदारक कुरा सुनेर श्रीरामलाई दया आयो तारालाई बुझाउन एक तत्व बताउनु भयो- "उहाँ तारालाई भन्नु हुन्छ- "हे ताराजी ! विचारै नगरी व्यर्थैमा तिमी शोक नगर किन कि यो मेरो पति हो भनी कुरै नबुझी व्यर्थैमा शरीर नत्याग यदि तिमी तिम्रो पति जीव हो भन्छ्यौ भने जीव कहिल्यै मर्दैन, त्यो अमर छ, यदि शरीर हो भन्छ्यौ भने त्यो शरीर यहीं छ,

त्यसकारण तिमी कहिले शोक नगर ।" जब श्रीरामका मुखबाट यस्ता कुरा सुनिन्, तारा चूप लागिन् उनलाई जुन कुरामा शंका लागेको थियो, सो कुरामात्र रामलाई सोधिन्- उनी भन्छिन्- "हे राम ! तपाईको मुखारविन्दबाट जुन कुरा सुने तर के गर्नु मन बुझ्दैन, मेरो मनमा शंका लाग्यो कि यो भोग कसले गर्छ ? यदि देहले गर्छ भनुभने, त्यो देह जड छ, ईश्वरले गर्छ भनुभने भन्नै सक्दिन, हे राम ! तपाईका अमृतरुपी एउटै वाणीले म मोहित भएँ, त्यसकारण म माथि दया गरी आत्मा शरीर र ईश्वरका बारेमा बुझाएर मेरो अज्ञानता नाश गरिदिनुहवस् ।

ताराका यस्ता कुरा सुनेर रघुनाथ अत्यन्त खुशी हुनुभयो सम्पूर्ण तत्व र ज्ञान एक एक गरी बताउन लाग्नु भयो- उहाँ भन्नु हुन्छ- "हे ताराजी ! तिमी नरोउ बुझ कि यो संसार झूटो छ, यो झूटो हुनाका कारण म तिमीलाई विस्तारमा बताउँने छु ।

श्रीराम तारालाई भन्नु हुन्छ- "आत्मा र शरीर भनेको छुट्टा छुट्टै कुरा हो यो कुरा मानिसले बुझ्नुपर्छ किन कि आत्मा अमर छ, शरीर नाशवान् छ यो कुरा मानिस बुझ्दैन, जब सम्म आत्मा रहिरहन्छ तब सम्म मानिस बाँचिर हन्छ, आत्मा उडेर जान्छ मानिस मर्छ। शरीर मर्दा मानिस मऱ्यो भन्छन् त्यो होइन मानिसको आत्मा अमर छ, त्यो आत्मा मरेको होइन, जसरी मानिसले पुरानो कपडा छोडेर नयाँ कपडा लगाउँछ त्यसैगरी त्यो आत्मा पनि मानिस बूढो (पुरानो) भयो भनी जीर्ण शरीरलाई छाडेर नयाँ शरीरमा प्रवेश गर्छ, त्यो कुरा मानिसले बुझ्दैन आत्माले छोड्दा विनाकारण शोक गरिरहन्छ, त्यस्तो शोक गर्नु बेकार छ ।

श्रीराम तारालाई फेरि भन्नु हुन्छ- "तारा तिमी राम्रोसँग बुझकि आत्मा भनेको स्फटिक हो र शरीर लाहा हो उदाहरणका लागि स्फटिकलाई लाहासँग राख्दा स्फटिक जसरी रातो देखिन्छ त्यसैगरी शरीर मर्दा आत्माले म मरे भन्छ । जसरी लाहा विना स्फटिकले म रातो छु भनेको सुहाउँदैन,

त्यसैगरी आत्माले शरीर मर्दा म मर्छु भन्न सुहाउँदैन। त्यसकारण जसरी स्फटिक कहिले पनि लाहा जस्तो रातो हुन सक्दैन, त्यस्तै स्फटिक रुपी आत्मा पनि शरीर मर्दा पछि लागेर जान सक्दैन। यी आत्मा र शरीर भनेको बेग्ला बेग्लै कुरा हुन्, त्यो कुरा मानिसले (आत्माले) बुझ्दैन, ऊ भन्छ शरीर मै हुँ शरीर मर्दा म पनि मर्छु। रामचन्द्र फेरि भन्नु हुन्छ कि यी सब मनका खेल हुन्, मनका खेलले गर्दा यस्तो हुन गएको हो, जुन व्यक्तिले यो मनको खेल त हो नि भनी बुझ्छ ऊ संसाररुपी सागर सजिलैसँग तरेर जान्छ, जसले बुझ्दैन ऊ मायाजालमा भुलिरहन्छ।

फेरि पनि रामचन्द्र तारालाई भन्नु हुन्छ- "जो मानिस शरीर मै हुँ, धन, सम्पत्ति, मानिस मेरै हुन् भन्छ भने त्यो मानिस मनका खेलमा पर्छ, ऊ यो संसाररुपी दुःख सागरमा डुबिरहन्छ। त्यसकारण यी सब दुःख सुखलाई पन्छाएर ठूला ठूला महात्माहरुको संगत गर्नुपर्छ। उहाँहरुकै कृपाले मनलाई जित्न सकिन्छ र परमात्मालाई प्राप्त गर्न सकिन्छ। श्रीराम तारालाई फेरि भन्नु हुन्छ- "मानिसले पनि विचार गर्नुपर्छ आत्मा नित्य छ, अमर छ, शरीर अनित्य छ, मरणशील छ, यो सपनासरीको छ, त्यस्तो सपनासरीको शरीरको लागि मानिसले शोक गर्नु व्यर्थ छ, यी सब कुरा विचार गरेर मानिसले परमात्माको स्मरण गर्नुपर्छ, उनैले नै पार लगाउनेछन्, यी सम्पूर्ण कुरा मैले तिमीलाई माया गरेर बताएँ यो कुरा तिमीले कहिल्यै पनि नविर्सनु।"

श्री रामचन्द्र तारालाई पुनः भन्नुहुन्छ- पहिलो जन्ममा तिमीले मेरो ठूलो भक्ति गरेकी थियौ र अहिले मैले दर्शन दिएँ नत्र यसरी तुरुन्तै तिमीले मेरो दर्शन पाउन सक्तिनथ्यौ, त्यसले गर्दा मेरो स्वरुप र यी बचन सम्झिरहु, तिम्रा ती जे जति दुःख छन् ती सब नाशहुन्छन्, अब तिमीले गर्नुपर्ने कर्म कुनै छैन, तिमीलाई सजिलैसँग भब सागर तर्ने बाटो बताइ दिएँ। जुन मानिसले मेरो स्वरुप र यी बचन संझी रहन्छ उसका सम्पूर्ण कर्मरुपी जञ्जाल सजिलै सँग काटिन्छन्।

जब ताराले श्रीरामका यस्ता अमृतरुपी वचन सुनिन् अनि उनी अति खुशी भएर आफ्ना सम्पूर्ण अभिमान त्यागिन्। त्यसपछि सुग्रिवले पनि आफ्ना सम्पूर्ण अभिमान त्यागे। यसरी सुग्रिव र तारा दुवैमा श्रीरामको कृपा हुन गयो जो कोहीको लागि राम कृपा भएमा कुनै पनि सांसारिक कुरा टिकन सक्दैन।

त्यसपछि श्रीरामले सुग्रिवलाई भन्नुभयो- "हे मित्र ! सुग्रिव अब काम छोडी सब भन्दा पहिले बालिलाई जलाऊ काज क्रिया गरेर शरिर शुद्ध (चोखो) पार। श्रीरामबाट यस्तो आदेश पाएर सुग्रिवले बालिलाई लगी जलाए र काज क्रीया सकी त्यहाँ आए। अनि आफ्नो राज्य श्रीरामका पाउमा अर्पण गरेर भने- हे राम ! तपाईको सेवक बनेर तपाईको शरणमा बस्छु। त्यसपछि श्रीरामले सुग्रिवलाई भन्नु भयो- "तिमी जो हौ म त्यही हुँ, त्यसकारण तिमी जाउ र राजगद्दीमा बस म वनमा नै बस्छु किन भने गाउँमा र घरमा आफू बस्दिन भनी मैले प्रतिज्ञा गरेको छु, त्यसैले भाइ लक्ष्मणलाई लिएर जाउ।

वर्षा काल वितेपछि सीताजीको खोजी आरम्भ

श्रीराम सुग्रिवलाई फेरि भन्नुहुन्छ- जब वर्षाकाल वित्छ सीताजीको खोज गर रामबाट यस्तो आज्ञा भएको सुनेर सुग्रिव अति आनन्दित भए, लक्ष्मण पनि सुग्रिवका साथ गए। सुग्रिव राजगद्दीमा बसे पछि राम जहाँ हुनुहुन्थ्यो लक्ष्मण उहीँ फर्किएर आए। केही समयपछि रामचन्द्र **प्रवर्षण गिरीमा** जानुभयो। त्यहाँ अत्यन्त राम्रो स्फटिकको गुफा थियो, जहाँ फलफूल लटरम्म फलेका र नजिकै पानीको तलाउ पनि थियो, त्यो देखेर श्रीराम ज्यादै खुशी हुनुभयो र त्यहीं बस्नु भयो। वर्षाकाल भरि रामचन्द्र त्यही प्रवर्षण गिरीमा बस्नुभयो त्यहाँ बेलाबेलामा पानी पर्थ्यौं, वनका घाँस खाएर वन्य जन्तुहरु हृष्ट पुष्ट थिए। श्रीरामको ध्यान गरेर उनीहरु उहाँको वरिपरि बस्थे, राम उनीहरुको हेरविचार गरेर खुशी हुनुहुन्थ्यो। त्यसै समयमा एक दिन लक्ष्मणले रामलाई भने- "हे राम ! पूजाको विधि बताइदिनु हवस् ब्राम्हण

व्यास, नारद आदि ऋषिहरु भन्छन् कि पूजा जत्तिको अर्को तर्ने उपाय कुनै छैन पूजा गर्नाले हरि खुशी हुन्छन्, त्यस्तो पूजाको विधि बताइदिनुहवस् । लक्ष्मण रामलाई फेरि भन्छन्- मैले यस्तो कुरा सुनेको हुनाले तपाईं सँग पूजाको विधान सोधेको हुँ, तपाईं बाहेक साँचो तत्व बताएर मेरा उपर दया गर्ने अरु कोही पनि छैनन्" लक्ष्मणका यस्ता कुरा सुनेर संक्षेपमा पूजाका विधिहरु रामचन्द्रले बताइदिनुभयो । लक्ष्मण पनि अति नै खुशी भए । यही रीतले कुरा गर्दा गर्दै वर्षाकाल वित्यो । एक दिन एक्कासी श्रीरामले सीतालाई सम्झनुभयो र फेरि विलाप गर्न लाग्नुभयो । अनि किष्किन्धापुरीका मन्त्री हनुमानले सुग्रिवलाई सीताको खोजी गर भनी विन्ति गरे- हनुमान सुग्रिवलाई भन्छन्- हे राजन ! श्रीरघुनाथले तपाईको ठूलो उपकार गर्नुभयो त्यस्तो वीर बालिलाई मारी तपाईलाई राज्य दिनुभयो, सीताजीको खोज खबर गर्न तपाईले बिर्से जस्तो छ, अब सब काम छोडी सीताजीको खोजखबर गर्नुपर्छ ।

हनुमान सुग्रिवलाई फेरि भन्छन्- "तपाईले सीताको खोज गर्नुपर्छ भन्ने कुरा याद गर्नुभएको छ छैन नत्र बालिको जुन गति भयो त्यहीं गति तपाईको पनि होला ।" हनुमानको यस्तो कुरा सुनेर सुग्रिवले तुरुन्तै लस्कर पठाऊ भन्ने हुकूम दिए र भने- दश हजार वीर गएर यी सात द्विपका जे जति वानरहरु छन् तिनीहरुको खोज खबर गरेर जम्मा गर्नु अटेर गरी जो बस्छ त्यसलाई पन्ध्र दिन भित्रमा निश्चय पनि मार्नेछु भन्ने हुकुम दिए । यस्तो सुग्रिवको हुकुम पाएर हनुमानले दश हजार वीर जम्मा गरी दशै दिशामा पठाए, ती वीर दशै दिशा तिर गई खबर गरेर अनेकौं सेना बटुले । यता राम अनेक लीला गरी सीतालाई सम्झी विलाप गर्न लाग्नुभयो । उहाँ भन्नुहुन्छ- "अझ पनि सीताको पत्तो लागेन जहाँ सीता छन् भन्ने खबर पाए त्यही जानुहुन्थ्यो र अमृतसरीकी सीतालाई ल्याउने थिएँ तर खबर कहाँ पाउनु र ?" श्रीराम लक्ष्मणलाई फेरि भन्नुहुन्छ- "हे भाइ सुन ! जसले आज सीताको हरण गरेको छ त्यसको माया नगरी कुलै समेत भष्म गरिदने छु ।" यति कुरा भाइसँग गरेर श्रीराम सीताजीलाई सम्झी फेरि शोक गरी अनेक तरहका विलौना गर्न लाग्नुभयो ।

श्रीराम विलाप गर्दै भन्नुहुन्छ- "हे सीते ! तिमी कहाँ छ्यौं म देखि टाढा भएर कहाँ बस्छ्यौं, म विना तिमीलाई कति आपत विपत आए होलान्, बाँच्न नै गाऱ्हों पऱ्यो होला तिमीसँग भेट नहुँदा मलाई त चन्द्र सूर्य नै नभए जस्तो लाग्यो भने तिम्रो त के बयान गरुँ र झन् तिमी त दुष्टका पासमा छ्यौं। फेरि सुग्रिव पनि कस्ता निर्दयी हुन गए। वर्षा ऋतु बितेर शरद ऋतु लागि सक्यो सीताजीको खोज गनुपर्छ भन्ने कुनै पिर नै उनमा छैन, त्यसकारण दुष्ट सुग्रिवलाई बालिलाई मारे जस्तो गरी मारिदिन्छु। रामचन्द्रको यस्तो वचन सुनेर लक्ष्मणले अगाडि गएर बिन्ति गरे- "हे राम ! मलाई भन्नुहोस् आजै गएर सुग्रिवलाई मार्छु" लक्ष्मणका यस्ता कुरा सुनेर रघुनाथ अत्यन्त खुशी हुनुभयो र भन्नुभयो- "हे भाइ ! सुग्रिवलाई नमार बरु त्यहाँ गएर बेसरी हप्काउ मारिहाल्नु हुँदैन, खूब चेतावनी दिएर आऊ।" श्रीरामको यस्तो हुकुम सुनेर लक्ष्मण तुरुन्तै सुग्रिव भएको ठाउँमा गए। अनि सीताका पति श्रीरघुनाथ मानिसको जस्तो लीला गरेर खूब विलाप गर्नलाग्नु भयो। अनि लक्ष्मण किष्किन्धापुरीमा गएर धनुको टङ्कार गर्नलागे। त्यसैबखतमा ढुङ्गा र रुख उठाएर केहि वानरहरु अगाडि आए।

त्यसपछि सब वानरहरुलाई मार्छु भनी लक्ष्मणजीले वाण लिए। त्यसैबेला अङ्गद आएर वानरहरुलाई लिई लक्ष्मणको पाऊमा परे। लक्ष्मणले खुशी भएर अङ्गदलाई भने- लक्ष्मण आएका छन् भनी सुग्रिवलाई खबर गर। अनि अङ्गद गएर सुग्रिवलाई खबर गरे त्यसपछि तुरुन्तै सुग्रिवले "अङ्गद र हनुमान सहित गई लक्ष्मणको पाऊमा परी सबै वृत्तान्त बुझाई उनको रीस शान्त पारी तुरुन्तै यँहा लिएर आऊ" भन्ने हुकुम दिए। अनि सुग्रिवको वचन सुनेर हनुमान र अङ्गद गई लक्ष्मणको पाऊमा परी लक्ष्मणलाई खुशी पारी हातमा बोकेर ल्याए। सुग्रिवको हुकुम सुनेर तारा पनि तुरुन्त गइन् र लक्ष्मणलाई सम्झाई बुझाई खुशी पार्छु भनी बिन्ति गरिन्। जब लक्ष्मणको र सुग्रिवको भेट भयो, सुग्रिव उनको पाऊमा परे, लक्ष्मणले पनि कुरै कुराले सुग्रिवको सातो लिए र भने "बालि जस्तो हुबे मन छ कि ?" लक्ष्मणलाई बुझाउन हनुमान अगाडि

सरे अनि लक्ष्मणले पनि कामले गर्दा सीताको खोजी गर्न ढीला भएको कुरा बुझेर खुशी भई कुराकानी गरे। त्यसपछि लक्ष्मणले जहाँ राम हुनुहुन्थ्यो त्यहाँ फर्कनुपर्छ भने सुग्रिव खुशी भएर धेरै सैन्य लिई लक्ष्मणका साथ जहाँ रघुनाथ हुनुहुन्थ्यो त्यहाँ तुरुन्तै गए। अनि परैबाट रघुनाथलाई देखेर रथबाट ओर्ली लक्ष्मण र सुग्रिव तुरुन्तै उहाँको पाऊमा परे, अनि रामले "सुग्रिवलाई हे मित्र भनी अङ्कमाल गर्नुभयो। अत्यन्त खुशी भई आफैं अगाडि सरेर सोधपुछ गर्न लाग्नुभयो। त्यसैबेला सुग्रिवले रामलाई भने- हे रघुनाथ मैले त सेना पनि यस्तो ल्याएको छु कि यिनीहरु ईन्द्र समानका वीर छन्, हुकूम होस् यिनीहरु जे. गर्न पनि तयार छन्, यति सम्म कि मालिकका निम्ति खुशी भएर प्राण दिन पनि यिनीहरु तयार रहने छन्।

सुग्रिवका यस्ता कुरा सुनेर रघुनाथ खुशी हुनुभयो र हर्षाश्रुकाधारा बगाउनुभयो र भन्नुभयो- "हे साथी सुग्रिव ! यी वानरहरु दशै दिसा जाउन् र सीताजी जहाँ छिन् त्यो कुरा पत्ता लगाई खबर लिएर यहाँ आउन्, एक महिनामा पनि त्यो खबर तिमीले पाउनसकेनौ भने तुरुन्तै यहीं आइहाल, जसले ढीला गर्छ त्यो मर्नेछ। यस्तो हुकूम पाए पछि सुग्रिवले दशै दिसामा वानरहरु पठाए तर दक्षिण दिसातिर ठूला ठूला वीर अङ्गद, जाम्ववान, हनुमान, नल, सुषेण, शरभ, मैन्द, द्वीविद आदि आठ वटा वीर वानरहरु छानेर पठाए। अनि रामचन्द्रका साथमा एउटा मात्र वानर बाँकि थियो। जब ती आठ वानरहरु जान तयार भए, रामचन्द्रजीले हातमा एउटा राम लेखेको औंठी हनुमानलाई दिएर भन्नु भयो- "यो औंठी सीतालाई दिनु उनले चिन्ने छिन्।"

हनुमान प्रति रामको आड भरोसा र चिन्ह स्वरुप औंठी प्रदान गर्नु भएको

राम औंठी दिंदै हनुमानलाई भन्नु हुन्छ- "यो काम पूरा गर्ने बलिया तिमी नै छौं, तिम्रो बल कति सम्म छ भन्ने कुरा मलाई थाहा छ, त्यसकारण म भन्छु तिमीलाई बाटोमा पनि शुभ नै हुनेछ," रघुनाथबाट यस्तो हुकूम पाएर

हनुमानले औंठी लिए र खुशी हुँदै श्रीराममा आफ्नो सम्पूर्ण तन मन दिए। अनि अङ्गद् हनुमानहरु श्रीरामका हुकूमले दक्षिण दिसातिर लागे र सीताजीलाई खोज्दै खोज्दै र घुम्दै गए जाँदा-जाँदै एक दिन विन्ध्यगिरीमा एउटा राक्षशलाई देखे। अनि त्यो रावण हो कि भनी कसैले मुड्कीले हानी मारे तर त्यो रावण थिएन फेरि अर्को वनमा गए पानीको प्यास लाग्यो अलि पर गुफा देखियो, त्यहाँ प्वाँख भिजाउँदै हाँसहरु निस्किएका थिए। अनि गुफाभित्र पसे, त्यहाँ बस्नयोग्य ठाउँ भेटे। त्यहाँ चिसो पानीको तलाउ थियो। लटरम्म फलफूल फलेका हिरा मणि माणिक जडिएका घरहरु थिए। तर त्यहाँ सुन सान थियो अलि पर पुगेपछि एउटी स्वयम्प्रभा नाम गरेकी योगिनी ध्यान गरिरहेकी देखे। तिनलाई देखेर उनीहरुले प्रणाम गरे। अनि उनले सोधिन्- "यहाँ के कामले आयौं ? मनमा के छ ? कहाँ जाने इच्छा छ बताऊ।" उनको त्यो कुरा सुनेर हनुमानले भने- "यहाँ हामी पानी पिउन आयौं, हाम्रो काम पानी पिउँने हो, यही गर्नु छ"। हनुमानका कुरा सुनेर उनी खुशी भइन् र भनिन् पानी पिऊ, फलफूल खाउ र यहाँ फर्किएर आउ, आज म ता श्रीराम हुनु भएको ठाउँमा जान्छु। **योगिनीका** यस्ता कुरा सुनेर हनुमानहरु पानी पिएर त्यहाँ फेरि फर्किएर आए। अनि उनले यी रामका दूत हुन् भन्ने चिनेर आफ्ना सबै कुरा बताइन्- उनी भन्छिन्- म **हेमाकी** साथी हुँ, उनी गइहालिन् उनका वचनले यहाँ श्रीरामको नाम लिई बसेकी धेरै वर्ष भयो। हेमाले भनेकी थिइन्- "श्रीहरिले रामको अवतार लिनुहुनेछ, रावणले सीतालाई हरण गर्नेछ, सीतालाई खोज्न वानरहरु आउनेछन्, त्यतिबेला सम्म यहीं बस अनि वानरको र रघुनाथको पूजा गरेर यहीं ब्रम्हलोकमा आउली आज म जान्छु त्यतिबेला सम्म तिमी यहीं रहू अनि पछि आउनेछ्यौं," यस्तो अर्ति दिएर साथी हेमा ब्रम्हलोक गइन्, मैले नाचेर शिवलाई खुशी पारें अनि उहाँले यो ठाउँ दिनुभयो र यहाँ बसें। उनी फेरि भन्छिन्- **हेमा विश्वकर्माकी छोरी हुन् म गन्धर्व कन्या** हुँ यी सम्पूर्ण कुरा मैले तिमीहरुलाई बताएँ अब म खुशी भएर श्रीराम जहाँ हुनुहुन्छ उहीं जान्छु।

त्यसपछि योगिनीले फेरि हनुमानहरुलाई भनिन्- "तिमीहरु आँखा चिम्ल एकै छिनमा सजिलैसँग बाटोमा पुऱ्याइदिन्छु," यति भनेर उनीहरुलाई बाटोमा पुऱ्याइ आफू श्रीरामचन्द्रजी बस्नुभएको कुटीमा पुगिन्, त्यहाँ पुगेर रामको स्तुति गरिन् । अनि रामले वर दिनु भयो र भन्नु भयो- "बद्रिमा जाऊ र मेरो ध्यान गर परमधाम पाउनेछयौ, तिमीले जे चिताएकीछयौ त्यो पुगोस् । यस्तो वर श्रीरामबाट पाएर योगिनी बद्रिमा गई संसार तरिन् ।

त्यसपछि यता वानरहरु सीताका खोजिमा वनवन घुम्दा घुम्दै धेरै समय बित्यो, सीतालाई पाउन सकेनन् । एक दिन अङ्गदले अति नै शोक गरेर भने- "अब हामीलाई रामले मार्छन्, हामीले बाँच्नु यति हो, अब के गर्ने सुग्रिवले त यो शत्रुको बिउ हो भनी निश्चय पनि मार्छन्, पहिलो त रामको कृपा हुनाले बचें, अब त रामले पनि सीता खोजेन भनी मार्नेछन् ।"

अङ्गदका यस्ता कुरा सुनेर कुनै वानर भन्छन् हे साहेब यहीं बसौ, यहाँ बस्दा कसरी मार्छन् । अङ्गदका र अरु वानरहरुका कुरा सुनेर हनुमानले भने- "किन ज्यादै छोटो कुरा गर्छौ ? सुग्रिवका प्यारा छौं भने अवश्य पनि भगवान रामचन्द्रजीका प्यारा छौं, म साँचो कुरा तपाईहरुलाई बताउँछु भूभार हरण गर्न भनी श्रीहरिले रामको अवतार लिनुभयो, सीताजीलाई हरण गर्न कसैले पनि सक्दैन यो सब रामको नै इच्छाले भएको हो, श्रीहरिले मानिसको अवतार लिनुभयो, वानरहरु उहाँका सेवक भए, त्यसकारण रामको भक्तिले गर्दा हामी उहाँको हुकूम अनुसार सेवा गर्छौं पछि उहाँसँगै परमधाम जान्छौं यो कुरा राम्ररी बुझ मनमा यस्तो कुतर्क राखेर के गर्छौ ? रामले कसैप्रति पनि रिस गर्नुहुँदैन ।" हनुमानका यस्ता कुरा सुनेर अङ्गद खुशी भए र अनि विन्ध्याचल पर्वतका सम्पूर्ण कुना कुना सम्म खोज्दै गए, खोजदा खोज्दै क्षार समुन्द्रको तिर मा पुगे । त्यहाँ एउटा महेन्द्र पर्वत नाम गरेको पहाड थियो, त्यसको नजिकैबाट समुन्द्र देखिन्थ्यो ।

अङ्गद हनुमान आदि वीरहरुको सम्पातिसँग भेट

ठूलो परिश्रम गर्दा पनि सीता कतै भेटिइनन्, अनि वानरहरु भन्न लागे- "जमिनमा सीता भेटिइनन् पानी भित्र जाउँ बाटो कतै छैन, अब कता जाउँ, सम्पूर्ण पृथ्वी छामि सक्यौं, सीता कतै फेला परिनन् फर्केर जाउँ भने मार्छन् वरु यहीं मर्नु वेस हुन्छ भनी सब वानरहरु समुन्द्रको तिरमा गई बसे। त्यहीं नजिकको वनमा **सम्पाती** नाम गरेको एउटा बूढो **गिद्ध** बस्तथ्यो उनीहरुलाई देखेर ऊ निस्कियो, चारैतिर दृष्टि दिएर हेर्‍यो अनि उसले वानरहरुलाई देख्यो र भन्यो बल्ल आहारा पाएँ अब यिनीहरुलाई खाएर आफ्नो पेट भर्छु। अङ्गद लगायत सम्पूर्ण वानरहरुले उसको यस्तो कुरा सुनेर ज्यादै डराएर भन्नलागे- कि अब हाम्रो काल आएछ, आज हामी मर्छौं, यो गिद्धको चाल देख्दा यसले हामीलाई मार्छ, कयावात जटायु तिमी कस्तो भाग्यमानी श्रीरामको मनपर्ने काम गरेर उहाँलाई खुशी पारी यस संसारबाट पार भयौ, व्यर्थैमा हामी भने गिद्धका मुखमा पर्न आयौं। वानरहरुका यस्ता कुरा सुनेर सम्पातीले भने- "हे वीर हो ! नडराउ तिमीहरुले मलाई प्यारो लाग्ने कुरा सुनायौ जटायु मेरो भाइ हो त्यसका वारेमा सम्पूर्ण कुरा मलाई बताऊ।"

जब सम्पातीले अङ्गद आदि वीरहरुलाई जटायु मेरो भाइ भनी निडर बनाए, तब अङ्गदजीले जटायुको बारेमा सम्पूर्ण कुरा बताए। अनि सम्पातीले अङ्गदलाई भने- "मलाई समुन्द्रमा लैजाऊ म जटायुलाई जलदान दिन्छु, स्नान गरी अञ्जली दान गरेपछि सीताजीको खबर बताउने छु", उनको यस्तो कुरा सुनेर सम्पातीलाई बोकी समुन्द्रमा पुर्‍याइदिए स्नानदान सकेपछि फेरि सम्पातीलाई फर्काएर ल्याए। अनि सम्पातीले सीताजीको सबै कुरा बताएर भने हे वीर हो ! म त गिद्ध हुँ, त्यसैले गर्दा म सीतालाई देख्छु उनी कहाँ छिन्, उनको भेष यस्तो छ, उनको चाला यस्तो छ, सब देख्छु, उनी यहाँबाट चार सय कोस पर लङ्कामा छिन्, तिमीहरु मध्ये जो चार सय कोष कुदन सक्छ, त्यो लङ्कामा पुग्न सक्छ, लङ्कामा पुग्यौं भने सीताजी भेटिन्छिन्, चार सय कोष

कुदनलाई गाऱ्हो छ, जान्छौं, जाँदैनौ त्यो तिमीहरुको विचार हो सीतालाई रावणले लगेर भित्री वनमा राम्रो सँग राखेको छ। त्यसकारण जसले समुन्द्र तरेर जान सक्छ जाऊ र सीतालाई भेट, सीता अशोकको वनभित्र राम्रो एक प्रकारको शिंशपाको (सिसौको वृक्ष) रुखमुनि छिन्, त्यहाँ गए सीतालाई भेट हुन्छ, के गर्नु रावणलाई मार्ने थिएँ, साक्षात् सूर्यका तातो किरणले गर्दा मेरा सब प्वाँखहरु डढे। सम्पाती फेरि वानरहरुलाई भन्छन्- "समुन्द्रमा चार सय कोष कुदन सक्ने कुन वीर छ ? जाऊ र सीताजीको खबर बुझ र फर्किएर यहाँ आऊ, यति कुरा भनेर खुशी भई आफना पहिलेका प्वाँख डढी दुःख पाएको कुरा बताउन लागे- सम्पाती भन्छन्- "म र जटायु दुई भाइ थियौं, हामी कति बलिया छौं भनी बल जाँच्न उडेर सूर्यको छायाँ मुनि पुग्यौं पुग्दा जटायुले सूर्यको किरण अति तातो माने र मैले उनलाई छोपें, भाइ जटायु बाँचे, मेरा सम्पूर्ण प्वाँख डढेर म जमिनमा खसें, त्यसरी विन्ध्यगिरी पर्वतको माथि खस्दा म तीन दिन मूर्छा परें र विउँझें, अनि **चन्द्रमा** नाम गरेका मुनिलाई भेटें र उनको नजिक गएँ। अनि ती ऋषिले मेरो सम्पूर्ण हाल सोधे मैले आफना सम्पूर्ण दुःखका कुरा बताएँ। अनि मेरो चित्त बुझाउनका लागि जे जति दुःख आइपर्छन् ती सब उनले बताउन लागे- ऋषि भन्छन्- "आमाको गर्भमा रहँदा यस्तो विपत्ति हुन्छ, यौवनमा यस्तो हुन्छ, बूढो हुँदा यस्तो हुन्छ, यी सब कुरा थाहा नै छ, फेरि जहाँ शरीर बन्यो त्यहाँ दुःख हुन्छ भन्ने कुरा तिमीले बुझेका छौ, त्यो साँचो कुरा हो, त्यसकारण दुःख नमान शरीरमा रोग लाग्छ दुःख हुन्छ, त्यो दुःखलाई सहनुपर्छ, जब श्रीरामको अवतार हुन्छ, त्यसबेलासम्म यहीं ठाउँमा बस केही समय वितेपछि श्रीहरिले रामको अवतार लिनुहुनेछ, सीतालाई खोज्न भनी वीर वानरहरु आउनेछन् तिनीहरुसँग तिम्रो भेट हुनेछ, तिमीले सीताको खबर उनीहरुलाई बताएपछि तिम्रा ती प्वाँखहरु फेरि उम्रने छन् भनी भनेका थिए, सोही कुरा आज पुग्यो भनेर सम्पातीले आफ्ना उम्रेका प्वाँखहरु देखाई उनीहरुबाट विदा भई उडेर गए।

त्यसपछि अङ्गद आदि वीरहरु सबै पहिले त अब सीता भेटिने भइन् भनी खुशी भए तर पछि विचार गर्न लागे कि अब समुद्र केही गरे पनि तर्न सकिँदैन त्यसले गर्दा अङ्गदजी ज्यादै दुःखी भई शोक गर्न लागे, अनि जाम्बवान्तजी अङ्गदलाई बुझाउन लागे– " हे साहेब ! रत्तिभर पनि शोक नगर्नुहवस्, हनुमान जाउन् भनी हनुमानका नजिकमा गएर भन्नलागे– "किन चुपचाप भएर टाढा बस्यौ ? किनभने रामका काम गर्नका लागि तिमी जन्मियौ, तिम्रो बल यति छ भनी वर्णन नै गर्न सकिदैन किनकि जन्मने बित्तिकै आकाशमा सूर्यलाई देखेर पाकेको फल सम्झी टिप्छु भनी दगुरेर दुई हजार कोष पुग्यौ र अनि झर्‍यौ भने चार सय कोष त कति हो र किन डराएको सजिलैसँग पुग्न सक्छौ । जब हनुमानले जाम्बवानको आफूप्रति यस्तो तारिफ सुने अनि हनुमान साह्रै खुशी भए । त्यसपछि हनुमानले पर्वत जस्तो ठूलो एवं (आकार) रुप बनाएर गर्जनलागे, उनी भन्छन्– "म समुद्र तरी लङ्का भस्म गरी रावणका सम्पूर्ण सैन्य टुक्रा टुक्रा पार्छु र अनि रावणलाई जिउँदै झुण्ड्याएर सीतालाई लिई आउँछु कि सीता यहाँ छिन् भन्ने खबर लिएर श्रीरघुनाथ कहाँ फर्कन्छु । हनुमानका यस्ता कुरा सुनेर श्री जाम्बवान श्रीहनुमानलाई भन्छन्– "हे हनुमान ! पहिले सीताजीलाई भेट र सीताजीको खबर लिएर आऊ, एकलै नलड, पछि श्रीरामका साथमा गई लडौंला" जाम्बवानको यस्तो कुरा सुनी हनुमान खुशी भएर कुदने विचार गरे । त्यसपछि हनुमान रातो मुख र पहेंलो शरीर पारी तुरुन्तै पहाडमा चढें अनि सम्पूर्ण प्राणीहरुले हुत्तिन लागेका हनुमानजीलाई हेर्नलागे ।

श्री किष्किन्धाकाण्ड समाप्त

श्री सुन्दरकाण्ड

क्षार समुद्र सजिलैसँग तर्ने आँट लिई श्रीरामलाई मनै देखि सम्झँदै हनुमान वीर वानरहरुलाई भन्छन्- "हे वीर हो ! सुमुद्र पार तरेर सीताजीलाई भेट्नको लागि अहिले वडो वेगले जान्छु, हनुमान फेरि भन्छन्- पापी मानिस पनि रामको स्मरण गर्दा संसार पार तर्छ भने रामकै कामको लागि औंठी लिएर जाने म रामको दूत पो हुँ, क्षार समुद्र तर्नलाई मलाई कुनै डर छैन, सजिलैसँग लङ्कामा पुग्छु भनी चारवटै पाउ जमिनमा घसेर तमासा हेर्दै कुँदे।" कुँद्दा हनुमानले दक्षिण तिर मुख फर्काई तलतिर आँखा हेरी अघिल्ला दुई पाउ धसी घाँटी सोझो पारेर हावा सरी उडे।

सुरसासँग हनुमानको भेट र हनुमानको चलाखी

यसरी आकाशलाई नै वाटो बनाई हनुमान आकाशमा उड्दा सीताजीलाई भेटी फेरि फर्किएर रामचन्द्र कहाँ आउन सकने अक्कल बल छकि छैन त्यो बुझ्नुपर्‍यो भनी इन्द्रादि देवताहरुले सुरसालाई पठाए। सुरसा तुरुन्तै हनुमानका अगाडि गएर बसिन् र हनुमान के भन्दा रहेछन् भन्ने विचार गर्नको लागि खुशी भएर उनलाई खाने कुरा दिँदै भनिन्- "धेरै दिन भयो खानेकुरा खोज्दै हिंडेको केही पाइएन भोकी छु बल्ल तिमीलाई पाएँ भनेर खुशी हुँदै आउ लौ मेरो मुखमा पस भनिन्" उनको कुरा सुनेर हनुमानले भने- "सीतालाई नभेटी आज केही गरें पनि तिम्रो मुखमा पस्तिन बरु सीतालाई भेटी फर्किएर रघुनाथज्यू कहाँ गई सीताजीको खबर बताएर तिम्रो मुखमा पसी आहारा बनुँला"। हनुमानका यस्ता कुरा सुनेर सुरसाले भनिन्- "मेरो मुखमा पसी निस्किएर जाउ नत्र मेरो बलले तिमीलाई समातेर दाह्रा धसी मार्छु" उसको यस्तो कुरा सुनेर चार कोसको शरीर बनाएर हनुमान भन्छन्- "छिटो मुख बाउ"। चार कोसको हनुमानलाई देखी सुरसाले बीस कोसको मुख पारिन्

अनि हनुमान चालीस कोसका भए सुरसाले असी कोसको मुख पारिन्, त्यसपछि हनुमान एक सय बीस कोसका भए, अनि सुरसाले दुई सय कोसको मुख पारिन्। त्यसपछि हनुमान तुरुन्तै भूसुना जत्रो भएर उनको मुखमा पसेर तुरुन्तै निस्किए र हनुमान भन्छन्- "हे देवी ! मुखमा पसेर निस्किएँ अब जान्छु, यहाँ बसेर काम बन्दैन ।" हनुमानका यस्ता अक्कल र बलका कुरा जब सुरसाले सुनिन् अनि आफ्ना सत्य कुरा बताइन् र हनुमानलाई भनिन्- हे हनुमान ! तिमी यति बलिया छौ भन्ने कुरा मैले थाहा पाएँ । त्यसकारण सीताको खोजिको काम तिमीले पूरा गर्न सक्छौं, यहीं कुरा म इन्द्रलाई भन्छु, तिम्रो बल बुझ्नको लागि इन्द्रका हुकूमले म यहाँ आएकी हुँ" भनी खुशी भएर सुरसा स्वर्ग गइन् अनि हनुमानले पनि दगुर्ने काम जारी राखे ।

समुद्रले मैनाक पर्वतलाई भन्नलागे- "सागर राजाले मेरो नाम सागर भन्ने राखे उनैका कुलमा कुल भूषण भएर श्रीराम राजा भए उनका कामका निम्ति हनुमान लङ्कामा जाँदैछन् उनलाई विश्राम गराउन हे मैनाक पर्वत ! तिमी यहाँबाट निस्किएर जाऊ ती हनुमान थाकेका होलान् तिनी एक छिन बसुन्, फलफूल खाउन् र जाउन् सागरका यस्ता कुरा सुनेर मैनाक पर्वत पनि समुद्रबाट निस्किए र अडिए मानिसको रुप लिएर हात जोड्दै भने- "हे हनुमान फलफूल खाएर जाउ भन्दै अगाडि गए। फेरि मैनाक भन्छन् सागरको आज्ञा पाएर म तपाई कहाँ अहिले आएको हुँ", मैनाकको यस्तो कुरा सुनेर हनुमान भन्छन्- "रामको काम नगरी यहाँ बसेर खाँदिन, यसै भोकै जान्छु बरु हातले छुन्छु भनी खुशी भई छोएर गए ।

त्यहाँबाट हनुमान केही पर मात्र पुगेका थिए सिंहिका नाम गरेकी एउटी राक्षसनी कहाँ पुगे। त्यो राक्षसनी कुनै जन्तु आयो भने त्यसको छायालाई पक्री बल गरी तानेर पानीमा बसेर खान्थि, त्यसले हनुमानको पनि छायाँ पक्री र तान्न लागि हनुमानको गति बन्द भयो। हनुमानले आफ्नो गतिलाई कसले बन्द गऱ्यो भनी दशौ दिसामा दृष्टि दिए तलतिर हेर्दा त्यस राक्षसनीलाई देखे अनि एकै चोटीमा दुई लात के दिएका थिए, त्यो तुरुन्तै मरि हालि । त्यहाँबाट

हनुमान वुर्कुसी मारेर समुद्रको पल्लो तिरमा पुगे, त्यहाँबाट त्रिकूट गिरी माथिको टाकुराबाट लङ्कापुरी देखे ।

लङ्कापुरी कस्तो थियो भने त्यसका वरिपरि फलफूलका रुख, त्यहाँको वनमा चराचुरुङ्गीहरु कराइरहेका, भ्रमराहरु फूलका हल्लिरहेका लहराहरुमा घुनुनु घुनुनु गरेर घुमिरहेका देखिन्थे । वरिपरि जे जति शोभायमान बस्तु देखिन्थे ती सबै हनुमानले हेरे । त्यसपछि उनले त्रिकूट गिरीको टाकुरालाई हेरे, त्यसको वरिपरि परखालले घेरिएको थियो र वीच वीचमा, खामाहरु राखिएका थिए, त्यसलाई कसैले पनि सजिलै सँग विगार गर्न सक्दैनथ्यो ।

हनुमान मनमनै विचार गर्न लागे- " लङ्कामा जाने राम्रो मौका परेको छ, यही मौकामा जाउँकि राति जाउँ भनी दुविधा पनि गर्न लागे, यत्तिकैमा उनले फेरि सोचे यहीं बस्छु, तर सजिलैसँग जान त राति राम्रो हुन्छ भनी दोमन गरे । यहीं सोच्दा सोच्दै हनुमानले एक दिन बाटैमा बिताए । जब रात पर्‍यो अनि आफ्नो बाटो लागे, त्यहाँ जाँदा हनुमान सानो रुप लिएर पसेका थिए, लङ्किनी दगुरेर आइन् र यो को हों मलाई केही नभनी भित्र जाने भनी सोधिन् र चोर हो कि भनी एक लात हिर्काइन्। त्यसपछि हनुमानले पनि तुरुन्तै एक मुड्की हाने रगत छाद्दै उनी लडिन्, फेरि तुरुन्तै उठेर विन्ति गरिन् ।

लङ्किनी- हनुमान बीच मुठ भेट

लङ्किनी एउटी राक्षसनी हुन् । उनी सधैं लङ्कापूरीको ढोकामा बस्थिन् । हनुमानबाट चोट पाएपछि, उनलाई चिनिन् र भन्न लागिन्- " म लङ्किनी हुँ, मलाई तिमीले जित्यौ, अब रावणको मर्ने बेला आयो, ब्रम्हाजीले भन्नुभएको थियो- "श्रीहरिले रामावतार लिनुहुनेछ, त्यही बेला रावणले सीतालाई हरण गर्ने छ, रघुनाथले सुग्रिवसँग मित्रता गर्नुहुनेछ, सुग्रिवले सीताजीको खोजिमा ठूला ठूला वीरहरु छानेर दश दिसामा पठाउने छन्, तिनीहरुमा एक वीर आउनेछ, त्यसलाई तिमीले एक लात हान्ने छ्यौ अनि उसले तिमीलाई

मुड्कीले हान्नेछ, तिमी रगत छादेर लड्ने छ्यौ, रावणको आयु त्यति सम्म हुनेछ । त्यसकारण ब्रम्हाको बचन प्रमाणित भयो, अब रावण मर्नेछ । तिमी जाऊ सीताजी अशोक वनको भित्री बगैंचामा सिसौको रुखमुनी, वरिपरि राक्षसी गणहरुले घेरिएकी छिन्, उनलाई भेटी रघुनाथलाई उनी यस्तो विपतमा छिन् भनी भनिदेऊ । हनुमानलाई यति भनेपछि लङ्किनी मनमनै विचार गर्न लागिन्- "म धन्य रहेछु श्रीरामलाई सम्झेँ, संसारको नै डर टाढा भयो, मेरो मनमा श्रीरामप्रति जुन भक्ति भाव उत्पत्ति भयो, त्यो सधैं त्यत्तिकै रहोस् ।"

जब हनुमान सजिलैसँग समुन्द्र तरेर लङ्का पुगे, अनि जानकीको देब्रे आँखा र हात समेत फरफरायो, रावणको बायाँ हात र बायाँ आँखा फरफरायो र रघुनाथको दायाँ आँखा र दाहिने अङ्ग फरफरायो । त्यसले गर्दा श्रीराम खुशी हुनुभयो ।

त्यसपछि सानो रुप लिएर हेर्दै, विचार गर्दै हनुमान लङ्का शहर भित्र पसे, अनि रावणको दरवारको चोटा कोठा सबै तिर खोजे तर सीतालाई भेट्टाउन सकेनन् अनि कता जाउँ भनी विचार गर्न लागे, त्यत्तिकैमा लङ्किनीका कुरा सम्झेर अशोक वनमा गए, त्यहाँ इन्द्रका शहर स्वर्ग अलकापुरीमा जस्ता रुखहरु थिए, त्यस्ता रुख सबै त्यहीं थिए । रत्न जडित भऱ्याङ् केही सफा पानीका तलाउ, फलफूल लटरम्म फलेर लच्केका हाँगा, भ्रमरा र चराहरु रुखमा बसेका बीचबीचमा सुनका हवेली र अग्ला अग्ला मणी माणीकका थाम जसको सुन्दरताको वर्णन गरि साध्य नै छैन, जति हेऱ्यो त्यति रमाइलो लाग्ने छ। यस्तो अति राम्रो वन हेर्दै र डुल्दै हनुमान गए, जाँदा जाँदै एक प्रकार को राम्रो सिसौको रुख देखे र खुशी हुँदै त्यहाँ पुगे। त्यहाँ अति नै गहिरो छायाँ पर्ने, सूर्यको ताप नपर्ने, त्यस रुखको माथि पहेंला राम्रा चराहरु मात्र बस्तथे। रुखलाई नाना थरीका राक्षसनीहरुले घेरेका थिए, त्यही रुखको फेदमुनी सीतालाई हनुमानले देखे । यतिवेला सीता कस्ती थिइन् भने- झोकी, मैली, निन्याउरी, कपाल नकोरी झाँक्रो फिँजेकी खाली भूमिमा राम राम राम भन्दै

रुँदै बसेकी त्यस्ती सीतालाई देखेर, हनुमान सानो बनेर रुखको पातमा गएर लुके । त्यसपछि मनमनै हनुमान भन्छन् कि बल्ल सीतालाई देखें र सीताकै नजिकमा बसे, बल्ल अब रामको काम पूर्ण गरें भनी खुशी भए । तर दरवार भित्र भने हल्ला र खल्ला भयो त्यो शब्द उनले सुने, के को शब्द होला भनेर झन कसैले पनि नदेख्ने भएर पातमा लुके । अनि रावण तुरुन्तै त्यहीँ नजिक मन्दोदरी सहितका स्त्रीहरुलाई साथमा लिई आयो । कहिले म रामको हातबाट मर्छु सीता हरण गर्दा पनि रघुनाथ आएनन् भनी सम्झी रहँदा उसले सपना पनि देखेछ, सपनामा रामको दूत ठूलो वीर वानर अशोक वनभीत्र पसेको र सीताजीलाई देख्ने गरी पातभित्र लुकेर बसेको यस्तो सपना देखेर रावण साँचै हो कि भनी खुशी हुँदै दगुर्दै त्यहीँ नजिक आयो र मन मनै भन्न लाग्यो यदि साँचो रहेछ भने राम्रो भयो, अब दुर्वाच्य सुनेर रघुनाथ आउनेछन् र मलाई मार्नेछन् यस्तो सोचेर रावण नजिक गयो र दुर्वाच्य बोल्यो । अनि सीताजी पनि त्यो दुष्टलाई नजिकै आएको देखेर त्यसको मुख हेर्नु नपारोस् भनेर भुई तिर फर्किन् र भित्री मनले श्रीरामलाई सम्झिन् ।

हनुमानले अशोक वाटिकामा सीतालाई भेटेर रामको खबर सुनाएको

त्यसरी सीता माता चूप लागेको देखेर रावणले भन्यो- मलाई देखेर किन तलतिर फर्कियौ ? ऊ फेरि सीतालाई भन्छ- "तिमी राम आफ्नो पति हुन् भन्छ्यौ, तर उनी भने तिमीलाई मेरी भन्दैनन्, यदि भनेका भए यहाँ आउनुपर्थ्यो, तिमीप्रति उनलाई माया छैन, तिमी त्यसै नबुझी शोक मात्र गर्छ्यौ, तिम्रो यौवन व्यर्थै गयो किन विचार गर्दिनौ, यौवन व्यर्थै नफाल शोक पनि नगर बरु मलाई आज तिमीले पति मान, म तिम्रो पति हुन्छु । यदि पत्नी भयौ भने सबकी मालिकनी हुने छ्यौ, म ज्यादै माया गर्नेछु, बुझ कि राम ता साह्रै वैगुनी छन् ।" ऊ फेरि भन्छ- "राम मूर्ख, नीर्दयी, साह्रै अधम, शक्ति

कम्म भएका छन्। त्यस्ता राम यहाँ आउन सक्दैनन्। त्यसकारण त्यस्ता रामलाई छोड।" रावणका त्यस्ता दुर्वचन सुनेर सीताजीले राता राता आँखा पार्दै भनिन्- "पाजी रावण ! कति दुर्वाच्य बोल्छस्, राघव देखि डराएर एक सन्यासीको रुप लिई, चरुलाई यज्ञमा कुकुरले हवन गर्ने कुरा हरण गरे जस्तै गरी राम लक्ष्मण नभएको मौका पारी हरण गरिस् अब यसै कालले मर्नेछस्।"

उनी फेरि भन्छिन्- "श्रीराम प्रभुलेकि समुद्र सोस्छन् कि त्यहाँ पुल बनाई आएर घेरा हाली तेरो वंश नाश गरी, तँलाई मारी रघुनाथले मलाई लैजानेछन्"। उनको यस्तो जवाफ सुनेर राता राता आँखा पारी, हातमा खड्ग लिई उनलाई काट्न भनी रावण तयार भयो। उसको त्यस्तो चाल देखेर मन्दोदरी यो खड्गो कसरी टाँरु भन्ने विचार गरी उसलाई विन्ति गर्दै अगाडि सरिन् र उसको पाउमा परेर धेरै चोटी विन्ति गरेर उसको रिस शान्त पारिन्। त्यसपछि रावणले भन्यो- "हे राक्षसी ! यी सीता दुई महिना यसै बसुन्, कि मेरो सुत्ने ठाउँमा बसुन्, यदि मानिन् भने काटेर टुक्रा टुक्रा पारी मिठा मसला हाली भुटेर तरकारी बनाउनु, यिनको मासु खाएर छोडुँला" यति चेतावनी दिएर रावण फर्किएर गयो। अनि राक्षसनीहरु फेरि एक मुख गर्न लागें- एउटी भन्छे तिमीले व्यर्थै यौवन सक्यौ, बरु रावणलाई पति मान। दोश्री भन्छे कति चोटि भन्छेस् जति भने पनि मान्ने होइन तँ थाक्छेस् मात्र। अर्की भन्छे- यसलाई काट्नै पर्छ, नमारी हुँदैन भनी हातमा तरवार लिई सीतालाई काट्छु भनी दगुरी, अर्की ठूलो मुख बाएर सीतालाई तर्साउन आई।

अनि एउटी त्रिजटा नाम गरेकी बूढी राक्षसनी थिई, उसले त्यसलाई हटाइ र भन्न लागि- "हे अभागी दुष्टहरु हो ! के दुष्टको मती गरेको सीताजीको विरोध नगर स्तुति गर, यिनको पाउमा परी मालिक यिनलाई सम्झेर दण्डवत गर मेरो कुरा आज मान्यौ भने तिमीहरुको हीत हुनेछ। उनी फेरि भन्छिन्- "सुन मैले सपनामा सीताका पति श्रीराम ऐरावत हात्तीमा चढी वीर भाइलाई साथमा लिई आउनुभयो रिसाएर लङ्का भष्म गराइदिनुभयो र

रावणलाई मारी सीतालाई लिएर पर्वत माथि जानुभयो। अनि रावण गोमय कुण्डमा आफ्नो कुलै समेत तेल घसेर मुडुलो टाउको लिएर गुड्यो र आफ्नो मुडुलो टाउकाको माला उनेर लगायो। त्यसपछि विभीषणले रामका नजिकमा बसेर उहाँको तन, मन, वचनले टहल गर्दै खुशी भएर ठूलो भक्ति गरे। त्यसकारण रामले रावणको कुलै समेत साफ गरेर मार्नेछन्, अब रावणको वृद्धि हुँदैन उसको मर्ने वेला आयो, रामका भक्त विभीषण अब यहाँको राजा हुनेछन्। सीतापतिजीको जस्तो हुकूम हुन्छ त्यस्तै गर्नेछन्" यसरी त्रिजटाले आफूले देखेका सबै सपनाका कुरा बताएर चूप लागिन्। अनि राँक्षसी गण डराएर निदाए। त्यसपछि सीता आफ्नो आधार कोही नपाएर पीर मानी रुन लागिन्। उनी भोकी छिन् शोक गरिरहन्छिन्, जताततै अन्धकारै अन्धकार मात्र देख्छिन्, पिरैपिरले सताइएकी छिन्, त्यसले गर्दा उनी मन मनै भन्छिन्- "यिनीहरुको हातबाट मर्नुभन्दा आफैं मर्छुभनी उठेर रुखको हाँगा समातिन् र कपालको चुल्ठोले डोरीको काम लिने विचार गरी जब झुण्डिन आँटिन्, त्यसैबेला हनुमानले सानो स्वरले भने- "भारत वर्षमा मुकुटको मणि जस्तो अयोध्या नाम गरेको एउटा ठूलो अति राम्रो शहर थियो। त्यही शहरमा इक्ष्वाकुका कुलमा अति वीर दशरथ नाम गरेका राजा रहेछन्। तिनका तीन रानीका गुणी गुणी अति वीर चार छोरा भएछन्। जेठा राम, माहिला भरत, साहिँला लक्ष्मण र कान्छा शत्रुघ्न थिए। यिनीहरुमा कोही पनि कुनै गुणका कमी छैनन्।

जेठा राम पिताजीका हुकुमले सब राज्य छोडीदिई, खुशीसाथ सीता र लक्ष्मणलाई साथमा लिई वनमा गए। वनवास गएको वखतमा पञ्चवटीमा श्रीराम बस्नुभएको थियो। त्यही वेलामा रावणले छल गरी सीताजीलाई हऱ्यो। यसरी उसले सीताजीलाई राम लक्ष्मण नभएको मौका पारी चोरेर हरण गरेकोले रामलाई अति नै पछुताउ र पीडा भयो। अनि सीताजीको खोजीमा जाँदा जटायुसँग उहाँको भेट भयो। जटायुलाई देखेर श्रीरामलाई अति नै करुणा भयो र जटायु तरे।

त्यसपछि श्रीरामको सुग्रिवसँग भेट भयो । श्रीरामले उनीसँग मित लगाउनुभयो, बालिलाई मार्नुभयो र सुग्रिवलाई राज्य दिनुभयो। त्यति भएपछि सुग्रिवले सीताजीको खोजमा वीर वीर वानरहरु छाने अनि उहाँले ती वीरहरुलाई हुकूम दिनुभयो र ती वीरहरु सीताजीको खोजिमा गए ।

तिनीहरु मध्येको एक वीर म हुँ, बाटोमा सम्पातीसँग भेट भयो । उनीबाट खबर पाएपछि श्रीरामका प्रतापले यहाँ लङ्कामा आएँ अनि डर नमानिकन लङ्किनीबाट फुत्केर अशोक वनमा आइपुगेँ, यहाँ मैले अत्यन्त राम्रो बगैँचा देखेँ जहाँ फूलका लहराहरुले वेरिएका लटरम्म फलफूल फलेका थिए। सोही बगैँचामा मैले सीताजीलाई देखेँ र आनन्द मानेँ" । यति भनेर हनुमान चूप लागे ।

जब सीताजीले हनुमानका यी कुरा क्रमैसँग सुनिन् अनि आश्चर्य मानेर एकछिन् वरिपरि हेरिन् कसैलाई पनि देखिनन् र भनिन्- "यो कुरा सुनाउने मानिस यहाँ को छ ? भ्रम हो भनुँ भने सब कुराको चेतना मलाई छ, सपना भनुँभने निन्द्रा छैन, यो कुरा भन्ने जो हो त्यो मेरो अगाडि आओस् र अमृत सरीको वचन मलाई सुनाओस्" । सीताजीका यस्ता वचन सुनेर सानो रुप लिई हनुमान उनका अगाडि आए र सीताजीलाई दर्शन गरी त्यहाँ उभिइरहे । रातो मुख, पहेँलो शरीर भँगेरा जस्तो अति सानो शरीर भएका हनुमानलाई देखेर उनलाई शङ्का लाग्यो र रावणको छल हो कि भनी तलतिर फर्किन् । अब माईलाई शङ्का लाग्यो भन्ने विचार गरेर हनुमानले भने- "हे माता ! म त हजूर को दास हुँ रामका हुकूमले हजुरको खबर लिन गहिरो समुद्र तरेर आएको छु, म राजा सुग्रिवको मन्त्री पनि हुँ, वायु मेरा पिता हुन्, यति भनेर उनी चूप लागे" ।

त्यसपछि सीताजी भन्छिन्- "म कसरी मानिस भनी चिनु वानरसित कसैले मित लाउँछ के कुरा हो यस्तो" यति भनेर सीताजी नपत्याएर चूप लागिन् । अनि फेरि सबै कुरा बताएर हनुमानले औँठी दिए र प्रणाम गरी बसे । जब

सीताले औंठी देखिन् त्यसपछि उनले आँखाबाट बरबर हर्षाश्रुधारा बगाउँदै श्रीरामको औंठी शिरमा राखेर माताले हनुमानलाई प्राण जस्तो प्यारो गरिन्। अनि हनुमानको हीत चिताउँदै माता भन्छिन्- "मेरो लागि तिमी आज प्राण दाता भयौ, तिमीलाई रघुनाथले खूब विश्वास गर्नु भएकोले म सँग भेट्न पठाउनुभएको हो, यो कुरा मैले बुझें, अब हनुमान तिमी तुरुन्तै गएर रामलाई म विपतमा परेको कुरा भन, तिमीले देखिहाल्यौ रामले मलाई अति माया गर्नु हुन्छ, युक्तिपूर्वक रामलाई विन्ति गर। उनी फेरि भन्छिन्- जेन तेन दुई महिना त यो शरीर धान्छु, त्यसपछि त तिमीले बुझ कि म निश्चय नै मर्छु किन भने यो दुष्टले मलाई तरकारी बनाएर खानेछ किन कि मेरो सहायता गर्ने यहाँ कोही छैन। त्यसकारण अवश्य पनि दुई महिना नबित्दै सुग्रिव समेत सबै सैन्य लिएर, यस दुष्टको साथै यसका सम्पूर्ण वंश समेत मारेर दुःख सागरमा परेकी मलाई तारुन्।

सीता फेरि हनुमानलाई भन्छिन्- जसरी हुन्छ, रघुनाथलाई दयालु बनाऊ र यी सम्पूर्ण कुराहरु सुनाऊ यति सुनायौ भने धेरै धर्म कमाउनेछौ मैले सम्पूर्ण कुरा तिमीलाई भनिसकँ, अब बारम्बार कति भनुँ। त्यसपछि हनुमानले विन्ति गरे- "माता म सेवक त हुँ हजूरका यी जे जति आपत विपत छन् ती सबै उहाँ श्रीरामलाई भन्ने छु, अरु धेरै के भनु शहर घेरेर रावणको वंश नै विनाश गरी तपाईँलाई लिएर फेरि रघुनाथ अयोध्यामा फर्कनुहुनेछ, रघुनाथ नआउनु होला भनेर शंकै लिनुपर्दैन। उनका यस्ता कुरा सुनेर सीता भन्छिन्- "रामचन्द्रजी सेना लिई यस्तो गहिरो समुद्र तरेर कसरी आउनुहुन्छ"।

यस्ता कुरा सुनेर मातालाई आश्वस्त पार्दै हनुमान भन्छन्- "म श्रीरामको दास हुँ, म उहाँलाई पिठिउँमा बोक्छु म छँदा छँदै रघुपतिका दुवै भाइलाई कुनै कुराको दुःख पर्दैन, सुग्रिव लगायत अरु सबै कुँदेर आफैं तर्छन्"। यति भनिसकेपछि उनी फेरि भन्छन्- "माता ! तपाईको कुरा सुने अब तुरुन्तै बिदा पाउँ, प्रभु भएको ठाउँमा गएपछि तुरुन्तै काम हुन्छ, जुन चीज दिंदा रामले विश्वास गर्नुहुन्छ, त्यही चीज छिटै पाउँ म जान्छु बेकारमा दिन

मात्र बित्छ । हनुमानका यस्ता कुरा सुनी उनले कपालमा लगाएको रामलाई अति मनपर्ने मणि झिकेर दिइन् र फेरि चित्रकूटमा भएको काग बाँचेर गएको घटना बताउन लागिन्- उनी भन्छिन्- "हे हनुमान ! एक दिन चित्रकूटमा म रामको नजिक बसिरहेकी थिएँ, अनि रघुनाथ मेरो काखमा टाउको राखेर सुत्नु भयो, मैले हातको सिरानी दिएँ, मेरो रातो दुई पाउ देखेर एउटा काग आयो र ठुँग्यो, अनि मेरा दुई पाउबाट धेरै रगत बगे, रघुनाथले त्यो देख्नुभयो र एउटा त्यान्द्रो लिएर यसलाई मार्छु भनी फ्याँक्नु भयो, त्यसपछि त्यो काग चौधै भूवन उडेर गयो, कहिँ आधार पाएन र फेरि आएर प्रभुकै शरण पऱ्यो, उहाँले केहि नगरी त्यसलाई हेर्नु मात्र भयो अनि त्यो काग बाँचेर गयो । त्यसपछि उहाँको मनमा मेरो शरण पऱ्यो भनी त्यो काग माथि दया उब्जियो भने म माथि उहाँलाई दया कसो नहोला यो पनि भन्नु । फेरि वीर हनुमान हात जोरी विन्ति गर्छन्- "तपाईं यहाँ हुनुहुन्छ भन्ने खबर नपाउँदा नै यहाँ आउन ढीला भएको हो ।" हनुमानका यस्ता कुरा सुनेर सीता भन्छिन् - "यदि रावणले हरण गरेर लग्यो भन्ने अबर पाएको भए रावण अहिले सम्म बाँच्थ्यो र रावणको कुलै समेत उहाँले भष्म गरिदिनु हुन्थ्यो, फेरी तिमी पनि यति साना भँगेराजत्रा छौ, कसरी तिमी राक्षसको नाश गर्न सक्छौ के, तिमी ठूलो रुपका हुन्छौ ? तिम्रो रुप अति नै सानो देख्छु, अरु त कति ठूला हुन्छन्, त्यसकारण मन मनै विचार गर्छु र आश्चर्य पनि मान्छु" । सीताजीको यस्तो कुरा सुनेर हनुमानले पर्वत समानको ठूलो रुप लिएर उनको अगाडि उभिए ।

जब हनुमानको ठूलो रुप उनले देखिन् अनि खुशी भएर सीता माइले तुरुन्तै विदा दिइन् र भनिन्- "अब हे हनुमान ! तिमीले आफ्नो साहस यहाँ नदेखाउ, यिनीहरु सबैले देख्छन् कुँदेर गइहाल । सीताजीका यस्ता कुरा सुनेर हनुमान फेरि विन्ति गर्छन्- "अलिकति यस बगैंचाका फल खान पाए म सजिलैसँग जान्थें, वरिपरि फलफूल लटरम्म छन्, तपाईंको हुकूम विना कसरी म आफैं खाउँ" । जब उनले यति भनेका थिए, सीताले अनुमति दिइन् । अनि हनुमान फलफूल खाई खुशी भएर फर्के । त्यसपछि सीताको पाउमा

परी विदा भई उनी केही टाढा मात्र पुगेका थिए, हनुमानको मनमा केही पौरखी काम गर्ने इच्छा भयो। त्यसपछि हनुमानले मनमनै विचार गरेर भने- जो वीरदूत भएर मालिकले जति काम गर्नु भनेको छ, त्यति मात्र काम गरी फर्कन्छ भने त्यो अधम हो भनी मानिसहरु भन्छन्, त्यसकारण रावण कस्तो छ, त्यसलाई भेटेरै जाउँ भन्ने विचार गरे। यस्तो विचार गरी उनी तुरुन्तै फर्किएर बगैंचाका सबै रुखहरु उखेल्दै फ्याँक्दै गरेर उजाड बनाए, केवल सीता बसेको सिसौको एउटा रुख मात्र बाँकि राखे। जब उनले यसरी वन विनाश पारे, अनि एउटी राक्षसी तुरुन्तै आएर सीताजीलाई सोधी- "सीताजी यो वीर को हो ? किन आयो ? यस्तो असल बगैंचा सबै फाँडेर चौर बनाइदियो। उसका यस्ता कुरा सुनेर सीताजीले भनिन्- "यो सबै छल हो, यस्तो छल र माया राक्षसले मात्र गर्छ"। जब उनले यति भनेकि थिइन् सब राक्षसी डराएर रावणलाई भन्न गएर भने- "बेकसुरमा वन नाश भयो, अहिले हे महाराज ! अति नै बलियो वानर आयो र सीताजीसँग कुरा गरेर बगैंचामा कूद्यो र ती सब रुख उखेलेर चौर बनाइदियो र फेरि चौकीपनि चूर्ण पारी हवेलीमा नाचेर बसिरहेछ।

हनुमानले रावणको कान्छो छोरालाई मारेको लङ्का जलाएको

यही कुरा भन्न भनी हामी यहाँ आयौं भनी जब राक्षसीहरुले भनेका थिए। यो कुरा सुनेर रावण तुरुन्तै उठ्यो र हनुमानलाई पक्रन भनी एक लाख फौज पठायो। ती एक लाख फौजलाई देखी हनुमान अत्यन्त ठूलो स्वरले गर्जिए। उनको यस्तो शब्द सुनेर, त्यो फौज मोहित भयो र हतियार छोड्यो, ती सबलाई हनुमानले भुसुना झैं गरी मारे। त्यसपछि उनले फलामको खम्बा पनि उठाई सबैलाई मारे। यो खबर रावण कहाँ पुग्यो। त्यसपछि रावण रिसाएर फेरि अर्को फौज पठायो, त्यसमा पाँच सेनापति समेत गरी ठूलै फौज थियो। तिनीहरुलाई पनि भुसुना सरी मारे। त्यसपछि फेरि मन्त्रिका सात जना छोराहरु ठूलो सैन्य लिएर गए, हनुमानले फलामको खम्बा उठाइ हिर्काएर

तिनलाई मारे। जब मन्त्रिका सात जना छोराहरु सहित सेनाहरुलाई मारे, अनि रावणको कान्छो छोरो अक्षयकुमार ठूलो फौज लिई लड्न आयो अनि हनुमानले आकाशमा उडी, फलामको डण्डी टाउकोमा ठोकी उसलाई मारिदिए। पहिले त उनले अक्षयकुमारलाई मारी सब सेना नाश गरे, त्यसपछि आउँदै गरेका अनेक वीरलाई वत्तिका पुतली झैं मारे। सबै राक्षसहरुलाई मारिसकेर अब को आउँछ भनी फलामको खम्बा लिएर हनुमान खडा भए।

जब रावणले आफ्नो अति प्यारो कान्छो छोरो र फौज समेत मरे भन्ने खबर सुन्यो, तब अत्यन्त पिर गर्दै रिसाएर रावण भन्छ- "कि त्यसलाई म आफैंले बाँधेर ल्याउँछु कि मार्छु"। उसका त्यस्ता कुरा सुनेर रावणको जेठो छोरा इन्द्रजित हात जोरेर भन्छ- "म छँदा छँदै हजुर त्यहाँ जानुपर्दैन म गएर त्यसलाई बाँधेर ल्याउँछु"।

यति भनेर केही फौज लिई रथ चढी उ हनुमान भएको ठाउँमा गयो। जब हनुमानले उसलाई देखे, अगाडि गएर खूबसित गर्जिए। अनि उनी फलामको खम्बा लिई आकाशको बीचमा गएर त्यो खम्बा उचालेर गरुड झैं घुम्नलागे। इन्द्रजितले पाँच वाण छोडी अरु आठ वाण थप्यो। त्यसपछि हनुमानलाई वाण लाग्यो भनी खुशी भएर इन्द्रजित खूबै गर्जियो। तर हनुमानले उसका घोडा, रथ चूर्ण पारेर आकाशमा उडे। त्यसपछि हनुमानलाई बाँध्छु भनी उ अर्को रथमा चढ्यो, तुरुन्तै ब्रम्हपाश फ्याँक्यो र हनुमानजीलाई बाँध्यो र दरवारमा लिई गयो। बाँधिएका हनुमानजीलाई देखेर शहरका बासिन्दाहरु सबै खुशी भए।

जुन व्यक्तिले रामको स्मरण गर्छ, त्यसका सम्पूर्ण पाप नाश भएर ऊ वैकुण्ठ जान्छ भने ती रामभक्त अनुमान ब्रम्हपाशमा परेर बाँधिएका जस्ता भएका मात्र हुन्। उनी रावणलाई भेटेर जाउँ भनी चूपचाप पाशोमा बाँधिइ लगेको ठाउँ तिर लागेका हुन्। जब इन्द्रजित गएर हनुमानजीलाई बाँध्यो र घर जान्छु भनी बाटोमा फर्कियो पुरवासीले उनीमाथि रिस के फेरेका थिए, उनले

मुड्की उठाउँदै हाने अनि भुसुना भनेर हनुमानले फेरि रिस फेर्छन् भन्ने डरले चूपचाप लागे। पहिले त उनले ब्रम्हपाशमा बाँधिनु पर्ने काम थियो, पछि ब्रम्हाको वाक्य साँचो गराएपछि त्यो पाशले छाडिदियो। अनि बन्धनबाट मुक्त भएपछि रावणलाई भेट्ने मनसूब लिएका हनुमान रावण भएको ठाउँमा गए। त्यतिबेला वीर रावण मन्त्रीवर्गका साथ सभामा थियो, अनि इन्द्रजितले हनुमानजी उसलाई सुम्पिदियो र उसले हात जोरेर विन्ति गर्‍यो- "यो वानर हरिप छ, यसले सेना पनि धेरै नाश गरेछ, त्यसले गर्दा आज मै गएर यसलाई ल्याएँ। अब यसलाई के गर्नुपर्छ मन्त्रिहरुसँग सल्लाह गरी, मनमा खूव विचार गरेर यसलाई ठीकान लगाउनु हवस्"।

इन्द्रजितको यस्तो कुरा सुनेर उसले प्रहस्तलाई यो किन आएछ, सोध भनी अह्रायो। ऊ फेरि भन्छ- "मलाई यसले भुसूना सरी गनेर मेरो राम्रोमा पनि अति राम्रो बगैंचा नाश गर्‍यो वीरहरुलाई पनि मार्‍यो" रावणको यस्तो हुकूम सुनेर प्रहस्त हनुमानजीका अगाडि गएर, उसलाई आधार दिने भई सोध्नलाग्यो। त्यसैबेला नडराइकन रावणका अगाडि हेरेर हनुमान भन्न लागे- "काम परेर यहाँ आएँ, म जगतका मालिक श्रीरामको दास हुँ, तैले उहाँकी श्रीमतीलाई हरण गरिस्, त्यसकारण तेरो बुद्धि नाश भयो, त्यसले गर्दा तँलाई अर्ति बुद्धि दिन म आएँ। यो कुबुद्धि छाडि दिएस"। हनुमान फेरि भन्छन्- "राम् लक्ष्मण सहित मतङ्ग पर्वतबाट आउनु भयो। अनि सुग्रिवले खुशी भएर रामचन्द्रजीसँग मित लगाए। त्यसपछि उहाँले बालिलाई मार्नुभयो र सुग्रिवलाई राजा बनाउनुभयो, अनि उहाँले सीता खोज्न हुकूम दिनुभयो र वीरहरु दश दिशामा गए। तिनीहरुमा एक वीर त म हुँ, उहाँको हुकूम शिरोपर गरेर यहाँ आएँ, सीताजीलाई देख्न पाएँ, म रामको दूत हुनाले कहाँ छलिन्छु र वानर भएको कारणले गर्दा तेरो बगैंचा उखेलेर सफा गरिदिएँ। अनि जो मलाई मार्न अघि सरेर आउँथ्यो उसलाई मारें"।

हनुमान फेरि भन्छन्- "यो इन्द्रजितले वीचमा गएर मलाई बाँधी ल्याएर तँलाई सुम्पियो, म बन्धनमा परें भनेर नठान् किन कि तँलाई म जनाउ दिन्छु कि म खुल्ला छु। त्यसकारण तँलाई अर्ति बुद्धि दिन्छु सुन्, लोक के भन्छ, सो तैंले विचार गर, फेरि यो राक्षसी बुद्धि पनि नली किन कि तेरो हीतको लागि म भन्दैछु, तँ ब्राम्हण होस् र पुलस्त्य ऋषिको नाति पनि होस् भने कसरी तँ राक्षस भइस् मलाई बता, किनभने आत्मा भनेको ईश्वर हो ईश्वर भनेको आत्मा नै हो, जाति र वर्णलाई छुट्ट्याएर भन्न सकिन्छ तर आत्मालाई सकिँदैन। त्यसकारण आत्मा भनेको ईश्वरको रुप हो, यो तैंले सधैं विचार गर्नु, यदि तँ आनन्दमा रहन चाहन्छस् भने यही बुद्धि लिनु" ।

उनी फेरि भन्छन्- "यो लोकमा जे जति कुराहरु छन् ती सबै सपना जस्ता छन् किन कि त्यो अहिले छ, एक छिन पछि हुँदैन, त्यस्तै हामी सुतेको वेलामा सपना देख्छौं र उठ्छौं, त्यो सपनाको कुरा विपनामा पाइँदैन, त्यस्तै आत्मज्ञान भयो भने त्यो आत्माले त्रिभुवन नै एउटै देख्छ, यदि अज्ञानी निदायो भने उसले अनेकौं किसिमका कुराहरु देख्छ ।

हनुमान फेरि उसलाई भन्छन्- "आत्मा सत्य छ त्यो म हुँ र शरीर पनि मेरै हो भनी बुझ, यो पृथ्वीमा पानी छ र जमिन छ यसरी पानी र जमिन मिलि बनेको हुनाले यो पनि झुट्टै हो, यस्तो कुरा मनमा लिइस् भने उनै विष्णुले तँलाई तार्नेछन् ती विष्णु भनेका नै राम हुन्, उनको शरणमा पर् यस्तो कुरा सुनिस् भने तँलाई झन् रिस उठ्छ- यस्तो मूर्खपना तँ छोड् सीतालाई लिएर जा र उहाँको शरणमा पर त्यसरी शरणमा परेपछि रघुनाथ खुशी हुनुहुन्छ यस्तो दुष्ट चाल नगर । रामको भक्ति नगरी त्यसै संसार तरिँदैन, जन्मनु र मर्नु यो क्रम चलिनै रहन्छ, केही गरेपनि छुट्दैन। यो जानेर रामको भक्ति गर् र उहाँको शरणमा गएर पर आफू जान्ने भएर नरकमा जाने काम नगर । सीतारामसँग विरोध नगर नरकमा पर्लास यदि नरकमा परिस् भने त्यहाँबाट छुट्न गाऱ्हो हुन्छ तँलाई मैले यस्तो अर्ति पनि दिएको छु बुझ् ।

हनुमानका यस्ता कुरा सुनेर रावण रिसायो र राता-राता आँखा पारेर रिसले सभामा भन्यो- "रत्ति पनि मेरो डर नराखी के भन्छस् ? राम लक्ष्मण ती दुई भाइलाई नमारीछोड्दिन, सुग्रिवलाई र तँलाई मार्छु अनि पछि सीतालाई मार्छु, राम लक्ष्मणसित आफूलाई मार्लान् भनी डराउँदिन, तिनका वानर सेनाको पनि नाश गर्छु । जब हनुमानले रावणका यस्ता कुरा सुने अनि भन्न लागे "तँ किन यसरी धेरै घमण्ड गर्छस्, श्रीरामलाई छोड् तँ मेरो पनि शत्रु होइनस्, म अघि सरें भने तँ जस्ता कैयौं रावणलाई मार्नसक्छु तर उहाँको हुकूम विना तँलाई आजै कसरी मारुँ, हनुमानका यस्ता कुरा सुनेर रावण ज्यादै रिसायो, उनले भनेको कुरा साँचो हो तर त्यो बुद्धि हीन भएकोले कसरी यो कुरा सुन्थ्यो । त्यसपछि रावणले भन्यो- "यो वानरलाई टुक्रा-टुक्रा पार" । यस्ता कुराको आदेश सुनेर हातमा अलि लाग्ने हतियार लिएर अगाडि जुन वीर थियो, त्यो हनुमानलाई मार्न अग्रसर भयो ।

त्यसपछि विभीषणले अगाडि सरेर हात जोरी विन्ति गरे- "महाराज ! यो दूत हो, यो मर्‍यो भने खबर कसले लान्छ, बरु केही चिन्ह लगाइदिनुहवस् त्यसपछि यो जाओस् । यहाँ भएका सबै कुरा बताओस् र यसै वानरका कुरा सुनेर राम यहाँ आउन् र लडाइँ गरुन् ।

विभीषणका कुरा सुनेर रावणले "ठीक हो" भनी कपडा ल्याउन लगायो र तेल घिऊ मुछेर पूच्छर भरी वेर्नलगायो अनि हुकूम दियो- "अब आगो सल्काएर बाँध अनि सारा शहर घुमाएर छोड ।" ऊ फेरि पनि भन्छ- "अनि त्यो ठूटो पूच्छर लिएर फर्किएर जाओस्, तर त्यसको पूच्छर नडढीकन नछोड्नु । यस्तो उसको हुकूम पाएर राक्षसहरुले हनुमानको पूच्छरमा आगो लगाए र अनि बन्धनमा परेका हनुमानलाई लिएर खुशी भई शहर घुम्दै यो चोर हो भनी कराउन लागे । हनुमान पनि चूप लागेर खुरुखुरु हेर्दै हिंडे अनि शहरको पश्चिम ढोकामा पुगेपछि साना भए । जब उनी साना भएर बन्धनबाट मुक्त भए अनि ठूलो खम्बा उठाएर धेरै राक्षसहरुलाई मार्दै कुँदे, बलेको पूच्छर लिएर घरघर कुद्दै शहर डुल्न लागे । त्यसपछि उनले सबै शहरका घर

डढाएर कुनै बाँकि राखेनन् । शहर बल्न लाग्यो घरहरु जले, बाटो बन्द भयो। राक्षसहरुले भाग्ने बाटो पाएनन्, अटालीमा गएर फाल हाली आगोमा परी मरे । सम्पूर्ण शहर नै भष्म भयो । तर विर्भीषणको घरमात्र बाँकि रह्यो। यति गरिसकेपछि उनी पूच्छरको आगो निभाउन भनी कुदेर समुद्रमा गएर पूच्छर चोभी आगो निभाए । अग्निले पनि मित्र पवनको छोरो भनी उनलाई उठाउँने पोल्ने केही गरेनन् । सीताले प्रार्थना गरेकी हुनाले पनि उनी पोलिएनन् ।

रामलाई सम्झियो भने मात्र पनि सम्पूर्ण दुःख छुट्छन्, तत्काल परेको पीर ताप पनि तुरुन्तै छुट्छन्, साक्षात् उनै रामका दूत भएर गएका हनुमान कहाँ डढदथे ।

त्यति भएपछि फर्कने विचार गरेर हनुमान सीताजीसँग विदा हुन गए र भने- "खुशी भएर मलाई विदा दिनुहवस् म जान्छु" रघुनाथ अवश्य आउनुहुनेछ भनी जब उनले विन्ति गरे, अनि साऱ्है शोक गरेर सीता भन्न लागिन् "तिमीलाई नजिक देखेर म अति खुशी हुन्थे वेला-वेलामा रघुनाथका मीठा कुरा सुन्नपाउँथे। अब तिंमी जान्छु भन्छौ, यस्तो दुःखमा परेर म कसरी बाचूँ तिमी फर्कि गयौं भने फेरि म पीर र तापमा पर्छु ।

लङ्काबाट फर्केर साथिहरु सहित गई हनुमानले सुग्रिव र श्रीरामलाई भेटेका

सीताका यस्ता कुरा सुनेर हनुमानले विन्ति गरे- "अब यस्तो शोक नगर्नुहवस्, यदि साह्रै आपत्ति परेको भए, अहिले नै तपाईलाई बोकेर रामकहाँ लैजान्छु ज्यादै शोक नगर्नुहवस्, शोकलाई टाढा राख्नुहवस्" । हनुमानका यस्ता कुरा सुनेर सीताजी भन्दछिन्- " म त जान्न तिमी मात्र जाउ र रघुनाथलाई विन्ति गरेर तुरुन्तै सँगै लिएर आउ, अनि राम आएर यस दुष्टलाई मारेर मलाई सँगै लानुहुनेछ, यति गरेपछि रघुनाथको कीर्ति रहने छ, म यसै गएर केही पनि हुँदैन । सीताले यति भनेर हनुमानलाई विदा दिइन् । अनि हनुमानले सीतालाई तीन चोटी परिक्रमा गरी प्रणाम गरेर गए ।

त्यसपछि हनुमान पर्वतमाथि चढेर पर्वत जस्तो ठूलो रुप लिएर आकाश मार्ग गरी खुशी हुँदै ठूलो शब्द गर्दै गए। जब अङ्गद आदिले त्यो शब्द सुने अनि उनीहरुले शब्दैले बुझ्के कि हनुमानले सीतालाई भेटेर आए छन्, भनी आफू आफूमा कुरा गर्नलागे, ती वीरहरु तिरमा बसेर कुरा गर्दै थिए। त्यसैबेला श्री हनुमान खुशी हुँदै त्यहीं पुगे। अङ्गदादि वीरहरुसँग उनको भेट भयो उनले सबै कुरा बताए। अनि अङ्गदादिले खुशी भएर उनको पुच्छर समातेर चुम्बन गरे। कोही नाच्न लागे त्यति गर्दै रामहरु भएको ठाउँमा सबै गए। पहिले त्यहाँ नजिकै सुग्रिवलाई मधुवनमा देखेर उनीहरु साह्रै खुशी भए र तिनीहरुले अङ्गदलाई त्यहाँका फलफूल खाउँ भनी सोधे, अङ्गदले पनि यो हनुमानजीका प्रसादले भएको हो गएर खाउ भनी अनुमती दिए हनुमानहरु फलफूल खान भनी गए तर त्यहाँ चौकीमा भएका वानरले रोके। ती रोक्ने वानरलाई एक लात दिएर उनीहरुले फलफूल खाए, यो कुरा दधिवक्त्रले सुग्रिवलाई मधुवन लुटे भनी कुरा लगाए यो लुटपिटको समाचार सुनेर पनि उनी कत्ति पनि रिसाएनन्, उनले सीतालाई भेटेछन् नत्र कहाँ मधुवन लुट्ये भनी सुग्रिवले भने यो कुरा श्रीरामले सुन्नु भयो र सोध्नुभयो सीताको नाम लिएर तिमीले के कुरा गर्‍यौ अनि सुग्रिवले विन्ति गरे- हे नाथ ! मधुवन नाम गरेको मेरो अति राम्रो बगैंचा थियो, अहिले हनुमानहरु आएर एक दिनमा वलजफत फलफूल लुटेछन् र चौकीदारहरुलाई पनि कुटेछन् यही कुरा भन्न भनी म यहाँ आएको हुँ। फेरि हे रघुपते ! उनले सीताजीलाई पनि भेटेछन्, यो मधुवन लुटेछन् र रोक्दा कुटेछन्। यति भनेर सुग्रिवले चौकीदारलाई छिट्टै गएर तिनीहरुलाई यहाँ पठाऊ। ती हनुमानहरु यहाँ चाँडै आउन् तिनीहरुले डराउनु पर्दैन भन्ने हुकूम दिए, त्यो सुनेपछि उनीहरु उहाँ गए र सुग्रिवका मामा दधिमुखले यो कुरा सुनाए अनि खुशी भएर हनुमानहरु रघुनाथहरु भएको ठाउँमा गए।

त्यसपछि हनुमानले राम र सुग्रिवलाई दण्डवत् गरेर सबै कुरा त्यहाँ एक एक गरी सुनाए। उनी भन्छन्- हे रघुनाथ ! लङ्कापुरीमा गएर सीताजीलाई भेटें। त्यहाँ जब मैलें सीताजीलाई देखें त्यस पछि मैले सानो रुप लिएँ अनि

पातको अन्तरमा माताको अगाडि नजिकै लुकें र हजुरको सब वृतान्त सुनाएँ। त्यतिबेला उहाँले हजुरलाई सम्झेर रुनुभयो, राम, राम भन्दै बारम्बार विहवल्मा रहनुहुन्थ्यो। अशोक वाटिकामा एउटा सिसौको रुख छ। त्यहीं रुखको वीचमा झुण्डिने सुर गरेर उभिनुभयो मैले हजुरका बारेमा सबै बताएँ अनि त्यो वृतान्त सुनेपछि उहाँले कोहोस् कहाँ छस् किन लुकेर बोल्छस् अब नलुक मेरो अगाडि आइज भन्ने हुकूम भयो। जब यो हुकूम उहाँबाट पाएँ अनि वानरकै रुपमा गएँ, उहाँले कोहोस् भनी सोध्नुभयो सब कुरा बताएर हजुरको औंठी दिएँ। उहाँले विश्वास मानेर बरबरी आँशु खसाल्नु भयो। अनि आफ्ना सम्पूर्ण दु:ख बताउनु भयो। मैले पनि रघुनाथ आउनु हुन्छ भनी बुझाएँ उहाँबाट आज्ञा भयो- रघुनाथलाई यी मेरा दु:ख बताउ र लङ्कामा श्रीरामको सवारी चाँडो गराउ।

त्यति कुरा गरेर फर्किन लाग्दा तपाईलाई विश्वास पार्न माता सँग एक चीज मागें, अनि उहाँले शिरमा लगाउनु भएको चुडामणि दिनु भयो र पहिले भएको कागको कुरा बताउनु भयो। त्यसपछि लक्ष्मणलाई गाली गरेको र त्यो रिस कहिले पनि उनले नलिउन् भन्नु भयो। त्यति उहाँले भन्नु भए पछि मैले हात जोडेर विन्ति गरें, ती सब कुरा सुनेर उहाँबाट विदा भई फर्केर आएँ। फर्कंदा बाटोमा रावणलाई भेटी अर्ति बुद्धि दिएर जानु राम्रो हुन्छ कि भन्ने विचार आयो फर्किएर गएँ, अशोक वन ध्वस्त पारेर धेरै वीरहरु मारें।

त्यसपछि रावणको कान्छो छोरो अक्षयकुमारलाई मारें, रावणलाई अर्ति बुद्धि दिएँ तर टेरेन बक्बक गरी अनेक तरहका कुरा गर्न लाग्यो अनि त्यसलाई भुसुना सरी सम्झिएर उसकै अगाडि लङ्का जलाएर सखाप पारें। यति काम गरेर म हजुरकहाँ आएँ भनेर विन्ति गरी उनी उभिइरहे। रामले भन्नु भयो- मैले खुशी भएर काख दिएँ भने फेरि दिन बाँकी केही रहदैन, त्यो सब कुरा मिल्यो। जब उहाँले हनुमानलनई काखमा राखेर यो कुरा भन्नु भएको थियो। हनुमान खुशी भएर आनन्दको आँसु बगाएर उहाँको भक्त भएर बसें।

हनुमान धन्य हुन् यिनी जतिको भक्त श्रीरामको अरु छैनन् खुव भक्ति गरेर उहाँको काखमा बस्न पाए सम्पूर्ण लोकले उनलाई धन्यवाद दिए । हनुमानको पूजा तुलसी पत्र चढाएर जसले गर्छ, ऊ यो भव सागरबाट पार हुन्छ । यी उनै श्रीरामका दूत हुन, यिनको वर्णन नै गर्न सकिंदैन ।

श्री सुन्दरकाण्ड समाप्त

बाली र रामको रमाइलो कुराकानी

श्रीरामले भक्त बालीलाई आफ्नो विशुद्ध दिव्य स्वरुपको दर्शन दिनुभयो । श्रीरामलाई बाली भन्छन् ? हे प्रभो मलाई किन चोरले झैं गरी मार्नु भयो ? श्रीराम आज्ञा हुन्छ - हे बाली तिमी पापी जस्तो छौ- किनकि तिमीले भाईकी पत्नी हऱ्यौं त्यसकारण सुन, भाई पत्नी, भाञ्जी भाउजु र वहिनी यी चार बराबर हुन्। तसर्थ पापीको मुख देखिन्छ भन्ने हेतुले लुकेको हुँ भन्नु भयो । यो सुनी बाली भन्छन् हामी वानर जातिको न भाउजु न बुहारी न भाञ्जी न वहिनी भन्ने वर्णाश्रममा रहेका मानिसको जस्तो कुनै नाता हुँदैन यसैले केको पाप यदि म पापी भएको भए मेरो मरण कालमा प्रभुले मलाई दिव्य स्वरुपको दर्शन दिनु पर्ने कारण के- अत धर्मात्माको मरण चाहि कस्तो हुन्छ भन्ने भक्त बालीको परम चतुरा वचन सुन्दा मुखकमल मुसकुराएर मात्र श्रीराम चूप हुनु भएको थियो ।

- दुरन्त रामायण बाट

विभीषणलाई लङ्काबाट निस्काशन किन ?

हनुमानलाई इन्द्र जीतले ब्रम्हा पासको बन्धनमा पारी राजा रावणको सामुन्ने खडा गरायो । राजा रावणले हुनमानलाई मार्ने विचार गर्दा मन्त्री विभीषणलाई दया लागी भन्नु हुन्छ, हे महाराज दूतलाई मार्नु हुन्न बरु धेरै तेल र घीउमा कपडा भिजाई पुच्छरमा बाँधी आगो लगाउँनु उचित् होला भन्दा सोहि बमोजिम गरी पुच्छरमा आगो लगाईयो । हनुमानले उफ्री रावणका दरवारको अटालिमा चढेर मेसैसित लङ्का शहर जलाइ दिए । तर विभीषणको घर बाँकि राखेको देखी मनमा सङ्का लागेर रावण भन्छन्, दूतलाई न मार्नु भन्ने पनि येहि, पुच्छरमा आगो मात्र लगाउ भन्ने पनि येहि, अग्निबाट आफ्नु घर ज़ोगाउँने पनि येहि, मेरो मन्त्री भएर रामको पक्ष लाग्ने पनि येहि, अहो कहाँ सम्मको अत्याचारी हो यो, भनी राजा रावणले रिसाई सन्त विभीषणलाई लङ्काबाट निकालि दिए । परम पवित्र प्यारा भाई रामका साथ मील्न पाउँदा विभीषणलाई अति हर्ष पनि लाग्न गयो, किर्नाकि- कुनै कल्पमा रचिएको रामायणमा भक्त विभीषण राजा दशरथ कै पुत्र हुन् भन्ने पनि छ ।

श्री युद्धकाण्ड

हनुमानले लङ्का जलाएर त्यहाँ भएका सबै सैनिकलाई मारी आफू सहजैसँग समुन्द्र पार तरेर आए। अनि सीताजीका हालखबर श्रीरामचन्द्रलाई सुनाए, यो थाहा पाएर श्रीराम हनुमानसँग खुशी हुनुभयो र भन्नु भयो "हनुमानले ठूला काम गरे एक्लै गएर वीर रावणको घमण्ड तोडिदिए। उनले कसैले तर्न नसक्ने यत्रो ठूलो क्षार समुद्र उडेर गई लङ्का भष्म गरि दिए। यी हनुमान ठूला वीर हुन् इन्द्रादि देवतालाई समेत यसो गर्न कठिन पर्छ। सुग्रिवका मन्त्रीगणमा यी समान ठूला वीर कोही पनि भएनन्। हनुमानले त रावणको छोरो मारेर उसैको सामुन्नेमा पुगे एउटा सेवकले जति सेवा गर्छ त्यो सबै यिनैले गरे।त्यतिमात्र होइन सीताजीका समाचार सुनाएर हाम्रो पीर ताप हटाइ दिए।"

श्रीराम फेरि भन्नु हुन्छ- "वीर हनुमान कुँदेर गए कुँदेरै आए। म कसरी यो सागर तरेर अहिल्यै लङ्का पुग्छु र त्यस क्षार समुद्रका बीचमा अनेक जलजन्तु भएकोले मलाई त्यो सागर कसरी तरौंला भनी मनमा डर पनि लाग्छ। रावणलाई कसरी मारेर यी फौज तारौंला भन्दै चिन्ता लिँदै प्यारी सीतालाई अहो ! कसरी भेटुँला भनी भन्नु हुन्छ।"

राधवका यस्ता वचन सुनेर सुग्रिव अगाडि आई विन्ति गर्छन्। हे रघुपते ! व्यर्थमा चिन्ता लिएर के हुन्छ ? यी बाँदरहरुका फौज ठूला र बलिया पनि छन्। तिनीहरु घुँडा धसेर लड्छन् अग्निमा पस्नु परे पनि कम्मर कसी पस्नेछन् तर सागर तर्ने उपाय मात्र हजुरबाट होस्। यी फौज पार तरेर जानेछन् र रावणलाई सजिलैसँग मार्नेछन्। सुग्रिव फेरि भन्छन्- "मेरो मनमा त यही कुरो छ।"

"लडाई गर्न तीनै लोकमा वीर खोजियो कहीं भेटिएन तर पनि हाम्रो जित हुने राम्रो लक्षण देखिन्छ । त्यसकारण राक्षसहरुलाई भुसुना जस्तो गरी सहजै मार्ने छौं ।" यो शुभलक्षण मैंले देखिसकें ।

सुग्रिवका यस्ता कुरा सुनेर श्री रामबाट हुकूम भयो- "जुन उपायले समुद्र तरिइन्छ त्यसै गरौंला, मलाई भन लङ्का शहर कस्तो छ ? पहिले त लङ्का बारे बुझौं कति छ त्यसको तागत ? यी सबै बुझेर गए मात्र जित्न सकिएला ?

श्रीरामका यी कुरा सुनेर हनुमान अगाडि आई दुई हातले अञ्जली बाँधी निहुरिएर विन्ति गर्छन्- "हे जगतका मालिक ! लङ्कापुरी देख्दैमा सुन्दर छ, त्यसलाई हेर्दा सबैको मन लोभिन्छ फेरि त्यो त्रिकुट पर्वत माथि रहेको छ, चारै तिर सुनका पर्खाल छन्, जसमा मणि जडिएका थाम छन् । एउटा खंबाको काम समुद्रले नै गर्ने भयो भने अर्को कुरा गहिरो खोल्सो पनि खनेको छ, वैरी पस्न नसकोस् भनी बलियो पर्खाल पनि लगाइएको छ ।"

लङ्का सहरको सौन्दर्य-वर्णन र बाँदरसेनाको युद्धार्थ प्रस्थान

शहरका घर र गल्लि सुनै सुनले सजिएका छन्। मणि माणिक जड्नाले कुनै त अति नै सुन्दर देखिन्थे, मैंले घुमि घुमि तलाउ र बगैंचा चारैतिर हेरें तर त्यहाँ कोहि पनि सहजै पस्न सक्छ जस्तो लाग्दैन । लङ्का शहरको चारै तिरको ढोकामा वीर फौज बसेका छन् तिनीहरु जो सुकै आए पनि लड्न भनी कम्मर कसी तयार रहेका थिए । ढोकाको पूर्वपट्टि अचम्म लाग्दो जङ्गिपाले खडा थिए। अनेक राक्षसहरु हात्ती, घोडा र अरु हात हतियार लिएर लडाइ गर्न तयार भै बसेका र ढोका ढोकामा पहरा दिने पालेहरु सँधै भित्र पस्न खोज्नेलाई लड्न र रोक्न तयार थिए। यति धेरै फौज छन् भनी भन्नै नसकिने र ती फौजहरु पनि अत्यन्तै बलवान् त्यस्ता फौजको चौथाइ भागलाई ध्वस्त पारी लङ्का जलाएर सहजै वैरीको घमण्ड मैंले तोडिदिएँ ।

फेरि हनुमान भन्छन्- मालिक ! अब यहाँ ढीला नगरौं, जहाँ सागर छ त्यहीं जाउँ वरु सागर तर्नलाई ढीला हुनेछ। हनुमानले के विन्ति भाव गरेका थिए । त्यही नै बेला सुग्रिवलाई पनि आज्ञा भयो- हे मित्र सुग्रिव ! यो शुभ लक्षण हाम्रो विजयको हो, मौका नचुकी साइत गरेमा अवश्य पनि यी फौजले लडाई जित्नेछन्, किनकि मेरो दाहिने नेत्र फरफराएकोले राम्रो लक्षण देख्छु र मनलाई धैर्य राखी अगाडि बढ, त्यस रावणको कुलै समेत नाश गरी सीताजीलाई लिई आउँछौं, यहाँ जति बाँदरका फौज छन्, ती सबलाई लिएर लङ्का जाऔं । लक्ष्मणलाई अङ्गदले बोकुन् र हामी दुई जनालाई हनुमानले बोकुन यति भनेर श्री राम उठेर प्रस्थान गरिहाल्नु भयो। राम र सुग्रिवलाई हनुमानले बोके, लक्ष्मणलाई अङ्गदले बोके। अनि फौज धर्ती नै छोपौला जस्तो गरी हिंडे सबै वीरले खाना खाँदैनन्, खाली फलफूल मात्र खान्छन् । ती वानरका वीरहरु गर्जंदा जगत नै हल्लियो, अनि त्यो फौज रातदिन केही नभनी हिंडिरह्यो, एकक्षण पनि कसैले आराम नगरी विहानदेखि सन्ध्याकालसम्म हिंडिरहेका थिए । क्षार समुद्र नजिक अवस्थित श्रीरामको निवास (डेरा) वानरका फौजले खचाखच भरियो ।

बाँदरहरुका फौजहरु श्रीरामका आज्ञाले किनारैमा बसे, सागर तर्ने उपाय नहुँदा उनीहरुको मनमा ठूलो पीर पर्‍यो । अनि वीरहरु एकआपसमा छलफल गर्न थाले। यो सागर कसरी तर्ने हो ? हामीलाई कठिन पर्‍यो । यो सागर पार नगरी हिंडेर त लङ्कामा जानै मिल्दैन। यसै समयमा सागर तर्न पाए सब राक्षसलाई मार्दथ्यौं भन्ने छलफल गरी श्रीराम रहनुभएको ठाउँमा गए। सबका ज्ञाता श्रीरामजी पनि सीतालाई घरी घरी संझिएर सीते तिमी कहाँ छौं भनी अनेक तरहको विलाप गर्न लाग्नु भयो। जसले रामको नाम मात्र लिन्छ भने उसले दुःख पीर तापबाट मुक्ति पाउँछ उनै रघुनाथलाई कहिलें पनि सन्ताप पर्दैन। सब कुराले परिपूर्ण असल एक आत्मा स्वरुप भएका श्रीरामले समेत मानिस झैं दुःखी र सुखी बनेर अनेकौ लिला गर्छन्। हनुमानले कुँदी कुँदी गएर लङ्का जलाई रावणको पुत्र मारी त्यहाँ भएका सैन्य जवान ध्वस्त पारी दिए।

उनले फर्केर सबलाई भेट्घाट गरे, भन्ने थाहा पाएर रावणले लज्जावस शिर झुकायो अनि त्यसै बेला सल्लाह (कुराकानी) गर्न भनी सबै वीरहरुलाई रावणले डाक्न पठायो ।

रावणको परामर्श विभीषणलाई तिरस्कार लङ्का छाडी विभीषण रामको शरणमा गएको

वरिपरि मन्त्रीहरु राखेर रावणले भन्न थाल्यो, कसरी सजिलैसँग हनुमान भागेर गयो। जसरी हुन्छ, मेरो हित चिताउ र कुरा बुझेर मलाई भन, तिमीहरु कै अगाडि आफ्नो काम सकि हनुमान भाग्यो, मलाई यस कार्यले लाज लाग्यो। यति रावणका कुरा सुनेर उनीहरु हात जोडी विन्ति गर्न लागे- किन हजुर शङ्का गर्नु हुन्छ। रामले सजिलै लङ्का जित्न सक्दैनन् यो असंभव छ।

तपाईलाई कति विन्ति गरौं- तपाईको छोरो इन्द्रजीत छन्, भने तपाईका अगाडि कसैको केही लाग्दैन, किन कि तपाईको एउटै छोराले इन्द्रलाई जिते यही बुझेर अरु दिकपालको घमण्ड तोडियो। दैत्यका अधिपति मयले तपाईका डरले खुरुक्क आई छोरी दिए, तपाई समानका वीर कहीं पनि छैनन्। तीनै लोकका वीरहरु तपाईकै अधिनमा छन्। त्यो हनुमानले कुदी कुदी आई लङ्का ध्वस्त पाऱ्यो र अलि कति वीर माऱ्यो। यसले त के पो गर्न सक्ला र भन्दा झुक्याइ हाल्यो। उनीहरु भन्छन्- हुकुम होस्, दरा, खाइलाग्दा वीरहरु गएर जो लड्न अगाडि आउँछन्, तिनलाई मार्छौं। यस पृथ्वीमा भएका सम्पूर्ण वानर लाई नाश गर्छौं र तपाईको पीर ताप एकैक्षणमा हरण गरिदिन्छौं।

ती वीरहरुले यति घमण्ड गरी विन्ति गरेको सुनेर आफ्नो विचार पोख्छु भनी विचार गर्दै, कुम्भकर्ण विन्ति गर्छन् "हे नाथ ! के बुद्धि गऱ्यौं, सीता किन हऱ्यौ ? तिम्रो मति कस्तो भयो एक वाण हानेर तिमीलाई मार्ने थिए। सीता हरण गरेर तिमी भागी हाल्यौ, त्यसको प्रतिफल रामले तिमीलाइ मार्नेछन् कुलै समेत साफ गर्नेछन् ।"

श्रीरामचन्द्र तीन लोक चौध भुवनका स्वामि हुन्- लक्ष्मी जगदम्बिका सीता यिनकी पत्नी हुन् । हामी सबै राक्षसलाई नाश गर्न सीताजीलाई तिमीले हरण गर्‍यौ, यो कुरा बुझ कि अब तिम्रो नाश भयो । जुन काम तिमीले गर्न हुँदैन थियो त्यही काम भाइछोराका भरले गर्‍यौं, तर पनि हामी भाई वर्गले जित्नेछौं, तपाईले शोक गर्नु पर्दैन । कुम्भकर्ण वीरले उसलाई यति सम्झाएर श्रीरामलाई परमेश्वर भन्यो । यो कुरा इन्द्रजितले सुन्यो र उ भन्छ- "हुकुम पाउँ सेना सहित रामलाई मारेर आउँछु ।" उसका वीरहरु यस्तै गफै गफमा मुखैले तरवार चलाउँदै थिए ।

त्यसैबेला श्रीराम भक्त विभीषण आएर उसको हीत चिताउँदै विन्ति गरे- श्रीरामसँग विरोध किन गरेको ? अनि किन सीता हरण गरेको ? श्रीरामचन्द्रलाई जित्न कसैले पनि सक्दैन किन कि जसले खर र त्रिशिर जस्ता वीरलाई मारे । यहाँ ठूला वीर भन्नु कुम्भकर्ण मात्र हुन, यिनको पनि केही लाग्दैन भने इन्द्रजित किन यो नबुझी रामलाई मार्छु भनी घमण्ड गर्छ । जो जति शेखी गर्छ यहीं गर्छ, उनको अगाडि भने कोही पनि टिक्न सक्दैन । जब सव राक्षस नाश हुन्छन्, तव मात्र चेतना आउँछ । सीताजी ग्रह जस्ती भई जलाएर खरानी बनाउन आँटिसकिन्, प्राण जाने वेला भईसक्यो तपाईलाई थाहा छैन, यदि बाँच्ने इच्छा छ भने श्रीरामजी कहाँ गएर सोझै उनका अगाडि सीता सुम्पि दिनुहवस् । श्रीरामचन्द्रजी यहाँ आई लड्नु भन्दा उहाँको अगाडि गएर शरण पर्‍यो भने उहाँले दया गर्नु हुन्छ । तपाईले चाँडै सीताजी उहाँलाई सुम्पनुहवस्, सीताजी लङ्कामा रहे सम्म कसैको शरणमा गएपनि बाँच्न सकिँदैन ।

विभीषणका यी अमृत रुपी वचन सुनेर रावण झनै जङ्गियो र त्यहाँ जम्मा भएकाहरुलाई भन्न लाग्यो सुन यो मेरो भाइ शत्रु जस्तो भयो, मेरो शत्रु रामचन्द्रसँग यसको माया बस्न गयो । उ फेरि भन्छ- यसले त आफ्नो वंश बढाउला भनेको त झन् वंशनाश गर्न लाग्यो । दाजुभाइ शत्रु हुन्छन् भन्थे त्यही रुप आज यसले देखायो । के गर्नु अरु भए अहिल्यै मारि दिन्थें तर मेरो आफ्नो

भाइ हुनाले बाँचिस् । यो वीर राक्षसको कुलमा अधम यही भयो तँलाई धिक्कार छ। मेरा सामु रहन तँ लायक छैनस् धिक्कार छ तँ अधम भइस् भनी धेरै चोटी धिक्कार्‍यो धिक्कारको यस्तो कुरा सुनेर विभीषण झटपट उठी आकाश मार्ग गरेर चार मन्त्रीका साथ लङ्का छाडी हिंडि हाले । जाँदा जाँदै उनले रावणलाई भने- महाराज ! मैले तिम्रो हीत हुने कुरा गरें, तिमीले कुरै नबुझी शत्रु सम्झिएर मलाई धिक्कार्‍यौं जे होस् दाजु हौं, बाबु समान छौ, यति कुरा सहेर म तिमीसँग फरक भएँ अब तिमी खुशी भएर आनन्दले राज्य गर म श्रीरामको शरणमा गएँ । सीता **महाकाली जगदम्बिका भगवती** हुन् भने राम **काल** हुन्, यस भूभार हर्नका लागि यो मानवीय अवतार लिएका हुन् र उनले कुनै पनि पापीलाई नाश गरि छाड्छन् । त्यसकारण श्रीरामबाट तिमीले मर्नु छ त्यसैले तिम्रो बुद्धि फर्किदैन कालरुपका श्री रघुनाथलाई कसैले पनि चिन्न सक्दैन। अब सब राक्षस कुलको नाश हुनेछ। त्यति नगरी श्रीरामले छोड्दैनन् । तिम्रो नाश भएको म हेर्न सक्दिन त्यसैले राम भएको ठाउँमा जान्छु। तिमी खुशी भएर धेरै वर्ष सम्म राज्य गर, यति भनेर विभीषण सबै छोडी राम भएको ठाउँमा गए ।

विभीषण जाँदा चार मन्त्रिलाई साथमा लिई श्रीराम हुनु भएको ठाउँमा गएका थिए । तर सीधै जान डराई टाढै आकाशबाट विन्ति गरे- हे नाथ ! रावण र कुम्भकर्ण वीरको भाइ म विभीषण हुँ, रावण साहै अधम भयो र सीता हरण गर्‍यो सीतालाई फर्काउ भनेको त मलाई झनै धिक्कार गरी काट्छु भनी हातमा खड्ग लिई उठ्यो । त्यसकारण "हे रघुनाथ ! रावणले यस्तो गरेको हुनाले म शरणमा आएँ जसले यो संसार रुपी सागर पार गराउँछ उसैलाई छोडेर म कतै पनि जान्न"

विभीषणका यस्ता कुरा सुनेर सुग्रिवजीले रावण छल गर्न आएको हो कि भन्ने शंका गरेर उहाँलाई विन्ति गरे "हे रघुनाथ ! यी दुष्टको विश्वास नगर्नुहोस्। मौका पाए भने छोड्दैनन् । मर्जिहोस् यसलाई समातेर मारिहाल्दा

पनि भाइ भन्यो त्यो त थाहा छदैछ, सुग्रिव फेरि भन्छन्- यिनमा कत्ति पनि विश्वास नमान्नुहोस् यी सब दुष्ट हुन्, किनकि यो रावणको भाइ हो छिट्टै मारौं, यदि केही गरी हामीलाई पाए भने यिनले दागा गरेर मार्छन्, त्यसकारण यसलाई मार्नको लागि हुकुम दिनु होस् अहिले नै मारिदिन्छु।" यही मेरो मत हो विन्ति गर्रें अब हजुरको के विचार छ भनी सुग्रिवले विन्ति गरेको सुनेर रघुनाथले हाँसेर भन्नु भयो- "हे साथी सुग्रिव ! मैले आँटें भने यो संसार ध्वस्त हून्छ फेरि सृष्टि गर्न समय लाग्छ । त्यसकारण डराउँनु पर्दैन, उनलाई यहाँ ल्याउ उसमाथि पनि यदि शत्रु दल भएको भए म कहाँ छोड्थें र मारिहाल्थें नि । यी शत्रुका वंश मात्र त हुन तर पनि यहाँ शरण लिन आए, मेरो शरणमा पर्न आउनेलाई शरण दिन्छु। शरणमा यदि आउँछ भने शत्रु नै भएपनि म शरण लिन्छु यस्तो त मैले ब्रत लिएको छु, त्यसकारण ब्रत म छोड्दिन ।

श्री रामचन्द्रजीका आज्ञाले विभीषणलाई रघुनाथ सामु यिनै हुन् भनी ल्याए अनि श्री रामचन्द्रजीको विभीषणले दर्शन पाएर भुईंमानै बसेर प्रणाम गरे र जब विभीषणले श्री रघुनाथको दर्शन पाए, पछि अत्यन्त खुसी भए र विभीषणका जुन दु:ख थिए ती सबै नाश भए । विभीषणले सबैका आत्मा स्वरुप भएका ईश्वर यिनै हुन् भनेर रघुनाथको स्तुति गरे, उनको स्तुति सुनेर रघुनाथ अत्यन्त खुसी हुनुभयो। त्यसपछि उहाँले के वर माग्छौ माग भन्नु भयो, उनको मनमा राम प्रतिको भक्ति मात्र थियो त्यहीं भक्ति पाउँ भनी मागेर उनी भन्न लागे- "हे नाथ ! सधैं हजुरमा मेरो भक्ति रहोस् बुद्धि कहिल्यै नविग्रियोस् हजुरको भक्ति बाहेक अरु चीजमा सानो देख्छु" रघुनाथ भन्नु हुन्छ- "कामबाट मुक्ति पाउनको लागि म प्रति तिम्रो ध्यान जाओस् यति भए मलाई पुग्छ अरु भनेको टाढाको कुरा हो ।"

विभीषण भन्छन्- "केवल तपाई प्रतिको भक्ति ममा रह्यो भने म खशी हुन्छु ।" त्यसपछि श्रीरामले तिमीलाई म प्रतिको भक्ति मिल्नेछ भनी वरदान

दिनुभयो । श्रीराम फेरि भन्नु हुन्छ- "जसले तिमीले गरेको जस्तै मेरो स्तुति गर्छ उसले यस संसाररुपी सागर तर्न सकोस् भनी म वरदान दिन्छु" यति कुरा आफ्ना भक्त विभीषणलाई भन्नु भयो । त्यसपछि श्रीरामको मनमा विभीषणलाई लङ्काको राजा बनाउने इच्छा भयो र भाइ लक्ष्मणलाई भन्नुभयो- "हे भाइ ! यी पछि लङ्काका राजा हुनेछन् त्यसकारण यिनलाई अभिषेक दिन्छु समुन्द्रमा गएर जल ल्याउ लक्ष्मणजीले तुरुन्तै गएर जल ल्याइदिए अनि विभीषणलाई श्रीरामचन्द्रजीले अभिषेक दिनु भयो । जब विभीषण लङ्काका राजा भए त्यसपछि सुग्रिवहरु खुशी भएर विभीषणजीका अगाडि पुगे ।

सुग्रिव खुशी भएर विभीषणलाई अङ्कमाल गर्दै भन्छन्- "रामका सेवक धेरै छन् ती मध्ये तिमी मुख्य हौ । त्यसैले हे महाराज ! रावणलाई मार्न सहायता गर ।" सुग्रिवका यस्ता कुरा सुनेर विभीषणले भने हे सुग्रिव महाराज ! मैले सहयोग गर्न सक्ने के छ र ? स्वयम् रघुनाथ तीनै लोकका अधिपति जहाँ आफैं खडा हुनुहुन्छ म त केवल श्री रघुनाथको दास हुँ त्यसैले सक्दो सेवा गरौँला यस्तो कुरा उनीहरु गर्दै थिए रावणले पठाएको शुक नाम गरेको दूत सुग्रिवको सामुन्ने आयो ।

सुग्रिवलाई संझाउन रावणको शुक नाम गरेको दूतको आगमन र सुग्रिव द्वारा रावण तिरस्कृत

त्यो दूत सुग्रिवहरु भएको ठाउँमा जान डराई आकाशको बीचबाट सुग्रिवलाई भन्न लाग्यो महाराज सुग्रिव- "यो त खराब भयो । तिमीले राम्र लक्ष्मणसँग मिलेर मसँग शत्रुता गर्‍यौ । तिमी मित भाई हौ भनी रावणले मलाई सम्झाउन पठाएको हो ।" त्यो रावणको सन्देश (कुरा) सुनी सुग्रिवले भने तिमी विना काम यहाँ न आउ सावधानी साथ फर्किएर जाउ । दूत फेरि भन्द छ- अहिल्यै इन्द्रादिले पनि लङ्का जित्न सक्दैनन् भने तिमी त बाँदर हौ के जितौला रावणले सीता हरण गर्‍यो त श्रीरामको पो हर्‍यो तिम्रो केही हरेन त्यसकारण तिमी रावणका मित भाइ हौं । विरोध नगर दूत फेरि भन्छ- हे

सुग्रिव मेरो भाइ समान ठानेर तिमीलाई अर्ती दिएँ। तिमी यहाँबाट फर्केर जाउ। म सधैं तिम्रो हित चिताउँछु। रावणले म मार्फत तिमीलाई यस्तो हुकुम दिएको छ भनी सुनायो। दूतको यो कुरा सुन्ने वित्तिकै वाँनरहरुले समातेर उसलाई मुठ्ठीले हिर्काउँन थाले। त्यसपछि शुकले म दूत हुँ मार्न उचित हुदैन भनी श्रीरामलाई विन्ति गऱ्यो। दूतलाई मार्नु हुदैन छोडिदेउ भनी श्रीरामले हुकुम दिनु भयो। बाँदरहरुले त्यसलाई छोडिदिए।

जब त्यो शुक दूत वाँदर देखि छुटेर आकाशमा गई भन्न लाग्यो। केही जवाफ दिनुछ भने भन म रावणलाई सुनाई दिन्छु। त्यसपछि सुग्रिवले भने मित दाज्यू भए पनि त्यस अधमलाई मारी दिनेछौं भनी दिनु उनी फेरि भन्छन् रामचन्द्रजीकी सीता हरण गरेर तँ कहाँ भागलास् रावणलाई यसै भनिदेउ। सुग्रिवका कुरा सुनेर रामले आज्ञा दिनु भयो। "त्यसलाई वानरले पक्रेर राख नछोड भनी श्री रामचन्द्रजीको हुकुम हुँदा त्यो शुकदूत वन्धनमा पऱ्यो। रामको शक्ति यति छ भन्ने कुरा अघिनै शार्दुलबाट रावणले थाहा पाएको थियो। अनि ठूला लस्कर आएछ भनी उ चिन्ता गर्न लाग्यो। त्यसैबेला रघुनाथले सागर किन आएन भनी लाल लाल आँखा पारी रिसाउनु भयो।

श्रीराम समुन्द्रसँग रिसाउनु भएको राम बाणको चमत्कार शेतुवन्ध निर्माण

श्रीरामले लक्ष्मणलाई भन्नु भयो- "हे भाइ ! तिमी हामीलाई यो सागरले सामान्य मानिस ठानेर भेट गरेन। अब म त्यसको तमासा देखाइ दिन्छु भनेर सागर शोषण गर्न वाँण खिच्नु भयो। रामको भयङ्कर स्वरुप देखेर भूमि पनि काम्न थालिन र चार कोश सम्म जल छचल्कियो भने चारै दिशा अध्यारो भयो र जलका अधिपति सागरले सुन्दर स्वरुप धारण गरेर रत्नहरु लिई भेट्न तयार भएर रामचन्द्रका शरणमा गइ पाउमा परेर विन्ति गर्न लागे" हे राम ! अज्ञानताले मैले सीतापति हजुरलाई बुझ्न सेकिन अहिले तपाईले थाहा दिंदा बल्ल चिने, म अनाथलाई केही पत्तो थिएन। अब म बाटो

देखाइ दिन्छु भन्यो सागरका यस्ता कुरा सुनेर उहाँले भन्नु भयो- "यो वाँण हान्ने ठाउँ तारो दिनु पर्‍यो मेरो वाँणले काम नगरी फर्कदैन यदि बाँच्न इच्छा छ भने ज्यानको बदला अरु केही देउ। रामचन्द्रजीका हुकुम सुनेर सागर विन्ति गर्छन् उत्तर दिशाको दुमकुल्यमा अहिर नाम गरेका पापीहरु छन् रघुनाथका यी बाँणले ती सबै पापीको नाश गरोस् तर मलाई भने रक्षा गरी यो ताप देखि मुक्ति दिनुहोस्।

रामचन्द्रले सागरको यस्तो विन्ति सुनी हर्ष मानी उसका तापहरु हटाइदिनु भयो। तब रामको वाँण पनि वेगले द्रमकुलमा गई पापी अहिरजनको नाश पारेर फर्किएर ठोकैमा आई बस्यो। समुन्द्रले चरणमा परी विन्ति गरे "यहाँ बलियो पुल बनाएर लस्कर पार भए भने हजुरको कीर्ति रहन्छ, पुल बाँध्नमा सिपालु नल छन्, यिनलाई वरदान पनि छ, यी विश्वकर्माका छोरा हुन्" यति विन्ति गरेर समुन्द्र अदृश्य भए। समुन्द्रका वचन सुनी नल पनि राम हुनु भएको ठाउँमा गए। रामले नललाई चाडैं पुल बनाउ भनी आज्ञा भयो र नलले लावा लस्कर लिई पुल बनाए। त्यसपछि नलले खुशी भएर वीरका शक्ति जगाउन वरिपरि भएका वृक्ष पर्वत ल्याउन लगाए। अनि सबै लागेर सेतु (पुल) बनाउन थाले र त्यहाँ रघुनाथले शिवजीको ज्योति लिंङ्ग पनि स्थापना गर्नु भयो।

रघुनाथले त्यस लिङ्गको नाम रामेश्वर राख्नुभयो र श्रीराम भन्नु हुन्छ- "जुन् मानिसले काशी गएर गङ्गाजल ल्याई रामेश्वर शिव लिङ्गमा चढाई त्यो जल ल्याएको भाँडो समुद्रको जलमा बगोस् भनी सङ्कल्प गरी बगाउँछ भने त्यो मानिस मुक्त होओस् भन्नु भयो। त्यसपछि पहिलो दिन छपन्न कोष पुल बाँधियो, दोस्रो दिन असी, तेस्रो दिन चौशठ्ठी, चौथो दिनमा अठ्ठासी र बाँकी बयानब्य कोश पाँचौ दिन सम्ममा बनाइ सकियो। कतै पनि बाँध्न छुटेको थिएन। त्यही पुलको बाटो भएर फौज त्रिकुट पर्वतमा पुग्यो र पर्वत फौजले ढाकियो बीच भाग कहीं खालीरहेन। अनि भाइ लक्ष्मणलाई अङ्गदले र रामलाई हनुमानले बोकेर लगे त्यहाँ पुगेर विचित्रको शहर लङ्कालाई श्रीरामले हेर्नु भयो र रावण पनि कौशीमा गएर त्यो फौजको लस्कर हेर्न लाग्यो, त्यसैबेला रघुनाथले शुक दूतलाई छोड्दिनु भयो।

त्यो शुक दूतले रावण सामुन्ने गएर भन्न थाल्यो- "म तपाईका आदेशले गएँ तर बाँदरहरुले बाँधि दिए। पछि आएर रघुनाथले छोड्दिनु भयो र बाँचेर आएँ। रघुनाथका फौज समुद्र तरेर आइ सके। अहिले लडाई गरी तिनलाई जित्न कठिन छ सीता लिएर रामका शरणमा जानुहोस् यदि लडाई नै गर्नु छ भने तयार रहनुहोस्। रामको एक समाचार पनि सुन्नुहोस्। सीता किन हरण गरेको ? अब लडाई गर्ने बेला भयो अगाडि बढ् मैले त लङ्का ध्वस्त गर्छु भनी समाचार पठाएँ, जहाँ गए पनि छोड्दिन हे शुक ! रावणलाई यति भनि देउ, तिमी जाने भए पछि अरु कसलाई पठाउँ भनी रघुनाथले आज्ञा दिनु भएको छ।

मैले बुझे जति विन्ति गर्छु- "राम जगतका मालिक हुन्, उनलाई अरु कसैले जित्न सक्दैन किन हजुरको मति यस्तो भयो। रामका चरणका परेर सीतालाई सुम्पनुहोस् नत्र मर्ने बेला आयो, बाँच्ने कुनै उपाय छैन। शुकका यस्ता कुरा सुनी रावण रिसायो र भन्न लाग्यो मलाई तैले अर्ति दिने ? अरु भए अहिल्यै मारि दिन्थें, तैंले मलाई अघि ठूलो गुण लगाएकोले बाँचिस् यहाँबाट गैहाल भनी विदा दियो। शुक पहिले सराप पर्नु अघि वानप्रस्थी ब्राम्हण थियो। सरापले गर्दा उ राक्षस भएको थियो पछि सराप सकियो ब्राम्हण भयो।

वानप्रस्थी ब्राम्हण शुकले एक दिन अगस्ति ऋषिलाई भोजन गराउन बोलायो अगस्ति गए, यो कुरा बज्रदंष्ट्रले थाहा पायो र रिसले अगस्तिको रुप धारण गरेर भन्यो- मलाई मासु खाने इच्छा छ मासु खान देउ भन्यो, यस्तो छल पहिले गर्‍यो र पछि खाने बेलामा शुककी पत्नी जस्तो बनेर मानिसको मासु लगी खानेकुरामा मिसिदियो त्यो देखेर अगस्ति ऋषि यस शुक ब्राम्हणले आफूलाई मानिसको मासु दियो भनी रिसाएर तँ राक्षस भएस् भनी त्यसलाई सराप दिए। शुकले यो बज्रदंष्ट्रको छल हो भनी विन्ति गर्दा अगस्तिले दिव्य दृष्टिले विचार गर्दा शुक बाहुनलाई निर्दोष पाए अनि राक्षसबाट मुक्ति पाउने उपाय बताए- "हे शुक ! राम अवतार हुने छ, तिमी अहिले रावण कहाँ गई

बस्, त्यहाँ रामको दर्शन पाउनेछौं अनि तिम्रा सराप छुट्ने छन्। अगस्तिको यस्तो अर्ति पाएर शुक ब्राम्हण रावण कहाँ आएर बसेका थिए, रामको दर्शनले उनी पापबाट मुक्त भई पहिलेको जस्तै भए।

माल्यवान्सँग रावण रिसाएको राम वाणले रावणको मुकुट र छाता काटेको अटालीबाट ओर्लिएर घनघोर युद्ध आरम्भ

रावणकी आमाको पनि बाबु माल्यवानले रावणको नजिक आएर भने- "राम नारायण हुन् भने सीता लक्ष्मी हुन् त्यसकारण तिनलाई पूजा गरेर उहाँलाई सुम्प नत्र भने यस शहरमा अनेक अनर्थ र उल्का हुन्छ, सर्वत्र अपसकुन छ राम्रो भनेको कहीं छैन हे महाराज ! कति भनुँ त्यसकारण म विन्ति गर्छु आफ्नो हित सम्झेर सीतानाथलाई ईश्वर ठानी सीता सुम्पिनुहोस्। यो सुनेर माल्यवानसँग रावण बहुतै रिसायो र तिमी बूढो भैसक्यौ, राम ईश्वर हो भन्यौ ईश्वर हुन् भने बाँदरका सहायता किन लिन्थे, मलाई तिम्रो कुरा सुनेर चित्त पोल्छ बरु घरै जाउ भन्दै त्यहाँ नराखी घर पठायो। त्यसपछि रावण दरवारको माथि अटालिमा बसेर कति वीर आए भनी हेर्न लाग्यो र लड्नको लागि वीरहरुलाई खटायो। जब रघुनाथले रावणलाई देख्नु भयो वाँण छोड्दिनु भयो र वाँणले रावणका दशवटा छाता र मुकुट खसाल्यो। यो देखेर रावणले लाज मान्यो र फेरि वाण हान्लान कि भनेर अटालीबाट ओलियो।

उ दरवार भित्र पस्यो र प्रहस्त आदि वीरहरुलाई लड्न जाउ भनि हुकुम दियो। राँगा, उँट, गदहा र सिंहहरुमा चढी विभिन्न किसिमका शस्त्र र अस्त्र लिएर वीरहरु लड्न गए, चारै ढोकाबाट फौज निस्केर अगाडि बढें तर उनीहरुलाई बाँदरका फौजले अगाडि गएर घेरा हाले रावणको फौजले निस्कने ठाउँ पाएन त्यसवेला वानरहरु रामचन्द्रले लडाई जित्नुहुन्छ भनी गर्जन लागे। यसरी उनीहरुले राक्षसका फौजलाई घेरी हिर्काउन लागे, राक्षसहरु पनि मर्न तयार भए तर पछि हटेनन्। त्यहाँ दुईपक्ष बीच संग्राम भयो तर श्रीरामको करुणामय दृष्टि परेको हुदाँ वानरहरु खूवसित लडे, राक्षस तर्फका

ठूला ठूला वीर मारेर चौथाई मात्र बाँकि राखे। आफ्ना सब वीर मरेको देखि सबै शस्त्र र अस्त्रले पूर्ण भएको इन्द्रजित म लड्छु भनी आयो र वानरका फौज माथि हतियार छोड्यो र मार्‍यो, अनि श्रीरामले पनि ब्रम्हपाश तयार राख्नु भयो। उहाँ एकछिन चुप लागेर फेरि मेघनादलाई मार्छु भनी उसको अगाडि जानु भयो।

इन्द्रजितसँगको युद्ध लक्ष्मण मुर्छा परेकोअतिकाय वीरहरुको नाथ रावण एवयं लडाई गर्न आएको

त्यसपछि श्रीरामले लक्ष्मणसँग मलाई धनु देउ भनेर माग्नु भयो। यो देखेर मेघनाद डरले भाग्यो। त्यो भागेको देखेर मनमनै मुसुक्क हाँसे्र भन्नु हुन्छ- "यस्तो बच्चा पनि मलाई कच्चा समझेर जोरी खोज्छ।" आफ्ना वीर मरेको देखि श्रीरामले हनुमानलाई भन्नु भयो- "हे हनुमान ! छिट्टै श्री सागरको अगम पर्वतमा गएर 'द्रोण' नाम गरेको पर्वतको औषधि लिएर आउ र वीरहरुलाई बचाउ, तिम्रो जुन कार्यले दश दिशामा कीर्ति फैलिने छ यस्तो हुकुम सुनी हनुमानले तुरुन्तै द्रोण पर्वत ल्याई पृथ्वीमा लडेका वीरहरुलाई बचाए। हनुमानले यस्तो काम गरेर आफ्नो कीर्ति लोकमा फैलाए र फेरि फर्किएर द्रोण पर्वतलाई साविक ठाउँमा राखेर फर्किए। वानर जवानहरु द्रोण पर्वतको औषधिले होस्मा आए।

वानरहरु खुशी भई नाच्नथाले, त्यसबेला वानर जवानहरु गर्जेको सुनी रावणले भन्यो- "मलाई मार्न भनी यहाँ बलवान शत्रु आएको छ, त्यसकारण अतिकाय आदि वीरहरुलाई लड्न जान अऱ्हाउँदै भन्यो, यदि गएनौ भने र घरमा बस्यौ भने निश्चय पनि तिमीहरुलाई मार्नेछु। रावणको यस्तो हुकुम सुनेर अतिकाय वीरहरुले वानर सैन्यलाई मार्न भनी अगाडि गएर हतियार छोड्नथाले, वाँदरहरुले पनि वृक्ष, पर्वत, मुठ्ठी, दारा र नङ्ग्रा प्रयोग गरी रावणलाई शक्तिहीन गराई दिए। अनि रघुनाथले र सुग्रिवले धेरै अतिकाय लगायत वीर मारे, अझ अङ्गद हनुमान र लक्ष्मणले कति वीर मारे भन्नै

सकिन्न । श्रीरामको दया दृष्टि पर्न गएको हुँदा बाँदर बलिया हुन पुगे तर राक्षसहरुमा दया दृष्टि नहुँदा सबै नाश भए । सबै प्राणीका आत्मा स्वरुप श्रीरामले किन लड्नु पर्थ्यो, उहाँले त एक वाणी मात्र छोडिदिए पनि शत्रुको नाश हुन्थ्यो । मायाको खानी सत्यात्मा रामले मानिसको रुप लिएर अनेक लीला गर्नुहुन्छ, जुन लीलाले पापी र अधमको नाश पार्नु भयो । त्यसपछि अतिकाय आदि वीरहरु मारिएको भन्ने रावणले सुन्यो अनि उ दुःखी भएर लडाई गर्न भनी एउटा राम्रो रथमा चढेर हतियार शस्त्रास्त्र भिरेर छोरा इन्द्रिजितलाई लङ्काको बचावट गर भनी हुकुम दिंदै रावण हिंड्यो । त्यसपछि केही फौजहरु लिएर श्रीराम हुनु भएको ठाउँमा गयो, तर बाँदरहरुका फौजले उसलाई बाटैमा रोक्यो, अनि रावणले अनेक वीरहरुलाई मारिदियो र सुग्रिव जस्ता ठूला वीरले पनि उसलाई जित्न सकेनन् र उसले सबै वीरलाई भुईमा पछार्‍यो ।

रावणका भाइ विभीषण गदा लिई रामसँगै बसेको देखी मेरो मुख्य शत्रु यही हो भनी रिसले आगो भयो र सहनै नसकी शक्ति उठाएर हान्यो । त्यस शक्तिले विभीषणलाई मार्न खोज्दा लक्ष्मणले तुरुन्तै अगाडि आएर विभीषणलाई बचाए तर शक्ति लक्ष्मणमाथि पर्‍यो उनी मूर्छा परे । पछि रावण लक्ष्मणलाई उठाउन भनी दौडेर गयो, उसले लक्ष्मणलाई उठाउन लागेको थियो तर वीर लक्ष्मण गरुगो हुँदा उठाउन सकेको थिएन । श्रीरामले मानिसको जस्तो व्यवहार गर्नु भयो । तर हनुमान रिसाई रावणलाई मार्छु भनी रावणका नजिक गए । त्यसपछि हनुमानले बज्र समातेर रावणलाई हाने । बज्रको प्रहारले गर्दा बलवान् भए तापनि रावण रगत छाद्दै भुईमा लड्यो अनि लक्ष्मण हनुमानलाई देखेर खुशी भएर हलुका भए । हनुमानले मुर्छित लक्ष्मणलाई उठाएर रामचन्द्रजी रहनुभएको ठाउँमा पुर्‍याए । अनि यी त नारायणै हुन् भनी डराएर रावणले आफूले समाइ रहेको लक्ष्मणलाई छोडिदियो । मूर्छा परेको रावण फेरि उठेर धनु बाँण लियो यस्तो देखेर श्रीसीतानाथले हनुमानका पीठँयुमा चढेर लडाई गर्नका लागि धनु बाँण लिनु भयो ।

धनुबाँणको टङ्कार गरेर उहाँबाट हुकुम भयो "म तेरा भाइ, बन्धु र तँ लाई यसै लडाईमा मार्छु जब रावणले उहाँको यस्तो जोशिलो कुरा सून्यो अनि केही जवाफ नदिई मनमा रिस लिएर हनुमानलाई शरले हानी घायल बनाई दियो। उनका शरीरमा घाउ देखेर रघुनाथ रिसले आगो हुनु भयो र घोडा, रथ, ध्वजा शस्त्र, अस्त्र र धनु काटेर रावण मूर्छा परोस भनी वाण हान्नु भयो। श्रीरघुनाथले हानेको बाण लागेपछि हातमा बाँण थाम्नै नसकी भैंमा ढल्यो। त्यसैबेला रावणको शिरको मुकुट शरले काटि दिएर रावणको सम्पूर्ण घमण्ड तोडिदिनुभयो। उसको शक्ति पनि खिचेर लिनु भयो। रावण कमजोर भएको देखी उहाँले अहिले घर जा भोली लडौंला भन्नु भयो। रावण शक्ति नभएर मरे तुल्य भई लाज मानी युद्धभूमिबाट लङ्का फर्कियो।

लक्ष्मण मूर्छा परेको देखेर रघुनाथ मानिस जस्तो भै शोक गर्न लाग्नु भयो र शोक गर्दै भन्नु हुन्छ- "हे हनुमान ! लक्ष्मणलाई बचाउन औषधि लिएर आउ" रघुनाथको यस्तो हुकुम सुनेर हनुमान औषधि लिन गएको चाल पाइ रावण राती नै उठेर कालनेमि भएको ठाउँमा गयो। उ राती नै आएको देखी अचम्म मानेर कालनेमिले सम्मान गरी भन्यो- मैले के सेवा गँरु, किन तपाई यस्तो राती एकलै आउनु भएको ? कालनेमिको यस्तो विन्ति सुनेर उसले भन्यो- मेरो शक्ति प्रहारबाट लक्ष्मण मूर्छा परेका थिए, उनलाई बचाउन श्रीरामले औषधि लिन द्रोणाचलमा हनुमानलाई पठाउनु भएको छ।

हनुमानको काममा बाधा पार्न रावणले कालनेमिलाई पठाएको

यो औषधि ल्याउने कार्यमा तिमीले विघ्न पार, मायाले भेष लिएर हनुमानलाई बाटैमा भुलाउ, मुनिको भेष धारण गरेर योगी बनी तिमीले हनुमानलाई भुलाउन सक्छौं, यो काम चाँडै गर भनी जब रावणले हुकुम दियो। कालनेमिले श्रीरामलाई ईश्वर मानेर रावणलाई भन्दछ- हे अधिराज ! मेरो कुरा सुनेर आफ्नो लागि राम्रै गर्न लाग्यो भनी मेरो विन्ति सुन्नुहोस्। मलाई त आफ्नो ज्यानको आशा पनि छैन, ज्यान दिन पनि तयार छुं तर चौध

भुवनका धनी श्रीरामलाई जित्न सकिदैन भाइ बन्धु मारेर के राजा बन्नु, श्रीराम ईश्वर हुन् बरु अहिले तुरुन्तै गएर शरणमा पर।

कालनेमि फेरि उसलाई भन्छ- "सीता सुम्पिदेउ र राज्य पनि विभीषणलाई देऊ उनैले गरुन्, यति भएपछि रघुनाथ तिमी देखि खुशी भएर तिम्रा ती सम्पूर्ण विपत्तिहरु हरण गर्नु हुनेछ, होइन भने आत्मा चिनेर वनमा जाऊ मायामा नभूल मायाले त भूलाउँछ नै किन कि यसको कामै यस्तै छ। हे महाराज ! एकाग्र भै ध्यान गरेर भए पनि आत्मा चिन्नुपर्छ। यदि आत्मा चिन्न सकिदैन भने एक चित्त भई रामलाई सम्झ, यति सम्म कि कौस्तुभ मणि, हार, किरीट, केचुर आदि अनेक किसिमका गहनाहरु शरीरमा लगाए झैं गरी उहाँलाई मनमा राखेर खुव ध्यान गर।" उ फेरि भन्छ- "हे अधिराज ! सीतारामको भजन गर किन कि राम जगतका मालिक हुन्। त्यसकारण उनी ईश्वर हुन् भनी चिनी तिमीले उनी प्रति विरोध गर्न छोड।"

यति विन्ति गरेर कालनेमि चुप लाग्यो। त्यसपछि उसका बचन सुनेर रावण रिसायो र कालनेमिलाई मार्ने विचार गर्‍यो। रावणले आफूलाई मार्ने विचार गरेको देखेर कालनेमिले विन्ति गर्‍यो- "हे अधिराज ! किन यसरी रिसाउनु हुन्छ ? म अहिल्यै त्यहाँ गएर सरकारको सब काम हुन्छ भने तयार भएर जान्छु।" यति भनेर ऊ दौडिहाल्यो र हनुमान फर्कन नपाउन् भनी अनेक उपाय गर्न लाग्यो- हनुमान फर्कने बाटोमा एउटा तपोवन खडा गर्‍यो, फलफूलका बोटले वन भर्‍यो, त्यहाँ एक आश्रम पनि बनायो, आफू त्यहाँको मुनिश्वर बन्यो र हनुमानलाई छल्न भनी त्यही आश्रममा बस्यो। अनेकौं चेलाहरु उसका वरिपरि थिए। हनुमान पनि त्यहाँ पुगे त्यसपछि मनमनै विचार गर्न लागे कि यहाँ पहिले आउँदा आश्रम नै थिएन, यो कसको आश्रम रहेछ बुझ्छु र तिर्खा मेटाउन पानी पिएर जान्छु भनी हनुमान पनि त्यही आश्रम भित्र गए। त्यहाँ कालनेमिले हनुमानलाई ठग्ने विचार गरी अनेकौं विधि विधानले शिवको पूजा गर्न लाग्यो। हनुमानजी उसलाई योगेश्वर सम्झिएर दर्शन गरुँ

भनी आश्रमभित्र पसेर भक्तिपूर्वक नमस्कार गरे। त्यसपछि उनले भने- "म श्रीरघुनाथको दूत हुँ। मेरो नाम हनुमान हो, श्रीरामको हुकुमले म औषधि लिन आएको हुँ" भनी बताए। सबै कुरा बताएर हनुमानले पानी पिउँने इच्छा गरी पानी मागे। खुशी भएर कालनेमिले उनलाई आफ्नो कमण्डुलको पानी दियो र भन्यो- "हे हनुमान ! आऊ फलफूल खाऊ र यो चीसो पानी पनि पिऊ. हतार नगरी बिस्तारै गए पनि हुन्छ। तिमीले हतार गर्नु पर्दैन किन कि म योगी हुँ सबै मलाई थाहा छ, अहिले रामले राम्ररी लक्ष्मणलाई हेर्नु भएको छ, उहाँले लक्ष्मणलाई बचाइ पनि सक्नुभयो र वानरको फौज पनि तयार भई सक्यो।"

हनुमानको कालनेमीसँग भेटघाट हनुमान द्वारा तलाउमा गोही मारिएको र कालनेमि बध

जब उसले यति भनेको थियो तब हनुमानले कमण्डलुको पानीले आफ्नो तिर्खा नमेटिने देखेर भने- "मलाई ज्यादै तिर्खा लागेको छ, यहाँ पानी थोरै छ, मेरो तिर्खा मेटिंदैन। त्यसकारण पानी धेरै भएको ठाउँ बताउनु हवस् उहीं गएर पानी पिउँछु।" श्रीहनुमानका यस्ता कुरा सुनेर कुनै एउटा तलाउ देखाउन एकजना चेलोलाई पठाइदियो र हनुमानलाई भन्यो- "हे हनुमान ! अहिले जाऊ, पानी पिऊ र फर्किएर यहाँ आऊ म तिमीलाई केही मन्त्र दिन्छु, त्यो सुनेर गएमा औषधिले काम गर्नेछ।" उसको यस्तो कुरा सुनेर श्रीहनुमानले हवस भनी तलाउमा गएर तुरुन्तै पानी पिए, त्यो तलाउमा एक मकरी (गोही) बसेकी थिई, त्यसले श्रीहनुमानलाई समातेर निल्ने विचार गरी। त्यसपछि हनुमानले त्यसलाई समातेर च्यापु च्याती मारिदिए। अनि राम्री स्त्रीको रुप लिएर भन्न लागि- "पहिले म स्वर्गकी अप्सरा थिएँ, मेरो नाम **धान्यमाली** थियो, कारणवस ब्राम्हणका सरापले गर्दा गोही भएँ, गोहीकै रुपमा तपाईले मलाई मार्नु भएकोले मेरा सम्पूर्ण दुःख नाश भयो, हे हनुमान ! फेरि म अब पहिले कै जस्तो रुपमा अप्सरा भई स्वर्ग जान्छु।"

त्यसपछि उनले फेरी हनुमानलाई भन्न लागिन्- तपाईलाई म विन्ति गर्छु, हे हनुमान ! यस आश्रममा देखिएको व्यक्ति जसलाई तपाई मुनि भन्नु हुन्छ त्यो मुनि होइन, औषधी लिन हनुमान गएका छन् तिनलाई औषधी लिन जाँदा विघ्न पार्न जा भनी रावणको आदेश पाएर यहाँ छल गर्न आएको बलियो कालनेमि नाउँको राक्षस हो । त्यसकारण तपाईको काममा विघ्न पार्न भनेर उसले यो चाल गऱ्यो । त्यसलाई मारेर औषधी लिएर जानुहवस् यति भनेर धान्यमाली इन्द्र कहाँ गइन् । अनि हनुमान केही नजाने जस्तो भएर फर्किए । त्यसपछि कालनेमीले नजिकै आएका हनुमानलाई देख्यो, अनि आफ्नो काम सिद्ध गर्छु भनी भन्न लाग्यो- "अहिले हे हनुमान म तिमीलाई सिद्ध मन्त्र दिन्छु त्यो लेऊ र मलाई ठूलो गुरु सम्झिएर गुरु दक्षिणा पनि देऊ । उसको त्यस्तो छली कुरा सुनेर वीर हनुमान रिसाएर 'लौ दक्षिणा ली' भनी मुड्कीले हाने, मुड्कीको चोट पाएपछि उसको मुनिभेष तुरुन्तै गयो र पहिलेकै जस्तो राक्षसको स्वरुप भयो ।

अनि अनेक तरहका माया गर्दै राक्षसले लडाई गर्न लाग्यो त्यो देखेर उनले फेरि टाउकोमा मुड्कीले हानेर त्यसलाई मारे । त्यसपछि हनुमान क्षीर समुद्रमा पुगे भयो र द्रोणाचल देखे । तर औषधि चिन्न सकेनन् । पर्वत नै बोकी तुरुन्तै श्रीराम भएको ठाउँमा पुगे । उनलाई देखेर रघुनाथ ज्यादै खुसी हुनुभयो र सुषेणले औषधि गरे । लक्ष्मणका सम्पूर्ण रोग बाधा औषधी द्वारा नाश भयो । अनि निद्राबाट बिउँझे झैं गरी रावणलाई दगा गरेर लक्ष्मण उठे । श्रीरामले भन्नु भयो- हे हनुमान ! तिमीले दया गरेको हुँदा भाइ बाँच्ने भयो भनी भन्नु भयो ।

रावणसँग लडाई गर्ने विचार गरेर रामचन्द्र हनुमानको अगाडि आउनु भयो, त्यसपछि वानरका फौज पनि अगाडि बढ्यो । सर्पलाई गरुडले पछार्दा जस्तो हुन्छ सोही तमासा गरी उहाँले रावणलाई लडाएर मूर्छा पारिदिनु भयो । रावणले ज्यादैं दुःख पायो । श्रीरामचन्द्रजीको शक्ति कति सम्म रहेछ भनी सबै बुझेर रणभूमिबाट फर्किएर गयो । सिंहासनमा बसेर वरिपरि

आफ्ना सबै वीरहरुलाई राखी सभा गऱ्यो सभामा ऊ भन्छ- "हे वीर हो ! म रामका अगाडि परेर मर्छु" ऊ फेरि भन्छ "राम चौथै भुवनका पति नारायण हुन् । उनले मलाई मार्न भनी मानिसको अवतार लिएका हुन् किन कि मानिसको हातबाटमेरो मृत्यु हुनेछ यस्तो वरदान ब्रम्हाजीले मलाइ दिनुभएको छ, त्यसकारण मानिस भएर रघुनाथ अगाडि सरे भने कसैले पनि मलाई बचाउन सक्दैन ।"

रावण फेरि भन्छ- "सूर्यका वंशमा **अनरण्य** नाम गरेका एकजना वीर महात्मा थिए, मैंले व्यर्थैमा उनीसँग विरोध गरें अनि त्यसबेला उनले मलाई भनेकि उनको सूर्य वंशमा नै नारायणले अवतार लिनु हुनेछ र उहाँले तेरो (रावणको) राक्षस वंश सहित तँलाई मारिदिनु हुनेछ" भनी सराप दिए, मलाई यति सराप दिएर त्यहीबेला ती राजा मरे, सोही कुरालाई पूर्ण गराउन श्रीराम तयार हुनुभएको हो । श्रीरघुनाथ मलाई मार्न भनी आएका हुन, त्यसैले मलाई निश्चय नै मार्छन् आज म रामका अगाडि परेर मर्छु । ऊ फेरि भन्छ- "भाइ कुम्भकर्ण मूर्ख छ, यस्तो बेला अझै सम्म सुतीरहेछ, त्यसलाई उठाएर चाँडो ल्याऊ भनी हुकुम भयो । यस्तो हुकुम पाएर ठूला ठूला वीरहरु गएर कुम्भकर्णलाई उठाएर ल्याए । त्यसपछि कुम्भकर्ण रावणको पाउमा परी अगाडि बस्यो, अनि रावणले उसलाई दुःखका कुरा सुनायो । रावण भन्छ- "हे भाइ ! कुम्भकर्ण ! अहिले मलाई साह्रै आपत पऱ्यो किन कि छोरा नाति समेत ठूला ठूला धेरै वीरहरु मरे, मेरो पनि मर्ने बेला भयो त्यसकारण बाँच्ने उपाय बताऊ किन कि यी शत्रु (राम) बलिया रहेछन्, त्यो मैले बुझें, त्यसैले तिमी अब चनाखो होऊ यस्तो गहिरो समुन्द्रमा पुल बनाई तरे त्यति मात्र होइन वानरका सब सेना समेत तरेर आई हाम्रा धेरै वीरहरुलाई मारे । वानरहरु ठूला ठूला लडाकु छन्, हाम्रा लस्करमा धेरै वीरहरु मरे, वानरहरु भने जत्तिका तत्ति छन्, त्यसकारण तिनीहरुकोनाश गर्न कुनै पनि उपायले सकिएन, त्यसैले तिमी चाँडो गएर तिनीहरुको नाश गर ।"

कुम्भकर्णले भयानक युद्ध गरेपछि उसको मृत्यु रावणको विलाप

त्यसरी रावणले विलाप गरेको सुनी कुम्भकर्ण खूब सित हाँस्यो र विन्ति गर्‍यो- हे अधिराज ! मैले के विन्ति गरुँ पहिले नै राम नारायण हुन्, सीता उहाँकी योगमाया हुन् भनी विन्ति गरेकै थिएँ। उ फेरी भन्छ- विन्ति सुन्नु भएन झन रिसाउनु भयो", हे अधिराज ! त्यसैको फल हो, मन्त्री मरे।" ऊ फेरि भन्छ- "एक दिन राति म पहाड माथि टाकुरामा थिएँ, अकस्मात् मध्यरातको वीचमा नारदजीलाई त्यहाँ देखें, त्यसपछि तपाई यहाँ किन आउनु भयो ? कहाँ जानु हुन्छ ? भनी सोधें ? मेरो विन्ति सुनेर ऋषिले भन्नु भयो- "हे कुम्भकर्ण सुन ! अहिले तिमीहरुले सबै लोक जितेर लियौ र इन्द्रादि देवताहरुलाई तिमीहरुले साह्रै दुःख दियौं। त्यसकारण इन्द्रादि देवताहरुले विष्णुका शरणमा गएर विन्ति गरे- "हे भगवान् ! यस रावणलाई मारिदिनु होस्, त्यसलाई मानिसबाट मर्नु पर्छ भन्ने ब्रम्हाको वरदान छ, त्यसैले मानिसको रुप लिएर रावण मारिदिनुहवस्। यति विन्ति गरेर देवताहरु जब पाउमा परे, त्यसपछि हुन्छ त्यसै गरी-मारुँला भनी श्री विष्णुबाट हुकुम भयो। सोही कुरा पूर्ण गर्न अहिले रघुनाथ हुनु भएको हो। त्यसकारण निश्चय पनि छ तिमीहरुलाई मार्नेछन् भनी नारद उडेर गए।

त्यसैले रघुनाथलाई देवता हुन् भनी बुझेर उनी माथि शत्रुता नगर अब यो शत्रुतालाई छोड। आज उनको भक्ति र भजन गर। ऊ फेरी भन्छ- सबै साधनमा नै भक्ति मुख्य छ, भक्तिले नै सबै ज्ञान दिन्छ भक्तिले सबै मानिस मुक्त हुन्छन् यो सँधै जान्नु पर्छ, कि भक्ति विनाको काम निष्फल हुन्छ, यो बुझेर श्रीरघुनाथका चरणको भक्ति गर, भगवानका हजार अवतार छन्, तिनीहरुमा रामावतार सरीको अर्को कुनै छैन, श्रीरामको भजन गर्नाले दुःख नपाइकन संसाररुपी सागर तरी श्री हरि जुन ठाउँमा रहनु हुन्छ, त्यहीं पुगिन्छ। जुन मानिसले भर परी रामचन्द्रमा मन लगाउँछ, रामकै चरित्र पढेर

त्यसमा मरन हुन्छ भने उसका सम्पूर्ण पाप कर्म छुट्छन् र उसले बैकुण्ठमा गएर बस्न पाउँछ ।

जब रावणले कुम्भकर्ण वीरको विन्ति सुन्यो, अनि रिसाएर भन्न लाग्यो "तँलाई यहाँ मैले ज्ञान सुनाउलास् भनी डाकेको होइन, म जे भन्छु सोही गर्ने हो भने अगाडि सरेर लडाई गर, यदि सुत्ने नै मन छ भने जा पलङ्मा गएर सुत । रावणका यस्ता कुरा सुनेर साह्रै रिसाए छन् भनी केही उत्तरै नदिई ऊ उठेर पर्खाल नाघी गयो र लड्ने ताल सुर गरी करायो उसको आवाज सुनेर वानरहरु साह्रै डराए ।

त्यसपछि उसले वीर वानरहरुलाई समाती मुखमा हाल्दै निल्न थाल्यो यस्तो भयो कि त्यहाँ पहाडै उडी आएर गए जस्तो भयो, उसको अगाडि कोही पनि टिक्न सकेन, त्यसले गर्दा वानरको सबै फौज टिक्न नसकी त्यहाँबाट हटेर जान थाल्यो ।

दाजु भनेर विभीषण भेट्न आए, उसको पाउमा परी विन्ति गरे- "तपाईको कान्छो भाइ विभीषण हुँ मलाई माया गर्नुहोस् किन कि लङ्कामा बस्न मैले पाइन ।" उनी फेरी भन्छन्- "मैले सीतालाई घरमा नराख रामचन्द्रलाई सुम्पी उहाँलाई परमेश्वर भनी चिन, मेरो यस्तो विन्ति सुनेर मलाई लात मारी दाइ रावणले निकालि दिए ।" त्यसपछि चारजना मन्त्रीलाई साथमा लिएर यहाँ आएँ र श्रीरामका शरणमा विन्ति गरें अनि उहाँले साह्रै माया गरेर मलाई साथमा लिनुभयो । त्यसले गर्दा रघुनाथसँग बस्न पाएकोमा आजकाल म खुशी छु । विभीषणको यस्तो विन्ति सुनेर भाइ भनेर चिनी काखमा लियो र भाइ ! चिरञ्जिवी होउन् भनी आर्शीवाद दिँदै रामचन्द्रका भजन गर भन्यो ।

त्यसपछि कुम्भकर्ण फेरी भन्छ- "तिम्रा भाइ ईश्वरका खूब भक्त छन् त्यो तिमीले जानिराख भनी नारदले मलाई भनेका थिए, ऋषिले भनेको त्यो कुरा साँचो भयो" सोझै देख्छु कि तिमी ठूला भक्त बन्यौ । ऊ फेरि भन्छ- "हे

भाइ विभीषण तिमी छिट्टै गएर परै बस लडाईको बेला नजिक नआउ" उसको यस्तो कुरा सुनेर विभीषण फर्किएर गए, यता कुम्भकर्ण पनि धेरै फैज मार्छु भनी घुम्न थाल्यो, वानरका सब फौजलाई थिच्न र मिच्न थाल्यो यति सम्म कि उसको सामुन्नेमा कोही पनि टिक्न सकेन, सबै ध्वस्त पार्‍यो। फेरी पनि ऊ हातमा गदा लिएर घुम्न लाग्यो। यसरी उसले धेरै फौज मार्‍यो, जसले गर्दा रघुनाथ ज्यादै रिसाउनु भयो र वायव्यास्त्र लिएर गदा समातेको हात खसाल्छु भनी उहाँले अस्त्र हान्नु भयो, कुम्भकर्णको हात काटिएर खस्यो। जब कुम्भकर्ण वीरको गदा सहितको हात खसेथ्यो रिसले ठूलो शब्द गरी कराउँदै श्रीराम हुनुभएको ठाउँमा गयो र सालको रुख उखेली उहाँलाई हान्न भनी नजिक आयो, त्यो हात पनि काटिदिनु भयो त्यो देखेर वानरहरु खुशी भए।

जब उसका दुवै हात खसे त्यसपछि ऊ जोडसित करायो र साह्रै रिसाएर रघुनाथ हुनु भएको ठाउँमा दौडिएर पुग्यो। अनि रामले फेरि अर्धचन्द्र आकार को दुई वाण लिनुभयो र दुवै गोडा काटि खसाली दिनु भयो। यसरी हात गोडा केही नहुँदा अति दुःख पायो र रामलाई खान्छु भनी घस्रिएर मुख बाउँदै आयो, रामचनद्रले पनि मुखभरी बाण हान्नु भयो, त्यो देखेर फौजहरुले हर्ष माने। यस्तै प्रकारले त्यसलाई थला बसाउनु भयो। फेरि ऐन्द्रशरको प्रहार गरेर शिर खसाइदिनु भयो। त्यो शिर खस्न नपाई उडेर गयो र शहरको ढोका थुन्यो र गिड उफ्रिएर गएर समुन्द्रमा पर्‍यो, समुन्द्रमा परेको उसको गिडले समुन्द्रमा भएका ग्राहादि जन्तुलाई थिचेर मारिदियो। यसरी इन्द्रादि देवताहरुको पिर ताप नाश भयो र रघुनाथ माथि खुबै पुष्पवृष्टि गरे। श्रीरामलाई भेट्न भनी नारद त्यहाँ आए।

नारदले नारायण भनी श्रीरामको खूब स्तुति गरे र भोलि हुने कुरा सबै बताए। उनी भन्छन्- "हे नाथ ! वीर भनेको यहीं कुम्भकर्ण हो, त्यो मरिहाल्यो" अब ठूलो वीर भन्नु इन्द्रजित छ उसको पालो भोली हो। उनी फेरी भन्छन्- "भोली इन्द्रजित लक्ष्मणजीको हातबाट मर्नेछ अनि तपाई

आफैंले पर्सि लडाई गरेर रावणलाई मार्नुहुनेछ।" ऋषिगणदेवता र महात्माहरुले पनि त्यो लडाई हेर्ने छन्, यति भनी नारद बिदा भई ब्रम्हलोक तिर गए।

इन्द्रजितको होम विध्वंस गरेर लक्ष्मणद्वारा इन्द्रजितको बध

रावणले कुम्भकर्ण मारियो भन्ने कुरा सुन्यो, अनि साहै दुःख मानी विलाप गर्दै मूर्छा पर्‍यो रावणलाई ब्यूँझाउँन भनी इन्द्रजित अघि सर्‍यो र भन्न लाग्यो- "म छँदै छु नि हजुरले कुनै पिर ताप लिनु पर्दैन त्यो शत्रुलाई मै मार्छु, ती तपाईका सबै शत्रुहरुलाई मारेर तपाईलाई पिर तापबाट मुक्ति दिलाउँछु।" त्यसपछि उ पुनः रावणलाई भन्छ- "म निकुम्भिला स्थलमा गएर अहिले तुरुन्तै होम गर्छु, होम पूर्ण गरें भने अग्नि खुशी भएर मलाई हतियार दिने छन्, त्यहीं हतियार लिएर लड्छु, त्यो हतियार मसँग भयो भने सबै शत्रु ध्वस्त हुनेछन्," यति भनेर होम गर्न भनी तुरुन्तै उडेर गइहाल्यो र खुब भक्ति गरी निकुम्भिला स्थलमा गई होम शुरु गर्न लाग्यो। इन्द्रजितले होम गर्न लाग्यो भन्ने समाचार विभीषणले सुने अनि रघुनाथ हुनुभएको ठाउँमा गएर विन्ति गरे- "हे रघुनाथ ! अहिले इन्द्रजित होम गर्न लाग्यो भन्ने कुरा मैले सुने, सोही कुरा हजुरलाई विन्ति गर्न भनी आएँ।"

उनी फेरि भन्छन्- " हे अधिराज होममा विघ्न पार्नु पर्छ किनकि उसले होम सिद्ध पार्‍यो भने राक्षसहरुलाई जित्न सकिदैन उनीहरु अजेय हुने छन्।" त्यसकारण त्यहाँ लक्ष्मण र मलाई पठाइबक्सियोस् हामी जान्छौं, अनि लक्ष्मणले त्यसलाई मार्नेछन्। उनको कुरा सुनेर उहाँले भन्नु भयो मै गएर त्यसलाई मार्छु लक्ष्मणलाई किन पठाउँने। त्यसपछि फेरि विभीषणले विन्ति गरे- "जुन मानिसले बाह्र वर्ष सम्म नखाई नसुती खुब नियममा बसी ब्रत गरेको छ, त्यसैकारणले मात्र इन्द्रजितलाई मार्न सक्ने वरदान उनलाई प्राप्त छ, त्यसैले गर्दा हजुरबाट यो कदापि मारिसक्नु छैन, त्यस्तो ब्रत लक्ष्मणले लिएका छन्, उनैलाई हुकुम दिनुहवस्, उनैले इन्द्रजितलाई मार्नेछन्।"

विभीषण फेरि भन्छन्- "रघुनाथ तिमी ईश्वर हौ, तिम्रा भाई लक्ष्मण शेष हुन्, पृथ्वीको भार हरण गर्न भनी तिमीले जन्म लियौ, त्यसकारण मेरो यो रुप तिम्रो भजन गर्नको लागि बनायौ" उनको यस्तो विन्ति सुनेर रामले भन्नु भयो- "मलाई यो वीर यस्तो छ भन्ने सबै कुरा थाहा छ, लक्ष्मण अयोध्याबाट हिंडेदेखिनै नखाएको, नसुतेको त्यो कुरा मलाई पनि थाहा छ, लक्ष्मण भोकै रहेको कुनै वेला काम लाग्छ भनी म चूप लागेको थिएँ भनी विभीषणलाई भन्नु भयो।" त्यसपछि उहाँले लक्ष्मणलाई हुकुम दिनुभयो- "हे भाइ लड्नको लागि तयार होऊ, केही फौज साथमा लिई तुरुन्तै जाऊ र इन्द्रजितलाई मार, तिमीसँग विभीषण पनि जान्छन् किन कि उनले यहाँ यस्तो छ भनी सब छिद्र बताउने छन्।" रघुनाथको हुकुम पाएर लक्ष्मण धनु लिई तयार भए र रामको पाउ समातेर केही भन्न लागे- "अब मेरो वाणले वीर इन्द्रजितलाई मारी पाताल भोगवतीमा पुगेर नुहाइ सफा हुनेछ" यति विन्ति गरेर उहाँलाई बरिपरि घुमी लक्ष्मण पाउमा परे अनि रघुनाथसँग विदा भई तुरुन्तै साइत पनि गरे। त्यसपछि जाम्बवान, हनुमान र अङ्गद सहितका केही फौज साथमा लिई इन्द्रजित रहेको ठाउँमा गए, त्यहाँ पुगेर उनीहरुले इन्द्रजितका फौजलाई देखे।

दाजुको हुकुम शिरोपर गरेर लक्ष्मण छिट्टै इन्द्रजित कहाँ पुगे। जब लक्ष्मणले अघि सरेर धनु खैचिए अनि फौज पनि अगाडि सरेर गए, त्यसैबेला विभीषण अघि सरी लक्ष्मणलाई भन्न लागे- "त्यो अघि कालो देखिएको फौज त्यहीं वीरको हो, तिनीहरुको शिर काटी टुक्रा टुक्रा पारी खसाल्नुहोस्। यदि तपाईले अहिले तुरुन्तै वाण हान्नु भएन भने इन्द्रजितले होम सिद्ध गर्छ, होम सिद्ध गर्‍यो भने केही गरे पनि जित्न सकिंदैन। त्यसकारण त्यो फौजलाई मार्नुहवस् अनि त्यो इन्द्रजित पनि होमै छोडी लड्न आउँछ" भन्ने युक्ति बताए त्यसपछि लक्ष्मणले पनि सैन्य माथि वाणको वर्षा गरे अनि वानरहरुले पनि फौजमाथि रुख, पहाड, ढुङ्गा आदि फ्याँके, त्यति भएपछि राक्षसको फौज पनि अघि सरेर लड्न लाग्यो, लक्ष्मणले वाणको वर्षा गरी धेरै फौज मारे अनि

इन्द्रजित रिसाएर होम बीचैमा छोडी बलियो रथमा चढेर आयो र लक्ष्मणलाई भन्न लाग्यो- "अब हेर मेरा सामुन्नेमा परेर मर्न आँटिस्" त्यसपछि विभीषणलाई नजिकै देखेर भन्यो- "तँ कुलको शत्रु अधम होस्।"यति भनेर रथमा बस्यो र सबैलाई जित्न भनी कम्मर कस्यो र वानरहरुलाई हेलाँ गरेर भन्यो- "यी अब मेरो फेला परे।" ऊ फेरी भन्छ- "वाण हानेर सबैलाई मार्छु र तिमीलाई पनि मार्छु" उसका यस्ता कुरा सुनेर लक्ष्मण रिसाएर तुरुन्तै वाण हानी उसलाई थला बसाए। एकछिन इन्द्रजित मूर्छा पर्‍यो र जुरुक्क उठी राता राता आँखा पारी रिसाएर लक्ष्मणको अगाडि आएर भन्यो- "तैंले पहिले मेरो पराक्रम रती भरपनि बुझिनस् र हानिस् अब तँ अहिले मेरो पराक्रम हेर।" यति भनेर उसले लक्ष्मणलाई मनमनै वीर मानी तुरुन्तै सात वाण हान्यो, दशवटा हनुमानलाई हान्यो, झन मुख्य शत्रु विभीषणलाई ठानेर उनलाई सय वाण हान्यो। त्यसपछि लक्ष्मणले वाण हानी उसको शरीरको कवच समेत काटिदिए। उसले पनि वाण हानी लक्ष्मणजीको पनि कवच टुक्रा पारी काटिदियो।

लक्ष्मणले पाँच वाण हानी उसको घोडा रथ र धनु आदि काटिदिए। उसले अर्को धनु उठायो, त्यसलाई पनि उनले तीन वाण हानी काटिदिए। फेरी लक्ष्मण माथि उसले वाणको वर्षा गर्‍यो। वाणैले दश दिशा ढाक्यो। त्यसले गर्दा वानरहरुलाई असजिलो भयो। लक्ष्मणले इन्द्रजितलाई मार्ने विचार गरी इन्द्रास्त्रलाई धनुमा राखी अगाडि आए र रघुनाथलाई सम्झी तुरुन्तै प्रतिज्ञा गरे- "धर्मात्मा सत्यमा रहेका दशरथका छोरा जगतका मालिक श्रीराम साँचै हुन् भने अब इन्द्रजित मेरो पो वाणले मरोस् भनी उनले वाण छोडे, हानेको वाणले गएर इन्द्रजित को टाउको काटी खसालिदियो, इन्द्रादि देवताहरु खुशी भएर पुष्पवृष्टि गर्न लागे। पृथ्वीको भार भएको, त्यो इन्द्रजित मरेको हुँदा हर्षका नगरा बजे, जयशब्दको ध्वनी गुञ्जियो, लक्ष्मणले पनि शङ्ख घोष र धनुको टङ्कार गरे वानरहरुले खुब खुशी भएर स्तुति गरे सबै आनन्दमा परे।

त्यसपछि लक्ष्मणजी सबै फौज लिएर रघुनाथ हुनु भएको ठाउँमा फर्के र पाउमा परी दण्डवत् गर्दै सबै कुरा विन्ति गरे। यो सुनेर रघुनाथ ज्यादै खुशी हुनुभयो र उनलाई भन्नु भयो- "आज तिमीले इन्द्रजितलाई मारेर राम्रो गर्‍यौ, सबै शत्रुको मूल (जड) नाश गर्‍यौ, अब मेरो शत्रु छैन, जुन वीर थियो त्यो मरि गयो। त्यसकारण रावणलाई मार्न, सजिलो भयो, अब अहिले लडाई हुँदा रावणलाई सजिलै सँग मार्छु भनी हुकुम भयो।"

रावणको क्रोध र लुकेर गुफा भित्र पसेर होम गर्न थाल्दा यज्ञ विध्वंस पारेको

जब रावणले इन्द्रजित मरेको खबर सुन्यो, त्यसपछि ऊ मूर्छा पर्‍यो र मूर्छा बाट उठेर अति विलाप गर्दै फौजलाई लड्न पठायो अनि उ हातमा एउटा तरवार लिएर रिसले सीतालाई काट्छु भनी दगुर्‍यो। तर उर्व नाम गरेको मन्त्री सुपार्श्व नजिक थियो, अगाडि सरेर विन्ति गर्‍यो- "हे महाराज ! स्त्री जातिलाई मार्नु हुँदैन।"

सुपार्श्वको विन्ति सुनेर फरक्क फर्किएर रावण दरबारमा गयो अनि शोकले मूर्ख जस्तो भई सभा गर्छु भनी गयो। फेरि ऊ सबै मन्त्रीहरुसँग बसेर विचार गर्न लाग्यो, लडाई गर्दा हीतै हुने देखेर ऊ बाँकी रहेका राक्षसहरुलाई साथ लिएर रघुनाथसँग लड्ने विचार गरी, आगोमा सलह परे जस्तै गरी पर्न आयो उसका धेरै वीरहरु मरे उसलाई पनि वाण लाग्यो आफ्नो केही सीप नलागी त्यहाँबाट भाग्यो। त्यसपछि आफूलाई विपत्ति परेको हुँदा गुरुलाई सम्झियो र तुरुन्तै गुरु शुक्राचार्य कहाँ गई गुरुको पाउमा शिर राखी ज्यादै दुःख पाएँ भनी विन्ति गर्‍यो। ऊ फेरि दुःखको कुरा विन्ति गर्दै भन्छ- "हे नाथ ! हजुर जस्तो गुरु भएर पनि मलाई यस्तो दुःख पर्‍यो, अब मैले कसरी मेरो मन थाम्ने यो रामले मेरा सम्पूर्ण बन्धु र छोरालाई मार्‍यो त्यतिमात्र होइन मेरा सम्पूर्ण वीरहरुलाई सखाप पार्‍यो।"

रावणको यस्तो विन्ति सुनेर आपत विपत पायो भन्ने ठानेर शक्तिले भ्याय सम्म गरोस् भन्ने विचार गरेर गुरुले उपदेश दिए- "हे रावण ! सुन म तिमीलाई मन्त्र दिन्छु, अब गएर खुब ध्यान दिई होम गर यदि होम पूर्ण गर्‍यौं भने तिमीलाई अग्निबाट हतियार मिल्ने छ, त्यही हतियार द्वारा तिमीले सब वीरलाई जित्नेछौं" भन्ने गुरुबाट आज्ञा भयो। रावण अत्यन्त खुशी भई घर गएर होम गर्ने विचार गर्‍यो। त्यसपछि पाताल सम्म पुग्ने गहिरो गुफा खनी शहरको सबै ढोका बन्द गरी होम गर्न भनी गुफा भित्र बस्यो। त्यसरी रावण लुकेर होम गर्न लाग्यो। तर होमको धुवाँ विभीषणले देखे र श्रीराम हुनु भएको ठाउँमा गएर रावण लुकी होम गर्न लाग्यो भनी विन्ति गरे- "हे प्रभू ! रावणले होम सिद्ध पार्‍यो भने यी राक्षसहरुलाई कसैले जित्न सक्दैन यिनीहरु अजेय हुनेछन्", त्यसकारण वानरहरुलाई हुकुम दिनुहवस्, हुकुम शिरोपर गरी यी वीर वानरहरु गएर यज्ञ विध्वस गरुन्।

विभीषणको यस्तो विन्ति सुनेर श्रीरामले अङ्गद र वीर हनुमानलाई दशकोटी फौज लिएर यज्ञ विध्वंस गर्न जाने हुकुम दिनु भयो। सोही अनुसार त्यो फौज पर्खाल नाघी शहरको दरबारमा पुग्यो, अनि त्यहाँ रावणका चौकीदार जो जति थिए, तिनीहरुलाई मारे। विभीषणकी सरमा नाम गरेकी रानीलाई लङ्का शहरमा भेटे र उनले रावण त्यहाँ लुकिरहेछ भन्ने इसारा दिइन्। रावण गुफाको ढोकामा ठूलो ढुङ्गा राखी होम गर्दैथ्यो, त्यसपछि उनीहरु ठूलो वेगसँग त्यहाँ पुगे। अङ्गदले त्यो ढुङ्गालाई लात्तीले हानेअनि होममा विघ्न पार्छु भनी केही फौज लिई गुफाभित्र पसे। त्यति हुदाँ पनि रावण एकाग्र भै ध्यान गर्न लागेकै थियो। तर वीर वानरहरुले अनेकौं तरीकाले त्यो यज्ञ विध्वंस गरेर छाडे। तैपनि रावण होम गर्न भनी हातमा एउटा सूरो लिएर तयार भयो, त्यसपछि हनुमान रिसाएर सूरो खोसी उसलाई हिर्काए। तर पनि ध्यानमा मग्न भई जब रावण बसेथ्यो, त्यसैबेला अङ्गदले मन्दोदरीलाई समातेर उसको नजिक ल्याई सारी र चोलो फुकाली दिएर बेइज्जत गरे, त्यतिमात्र होइन उनले लगाएका गहना समेत फ्याँकि दिए। त्यसपछि मन्दोदरीले

रावणको नजिक बसेर रुँदै विन्ति गरिन- "हे नाथ ! तपाईलाई लाज लाग्दैन पत्नीको यस्तो विलाप सुनी बाँच्नु भन्दा मर्नु जाति" यति भनेर छोरोलाई सम्झिएर रुन लागिन् त्यति वेला उनलाई सहायतता दिने कोही पनि भएन।

उनले छोरालाई सम्झदै भनिन्- "श्रीमान्ले पनि आफू बाँच्नको लागि लाज पचाए तँ पहिल्यै मरिहालिस् अब अहिले म साह्रै आपत विपत्मा परें कसो गरुँ। जब उसले रानी मन्दोदरीको करुणामय विलाप सुन्यो अनि हातमा खडग लिएर अङ्गदजीको कटीमा हान्यो । यसरी होमको विध्वंस गरी अङ्गदहरु दौडिएर राम भएको ठाउँमा गए। यता रानी मन्दोदरी र रावणको बीचमा कुरा भयो, रावण रानीलाई भन्छ- "रानी ! अहिले बाँच्नु राम्रो हो किन भने बाँच्नको लागि यति हुँदामा पनि म चूप भएँ।"

ऊ फेरि रानीलाई भन्छ- "बाँचे देखि सब देख्न पाइन्छ, त्यसकारण यस्तो बुझेर शोक नगर खराब सोचले केही पनि हुँदैन, मानिसलाई भुलाउने नै अज्ञान हो, यहि अज्ञान आत्माले शरीर म नै हुँ भन्छ तर त्यसो होइन यदि अज्ञान बलियो भयो भने संसार भरि नै अज्ञान नै अज्ञान फैलिन्छ।" ऊ फेरि उनलाई संझाउँदै भन्छ- "आत्मा चिन्नु पर्छ, आफ्नो मन आफैंले बुझाउनु पर्छ र अज्ञानको नाश गरी स्वस्थ रहु, शोक नगर, शोक गरेर केही पनि हुँदैन" उ फेरि भन्छ- "हे मन्दोदरी ! अब म रामसँग लडाई गरी उनलाई मार्छु यदि रामले मलाई मारे भने संसार तर्छु, केही गरी लडाईमा मरिहाले भने तिमीले सीतालाई मार्नु र आगोमा पसी म जहाँ जान्छु त्यहीं आउनु" रावणका यस्ता कुरा सुनेर मन्दोदरीले अति नै पिर गरेर भनिन्- महाराज म आज साँचो विन्ति गर्छु भनी अगाडि सरेर रावणलाई भनिन्- "राम जगतका मालिक हरि हुन् उनलाई लडाई गरेर जित्न सकिदैंन, जसले वैवस्वत मनुलाई माछाको रुप लिएर रक्षागरे, कछुवा भएर मन्दराचल पर्वतलाई पिठिउँमा राखे, बँदेलको रुप लिएर हिरण्याक्षलाई मारे, त्यसकारण उनीसँग लड्न गएका जति कोही पनि बाँचेर आएका छैनन्। फेरि ठूलो दैत्य हिरण्यकशिपु थियो, त्यसलाई

नृसिंहको रुप लिएर मारे, वामन भएर बलिको राज्य खैचिएर लिए, फेरि पृथ्वीमा भएका क्षत्रीहरुको परशुराम भएर नाश गरे भने तिमीलाइं मार्न राम भएर अगाडि आए, फेरि सीतालाई हरण गर्नु पर्ने थिएन, उनलाइं हेपेर सीताजीलाई हरण गऱ्यौ यही कामले गर्दा आपत विपत परी हाम्रो प्यारो छोरा इन्द्रजित मारियो।

त्यसकारण "हे अधिराज ! रामचन्द्रजी कहाँ गएर आज सीता सुम्पनु पर्छ, लङ्कामा गएर विभीषणले राज्य गरुन्, यी सबै छोडेर वनमा जाउँ।" मन्दोदरीको यस्तो कुरा सुनेर रावण भन्न लाग्यो- "हे मन्दोदरी इन्द्रजित मऱ्यो, ठूला ठूला वीरहरु मरे, फेरि कुम्भकर्ण मऱ्यो अरु पनि धेरै वीरहरु मरें, यति सम्म भएपछि कसरी लत्रेर पाउमा परुँ बरु शत्रुसँग लत्रिएर बाँच्नु भन्दा मर्नु जाति।"

ऊ फेरि मन्दोदरीलाई संझाउँदैभन्छ- "रघुनाथ विष्णु हुन् सीता लक्ष्मी हुन्, यो सब कुरा मलाई थाहा छ, थाहा हुँदा हुँदै पनि कुनै डर नमानी मैले सीतालाई हरण गरें किन भने रामको हातबाट मर्नको लागि मैले सीताजीलाई हरण गरेको हुँ उनको हातबाट मरें भने सजिलैसँग संसार तर्दछु।" रावण फेरि मन्दोदरीलाई भन्छ- "अब म फेरि रघुनाथसँग लड्न जान्छु खुशी साथ म रघुनाथको हातबाट मर्छु र तिमीलाइं वारि छोडी म पारि जान्छु, यति भए पछि यस संसारका पिरतापहरु छुट्नेछन।" रावण फेरि भन्छ- "मानिसको मनमा रिस र इर्ष्याका भेल भूमरि जस्तै भई घुम्छन्, समय पनि यसै गरी बित्दै जान्छ, छोराहरु माछा जस्ता हुन् रिस बलेको आगो जस्तो हो, गर्नु पर्ने काम जालै जाल जस्तो धेरै छ, तैपनि त्यो जाललाई च्यातेर संसाररुपी सागर तरी जहाँ हरि हुनु हुन्छ त्यहीँ बस्न जान्छु।"

राम-रावण युद्ध रावणको बध

मन्दोदरिलाई यति भनेर संझाइ लड्नको लागि कम्मर कसी उसले एउटा बलियो रथ मगायो र रथमा चढी रघुनाथसँग लड्न आयो। त्यसपछि रामचन्द्रका सम्पूर्ण वानर फौज उसलाई देखि डराए। जब रावण रणभूमिमा पुग्यो हनुमान उसको अगाडि गए र उसलाई मूर्छा पार्छु भनी एक मुड्की छातीमा हाने मुक्का खाए पछि ऊ घुँडा टेकी लड्यो र तुरुन्तै मूर्छा पऱ्यो। केहि क्षण पछि रावण मूर्छाबाट उठ्यो र हनुमानलाई स्यावासी दिई ठूला वीर भनी खुब सह्राना गऱ्यो। जब रावणले हनुमानको सह्राना गरेको थियो त्यसको सेखी तोड्न हनुमान भन्छन्- "हे रावण ! किन मेरो सह्राहनी गर्छस् तँलाई धिक्कार मान्छु किन कि मेरो मुड्कि खाएर पनि तँ बाँचिस् भने के बोल्छस्, बरु एक चोटी मलाई पनि हान फेरी तँलाई छातीमा हान्छु मुड्कि हानेपछि तँ मर्छस् उम्किएर जान पाउँदैनस्।"

हनुमानका यस्ता कुरा सुनेर उसको चित्त बुझ्यो र एक चोटी हनुमानको हृदयमा ताकेर हान्यो। त्यसपछि हनुमानले उसलाई मुड्किले हान्छु भनी मुड्की उठाए तर ऊ एक छिन पनि टिक्न नसकी भागेर अन्तै गयो। त्यसपछि रावण सँग चार जना वीर लडाकु मन्त्रीहरु थिए, ती चार जनालाई मार्न भनी अङ्गद, हनुमान नील नल यी चारै जना वीरहरु दगुरेर गई ती चारै जनालाई सजिलैसँग मारेर फर्किए। जब ती चार जना मरे तब रावण झनै रिसायो र राममाथि वाणको वर्षा गऱ्यो। वाणको वर्षाले गर्दा वानरादि वीरहरुले अति नै दुःख पाए। वानरहरुको त्यो दुर्दशा देखेर रघुपति अगाडि सर्नुभयो र अनेक तरहले लड्नु भयो, लड्दा रावण रथमा थियो, उहाँ खाली जमिनमा हुनुहुन्थ्यो, त्यसले गर्दा उहाँका लागि इन्द्रले एक अत्यन्त राम्रो रथ पठाइ दिए। अनि मातली नाम गरेका सारथी रथ लिई श्रीराम हुनु भएको ठाउँमा आएर हात जोरी विन्ति गरे- "हे नाथ ! इन्द्रका हुकुमले रथ लिई आएँ, यसैमा चढ्नु हवस्" उसको विन्ति सुनेर सीताका पति श्रीराम पनि रथलाई परिक्रमा

गरी रथमा चढ्नु भयो । त्यसपछि घनघोरको लडाई भयो, जुन वाण रावण छोड्छ, त्यही वाण श्रीराम काट्नु हुन्छ। यसरी उसले छोड़ेका सम्पूर्ण शस्त्र अस्त्र श्रीरामले काट्नु भयो, त्यसपछि रावणले राक्षसास्त्र हान्यो, त्यसरी रावणले हानेको वाण जति सबै सर्पको रुप भएर खसे अनि रघुनाथले हान्नु भएका वाण गरुड भई खसे। त्यसरी सर्प भई खसेकालाई गरुडले समाती टुक्रा टुक्रा पार्‍यो, त्यही बेला फेरी उसले रामका अगाडि वाणको वर्षा गर्‍यो, त्यसले श्रीरामलाई केही धक्का दियो, मातलीलाई लाग्यो फेरि पनि केतु (ध्वजा) खसाल्यो।

जब रावणले रथको घोडालाई वाण हान्न लाग्यो त्यसपछि देवता, पितृ र ऋषिगण आश्चर्य भई दुःख प्रकट गर्न लागे, रघुनाथ पनि अनेक लीला गरी दुःखी जस्तो हुनुभयो, त्यसले गर्दा वानरका फौज र विभीषण समेत डराए। त्यसैबेला वीस हात र दश टाउको भएको रावण मैनाक पर्वत जस्तो ठूलो भई रामका नजिकै गएर लड्न लाग्यो त्यो देखेर श्रीराम रिसले आगो जस्तो भई दश टाउके रावणलाई मार्न तुरुन्तै धनु वाण लिनुभयो। श्रीरामले कालाग्नी जस्तो भई ठूलो रुप लिनु भयो अनि रामको ठूलो रुप देखेर पृथ्वी काम्न लागिन, रावण पनि मन मनै डरायो, अनेकौ प्रकारका उल्काहरु देखिन लागे र सम्पूर्ण लोक अब श्रीरामले के गर्नु हुन्छ भनी डराउन लागे। उता देवताहरु आकाशमा बसेर रावण कसरी मर्छ भनी तमासा हेर्न लागे। त्यसपछि राम र रावणको बीचमा ठूलो युद्ध भयो यति ठूलो युद्ध भयो कि रात र दिनको उज्यालो देख्न नपाउँदै धेरै समय बित्यो। राम र रावणको त्यो घनघोर युद्धको उदाहरण नै रहेन "रामं रावणयो र्युद्धं रामरावण योश्वि"

श्रीरामले रावणको टाउको काट्नलाई जति वाण छोड्नु हुन्थ्यो तालमा परेको फल जसरी पानीमा उत्रिन्छ त्यसै गरी पृथ्वीमा शीर खस्दैनथ्यो, त्यसरी एक हत्तर सय चोटी वाण हानी उसको टाउको खसाल्नु हुन्थ्यो फेरी गई जस्ताको तस्तै भई जोडिन्थ्यो, यो देखेर श्रीराम आज के भयो भनी

आश्चर्यमा पर्नुभयो। उहाँले मनमनै सोच्नु भयो जुन वाण हान्दा ठूला दैत्य र ठूला ठूला वीर मारिन्थे भने आज त्यही वाण हान्दा रावण मर्दैन, वाणले शिर काट्छ भैंमा खस्छ फेरि गएर जोडिन्छ यो के भयो, कसो गरुँ भनी चिन्तित हुनुभयो। जब रघुनाथ यसरी चिन्तित हुनु भयो, त्यसपछि उहाँको अगाडि विभीषण गए त्यसको कारण विन्ति गरे- "हे रघुनाथ ! यसको शिर खसे पनि उम्रियुन भन्ने ब्रम्हाको वरदान छ" फेरि उसको नाइटोमा अमृत पनि छ। त्यसकारण यो रावण शिर काटे पनि मर्दैन। फेरि विभीषण रामलाई भन्छन्- "त्यो नाइटोमा रहेको अमृत सबै सोस्नुहवस अमृत सुकेपछि यो मर्छ" हात जोरेर जब विभीषणले भित्री कुरा बताए अनि श्रीरामले तुरुन्तै अग्नि वाण हानी नाइटोको अमृत जति सोसिदिनु भयो। त्यसपछि ऊ यो विभीषण अर्ती दिइरहेछ भनी रिसाएर शक्ति लिई विभीषणलाई ताकेर हान्यो, अनि श्रीर ामले शक्ति र उसको नौ शिर काटिदिनुभयो। त्यसपछि ऊ एक सिरको मात्र भयो अनि विभिन्न किसिमका शस्त्र लिई रामसँग लड्न थाल्यो। त्यसैबेला मातलीले अगाडि आएर बिन्ति गरे- "हे राम ! यो रावण फेरी अझ लड्छ भने मर्म ताकि ब्रम्हास्त्र हान्नुहोस्, यसलाई मार्ने उपाय यही हो नत्र यो जति काटेपनि मर्दैन।"

मातलीको यस्तो विन्ति सुनेर श्रीरामले तुरुन्तै एउटा वाण लिनुभयो, जुन वाणमा अग्नि, वायु, सूर्य र लोकपाल बसेका थिए, त्यस वाणलाई वेद विद्याले मन्त्रनु भयो र धनुमा त्यही वाण राख्नु भयो, यो देखेर प्राणीहरु पनि डराए अनि पृथ्वी पनि हल्लिन्। त्यसपछि उहाँले यो मरोस् भनी रावणको छाती ताकेर वाण हान्नु भयो, जुन वाणले रावण मऱ्यो, बाँकी रहेका राक्षसहरु भागे। त्यसपछि रघुनाथको जित भयो भनेर सबै खुशी भए। त्यही बेला रामको जित भएको उपलक्षमा नगराहरु बज्न थाले, पुष्पवृष्टि भयो। अप्सराहरु नाच्न थाले, ऋषिहरु खुशी भए र सम्पूर्णको पिर ताप नाश भयो। अनि रावणको शरीरबाट सूर्यको जस्तो तेज निस्कियो र श्रीरामचन्द्रजीमा गएर समाहीत भयो।

विष्णुको रिस गर्ने, अर्काकी श्रीमतीमा रमाउने, ब्राम्हणलाई मार्ने त्यस्तो पापीको तेज पनि कसरी श्रीरामचन्द्रजीमा मिल्यो भनी देवताहरु कुरा गर्दै थिए, त्यही बेला त्यहाँ नारदजी पुगे नारजीसँग उनीहरुले सोधे- "कसरी त्यस्तो पापी रावण श्रीराममा मिल्यो ?" देवताहरुले सोधे पछि नारदजी भन्छन्- "देवगण हो ! म साँचो कुरा बताउँछु कि उसले सीताका पति श्रीरामको अति नैं ध्यान गरेको हुँदा सजिलै सँग संसाररुपी सागर तऱ्यो। उनी फेरि भन्छन्- "भक्तिले, डरले अथवा कुनै पनि प्रकारले श्री सीतारामको ध्यान गऱ्यो भने संसार पार तरिन्छ।"

अनेक लिला गरी हातमा धनु लिएर चारै तिर वाणको वर्षा गरी रावणलाई मार्ने कोटी सूर्यका जस्ता तेंज भएका यस्ता जगतका मालिक श्रीहरिले हाम्रा सम्पूर्ण दुःख र पाप नाश गरुन्। पृथ्वीको भार भएको रावणलाई मारिसके पछि सुग्रिव, विभीषण, लक्ष्मण, अङ्गद, जाम्ववान र हनुमान आदि वीरहरुलाई श्रीरामबाट हुकुम भयो- "तिमीहरुका कृपाले रावणलाई मारें, त्यसले गर्दा तिमीहरुको कीर्ति तीनै लोकमा फैलिई रहने छ।"

रावणका रानीहरु त्यहाँ आएर विलाप गर्न लागे, विभीषण पनि दाजु विते भनी भूमिमा लडि रुन थाले। यसले गर्दा श्रीरामले लक्ष्मणलाई हुकुम दिनुभयो- "तिमी सबैलाई सम्झाउ र विभीषणलाई दाजुको क्रिया गर्न लगाउ।" श्रीरामबाट यस्तो हुकुम पाएपछि सम्झाउन भनी लक्ष्मण तुरुन्तै गएर विभीषणलाई सम्झाउन लागे- "अहो विभीषण ! तिमी केही नजाने जस्तो गरी खाली भूमिमा परी अनेक तरहका विलाप नगर, तिम्रो अघिल्लो जन्ममा यो रावण कोही थिएन, अहिले पो तिम्रो दाजु भयो, फेरी अब के हुनुछ।" उनी फेरि भन्छन्- "जसरी बालुवा जम्मा भएर गङ्गामा फर्कन्छन्, त्यसै गरी यी सब मानिसहरु जम्मा हुन्छन् फर्कन्छन्, आफ्नो भन्ने यहाँ कोही पनि छैन।"

उनी फेरि सम्झाउँदै भन्छन्- "ज्ञानी बन यो संसार झूटो छ, यो सब बुझेर श्री रघुनाथको ध्यान गर, तिमी भाग्यमानी रहेछौं, यो कुरा बुझेर राज्य गर, मानिसका जीवनमा राम्रा नराम्रा जे जस्ता कुरा आउँछन् ती सबै सहु विधिपूर्वक आफ्ना दाज्यूको क्रिया गर, उनका रानीहरु रोइ रहेका छन्। तुरुन्तै उनीहरुलाई सम्झाउ किन कि श्रीरामको यस्तै हुकुम छ भन्दै उनले राम्ररी बुझाए" जब विभीषणले लक्ष्मणको कुरा सुने त्यसपछि उनी तुरुन्तै उठे र श्रीरघुनाथ हुनु भएको ठाउँमा विन्ति गर्न भनी गए। अनि उनले हात जोरी श्रीरामलाई विन्ति गरे- "हे राम ! तपाईबाट आज्ञा भयो कबुल गरें, हे भगवान ! मलाई शङ्का लागेको हुँदा सत्य कुरा विन्ति गर्छु भनी उनी फेरी भन्छन्- "हे राम ! यो रावण अर्काकी श्रीमती हरण गर्ने क्रूर हो, यो क्रीया गर्नको लागि योग्य छैन" विभीषणको यस्तो विन्ति सुनेर उहाँ खुशी हुनु भयो र भन्नु भयो- "बाँचुन्जेल शत्रुसँग रिस हुन्छ तर मरे पछि हुँदैन, त्यसकारण रिस नगर, मेरो त रिस शान्त भयो, उसका रानीहरु रुन्छन्, उनीहरुलाई बुझाउ र विधिपूर्वक क्रीया गर, अहिले तिमीले यही गर्नुपर्छ क्रीयाको समय यही हो।"

श्रीरामको यस्तो हुकुम सुनी विभीषण रानीहरुलाई सम्झाउन भनी तुरुन्तै गए र उनीहरुलाई सम्झाई विधिपूर्वक क्रीया सकी उनीहरुलाई घरमा पठाएर श्रीराम हुनु भएको ठाउँमा गए। विभीषणसँग रघुनाथ पनि अत्यन्त खुशी हुनु भयो। मातली पनि रामसँग विदा भई इन्द्र कहाँ गए। त्यसपछि रघुनाथले लक्ष्मणलाई हुकुम दिनु भयो- "पहिले मैले विभीषणलाई राज्याभिषेक दिएँ, अब अहिले तिमीले पनि विभीषणलाई गद्दिमा राखेर अभिषेक देऊ।"

विभीषणलाई गद्दिमा राखी अभिषेक देऊ भनी श्रीरामबाट हुकुम हुना साथ लक्ष्मणले पनि उनलाई गद्दिमा राखी अभिषेक दिए। लक्ष्मणले गद्दिमा उनलाई राखेर पुनः आफ्नै साथमा लिई रामचन्द्रजी हुनु भएको ठाउँमा गए र सब कुरा रघुनाथलाई विन्ति गरे। त्यसपछि रघुनाथ पनि आफ्नो प्रतिज्ञा पूरा भयो भनी खुशी हुनु भयो, यो सब कुरा तिम्रै कृपाले भयो भनि सुग्रिवको

सहाना गर्नुभयो । अनि हनुमानलाई भन्नु भयो- "हे हनुमान ! विभीषणजी सँग सोधेर सीता भएको ठाउँमा जाऊ र सबै कुरा बताऊ, कुरा सुने पछि सीता खुशी हुन्छिन्, उनी खुशी भएर जे भन्छिन् त्यो कुरा तुरुन्तै यहाँ आएर सुनाउ ।" यस्तो हुकुम सुनेरविभीषणलाई सोधी हनुमान सीता बसेको रुखमुनि पुगी पाउमा परे अनि सीताले हनुमानलाई राम्रो सँग हेरिन् ।

जब सीताले हनुमानलाई चिनिन् उनी अत्यन्त खुशी भइन् त्यसपछि हनुमानले सीतालाई श्रीरामजीको बारे सम्पूर्ण कुरा विन्ति गरे । माता पनि अत्यन्त खुशी भएर भनिन्- हे हनुमान् ! तिमीले मलाई अत्यन्त खुशी पार्‍यौ त्यसकारण तिमीलाई के दिउँ ?"

सीता फेरी उनलाई भन्छिन्- "तिम्रो बोली नै अति प्यारो छ, त्यस्तो प्यारो बोलीको दाँजोमा रत्नादिका हार पनि पुग्न सक्दैनन्, त्यसकारण तिमीलाई दिने जस्तो ठूलो चीज म सँग छैन" उनका कुरा सुनेर हनुमानले तुरुन्तै विन्ति गरे- "श्रीराम नै जगतका मालिक हुनुहुन्छ, उहाँ खुशी भएपछि म त विना धनदौलत त्यसै खुशी छु ।" उनको यस्तो कुरा सुनेर सीताले खुशी भई भनित्- "म रामको दर्शन गर्छु, यो कुरा उहाँलाई गएर विन्ति गर ।" सीताका यस्ता कुरा सुनी हनुमान राम भएको ठाउँमा गएर माताले भन्नु भएको कुरा विन्ति गरे ।

जब हनुमानले सीता दर्शन गर्न खोज्छिन् भन्ने कुरा विन्ति गरे, त्यसपछि श्ररिामले सीता विभीषणको साथमा आउन् भनी भन्नु भयो र उनलाई पनि भन्नु भयो- "तिमी गएर सीताजीलाई नुहाउन लगाई विभिन्न प्रकारका गहना पहिरिएर भेट्न आउन भन ।" हुकुम पाई हनुमानलाई साथमा लिई विभीषण गए, उनलाई नुहाउन लगाई सफा कपडा र गहना लगाउन दिए । त्यसपछि सीतालाई डोलीमा चढाई खुशी हुँदै विभीषण हिंडे, सीताको दर्शन गर्न भनी वानरहरु आएर घेरे, उनी बसेको डोली रोक्ने ठाउँमा तैनात भई जो बसेका थिए, तिनीहरुले वानरहरुलाई हटाए । त्यहाँ ज्यादै कोलाहल भयो, त्यो

कोलाहल श्रीरामले सुन्नु भयो- "वानरहरुलाई नहटाउ, आमा भन्ने ठानेर हेरेका हुन्छन् र हेरुन् सीता पनि डोलीमा नचढुन् पैदलै हिंडेर आउन्।"

श्रीरामको हुकुम सुनेर माता डोलीबाट और्लिइन् र श्रीरामको पाउमा पर्छु भनी खुशी भएर अगाडि गइन्। त्यसरी सीताले रावणलाई मारी उसको कूलै समेत नाश गर्नको लागि माया रुप लिएकी थिइन्, त्यो काम पूर्ण गरिन्। पहिले उनी अग्निलाई जिम्मा लगाइएको थिइन्, सबै काम पूर्ण भएपछि उनलाई लिने विचार गरी रघुनाथले उनलाई दोष लगाए जस्तो गरी भन्नु भयो- "तिमी यहाँ नजिक नआउ किन कि तिमी अर्काको घरमा बसेकी हौ।" त्यसपछि माताले उहाँलाई विश्वास दिलाउनको लागि लक्ष्मणलाई भनिन्- "हे लक्ष्मण ! अहिले अग्नि बाल म त्यसमा प्रवेश गर्छु, किन कि म सत्यमा रहेछु भने बाँच्छु, यदि असत्यमा रहेछु भने जलेर मर्छु।" जब लक्ष्मणले माताको कुरा सुने त्यसमा रामको पनि सहमति पाएर अग्नि बालि दिए, जसै अग्नि दन्किएर ठूलो भयो। त्यसपछि सीताजी अग्निलाई घुमी रामलाई सम्झि अग्निको नजिकै उभिइन्। अनि उनले देवता ब्राम्हण र रामलाई सम्झि सबका साक्षी तिमी हौ भनी अग्निलाई पुकार्दै भनिन्- "जसरी म श्रीरामको ध्यान गरी रहेकी छु, त्यसै गरी अग्नि शीतल भई मलाई नछोउन्।"

यति भनेर जब सीता अग्निमा प्रवेश गरिन्, अनि सबैले दुःख मानेर विरहका कुरा गर्न लागे। सीताले अग्निमा प्रवेश गरेपछि इन्द्रादि लोकपालहरु र ब्रम्हा, रुद्र आदि अनेकौं देवताहरु त्यहाँ गई श्रीरघुनाथको खूब सँग स्तुति गरे। त्यसपछि अग्निले अनेकौं गहना र वस्त्र पहिरीएकी सीतालाई लिएर रामका चरणमा परी विन्ति गरे- "आज सम्म सीताजीलाई मैले राखि दिएँ, अब काम पूर्ण भयो, सीता लिनुहवस्" भनी सुम्पिदिए। यति भनेर जब सीता रघुनाथलाई सुम्पि दिए, त्यसपछि रघुनाथले खुशी भएर सीताजीलाई अंगीकार गर्नु भयो। श्रीरामले सीताजीलाई काखमा लिएर बस्नु भएको थियो, त्यसैबेला इन्द्रले श्रीरामको स्तुति गरे र सबैले आनन्द माने।

फेरी शिवजीले खुशी हुँदै रामलाई भन्नु भयो- "म त पछि अयोध्यामा आउँछु, अहिले हजुरका पिता राजा दशरथ हजुरको दर्शन गर्न भनी आएका छन् दर्शन दिनुहवस्" शिवको विन्ति सुनी श्रीराम पनि दशरथजी भएको ठाउँमा गई अत्यन्त खुशी हुँदै पाउमा शिर राखी ढोग्नु भयो। दशरथजीले खुशी भएर छोरालाई अङ्कमाल गर्दै मलाई तार्‍यौ भनी विदा दिएर आफु स्वर्गलोक तर्फ जानु भयो।

लडाई हुँदा वानरहरु जति मरेका थिए, ती सबैलाई वचाउन श्रीरामले इन्द्रलाई अमृत वर्षा गर भनी हुकुम दिनुभयो। उहाँबाट यस्तो हुकुम पाएर इन्द्रले जब अमृत वर्षाए, त्यसपछि रामका कृपाले वानरका सबै फौज जुरुक्क उठें। त्यहीबेला विभीषणले रामका पाउमा परी विन्ति गरे- "हे राम ! म तपाईको सेवक हुँ, यो स्नानको समय हो, हजुरले मङ्गल स्नान गर्नुहवस् र मङ्गल स्नान गरिसकेपछि कपडा र गहना पहिरी म माथि दया गरेर आज यहीं बस्नु हवस्" उनको यस्तो विन्ति सुनेर उहाँबाट हुकुम भयो- "स्नान गरेर जाने त हो तर के गरुँ आज भाइ भरत म जस्तै जटा बाँधेर घरमा बसेको छ।

त्यो भाइलाई पर राखेर आज म कसरी स्नान गरुँ, वरु सुग्रिव वीरहरु यहाँ छन्। उनीहरुलाई तिमीले केही सौगात देउ" उहाँको यस्तो हुकुम सुनेर विभीषणजीले रत्नादिको वृष्टि गरी जसले जुन् चीज माग्छ त्यही चीज दिएर सबै फौजलाई सन्तुष्ट पारे। रामले सबै फौजलाई विदा दिनु भयो। वादर फौज पनि आनन्दपूर्वक विदा भए।

श्रीरामचन्द्र पुष्पक विमानमा चढी अयोध्या फर्कनुभयो

संबै काम सकियो, अब यहाँ नबसुँ अयोध्या जाउँ भनी सीता र लक्ष्मणलाई साथमा लिई श्रीराम विमानमा चढ्नु भयो। तर रामसँगै सुग्रिव, अङ्गदजी र विभीषण थिए, उनीहरुलाई पनि जाऊ राज्य गर भनी श्रीरामले विदा दिनुभयो। तर ती सबैले अयोध्या जान्छौं भनी विन्ति गरें, यसरी सबैको

आग्रह देखि खुशी भएर श्रीरामबाट हुकुम भयो- "लौ आएर पुष्पक विमान चढ" त्यति भएपछि सुग्रिव, श्रीहनुमान र अङ्गद पनि पुष्पक विमानमा चढे, आफ्ना मन्त्रीलाई साथमा लिई विभीषण पनि त्यही विमानमा चढे, अनि सुग्रिवका हुकुमले सेनाहरु पनि बसे । श्रीरामहरु बस्नु भएकोले विमान निकै शोभायमान थियो, त्यस शोभा यात्रामा पनि वानरादि वीरहरुले निकै रमाइलो गरे ।

यसरी सबै सेनालाई विमानमा चढाएर श्रीरामले प्रस्थान गर्नको लागि हुकुम दिनु भयो । आकाश मार्ग गरी विमान उड्यो । रघुनाथ चढ्नु भएकोले त्यो विमान पनि निकै शोभायमान देखिन्थ्यो । जब पुष्पक विमान आकाशमा दौडियो उहाँलाई आफु पहिले वनमा जाँदा पृथ्वीमा भएका कुराहरु र घटनाक्रमकरुको सम्झना भयो । पहिले उहाँले जहाँ जे जे काम गर्नु भएको थियो, ती काम सबै खुशी भएर सीतालाई देखाउँदै जानु भयो । फेरी उहाँ भन्नु हुन्छ- "यो लङ्कापुरी हो, त्यहाँ पुग्न गाह्रो छ, जो पायो त्यो जान सक्दैन, त्यो रणभूमि हो, त्यहाँ ठूला ठूला वीरहरु मरे त्यहाँ रावण र कुम्भकर्ण मरे, त्यहाँ लक्ष्मणले इन्द्रजितलाई मारे ।"

फेरी उहाँ भन्नु हुन्छ- "समुन्द्रमा पुल बाँधेर समुन्द्र तरें, शिवको स्थापना गरें, रामेश्वर नाम राखें, चार मन्त्रीलाई लिई विभीषण आएर शरण परे । किष्किन्धा शहर यहीं हो, यसै शहरमा सुग्रिव राजा भए" सीतासँग यति कुरा गरिसकेपछि फेरी श्रीरामले सुग्रिवलाई तारालाई झिकाउ भनी हुकुम दिनुभयो, सुग्रिवले तारालाई झिकाए त्यसपछि तारा सहित रानीहरु जब विमानमा चढे अनि उहाँले सीतालाई बालि लडेको ठाउँ पनि देखाउनु भयो । उहाँ फेरी भन्नुहुन्छ- "सीते ! हेर त्यो पञ्चवटी हो, त्यहाँ धेरै राक्षसहरु मरे, त्यो हामीलाई कृपा गर्ने अगस्ति ऋषिको आश्रम हो, त्यो पल्लापट्टिको आश्रम सुतिष्ण ऋषिको हो, त्यहाँ धेरै ऋषिहरु छन्, त्यो चित्रकूट पर्वत हो, जहाँ भरत हामीलाई भेट्न आएका थिए । जुन आश्रम जमुनाजीका तिरमा छ,

त्यो भारद्वाजको हो, यी अगाडिकी गङ्गा हुन् तिनलाई देख्दा मन नै खुशी हुन्छ, त्यो परको तिमीले देख्छ्यौं नि, तिनी सरयु नदी हुन्, त्यो देखिएको अयोध्या पुरी हो, त्यो पुरीलाई भक्तिपूर्वक निहुरेर प्रणाम गर।"

यसरी उहाँले सीताजीलाई बाटोका सबै जसो कुरा बताउँदै आउँनु भयो। त्यसपछि उहाँहरु भारद्वाज ऋषिको आश्रममा आइपुग्नु भयो, अनि विमानबाट ओर्लिएर ऋषिलाई प्रणाम गर्नु भयो र हात जोरेर सोध्नु भयो- "सबै जना कुशलै होलान्, बृद्ध माताको अवस्था कस्तो छ ? उहाँ जीवितै हुनु हुन्छ होला ? आदि कुरा सोध्नु भयो। त्यसपछि भाइ भरतको बारेमा सोध्नु भयो र भन्नु भयो- "क्यावात भाइ भरत पो हुन् त उनले चौध वर्ष सम्म ब्रत लिई मेरो चिन्ता गरे।" अनि भारद्वाज ऋषि भन्छन्- हे नाथ ! अरु सबै कुशल छन्, तर भरतलाई मात्र आपत विपत छ, किन भने जटा बाँधेका, रुखको बोक्राको लुगा लगाएका छन्, सधैं फलफूल मात्र खान्छन्, गद्दिमा खराउ राखी हजुरलाई जस्तै गरी मान्छन्, त्यति मात्र होइन उनले आफ्नो प्राण नै हजुरमा अर्पण गरेका छन।"

ऋषि फेरी भन्छन- "हजुरले राक्षस मारी भूमिको भार हरण गर्नु भएको छ, त्यो सबै हजुरको प्रसाद हो, यो तत्व मलाई थाहा छ, हजुर ब्रम्ह हुनुहुन्छ, त्यो मैले आज मानेको छु।" उनी फेरी भन्छन्- "लिला गरी हजुरले अवतार लिनुभयो, ब्रम्हादि देवताहरुको पिर ताप हरण गर्नु भयो। जो मानिस यी हजुरको चरित्र खुशी भई गाउँछ, त्यो सजिलैसँग संसाररुपी समुन्द्र पार तर्छ। उनी फेरी भन्छन- "ब्रम्हाजीले भन्नु भएको हुनाले यो रुप धारण गर्नु भयो। रावणादि राक्षसहरुलाई मारी भूमिको भार हरण गर्नुभयो, सबै मानिसको हित हुने काम गर्नु भयो, त्यसले गर्दा चौधै भुवनमा हजुरको कीर्ति फैलिने छ।"

त्यसपछि ऋषिले उहाँको पाउमा परी विन्ति गरे "मेरो कुरालाई आज पवित्र पार्न एक रात यहाँ बस्नुहवस् र भोली मात्र अयोध्यापुरी जानु राम्रो

हुन्छ" यसरी भारद्वाज ऋषिले विन्ति गरे पछि उहाँ त्यो रात त्यहीं आश्रममा बस्नु भयो र ऋषिले उहाँका सैन्यको समेत ठूलो सम्मान गरे र सबैको पीर ताप हट्यो ।

श्रीरामले हनुमानलाई हुकुम दिनु भयो- "हनुमान श्रृङ्गवेरमा जाउ, त्यहाँ मेरा अत्यन्त प्यारा साथी गुह छन्, उनलाई हाम्रो समाचार सुनाउ, त्यसपछि नन्दिग्राममा पुगेर भाइलाई भेटी श्रीराम, लक्ष्मण र सीताजीहरु आएका छन् भन्ने समाचार देउ, अनि मैले जे जति काम गरें त्यो सब कुरा भन र त्यहाँको समाचार लिएर फर्क" श्रीरामको यो हुकुम जब हनुमानले सुने अनि मानिसको रुप लिई गुह कहाँ गई सीताराम आउनु भएको समाचार सुनाए। त्यसपछि उनी सरयु तरी अयोध्या गए, त्यहाँबाट नन्दिग्राम देखियो, उनी त्यहाँ गए, नन्दि ग्राममा पुगे पछि जस्तो फूल सुकेर फुस्रो हुनछ, त्यस्तै जनताको दुर्दशा भएको देख्दा उनलाई साह्रै माया लाग्यो ।

फेरी भरत पनि जटा बाँधेका श्रीरामको अत्यन्त चिन्ता लिने गरेका, रामका खराउलाई मालिक मानेका र हुकुम दिंदा पनि आफुलाई सेवक सम्झने, गेरु बस्त्र लगाएका रामको भजन गर्न कम्मर कसेका, यस्ता भरतलाई देखेर हनुमालले खुशी हूँदै हात जोरी विन्ति गरे- "हे महाराज ! तपाईले जसको चिन्ता गर्नु भएको छ, उहाँ सीताराम आइपुग्नु भयो , मलाई "जा भाइलाई भेट्" भनी हुकुम भयो र म यहाँ आएँ, सीता, लक्ष्मण सहित श्ररिाम कुशल हुनुहुन्छ र उहाँका साथमा वीरहरु पनि छन्" भनी उनले सुनाए। त्यसपछि भरतले खुशी भएर उनलाई अकंमाल गरेर सोधे- "रामको र सुग्रिवको भेट कहाँ भयो ?" अनि हनुमानले उनलाई सबै कुरा बताए ।

त्यसपछि हनुमान भन्छन्- "सीतालाई रावणले हरण गरेछ, अनि रघुनाथ अत्यन्त दुःखी भएर सीतालाई खोज्दै खोज्दै ऋष्यमूकमा जानु भयो, त्यहाँ सुग्रिवसँग भेट भयो, उनीसँग मित पनि लगाउनु भयो, सीता लङ्कामा रहिछिन्, अनि रघुनाथले लङ्कामा गएर ठूलो लडाई गरी रावणादि

राक्षसहरुलाई मार्नुभयो, विभीषणलाई लङ्काको राजा बनाउनु भयो र श्रीराम अयोध्या फर्कनु भयो।"

जब भरतले हनुमानबाट श्रीरघुनाथज्यूको बारेमा सम्पूण कुरा सुने। तत्पश्चात भाइ शत्रुध्नलाई बोलाएर हुकुम दिए "हे शत्रुध्न ! शहरको संस्कार अनुशार सबै देवालयमा विभिन्न विधि विद्यानले पूजा गराउ", त्यसपछि लुकेका भूतप्रेत, थुनिएका मानिसहरु आदि सबै निस्किउन र जो छन् ती सबै रघुनाथ आउनु भएको ठाउँमा जाउन् फेरि मन्त्रीहरु पनि धेरै फौज लिएर श्रीमती सहित जाउन् जादाँ ब्राम्हाणलाई अगाडि लगाएर हिंडुन्। भरतको यस्तो हुकुम पाए पछि हातमा भेटी लिएर हर्षका साथ लस्कर हिंड्यो।

अयोध्या पुगेर श्रीरामचन्द्रको राज्याभिषेक

त्यसपछि भरत श्रीरामचन्द्रजीको खराउ शिरमा राखी भाइलाई साथमा लिई पैदल हिंडेर गए। जब रघुनाथ चढेको विमान चन्द्रमा जस्तो गरी देखियो अनि हनुमानले श्रीरामको विमान यही हो भनी देखाए सबैले किर्तन गर्दै घोडामा, रथमा बसेका जति सबै तल ओर्लिए तल ओर्लन नपाउँदै श्रीरामको दर्शन सबैले पाए, भरतले अत्यन्त हर्षित हुँदै टाढैबाट प्रणाम गरें।

श्रीरामले भाइ भरतलाई तल ओर्लिएर विमानमा राख्नु भयो, भरतले तुरुन्तै साष्टाङ्ग दण्डवत् गेरे। त्यसपछि रामले भरतलाई काखमा राख्नु भयो, अत्यन्त खुशी भएर भरत पनि सीताजीलाई दण्डवत गरुँ भनी अगाडि गए। त्यसपछि उनले भने- "स्वामिनि ! म भरत हुँ" भनी पुकार्दै सीताका पाउमा परे यी भाइले ठूलो काम गरे भनी लक्ष्मणलाई पनि प्रणाम गरे र सुग्रिवादि वीरहरुलाई पनि अङ्कमाल गरी खुशी पारे। त्यसपछि सुग्रिवादि जति वानरहरु थिए, ती सबै मानिस जस्तो भई आफ्नो कुशलता बताउनुका साथै भरतको कुशलता बारे प्रश्न गरे। त्यसपछि भरतले सुग्रिवलाई भने- "श्रीराम प्रति यहाँको मायाँले गर्दा सबै शत्रु मारिए, पहिले हामी चार भाइ थियौं, अब पाँच भाइ भयौं, भाइको जस्तो मद्धत तपाईको नहुँदो होत राक्षसलाई जित्न

सकिदैनथ्यो" भनी यस्तो किसिमको मायालु कुरा सुग्रिव भएको ठाउँमा गएर भरतले गरे। त्यसपछि शत्रुघ्न खुशी भएर श्रीराम चन्द्रजीका पाउमा परे।

त्यसपछि फेरी शत्रुघ्नले लक्ष्मणजीलाई दण्डवत् गरी सीताजीका पाउमा परेर "करुणानिधान सेवक हुँ" भनी विन्ति गरे। भरतले श्रीरामचन्द्रजीका खराउ शिरमा राखी लिएर गएका थिए, त्यो उहाँको पाउमा लगाइदिए। त्यसपछि उनले उहाँलाई हातजोरी विन्ति गर्दै भने- "यो गद्दि मैले हजुरको नाशो लिएको थिएँ अब लिई बक्सियोस्" भन्दै खराउ सुम्पि दिए। भरत फेरी भन्छन्- "दयानिधान ! हजुरको सेवामा ढुकुटीमा पनि अन्न र धन गरी दश खण्ड बढाएर राखेको छु" भरत खुशी भएर उहाँ श्रीरामको अगाडि यस्तो विन्ति गरे। त्यसपछि उहाँ श्रीराम प्रतिको भरतजीको भक्ति देखेर त्यहाँ भएका सबै रोए। जब श्रीराम नन्दिग्राम पुग्नु भयो अनि पुष्पक विमानलाई कुबेर कहाँ जा भनी विदा पनि दिनुभयो।

श्रीरघुनाथले गुरु वशिष्ठलाई नमस्कार गरी बस्नको लागि आसन दिनुभयो र गुरुलाई आसनमा राखी आफू उहाँको नजिकै बस्नु भयो अनि रामको दर्शन पाएर त्यहाँ भएका सबैको दुःख नाश भयो। कैकेयी र भरत मिलेर रामका पाउमा परेर हातजोरी विन्ति गर्दै राज्य अर्पण गरे। त्यसरी जसले एक दृष्टि दिदाँ सजिलैसँग सबै ब्रम्हाण्ड हरिन्छन्, इन्द्रको ऐश्वर्य पनि एक क्षणमा तयार गर्दछन्, यस्ता शुद्ध अनन्त सुख रुप भएका ब्रम्हस्वरुपले राज्य लिनुपर्ने थिएन तर पनि उनीहरुलाई खुशी पार्नको लागि राज्य लिनु भयो।

पहिले शिरको जटा काटी सफा गरी भरतादिले स्नान गरे, त्यसैगरी सीतापतिले पनि स्नान गर्नुभयो, त्यसपछि उहाँ कपडा, माला चन्दन आदि पहिरी आसनमा बस्नुभयो जसरी रामको स्नान भयो, त्यसैगरी सीताको पनि उहाँसँगै स्नान भएकोले सबैको पीर ताप हट्यो। सीताराम रथमा सवारी हुनु भयो, सुग्रिव र विभीषण पनि उहाँसँगै थिए। अरु त्यहाँ भएका जो जति थिए,

तिनीहरु सबै हात्ती र घोडामा सवार भए। रामका रथ चलाउने सारथी भरत भए शत्रुघ्नले सेतो छाता लिए, लक्ष्मणले पङ्खा लिए, सुग्रिवले उहाँको चमर लिए र अर्को चमर विभीषणले लिए, त्यो देखेर सबै खुशी थिए।

मानिसहरुको त वयान गरी साध्य छैन, देवताहरुले पनि रामको किर्तन गरी बजाएको भेरी, शङ्ख, मृदङ्ग, नगरा आदिको मधूर ध्वनि सुनिन लाग्यो, त्यसैबेलामा श्रीरामको रथ कुदयो। जब श्रीराम अयोध्या पुरी पुग्नुभयो, त्यहीबेला पुरवासीहरु उहाँको दर्शन गर्न भनी बालक, बृद्धा सबै घर बाहिर निस्किए। त्यसपछि उनीहरुले पिताम्बर लगाएका, शिरमा, किरीट, शरीरमा गहना लगाएका स्यामवर्णका अति राम्रा श्रीरघुनाथलाई रथमा देखे। आँखा रातो, विशाल शरीर, असल मोतिका हार लगाएका चन्दन र फूलले शोभायमान हुनुभएको त्यस्तो सीताराम शहरमा आउनु भयो भन्ने कुरा त्यहाँका महिलाहरुले सुनेर घरको काम छोडी कोही घर माथि कोही अटालीमा चढी लावा फूल वर्षाउँदै खुशी भएर श्रीरामको दर्शन गरे। जब उनीहरुले श्रीरामको मोहनी रुप देखे खुशी भएर मनमनै अङ्कमाल गरे। त्यसपछि रामचन्द्र मुसु मुसु हाँस्दै प्रजाहरुलाई हेर्दै जहाँ दशरथ बस्दथे उहीँ जाउँ भनी दरवातिर जानु भयो, उहाँ पूगेर माता कौशल्यालाई नमस्कार गर्नु भयो। आफ्ना मित सुग्रिव बस्ने ठाउँको इन्तज़ाम भयो।

उहाँले भरतलाई भन्नु भयो- "भाइ ! पहिले म जहाँ बस्थेँ त्यहीँ सुग्रिवलाई राख, अनि अरु सबैलाई सुविधा संपन्न घरको बन्दोबस्त गर" उहाँको यस्तो हुकुम सुनेर भरतले सोही बमोजिम गरे, यसरी सबैको बस्ने ठाउँको बन्दोवस्त भएपछि सबैले आनन्द माने। अब श्रीरघुनाथ आफैं हुकुम गर्नुहवस् भन्ने विचार गरी भरतले सुग्रिवलाई अह्राए- "हे सुग्रिव ! को को वीर छन् तिनीहरुलाई समुद्रको चारैतिर गई कलशमा जल ल्याउन लगाउनु हवस्, किन भने श्रीरामचन्द्रजीलाई राज्याभिषेक गर्नेबेला भयो" भरतको यस्तो मर्जि सुनेर जाम्बवान, हनुमान, अङ्गद र सुषेण चार जनाले समुद्रमा गई जल

ल्याइदिए । त्यो जल लिएर भरतजी गुरु वशिष्ठको अगाडि गई यो चार समुन्द्रको जल हो भनी विन्ति गरे ।

उनी फेरि हात जोरी विन्ति गर्छन्- "यो जल हजुरले छर्किएर श्रीरामचन्द्रजीलाई राज्याभिषेक दिनुहवस् ।" भरतको यस्तो विन्ति सुनेर गुरुले श्रीरामचन्द्रजलीलाई सिंहासनमा राखी गौतम, वाल्मिकी, वामदेव र जावालि आदि ऋषिहरु समेत भई गुरु वशिष्ठले अभिषेक दिए । त्यसपछि कन्या, ब्राम्हण आदिले पनि तुलसीदल हालेर मन्त्रोच्चारण गरी कुशले श्रीरामलाई शुद्ध जल छर्किदिए । अनि शत्रुध्नले श्रीरामको सेतो छाता लिए, सुग्रिव र विभीषण खुशी भएर चमरले हम्कि दिए ।

फेरि वायुले उहाँलाई सफा माला दिए भने इन्द्रले हार दिए । यसरी सीतारामले पहिरिउन् भनी विभिन्न रत्नहरुको थुप्रो लाग्यो । अनि देवताहरु गाउन लागे, अप्सराहरु नाच्न लागे, नगराहरु बजन थाले, पुष्पवृष्टि भयो, सबै खुशी भए । गम्भिर मुहार स्यामवर्ण भएका शिरमा किरीट, माला लगाएका पिताम्बर धारण गरेको कामदेव जस्ता सुन्दर रुप, बाँया तिर सीतालाई राखी सिंहासनमा बसी रामचन्द्र प्रजालाई हेर्न लाग्नु भएको थियो, त्यसैबेला दर्शन गर्न भनी पार्वतीलाई साथमा लिई महादेव आउनु भयो । डमरुको डम डम शब्द आयो, महादेव आउनु भयो भनी नन्दी, भृङ्गी, ताल वेतालहरु नाच्न लागे, महादेवका पछि सम्पूर्ण देवताहरु आई हाजिर भएर श्रीरामको स्तुति गरी सबै तुरुन्तै फर्किएर गए । जब सकल गुणले युक्त राम राजा हुनु भयो, सीता र लक्ष्मण सहित हुँदा झन शोभा बढ्यो, बाजा बज्न लाग्यो, ऋषिगण स्तुति गर्न लागे, देवताहरु पाउ पर्न लागे, पुष्पवृष्टि हुन लाग्यो, सबै प्राणी खुशी भए ।

रघुनाथ राजा भएपछि पृथ्वीमा अन्न बाली निकै सप्रियो, जुन फूलमा गन्ध थिएन, त्यसमा सुगन्ध बढ्यो । त्यसबेला रघुनाथले गाई, साँढे दान गर्नुको साथै तीस कोटी सुन दान गर्नुभयो । त्यतिमात्र होइन गहना कपडाको साथै रत्न दान पनि गर्नु भयो । त्यसरी रघुनाथले ब्राम्हणलाई दान दिई खुशी पार्नु

भयो र सुग्रिवलाई पनि सूर्य समानको माला दिनु भयो । निकै इज्जत गरी अङ्गदजीलाई पनि वाजु दिनु भयो, अमूल्य हार सीताजीलाई दिनुभयो । त्यसपछि सीताले त्यो हार हनुमानलाई दिने विचार गरी हातमा लिइन र श्रीरामले के भन्नु हुन्छ भनी उहाँको मुखमा हेरिन् । त्यसपछि उहाँले भन्नु भयो- "जसलाई दिन मन छ देउ" जब पतिबाट यस्तो हुकुम भएथ्यो अनि उनले त्यो हार उनका प्यारा हनुमानलाई दिइन् । यसले गर्दा हनुमानको दज्रनै बढ्यो ।

त्यसमा पनि श्रीरामले हनुमानलाई भन्नु भयो- "के बरदान माग्छौं माग त्यो म दिन्छु ।" उहाँको त्यस्तो हुकुम सुनी खुशी भएर हनुमानले अगाडि सरी हात जोरेर विन्ति गरे- "हे मालिक ! जब सम्म यो जगतमा हजुरको नाम लिन्छन्, तब सम्म हजुरको नाम सुन्नलाई म बाचुँ ।" उनी फेरी भन्छन्- "हे मालिक ! हजुरको नाम सम्झँदा मलाई आनन्द लाग्छ, हे महाराज ! त्यस्तो आनन्द मलाई कतै मिलेन त्यो कहिले पनि नछुटोस् ।"

उनको यस्तो विन्ति सुनेर उहाँबाट हुकुम भयो- "लौ हुन्छ" त्यसपछि फेरि हुकुम भयो- "जब कल्प वित्ला त्यो वितेपछि तिमी मुक्त हुनेछौ ।" रघुनाथबाट यस्तो हुकुम भएपछि फेरि जानकीले पनि भनिन्- "हनुमान ! जुन जुन सुख भोगहरु छन् ती सबै तिम्रा वशमा रहुँन् ।" जब उहाँबाट यति अर्शिवाद पाए पछि आनन्दाश्रु बगाउँदै हनुमान विदा भए र तप गर्न भनी हिमालयमा गए । त्यसपछि फेरि श्रीराम गुहका अगाडि जानुभयो र हुकुम दिनुभयो- "लौ घर जाउ ! मलाई सम्झेर घरमा बसिरहु ।" उहाँ फेरी भन्नु हुन्छ- "यो भाग्य ठूलो छ, भोग नगरी केही गरे पनि यो टर्दैन पछि तिमी मुक्त भई संसार तर्ने छौं ।" यति भनेर उहाँ आफ्ना भक्त गुहको नजिकै जानु भयो । अङ्कमाल गरी राज्य समेत थपेर गहना दिनुभयो । त्यसपछि उहाँले गुहलाई तत्वज्ञान पनि त्यहीं दिनुभयो अनि उहाँबाट विदा भई गुहजी घरमा गएर रामलाई सम्झिएर बसे । यसैगरी सुग्रिव र विभीषण पनि त्यहाँबाट विदा भए लक्ष्मणलाई सेवक बनाएर राखी रामले राज्य गर्नु भयो ।

यसरी आत्मा स्वरुप भएका कर्मका अधिपति श्री राम कर्ता भएर लोकलाई उपदेश दिदैं अश्वमेघ यज्ञ जस्ता ठूला ठूला यज्ञ पनि गर्न बाँकी नराखी सबै संपन्न गर्नु भयो । जब राम राजा हुनु भयो, प्रजा खुशी भए, उनीहरुलाई पहिले परेका अनेकौं पीर ताप सबै छुट्यो, अब कुनै विधवा विलाप गर्दैनन् देशमा रोग व्याधी लाग्दैन, चोर, डाँका हराए दुनियाको सर्म्पूण पीर ताप छुट्यो देशमा बुढो बाँच्ने र बालक मर्ने जस्ता उल्टा काम भएन, उहाँले प्रजालाई छोरा छोरी जस्तै गरी पाल्नु भयो, जसले गर्दा प्रजाको सम्पूर्ण पीर ताप हट्यो, मानिसहरु रघुनाथको भजन गर्छन् समयमा नै पानी पर्छ, वर्णाश्रम अनुशार धर्म गर्छन्, दुःख भन्ने कहीं छैन यसरी सुखै सुखले सबैको दिन बित्यो ।

श्रीरामले राम्रो सँग अयुत वर्ष (दश हज्जार वर्ष) राज्य चलाउनु भएकोले सम्पूर्ण दुनियाँहरुको सबै सन्ताप छुट्यो भनी भगवान शंकरले पार्वतीलाई राम कथा बताउनु भयो । त्यसपछि उहाँ फेरी भन्नु हुन्छ- 'जसले **यो रामायण कथा सुनि रहन्छ,उसको सबै पाप नाश हुन्छ ।' श्रीरामको यति कथा जसले भन्छ, त्यो सम्पूर्ण योकले परिपूर्ण हुन्छ, धन छोरा राज्यहरु केहीको पनि कमी हुँदैन, पाप नाश गर्ने मुख्य धर्म यही हो ।**

जसका छोरा छोरी जन्मन्छन् तर मर्छन् भने त्यस्ता स्त्रीहरुले रामायण सुनेमा पछिका सन्तान बाँच्छन्, सन्तान नहुने स्त्रीले यदि रामायण सुन्छे भने श्रीरामका कृपाले उसका असल सन्तान जन्मन्छन् । रामायण सुन्नाले रोग व्याधि अनेक दुःखबाट छुट्कारा पाइन्छ । श्रीरामको यति कथा जसले सुन्छ उ देखि सबै देवता खुशी हुन्छन्, उसका सबै विघ्नबाधा नष्ट हुन्छन्, सबै मानिसले आएर उसलाई मान्छन्, रोग व्याधिले छुँदैन, दुःख नाश हुन्छ, धन धान्य र सन्तानले परिर्पूण हुन्छ, इष्टमित्र बढ्छन्, कुटुम्बहरुले मान्छन्, यस्ता राम्रा कुराको बयान नै गरि साध्य छैन । जसले श्रीराममा मन दिन्छ, रामको भजन गर्छ, त्यो मुक्त भई संसार तर्छ ।

भगवान शंकरले स्वयं चारै वेद मन्थन गर्नु भयो तर श्रीरामको नाम सरीको अर्को तत्व पाउनु भएन. त्यसैले गर्दा रामायणलाई नै प्यारो गरी उहाँले लिनु भयो र त्यहि रामायण तत्व पार्वतीलाई अध्यात्म रुपले दिनु भयो । जसले यो राम कथा प्रेमपूर्वक सुन्छ. सजिलै सँग संसार तरेर जान्छ ।

श्री युद्धकाण्ड समाप्त.

रामेश्वर शिव लिङ्ग स्थापना गर्दा रावणले शंकल्प पढेको

सकल मुनि महर्षिको आगमन भयो। आफ्नो कार्य सफताका निमित्त ईष्टदेव भगवान शङ्करजीको स्मरण गर्दै एक उत्तम मन्दिर बनाई, (रामेश्वर) नामक् शिव लिङ्गस्थापना गरी प्राण प्रतिष्ठा गर्ने मुहूर्तमा रामजीमा एक खाश सुविचार स्फुरण हुन गयो। राजा रावण कैकसी राक्षसीको पुत्र हुन् तापनि, ब्रम्हाका कूल, पुलस्त्यका नाति, मुनिः विश्रवाको पुत्र, पनि पक्का हुन्, यिनलाई मार्दा ब्रह्महत्याको पाप लाग्ने बुझिन्छ त्यसैले विद्वान ब्राह्मण रावणको मुख द्वारा वचन लिन पाएमा पाप केही कम हुने थियो भन्ने हेतुले, राजा रावणलाई गुप्ति चालले झिकाउने काम गर भन्दा-भाइ लक्ष्मण प्रशन्न भै उपमार्ग द्वारा लङ्कामा पुगी, राजा रावणलाई खबर गरे। जव राजा रावणले यो कुरा थाहापाई आफ्ना राजभवनको सुवर्णमय, बैठकमा लक्ष्मणलाई लगी स्वर्ण सिंहासनमा विराजमान गराई, राजा रावण सोधनी गर्छन् कुन कार्यले याहाँ पाल्नु भयो, हजुरलाई बारंबार स्वागतम् भन्दा शेष स्वरुप लक्ष्मणजी आज्ञा हुन्छ हे राजन तपाईलाई सागरको तटमा आउनु भन्ने दाई श्री रामज्यूको आज्ञा छ। यो कुरा सुनेर रावण खुशी भै मुनिको भेष धारण गरी लक्ष्मणका साथ गगन मार्ग द्वारा जल निधिको निकट पुगी ऋषिवृन्दका समाज मध्ये विराजिनु भएको राघवेन्द्र सरकारका अगाडि आफ्ना युगल कर जोरी खडा भै रावण विन्ति गर्छन्, हे नाथ मैले याहाँ आउने के काम पर्‍यो भन्दा एक पवित्र आसनमा राखी श्री रामजी आज्ञा हुन्छ, हे राजन् यो पवित्र स्थलमा एक शिव लिङ्ग स्थापना गरियो, यसको प्राण प्रतिष्ठा गर्न तपाईलाई बोलाएको हुँ भन्दा रावणले एकछिन् विचार गरी प्रतिष्ठाको हेतु सोधनी गर्दा राम आज्ञा हुन्छ, यस सागरमा पुल बाँधी लङ्का गै रावणको वध गर्न सकौं भन्ने श्री रामजीको स्वार्थी वचन सुनी राजा रावण भन्छन् के रावण मात्रलाई होकि कूल सहित भन्ने ? रावणको परम चतुरा वचन सुनी मुख कमल मुस्कराई श्री रामजी आज्ञा हुन्छ कूल सहित पनि भन्ने भन्दा रामका कर कमलमा कूश पानी टक्र्याई रावणले सङ्कल्प पूर्ण गरी-मुनिः महर्षि र राम चन्द्रका साथ विदा मागी पुनः आफ्नो दशशीर्गको स्वरुप प्रकट गरी गगन पथ द्वारा लङ्का पुगी बैठकको स्वर्ण सिंहासनमा बसी अब संग्राम रुपी खेलवाट आफ्नो कार्य सफल गर्दछु भन्ने पनि राजा रावणले निश्चित् गरे। उता मुनिः महर्षि इत्यादि सकल सुजनहरुले रामको चतुर्‍याई र रावणको सोधनी बुझ्दा अति आश्चर्य मान्दा भए। कैलाश पुरीमा शङ्करजीका मुखारविन्दबाट श्रीराम रावणको अद्‌भूत चरित्रको यो कौतुक प्रसंग सुन्दा पार्वतीले पनि आश्चर्य मानेकी थिइन्।

- पिउष रामायणवाट

श्री उत्तरकाण्ड

जब पार्वतीले शम्भुका मुख देखि श्रीरामको राज्याभिषेक बारे सुन्नु भयो। अनि उहाँले शिवजीसँग पुन: सोध्नु भयो कि श्रीरामले पृथ्वीमा कति वर्ष राज्य गर्नु भयो ? रघुनाथ राज सिंहासनमा विराजमान हुँदा प्रजाहरु कस्ता थिए ? राम राज्य कस्तो थियो ? रघुनाथ बैकुण्ठधाम कसरी जानु भयो सो मलाई सुन्ने इच्छा छ भनी पार्वतीले शम्भुलाई विन्ति गर्नु भयो। उनको यस्तो विन्ति सुनेर शिवजी खुशी हुनु भई भन्नु हुन्छ- "हे पार्वती ! सुन भनी राम कथा सुनाउँन थाल्नु भयो।

श्रीरामसँग भेट गर्न अगस्ति ऋषिहरुको आगमन र श्रीरामसँग कुराकानी

रावण मारी भूमिको भार हरेर यस लोकमा श्रीरामले कसरी राज्य गर्दैछन् भनी एकदिन दुर्वासा, भृगु, अङ्गिरा, कश्यप, वामदेव, विश्वामित्र असित् र कण्व सहित अत्री आदि ऋषिगण सप्तर्षिहरु र श्री अगस्ति ऋषि समेत श्रीराम रहनु भएको ठाउँमा पुगे। श्रीरामले ऋषिहरुको पूजा अर्चना गर्नुका साथै खुशी भएर बस्नका लागि दिव्य आसन समेत दिनुभयो। श्रीरामले सप्तर्षिहरुलाई कुशल क्षेम सोध्नु भयो। ऋषिहरुले पनि श्रीरामलाई प्रेम पूर्वक सबै विन्ति गर्दै भने- "हे नाथ ! तपाईले ठूलो काम गर्नु भयो, पृथ्वीको ठूलो भार इन्द्रजित थियो। त्यो मऱ्यो, ठूला वीर त रावण र कुम्भकर्ण हुन् तर ती भन्दा पनि इन्द्रजित बलियो थियो। लङ्कामा यी गई दुष्टहरुको नाश गर्नु भयो। लङ्कामा सत्यवादी विभीषण मात्र असल थिए। हजुरले जुन अभयरुपी बचनबद्धता पहिले दिनु भएको थियो सो पूरा गर्न दुष्टलाई मार्नु भयो। अरु कसैले यी दुष्ट राक्षसहरुलाई मार्ने क्षमता राख्तैन थिए। ऋषिहरुका यस्ता कुरा सुनेर श्रीरामले आश्चर्य मानी सोध्नु भयो किन तपाईहरु वीर भनी इन्द्रजितको बढी प्रशंसा गर्नु हुन्छ ? श्रीरामका यस प्रश्न पछि अगस्ति ऋषिले सबै कुरा विस्तार पूर्वक भन्नु भयो।

पूर्वकालमा ब्रम्हाका पुत्र पुलस्त्य तप गर्न भनी सुमेरु पर्वतमा गएका थिए, त्यहीं नजिक राजर्षि तृणविन्दुको आश्रममा बसेर ध्यान गर्न लागे तर त्यस ठाउँमा स्वर्गबाट देवकन्या र गन्धर्व कन्याहरु आएर बाजा बजाई नाँच्न गाउँन थाले, अनि ऋषि पुलस्त्यले आफ्नो तपस्यामा विघ्न पर्ने देखेर भन्नु भयो- "जुन कन्या मेरो पहिलो दृष्टिमा पर्छे उ गर्भिणी होस्" भनी सराप दिए। ऋषिको यो कुरा सुनेर त्यहाँ भएका सबै सुन्दरीहरु भागे तर राजर्षी तृणविन्दुकी पुत्री भागिनन् ऋषिका पहिलो दृष्टि उनैमा पऱ्यो उनी गर्भिणी भइन्। छोरीले आफू गर्भिणी भएको थाहा पाएर डराइन् र अनि पितालाई यो कुरा भनिन्- ऋषिका साँचो बचनले छोरी गर्भिणी भएको सुनी राजर्षितृणविन्दुले छोरी पुलस्त्यलाई सुम्पि दिए र आफू पनि खुशी भए। त्यसपछि तृणविन्दुकी पुत्रीले **विश्रवालाई** जन्म दिइन्। यस्तो खबर थाहा पाई भारद्वाज ऋषिले विश्रवासँग आफ्नी छोरीको विवाह गरि दिए। विश्रवाबाट कुवेर उत्पन्न भए, उनले ब्रम्हालाई रिझाएर धनका मालिक पनि बने। ब्रम्हाले कुरोलाई घुमिफिर गर्न पुष्पक विमान पनि दिनुभयो। त्यसै विमानमा चढेर पिता विश्रवा बस्नु भएको ठाउँमा कुदेर गएर आफ्नो लागि वास मागे, छोरा कुवेरको यस्तो विन्ति सुनेर विश्रवाले लङ्का भन्ने ठाउँमा गएर बस्नु र राज्य गर्नु भन्नु भयो। राक्षसहरुले राज्य गरुन् भनी विश्वकर्माले राम्रो शहर लङ्का बनाई दिएका थिए। विष्णुका डरले राक्षसहरु लङ्का छाडी भागेर पातालमा गएका छन्। अहिले त्यो राज्य गर्न लायक ठाउँ खाली छ, त्यहीं गएर बस भने। पिताका यस्ता कुरा सुनेर कुवेर पनि लङ्कामा गएर बस्न थाले।

एकदिन सुमाली नाम गरेको राक्षस आफ्नी छोरी कैकसीलाई साथ लिएर पातालबाट पृथ्वीको भ्रमण गर्न आयो उनी आएको ठाउँमा कुवेर पुष्पक विमानमा चढेर सयल गर्दथे, यस्तो देखेर उसले कुवेरलाई ठूलो वीर मान्यो र मन मनै भन्यो उनी जस्ता ठूला वीर त हाम्रा कुलमा कोही पनि छैनन्, अनि छोरी कैकसीलाई भन्यो- "हे छोरी ! तिम्रो विवाह गर्ने उमेर भयो, अहिले सम्म कोही वर तिमीलाई माग्न आएनन्, त्यसैले तिमी विश्रवा ऋषि भएको ठाउँमा

गएर हात जोरी आफूलाई दासी ठानेर ऋतुदान गरिदिनुस् भनी माग।" यी कुवेर उनै विश्रवाका पुत्र हुन्, यस्तो कुरा गरेर छोरीलाई विश्रवा ऋषि कहाँ पठायो। अनि कैकसी विश्रवा ऋषि सामु खडा भइन्, केही नबोली भुइं तर्फ हेर्दै जमिन कोर्न थालिन। त्यसपछि विश्रवा ऋषिले कैकसीलाई देखेर सोध्नु भयो- "हे कन्या ! तिमी कहाँबाट आयौ र कसकी छोरी हौ ? मलाई भन उनी लाज मानेर बोल्न सकिनन्। ध्यानैले सब कुरा जान्नु होस् भनी ऋषिलाई विन्ति गरिन्। अनि ऋषिले विचार गरेर थाहा पाई छोरा माग्न आइछ भन्ने बुझे।

तिमीले दारुण बेला (अपठेरो) पारेर ऋतु दान माग्न आयौ अब म दिन्छु भने। तिम्रा ठूला भयानक दुई पुत्र हुनेछन् भनी वरदान दिए, विश्रवाका कुरा सुनेर अब म कसरी त्यस्ता भयानक पुत्र जन्माउँ भनी विचार गरिन्। फेरि कैकसीले विन्ति गरिन्- "हे मुने ! त्यस्ता पुत्र जन्माएर म कसरी मन बुझाएर बस्नु, कैकसीका कुरा सुनेर विश्रवाले भन्नु भयो- तिम्रो तेस्रो पुत्र रामभक्त र बडो बुद्धिमान हुनेछ। त्यसपछि कैकसी खुशी भएर आइन् तर ऋषि भने ध्यानैमा बस्नु भयो। जब कैकसीबाट रावण दश शिर, बीस भुजा भएर जन्मियो अनि पृथ्वी पनि खुब जोडले कामिन, त्यसपछि ठूलो जिउडाल भएको कुम्भकर्णले जन्म लियो, अनि छोरी शुर्पणखा जन्मिइन्। तेस्रो पुत्र विभीषण भए उनी शान्त स्वभाव, शास्त्र सुनेर दिनहरु व्यतित गर्दथे तर कुम्भकर्ण डुलेर खान्थ्यो र सुति मात्र रहन्थ्यो। बहिनी शुर्पणखा दुष्ट स्वभाव भएकी थिई र त्यसले नाकै काटेर गई, रावणको बयान गरेर साध्य छैन उसले आफूलाई नै यहाँ ठूलो ठानेर डर त्रास देखाई तीनै लोकलाई आफ्नो बसमा पाऱ्यो।

एक दिन कुबेर पुष्पक विमान चढेर पितासँग भेट गर्न आए। अनि कैकसीले कुवेरलाई देखेर आफ्ना पुत्र रावण र कुम्भकर्णलाई भनिन्- "हे पुत्र हो ! तिमीले कुवेरलाई देख्यौ, उनी धनका मालिक हुन् र पुष्पक विमान चढेर

सयल गर्छन्। फेरी कैकसीले भनिन्- जस्तो हुन्छ, त्यस्तै प्रयत्न गरेर तिमीहरु सबैका मालिक बन् । रावणले कैकसीका कुरा सुनेर भन्यो- हे माता ! म तपाईले भने जस्तै गरेर बस्छु, यसमा चिन्ता नलिनुहोस् ।

मातका कुरा सुनेर रावणले गोकर्णेश्वरमा गएर तपस्या गर्न थाल्यो। उसका भाई कुम्भकर्ण र विभीषण पनि उसका साथै तप गर्न गएका थिए। कुम्भकर्णले दश हजार वर्ष सम्म तपस्या गऱ्यो। विभीषणले एउटा गोडा मात्र टेकेर तपस्या गर्दा पाँच हजार वर्ष बिताए। रावणको त बयान गरेर साध्य छैन, उसले ज्यादै ठूलो तपस्या गऱ्यो र एकाग्र भएर प्रभुजीको ध्यानमा मन लगायो। जब रावणले तपस्या गरेको दश हजार दिव्य वर्ष वित्यो। उसले होम गरेर आफ्नो शिर चढाउँदै गयो। यस्तो शिर उसले नौ पटक सम्म होम्यो। अनि जब अन्तिम दशौं शिर होमी दिन लाग्दा ब्रम्हा आउँनु भयो र रावणसँग खुशी भएर वरदान माग भन्नु भयो। ब्रम्हाका कुरा सुनेर रावणले खुशी भई भन्यो- "हे नाथ ! म अमर (मृत्यु हीन) बनौं, कुनै पनि वीरले मलाई मार्न नसकोस्, म मनुष्यको त डर मान्दै मान्दिन। अनि ब्रम्हाले "लौ हुन्छ" भनेर मागे बमोजिम वरदान दिनु भयो। फेरी ब्रम्हाले विभीषणका सामु गएर वरदान माग, म तिमीलाई इच्छा अनुसार वर दिन्छु भन्नु भयो। ब्रम्हाका कुरा सुनेर विभीषणले भने- हे नाथ ! धर्ममा मेरो चित्त लागोस्, अधर्ममा कहिल्यै मन नलागेस्। अनि ब्रम्हाले दया गरेर उनलाई कल्पान्त वर्ष सम्म बाँचि रहने चिरञ्जीवि हुने आयु पनि नमागिकनै दिनु भयो। फेरि कुम्भकर्ण भएको ठाउँमा गएर जे वर माग्छौं त्यही दिन्छु भन्नु भयो।

त्यतिबेला वाणी गएर कुम्भकर्णको जिब्रोमा बसिदिइन्। वाणीका मोहले गर्दा उसले होसै विराएर निद्राको (सुती रहने) वर मागेर भन्यो- हे नाथ ! छ महिना निद्रामा रहन पाउँ एक दिन मलाई खानेकुरा चाहिन्छ सो एकदिन मेरो निद्रा टुटोस्। निद्रामा नै मेरौ भोक टरोस् भनेर माग्यो। यस्तो वरदान मागेको सुनेर देवगण पनि खुशी भए जब जिब्रो देखि सरस्वती हटिन् उसले

मनमा खेद मानेर इच्छा ईश्वरकै हो भनी कुम्भकर्णले चित्त बुझायो। त्यसपछि सुमाली नाम गरेको राक्षसले यो खबर सुनेर छिटो छिटो त्यहाँ आएर प्रहस्त जस्ता ठूला वीरका सामुनेमा भन्यो- हे पुत्र रावण ! तिमीले ठूलो काम गर्‍यौ, अघिदेखि हामीलाई विष्णुको डर थियो ती सबै सन्ताप तिमीले हटाई दियौ।

अघि लङ्कामा राक्षसहरु राज्य गर्दथे तर विष्णु गएर छिन्न भिन्न गरी सबै राक्षसहरुलाई धपाए। केही जोर नचलेर हामी भागेर पातालमा गएर बसेका थियौं, आज तिमी वलवान भएको देखेर मैले यो कुरा खोलें। आजकाल लङ्कामा कुवेरले राज्य गर्छन्, तिमीले मागेर हुन्छ या लडेर जुन उपायले गर्न सकिन्छ त्यसै गरी लङ्कालाई आफ्नो अधिनमा लेउ, लङ्का जस्तो शहर अन्त कतै छैन। तिमीलाई थाहा नै छ एउटा राजाको निम्ति राज्यको लागि बन्धु, बान्धव र धर्म भन्ने हुँदैन, यस कुरामा कति पनि सन्देह नगरी लङ्का राज्यलाई आफ्नो अधीनमा गर। रावणले भन्यो- जहाँ सुमालीका पिता समान भएका दाजु कुवेरले राज्य गर्छन्, त्यो ठाउँमा जान्न बरु म अन्तै गएर बस्छु। रावणका कुरा सुनेर प्रहस्तले रावणको मन फिराउन उसलाई विन्ति गर्‍यो। हे नाथ ! कश्यपपुत्र भई द्यौता र दानवहरु समेत लडाई गर्दथे, आज लङ्कामा कुवेर छन् त के भयो, लङ्का शहर आफ्नो अधिनमा गराउनुहोस् भनी विन्ति गर्‍यो र प्रहस्तका कुरा सुनेर प्रभावित भई रावणले 'हुन्छ' भनी मञ्जुर गर्‍यो। राम्रो कुरा गर्‍यो भनी त्रिकुट पर्वतमा लगेर प्रहस्तलाई छोडी कुवेरलाई लङ्काबाट निकालि (लखेटी) पनि दियो। कुवेर लङ्का छोडेर कैलासमा गई तपस्या गर्न लागे, त्यसपछि शिवलाई खुशी तुल्याएर नयाँ शहर पाउँन विन्ति गरे। कुशल विश्वकर्माले अलकापुरी सहर कुवेरका लागि बनाइ दिए। कुबेर जी दश दिकपाल मध्येका एक दिकपाल भएर रहनु भयो।

जब रावण राक्षसहरु लिएर लङ्का शहरमा बस्यो अनि सबैका मनमा सन्ताप बढ्यो, उसले आफ्नी कुरुपा बहिनी कालखञ्ज भन्ने वंशमा पैदा

भएको बिद्युज्जिहबा भन्ने निशाचरलाई ल्याइदियो । द्वितिय पुत्र मय आएर आफ्नी छोरी मन्दोदरीलाई रावणसँग विवाह गरि दियो। रावणले पनि खुशी मानेर मन्दोदरीलाई स्वीकार गऱ्यो। फेरि कुम्भकर्ण वीरको विवाह प्रल्हादकुलको वृत्रज्वालाका साथ भयो। विभीषणलाई पनि शैलुष नाम गरेका गन्धर्व राजले आफ्नी सरमा नाउँ गरेकी सबै लक्षणले युक्त छोरी दिए। रावणको वलवान पुत्र जन्मियो, उ रुँदा मेघ गर्जे जस्तो ठूलो शब्द निस्कने गर्दथ्यो, मेघ समान शब्द गऱ्यो भनी उसको नाम मेघनाद रह्यो। त्यस मेधनाथको वल यति सम्म धेरै छ भनी कसैले पनि आँक्न सकेनन्। कुम्भकर्णले निद्राका सकसमा परेर दाजु रावणलाई भन्यो- हे नाथ ! मलाई निद्रा लागेको छ, म सुत्न जान्छु भन्दा उसलाई सुत्नको लागि गुफा तयार गरी दियो।

रावणले ब्रम्हाका र देवताहरुका धन सम्पत्ति हरण गरी अनेक उपद्रव गर्न लाग्यो, यो कुरा कुवेरले थाहा पाई उपद्रव नगर भन्नका लागि एक चतुरो दूत पठाएका थिए। कुवेरका कुरा सुनेर रावण रिसायो। तुरुन्तै गएर कुवेरको पुष्पक विमान पनि खोसेर लियो। त्यसपछि यम र वरुणलाई जितेर खुशी मानी इन्द्रलाई पनि जित्छु भनी स्वर्ग तर्फ गयो। इन्द्रले एकै चोटी लडि उसलाई पाता कसेर राखे, यो देखेर देवताहरु खुशी भए। फेरि रावणको छोरो मेघनादले बाबुलाई पाता कसेको थाहा पाएर लडाई गरी इन्द्रलाई जितेर रावणलाई फुकाइ इन्द्रलाई लिएर लङ्का फर्कियो। त्यसबेला इन्द्रलाई जित्यो भनी इन्द्रजित भन्ने नाम फैलियो। रावण पुत्र इन्द्रजित द्वारा जितिएर बाँधिएका इन्द्रलाई ब्रम्हाले खबर पाई आफैं गई इन्द्रलाई बन्धन मुक्त पारिदिनु भयो। आफुले भनेको कुरा मानेकाले मेघनादलाई वरदान दिएर खुशी पार्नु भयो। ब्रम्हाजी आफ्नो लोकमा फर्कनु भयो। फेरी रावण सम्पूर्ण जगत जितुँ भनी सङ्ग्राम गर्न तयार भयो र कैलास पर्वत कति ठूलो रहेछ कति गह्रुँगो होला ? भनी पर्वतलाई हातको हतकेलामा लिएर यता उति हल्लाएर तौलन लाग्यो।

कैलास पर्वत हल्लिएर डगमगाएपछि रावणसँग नन्दीस्श्वर रिसाएर तँलाई मानिस र वानर शत्रु भएर सहजैसँग मारुन् भनी सराप दिनु भयो। फेरि कार्तवीर्यसँग लडाई गर्छु भनी गयो, केही जोर नचलेर उनले रावणलाई पाता कसेर राखि दिए। यो कुरा पुलस्त्य ऋषिले थाहा पाएर मेरो नाति हो भनि आएर फुकाउनु भयो र रावणले लाज मानेर शिर झुकायो। फेरि रावणले बालिलाई जित्छु भनी अनेकौं वीर साथमा लिएर लडाई गर्न गयो, बालिले रावणलाई पक्रिएर काखीमा च्यापेर राखे।

उसलाई काखीमा च्यापेर चार समुन्द्र घुमाइ छोडिदिए तब रावण बालीसँग मित लगाउँछु भनेर मित्यारी गरी लाज मानी फर्कियो। यी बाहेक अरु तीनै लोकका वीरलाई रावणले बशमा पार्‍यो। रावण जस्तो वीरहरुलाई मार्नु हुने तपाईं नारायण हुनु हुन्छ, उनै विष्णु भगवानलाई शास्त्रहरुले समेत नारायणै हो भनी कहेका छन्। अघि नारायणका नाभिका कमलदेखि ब्रम्हाजी उत्पन्न हुनु भयो। मुखबाट वाणी सँगै अग्नि निक्लेर गए, बाहु देखि लोकपाल भएर चन्द्र सूर्य उत्पन्न भए आँखाबाट दिशाहरु र कानदेखि शब्द तयार भयो। नसाबाट बैद्य अश्विनी कुमार उत्पन्न भए।

जङ्घा, जानु उरु र जघनबाट भुवर्लोकहरु र कोखादेखि चार समुन्द्र उत्पन्न भए। अनि दुई स्तन देखि इन्द्र र वरुण उत्पन्न भई दुबै दिशाका मालिक बने, रेतबाट बालाखिल्य नामक ठूला तपस्वी उत्पन्न भए।

अधर्म र धर्ममा विवेक राख्ने यमराज लिङ्ग देखि सृष्टि हुन पुगे। गुदद्वारबाट मृत्यु र हाड देखि पर्वतादिहरु तथा रिसबाट रुद्रहरु, केशबाट मेघ उत्पन्न भए, जति औषधी छन्, ती रोम देखि पैदा भए। नङबाट स्वर पैंदा भए। हे नाथ ! तपाई विश्वात्मा हो पुरुष रुपको लिला गरेर, माया र शक्ति सृजना गर्ने, देवतासँग खुशी भई अमृत पिलाउने, प्रभुकै सृष्टि यो जगत हो र जति बाँचेका छन्, ती सबैको आधार तपाई श्रीराम नै हुनु हुन्छ। जस्तो दूध हुन्छ, त्यस्तै घिउ त्यसमा रहन्छ भने झैं, श्रीहरि सबै चीजमा व्याप्त

हुनुहुन्छ । सूर्यको प्रकाश हजुर कै सृष्टि हो, अरु कसैबाट यस्तो प्रकाश आउँदैन । ज्ञानी जनहरु सबैले देख्छन् तर अज्ञानी अन्धा सरी हुन्छन्, प्रभुलाई नबुझेर मूढ समान भएर विपतमा पर्छन् । योगी समान भएर वेदशीर्षहरुले खोज्छन् र देख्छन् अनि यस संसारमा श्रीराम हुनु हुँदो रहेछन् भनी जान्दछन् । हे प्रभु ! मैले वकवास गरें भनेर रिस न मानी, मलाई अनुग्रहको पात्र जानेर रक्षा गर्नु होस् । अद्वितीय नित्य प्रभुलाई निरन्तर खुशी मानेर सँधै भक्ति गरेर बस्छु ।

बाली र सुग्रिवको उत्पत्ति कथा

बाली र सुग्रिवं, इन्द्र र सूर्यका छोरा हुन् भनी सुनेको थिएँ । कसरी यिनको जन्म भयो ? मलाई सुन्ने इच्छा छ भनी श्रीरामबाट जिज्ञासा प्रकट भयो । श्रीरामको यस्तो जिज्ञासा प्रतिप्रश्नको रुपमा सुनेर अगस्ति ऋषिले सबै कुरा विन्ति गर्नु भयो । कुनै समयमा ब्रम्हाले चार सय कोश टाढा सुमेरु पर्वतको शिखरमा सभा गर्न लाग्नु भयो । त्यहाँ ईश्वरलाई रिझाउन योगमा मन दिनु भयो, योग तर्फ चित्त बढ्यो योगमा बस्दा बस्दै ब्रम्हाका आँखाबाट भक्ति रसको आँशु खस्यो, त्यसै आँशुबाट एउटा वीर वानर पैदा भयो । फेरि ब्रम्हालाई त्यस प्रति दया लागेर भन्नु भयो- सधैं मेरो नजिकमा बस तेरो कल्याण हुन्छ, ब्रम्हाका यस्ता कुरा सुनेर त्यो वानर फलफूल खाएर पर्वतको वरिपरि डुल्दै बस्ने गर्दथ्यो ।

कुनै दिन पानीको तिर्खा लागेर वानर कुवाको नजिक गयो त्यही कुवामा आफ्नो छायाँ देखेर अर्कै वीर हो भन्ने ठानेर कुवा भित्र फाल हालेर पस्यो, कुवा भित्र कोही नदेखेर झट्पट् बाहिर उफ्रेर निस्क्यो ।

जब त्यो कुवा देखि बाहिर निस्क्यो उसको स्वरुप (जिउ) स्त्रीको हुन गयो, अनि म कसरी स्त्री भएँ भनी मनमा खेद लागेर विचार गर्‍यो । सुन्दरी इन्द्रजीले त्यो स्त्रीलाई देखेर काम वासना जागृत भई उनमा खुबै मन दिनु भयो र आलिंगन गर्दा इन्द्रको वीर्य बाल (रौं) मा चुहियो, सोहि वीर्यबाट

एउटा कुमार निस्कियो त्यो कुमार बाल भन्ने देशमा गयो, बालैमा वीर्य झरेर पैदा भई बालदेशमा बस्ने भएकोले उसको नाम वीर बाली रहयो। इन्द्रले एउटा माला आफ्नो छोरा बाँदर्नी पुत्र वालिलाई दिनुभयो र उनले पनि बाबुले दिएको मालालाई खुशी मानेर लिए।

सूर्यले आएर त्यही बाँदर्नी स्त्रीमा नजर लाए कामवासना जागृत भई आलिंगन गर्दा सूर्यको वीर्यपात भई बाँदर्नी स्त्रीको ग्रीवा (घाँटी) मा झऱ्यो, त्यसै वीर्य देखि एक कुमार भए उनको नाम सुग्रिव हुन पुग्यो। सूर्यले बाली र सुग्रिव दुबैलाई बलवान तुल्याएर वीर वानर हनुमानका जिम्मा लगाए।

सुग्रिवसँग हनुमान रहन थाले पछि श्री सूर्य आफ्नो धाममा जानु भयो। बाली र सुग्रिव वानरीका पुत्र बने। अनि वानरी रात परे पछि बाली र सुग्रिवलाई लिएर सुत्न गइन्, जब उज्यालो भयो, फेरि ती वानरी पुरुष रुपकी भइन्। स्त्री रुप लिएर वाली र सुग्रिव जन्माएर पुरुष रुप भएकी बाँदर्नीले आफ्ना दुबै छोरा वाली र सुग्रिवलाई लिएर ब्रम्हालाई भेट गर्न गइन्।

ब्रम्हाले सबैकुरा थाहा पाई खुशी मानेर यी अनाथ हुन् भनी किष्किन्धापुरी दिने मनसुवा गर्नु भयो र एउटा बलियो देवदूतलाई बोलाएर यी दुबैलाई राजा बनाइदेउ भन्नु भयो। किष्किन्धापुरिमा बसेर आनन्दले राज्य गरुन्, सातै द्विपमा भएका वानरादिहरु यिनैका अधिनमा रहेर बसुन्, नारायण स्वरुप भूमिको भार हर्न जब रामचन्द्र हुनुहुन्छ उनै श्रीरामलाई सहयोग गर्न तयार होउन्। ब्रम्हाले किष्किन्धापुरिमा लगेर तिलक देउ भन्नु भयो। त्यसैबेला ऋक्षाधिपलाई लगेर देव दूतले राजा बनाए। त्यस ऋक्षाधिपका दुई पुत्र बाली र सुग्रिव हुन् भनी विस्तार गर्नु भयो। त्यसैबेला देखि किष्किन्धा पुरी वानरको भयो। अनेक लीला स्वरुप धारण गरेर, सम्पूर्ण पृथ्वीको सन्ताप हटाएर हजुरले ब्रम्हाजीलाई पनि रिझाउँनु भयो। बाली र सुग्रिवलाई जसले चिनेर उनीहरुको गुण वयान गर्छन्, त्यसलाई रघुनाथका कृपाले पाप छुटेर धर्म मिल्छ।

रावणको सनत्कुमार र नारदसँग भेट र श्वेतद्विपमा रावण गएको

यस जगतमा सन्ताप देखि मुक्त हुन श्रीरघुनाथ बारे जति वर्णन भएको छ, त्यतिले मात्र पुग्छ जस्तो लाग्दैन- हे रघुनाथ ! सुनी बक्सियोस्, सीताजीलाई रावणले किन हरण गरेको होला, त्यसबारे म अहिले विस्तार गर्छु । एकदिन रावण र सनत्कुमारहरुको भेट् भयो अनि रावणले सनत्कुमारलाई सोध्यो- हे ऋषि ! देवहरुमा वलवान को छन् ? कसको आधार पाएर देवगणहरुले शत्रुलाई जिते ? कसलाई योगी भनी ब्राम्हणहरु पूजा गर्छन र कसको ध्यान गरेमा भव सागरबाट पार पाइन्छ, भनेका छन् ? को ठूलो छ ? यस बारे म अनभिज्ञ भएँ मलाई बताइ दिनुहोस्" भनी रावणले सनत्कुमारसँग सोध्यो ।

रावणका कुरा सुनेर सनत्कुमार ऋषिले भन्नु भयो- "हे रावण ! यस जगतमा श्रीराम बाहेक ठूलो अरु कोही छन् जस्तो लाग्दैन, उहाँ त देवता र दानवादिहरुका आधार स्वयम् हुनुहुन्छ । श्रीरामले (नारायणले) नाभि देखि ब्रम्हा उत्पन्न गर्नु भयो र उनै द्वारा जगतको सृष्टि भयो । इन्द्रादिहरु युद्ध जितछन् उनीहरु आधार श्रीहरि कै लिने गर्दछन् । अनि योगीहरु उहाँको नै ध्यान गरेर सहजै भव सागर पार तर्दछन् ।"

सनतकुमारका कुरा सुनेर रावणले फेरि विन्ति गऱ्यो- "विष्णुले मारेका जति कहाँ गई बस्छन् ?" ऋषिले भन्नु भयो- "हे रावण ! देवताले जति मार्दछन् ती स्वर्गको भोग गरेर पछि पृथ्वीमा फर्कन्छन् । जसलाई हरिले मार्नु हुन्छ, उ मुक्त भई फेरि त्यसले जन्म लिनु पर्दैन । यस्ता कुरा सुनेर रावण खुशी भई संग्राम गरेर हरिका हातबाट मर्छु भन्ने अठोट गऱ्यो । अनि सनत्कुमार ऋषिले खुशी भएर आशिष दिदैं भन्नु भयो- "हे रावण ! तिमी मनमा शङ्का नलेउ, तिम्रो सङ्कल्प सिद्ध हुन्छ, अहिले हरिको रुप बारे भनौं उहाँ स्थावर जङ्गममा सूर्य, चन्द्र, पृथ्वी र शेष दैत्य दानव हुनु भयो । हरिका अनेक रुप छन्, यो रुप विराट हो, पीताम्बर धारी घनश्यामका यी सूक्ष्म रुप हुन् । यो रुप इक्ष्वाकु कुलमा जन्म लिनु भएका दशरथजीका छोरा रामको हो ।

श्रीराम पिताजी दशरथका हुकुमले सीता र लक्ष्मणलाई साथ लिएर वनमा जानु भयो । जब रावणले ऋषिका कुरा सुन्यो अनि श्रीराम उनै हुन् भनी चिनेर मनमा विचार गरेर भन्यो- "म श्रीरामका हात देखि मरेर सहजै पार तरी हरि भएको ठाउँमा जान्छु भन्ने उदेश्यले रावणले सीताको हरण गऱ्यो र सीता लक्ष्मी हुन् भन्ने चिनेर लक्ष्मी समान मानेर ससम्मान राख्यो । यस संसारमा खुशी भई नित्य मन लगाएर राम कथा सुन्ने र सुनाउने गर्छन्, उनीहरुको आयु बृद्धि हुन्छ र धेरै धन पनि कमाउँछन् ।

एकदिन नारद सत्यलोक आएको बेला रावणले विन्ति गऱ्यो हे नारदजी ! यस लोकमा बलिया वीर कहाँ छन् ? मलाई लडाई गर्ने बहुत इच्छा छ। रावणका कुरा सुनेर नारदले विचार गरी भने, यहाँ तिमी समान वीर कोही छैनन्, तिम्रो मनसुवा पूर्ण गर्ने वीर श्वेतद्विपमा हुनुहुन्छ, त्यहीं गए मात्र तिम्रो चाहना पूरा हुन सक्छ। जसले विष्णुको पूजा सधैं गर्छ, र जो विष्णुका वाहुलिदेखि मर्छन् त्यस्ता महात्मा मात्र त्यहाँ बस्न जान्छन्, त्रैलोक्यका वीरलाई उनीहरु तुच्छ मान्दछन् नारदका कुरा सुनेर रावण श्वेतद्विप जान्छु भनी पुष्पक विमान चढेर गयो। त्यहाँ नजिक पुगेपछि पुष्पक विमान चलेन। आफु हिम्मती हुनाले विमानदेखि ओर्ली दौडिएर गयो । अनि श्वेतद्विप भित्र जान लाग्दा आफुलाई सुन्दरी नारीहरुले छेकेको देखेर आश्चर्य मान्यो । कहिले एउटीले उसलाई समाउँछे, फेरि अर्कीले अंगालो हाल्दै गर्दा रावण दिक्क र वाक्क भयो।

ती सुन्दरी नारीहरुदेखि बल्ल तल्ल उम्केर भन्यो- म विष्णुका हातबाट मरी यहीं आएर बस्छु । त्यसपछि मर्नका लागि तुरुन्तै सीताजीलाई हरण गरेर लङ्का पुऱ्यायो । अनि माता समान मानेर सेवा गरी राख्यो । श्रीराम नामैले परमेश्वर हुनु भयो, उहाँलाई सबै थाहा छ, यस्ता जगतका मालिक हजुरलाई कति विन्ति गरौं अगस्तिले भने। "आफ्नो यो शरीर उनै प्रभुमा गएर मिलोस्" रावणले भन्यो।

श्रीरामको यस किसिमले स्तुति गरेर अगस्ति ऋषि फर्कनु भयो। राम सर्व. व्यापक भएर अनेक थरिका भोग गर्न लाग्नु भयो। रामद्वारा फिर्ता पठाइएको पुष्पक विमानले पनि कुवेर भएको ठाउँमा गएर विन्ति गऱ्यो- हे नाथ ! पहिला रावणले जिती लियो उसैको सेवा गरी बसें, आज श्रीरघुनाथले जिती लिनु भएको छ, म उहाँ कै सेवा गरी बसेको छु अहिले मलाई फिर्ता गर्नु भएको छ म के गरुँ ? विमानका यस्ता कुरा सुनेर कुवेरले भन्नु भयो। तँ योग्य छस् श्रीराम कहाँ नै गएर सेवा गरी बस् जव उहाँ श्रीराम बैकुण्ठ धाम प्रस्थान गर्नु हुन्छ तब फर्कि आउनु यति कुवेरको हुकुम सुनेर खुशी भई म यहाँ आएँ। पुष्पकको विन्ति सुनेर रघुनाथजीबाट आज्ञा भयो- "अहिले तँ जा मैले सम्झेको बेला तुरुन्तै आउनु।" उसलाई पुनः विदा दिएर रघुनाथ राज्य संचालन गर्न लाग्नु भयो। रामको राज्यमा बूढाबूढी उमेर पुगे पछि मरेर गए तर कहिल्यै पनि बालमृत्यु भएन। श्रीरामको यस्तो राज्यकाल धेरै समय सम्म चलेर गयो। एक दिन त्यहीं श्रीरामका राज्यमा ठूलो आर्श्चयको घटना भएछ, एक जना ब्राम्हण आफ्नो बालक मरेको देखि रुन लागे। यो कुरा श्रीरघुनाथले थाहा पाएर मेरो राज्यमा कसरी यस्तो अनिष्ठ भयो भनी विचार गर्न लाग्नु भयो।

राम राज्य र सीता परित्याग

त्यहीं जंगलमा एकजना शूद्र तपस्या गरी बसेको हुनाले यस्तो हुन गएछ भनी शूद्रलाई मार्नु भयो। जब शूद्र मऱ्यो अनि बालकलाई जिवित तुल्याएर ब्राम्हणलाई पनि खुशी पार्नु भयो मारिएको शुद्रलाई पनि स्वर्ग पठाई दिनु भयो। रामका राज्यमा कोही दुःखी भएनन्, सबै सुखी थिए, उहाँले ठाउँ ठाउँमा कोटी शिव लिङ्ग स्थापना गर्नुभयो। सीताजीलाई अत्यन्त सुखमा राखेर, अरुले पनि एक पत्नी ब्रत गरेर बसुन् भनी उदाहरण प्रस्तुत गर्नु भयो। श्रीरामको सीता मात्र प्रिय थिइन् उहाँले गद्दिमा बसेर राज्यमा प्रजाको विन्ति सुनेर अनेकौं राम्रा काम पनि गर्नु भयो।

श्रीरामले दश हजार वर्ष राज्य गरेपछि एक दिन एकान्तमा सीताजीले विन्ति गर्नु भयो- "हे नाथ ! म तपाईकी दासी हुँ, त्यसैले ब्रम्हादि देवताहरु मेरा चरणमा परेर विन्ति गर्छन्- पहिले तपाईं बैकुण्ठमा जानु भयो भने त्यसपछि श्रीराम पनि बैकुण्ठ जानुहुनेछ। यस्तो ब्रम्हादीहरुको विन्ति छ जस्तो राम्रो हुन्छ, त्यस्तै गर्नुहोस् भनी सीताजीले भनिन्।

सीताका कुरा सुनेर रघुनाथबाट हुकुम भयो- मैले अब बैकुण्ठ फर्कंदा नै राम्रो हुन्छ। लोकको अपवादको निहुँ देखाएर तिमीलाई एकलै ठूलो बनमा लगी त्याग गर्छु, अनि तिमीले वाल्मीकि ऋषिको आश्रममा गएर बस्नु।

अहिले तिमी गर्भिणी छौ, र तिमीबाट दुई वीर कुमारको जन्म हुनेछ। लोकको अपवाद मेट्न पहिले वनबास पस्नु र अनि पछि यसै ठाउँमा आएर बस, जब धरती फाट्लिन अनि त्यहींबाट बैकुण्ठ तर्फ जानु, तिमीले छोडेको केही समय विते पछि म पनि आउँछु भनी श्रीरामले सीतालाई भन्नु भयो यसै गर्ने पनि टुँगो लाग्यो। उहाँले सभामा गएर प्रजाहरु बीच दुनियाँमा हाम्रा यश अपयश के छ भनी सोध्नु भयो अनि उनीहरुले जता ततै यशै यश छ भनी उत्तर दिए, तर एउटा चाहिंले भन्यो- हे महाराज ! मैले त हजुरको एक अपयश सुन्छु, रावणले वनमा हरण गरेर लगेकी आफुसँग राखिएकी सीतालाई चोखी ठानेर हजुरले राख्नु भयो। अर्का कहाँ बसेकी स्त्रीलाई तपाईले चोखी भनी राख्नु भयो भने हजुरको राज्यमा चोखी कोही छैनन् सबै वेश्यै जस्ता भए। यस्तो अपयश सुनिन्छ भन्ने विन्ति गऱ्यो।

श्रीरामले यो कुरा सुन्नु भयो त्यसपछि लक्ष्मणलाई डाक्नु भनी हुकुम दिनु भयो। जब लक्ष्मण अगाडि आए अनि उहाँले उनलाई एउटा कठोर हुकुम दिनु भयो- हे भाइ ! सीताजीलाई म अहिले त्याग गर्छु, उनलाई चोखो ठानेर स्वीकार गर्दा लोकले मेरा दुर्यश गऱ्यो।

सीतालाई रथमा चढाइ बाल्मीकि आश्रमको नजिक बनमा लगेर छोडी आउ, यस बीचमा तिमीले केही गऱ्यौ भने म मरे तुल्य हुन्छु, त्यसैले भोली विहान वनमा लैजाउ भनी हुकुम दिनु भयो। लक्ष्मण यति कुरा सुनेर सकसमा परे तर पनि विहान सबेरै उठी एक सुन्दर रथ तयार गरी सीतालाई चढाई वनमा छोडेर फर्किए। उता सीताजी मलाई किन वनमा एक्लै छोड्यौ भनी विलाप गर्न लाग्नु भयो र वाल्मीकीका शिष्यले रोएको सुनी आफ्ना गुरु वाल्मीकी ऋषिलाई खबर गरे।

अनि वाल्मीकिले ध्यान गरी हेर्दा सीताजी नै हुन भन्ने बुझेर आफ्नो आश्रममा ल्याई जननी सीता यिनै हुन् भनी आश्रम वासी स्त्रीजनलाई लगाई खुबै सेवा र सुसार गरी आश्रममा राखे। विप्रपत्निहरुले सेवा गर्दा लक्ष्मी समान मानेर आफूलाई भाग्यमानी ठानी सीताजीको सम्मान गरे। उता सीतापति श्रीराम पनि सीतासँगको विछोडले विरक्त भएर सुख भोग छोडी योगी हुनु भयो। मेरै लीला सम्झेर लोकवासी संसार पार तरुन् भनी लोक हितका लागि भगवान श्रीराम मानिस स्वरुप हुनु भयो र यस्तो लीला गर्नु भयो जे बृद्धहरुले गर्दथे सोही गरी सत्काम गर्दै आफ्नो दिन बिताउनु भयो।

लक्ष्मणले श्रीरामलाई धेरै कुराहरु सोधे, विस्तारमा सुने र उनको चित्त पनि बुझ्यो फेरि लक्ष्मणले अर्को प्रश्न सोधे- हे नाथ ! ज्ञान स्वरुप देहहरुका आत्मामा बसेर भूभार हरी अनेक तरहका स्वरुप धारण गर्नु भयो। हजुरको यस लीलालाई आत्मा रुपि भगवान हो भनी भक्तहरुले जानेकाछन्। यस्तो लीला दयाको निमित्त लिनु भयो भनी बुझ्दछन्। सबैका मालिक तपाइ हुनुहुन्छ, म पाउमा परेको छु, यस संसारबाट कसरी पार पाइन्छ ? सोही युक्ति बताइ दिनु होस्।

लक्ष्मणका कुरा सुनेर रघुनाथले हँसिलो मुख गरी आफ्ना भक्त भाइ लक्ष्मणका सन्ताप हर्न, तत्व ज्ञान दिएर लोकलाई तर्ने सजिलो बाटो संझाइ दिनु भयो। वर्णाश्रमका क्रिया जति छन्, तिनलाई पहिले गर, दश इन्द्रिय र

मनलाई काबुमा राखी गुरुका सामुने जाउ र आत्म ज्ञान मिलोस भनी गुरुको निरन्तर सेवा गर। यस्तो गरेमा अवश्य आत्म ज्ञान मिल्छ यसै रितले सबैले संसार पार तरेर गएका हुन्। आदि भन्दै रामगीता सुनाउँनु भयो-

श्रीरामगीता

ततो जगन्मङ्गलमङ्गलात्मना , विधायरामायणकीर्तिमुत्तमाम् ।
चचार पूर्वाचरितं रघूत्तमो , राजर्षिवर्यैरभिसेवितं यथा ॥१॥

समस्त विश्वको कल्याण चाहने शिवरुप आदिदेव महादेव आफ्नी अर्धाङ्गिनी पार्वतीलाई आज्ञा हुन्छ- धर्मको रक्षा र पापको विनाश गर्ने हेतुले उत्पन्न भएका रामरुप श्रीपरमेश्वर लङ्काआदि सम्पूर्ण ठाउँको भ्रमण गरी राक्षसरुपी कुभावनालाई समाप्त पारेर अयोध्या फिरेपछि लोकापवादका कारण अग्निपरीक्षाबाट उत्तीर्ण भइसकेकी सहधर्मिणी, पतिपरायणा, गर्भिणी सीतालाई समेत त्याग गरेर प्रजाहरुको भावनानुरुप शासन चलाउन उद्यत सूर्यवंशी, मङ्गलका पनि मङ्गल ब्रम्हानन्दस्वरुप श्रीरामचन्द्र जसले पूर्ववर्ती जनकजस्ता राजर्षीहरु र आफ्नै वंशज रघुजस्ता धर्मपरायण राजाहरुले अवलम्बन गरे समान धर्मकर्म र प्रजापालनमा समर्पित हुँदै रामायणरुपी गाथा संसारमा फैलाए।

सौमित्रिणा पृष्ट उदारवुद्धिना , रामः कथाः प्राह पुरातनीः शुभा ।
राज्ञः प्रमत्तस्य नृगस्यशापतो , द्विजस्यतिर्यक्त्वमथाह राघवः ॥२॥

शिवजी आज्ञा हुन्छ- "हे पार्वती ! कुनै दिन उदार बुद्धि भएका धर्मपरायण सुमित्रानन्दन लक्ष्मणले श्रीरामचन्द्रजीसँग विनयपूर्वक ज्ञान र मुक्तिको बारेमा प्रश्न राखे। श्री रामले पनि पुराना शुभाशुभ कर्महरु सुनाउने

क्रममा नृगराजाको दान र दानको सन्दर्भमा हुन गएको ब्रम्हस्वहरणरुपी भूलले गर्दा ब्राम्हणको श्राप परी उनले छेपारो भएर जन्मनु परेको जस्तो शुभाशुभ कर्मको वारेमा आज्ञा भयो ।

कदाचिदेकान्त उपस्थितं प्रभुं , रामं रमालालितपादपङ्कजम् ।
सौमित्रिरासादित शुद्धभावनः , प्रणम्य भक्त्या विनयान्वितोऽब्रवीत् ॥३॥

"कुनै दिन सीताद्वारा चरणकमल सेवन गरिएका श्रीराम एकान्त ठाउँमा बस्नुभएको मौका मिलाएर विशुद्ध भावना भएका लक्ष्मणले अटल भक्ति एवं विनम्रता दर्शाउँदै बिन्ति गरे ।"

त्वं शुद्धबोधोऽसि हि सर्वदेहिना , मात्मास्यधीशोऽसि निराकृतिःस्वयम् ।
प्रतीयसे ज्ञानदृशां महामते , पादाब्जभृङ्गाहितसङ्गसङ्गिनाम् ॥४॥

हे राम ! हजुर निराकार, निर्विकार, बोधस्वरुप शुद्ध चैतन्य भएर पनि सम्पूर्ण जीवात्माहरुको अन्तरात्मामा अभिन्न छाँयारुप भएर रहिबक्सेको छ भन्ने विषयमा शास्त्रदृष्टिद्वारा आत्मज्ञान प्राप्त गर्न सक्ने जीवात्माहरु मात्र सम्पूर्ण विषयवासनालाई पन्छाउँदै हजुरको चरणकमलरुपी सुकोमल पुष्पमा भ्रमराहरु भैं निरन्तर झुम्मिएर गुनगुनाइरहन्छन्। अन्त्यमा तिनै भक्तहरु मात्र सत्यस्वरुप हजुरको साक्षात्कार गरेर मोक्षपद प्राप्त गर्न समर्थ हुन्छन् ।

अहं प्रपन्नोऽस्मि पदाम्बुजं प्रभो , भवापवर्गं तब योगिभावितम् ।
यथाञ्जसा ज्ञानमपारवारिधिं , सुखं तरिष्यामि तथानुशाधि माम् ॥५॥

लक्ष्मण बिन्ति गर्छन्- हे प्रभो ! संसाररुपी अपार समुद्रबाट सहजै तारिदिनसक्ने हजुरका चरणकमलको भ्रमरो समान हुँ म । योगीहरुद्वारा कुनै जप, तप, पाठ-पूजा, आराधना र यज्ञहरु गर्दा पनि पार गर्न नसकिने अज्ञानरुपी सागरबाट आनन्दपूर्वक तुरुन्तै कसरी तर्न सक्छु, शरण परेको म सेवकलाई सो कुराको ज्ञान दिइबक्स्योस् ।

श्रुत्वाऽथ सौमित्रिवचोऽखिलं तदा , प्राह प्रपन्नार्तिहरः प्रसन्नधीः ।
विज्ञानमज्ञानतमः प्रशान्तये , श्रुतिप्रपन्नं क्षितिपालभूषणः ॥६॥

श्रीमहादेव आज्ञा हुन्छ- हे पार्वती ! सुमित्रानन्दन लक्ष्मणका त्यस प्रकारका सम्पूर्ण कुरा सुनेर शरणागत भक्तहरुको सम्पूर्ण दुःख-दर्द नाश गर्ने, श्रुतिस्मृतिका ज्ञाता, चक्रवर्ती राजा श्रीराम प्रभु मुसुक्क हाँस्तै, अज्ञानरुपी अन्धकारलाई नाश गरेर ज्ञानरुपी प्रकाश फिँजाउने रहस्यमय उपदेश गर्न लागिबक्स्यो ।

आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः , कृत्वा समासादितशुद्ध मानसः ।
समाप्य तत् पूर्वमुपात्तसाधनः , समाश्रयेत् सद्गुरुमात्मलब्धये ॥७॥

कैलाशमा शिवजी आफ्नी प्रिया पार्वतीलाई आज्ञा हुन्छ- हे पार्वती ! लक्ष्मणका प्रश्न सुनेर श्री रामले आज्ञा गर्नुभयो- हे भाइ लक्ष्मण ! सबैभन्दा पहिले आ-आफ्ना वर्णाश्रम धर्मले बताएका दान-धर्म, पाठ-पूजा आदि सम्पूर्ण धर्महरु निष्कामभावले 'तत्सन्नमम' भनेर ईश्वरार्पण गर्नुपर्छ । विस्तारै जब उसको अन्तःकरण माया, मोह, राग, द्वेष आदिले रहित हुन्छ, अनि शम-दम निरोध र एकाग्रता आदि साधनले दृढ भई वैराग्यद्वारा कर्मफल त्यागनुपर्छ । किनकि मानिस मात्रको पाप-पुण्यमा प्रवृत्ति-निवृत्ति हुँदै रहन्छ । पापले दुःख निम्त्याउँछ भने धर्मले सुख, आफूले गरेका शुभाशुभ कर्महरुको भोग नगरी हुँदैन; भोग्नैपर्छ । फेरि 'तत्वमसि' महावाक्यको अर्थ बुझ्न वेद जान्ने सद्गुरुको शरण लिनैपर्छ । आफ्नै बुद्धिले मात्र सो वाक्यको अर्थ ठीकसँग बुझ्न सकिँदैन ।

क्रिया शरीरोद्भवहेतुरादृता , प्रियाप्रियौ तौ भवतः सुरागिणः
धर्मेतरौ तत्र पुनः शरीरकं , पुनः क्रिया चक्रवदीर्यते भवः ॥८॥

श्रीराम आज्ञा हुन्छ- हे भाइ लक्ष्मण ! कुमालेको चक्रझैं घुमिरहने जीवनमा पूर्व जन्ममा गरेका पाप-पुण्यस्वरुप शुभाशुभ कर्महरु वर्तमान

शरीरको उत्पत्तिका कारण हुन्छन्। त्यसैले वर्तमान शरीरमा पनि पूर्व जन्मको संस्कार मेटिएको हुँदैन । सोही कारणले गर्दा कोही पापकर्ममा लागिरहन्छन् भने कोही पुण्यकर्ममा । त्यसैकारण पुण्यात्माहरु पुण्यकर्ममै संलग्न भएर उकासिँदै जान्छन् भने पापात्माहरु पापकर्ममै संलग्न भएर अधोगतितिर भासिँदै जान्छन् । कुमालेको चक्रझैं निरन्तर घुमिरहने संसारमा यो प्रकृया चलिरहन्छ ; कुनै शङ्का-उपशङ्का हुँदैन ।

अज्ञानमेवास्य हि मूलकारर्ण , तद्धानमेवात्र विधौ विधीयते ।
विद्यैव तन्नाशविधौ पटीयसी , न कर्म तज्जं सविरोधमीरितम् ॥९॥

असार संसारमा जुन निवृत्तिको साधन आत्मज्ञान छ, त्यही नै अज्ञान र अन्धकारको नाश गर्ने कारण हुन्छ। ज्ञानद्वारा अज्ञान नाश भएपछि मात्र जीव अनित्य संसारबाट मुक्त हुनसक्छ । त्यसको उदाहरण वेदमा पनि पाइन्छ । नित्यनैमित्तिक अनेक प्रकारका विशुद्ध निष्काम कर्महरुले नै अज्ञानरुपी अन्धकारलाई समूल नष्ट पार्दछ । तर अविद्याबाट उत्पन्न भएको सकाम कर्महरुले भने नाश गर्न सक्तैनन् । जस्तो तेजले अन्धकारको र अन्धकारले तेजको नाश गर्छ । तर तेजले तेजको र अन्धकारले अन्धकारको नाश गर्न सक्तैन ।

नाज्ञानहानिर्न च रागसंक्षयो , भवेत्ततः कर्म सदोषमुद्‌भवेत् ।
ततः पुनः संसृतिरप्यवारिता , तस्माद्‌वुधो ज्ञानविचारवान् भवेत् ॥१०॥

कर्मले न अज्ञान नाश हुन्छ, न आसक्ति नै । तसर्थ कर्महरु गरेर मात्र मोक्षको आशा गर्नु पनि वेकार हुन्छ। कर्महरु त केवल स्वर्गादिको सुखभोग र जन्म-मरणको दुःखदायी मात्र हुन् । त्यसैले योगी तपस्वीहरु संपूर्ण कर्मलाई मोक्षको तगारोको रुप मानेर त्यसतर्फ नलागी आत्मज्ञान तर्फ अग्रसर हुन्छन् ।

ननु क्रिया वेदमुखेन चोदिता , तथैव विद्या पुरुषार्थसाधनम् ।
कर्तव्यता प्राणभृतः प्रचोदिता , विद्यासहायत्वमुपैति सा पुनः ॥११॥

तरपनि वेदमा बताएका कर्महरु ज्ञानका बाधकमात्र नभएर सहायक पनि हुन्छन् किनकि आवश्यक कर्महरु छोड्दा प्राणीलाई प्रायश्चित लाग्छ। त्यसैले आत्मज्ञानको निमित्त 'निष्काम' कर्महरु नछोडिकन गर्दै रहनुपर्छ। जस्तो- आकाशमा उड्ने चराहरु एउटै पखेटाले मात्र उड्न सक्तैनन्। त्यस्तै आत्मज्ञानको निमित्त पनि कर्म र ज्ञान दुइटैको आवश्यक हुन्छ। एउटैले मात्र मोक्ष दिलाउन समर्थ हुँदैन।

कर्माकृतौ दोषमपि श्रुतिर्जगौ , तस्मात्सदा कार्यमिदं मुमुक्षुणा
ननु स्वतन्त्रा ध्रुवकार्यकारिणी , विद्या न किञ्चिन्मनसाप्यपेक्षते ॥१२॥

शरीर स्वस्थ रहेसम्म आवश्यक नित्यकर्महरु छोड्नेलाई कर्म छोडेको दोष लाग्छ भन्ने वेदले बताएको छ। तसर्थ मोक्ष चाहनेले वेदले बताए बमोजिमका निष्काम कर्महरु गर्दै रहनू। अर्को तर्क राख्ने व्यक्तिहरुको भनाइमा भने- विद्या आफ्नो काम गर्न आफैं समर्थ छ, उसले अरु कसैको सहायता लिँदैन। जस्तो उज्यालो भएपछि अँध्यारो उसै नासिन्छ।

न सत्यकार्योऽपि हि यद्वदध्वरः , प्रकाङ्क्षतेऽन्यानपि कारकादिकान् ।
तथैव विद्या विधितः प्रकाशितै- , र्विशिष्यते कर्मभिरेव मुक्तये ॥१३॥

समुच्चयवादीहरुको धारणा अनुसार माथि जुन कुराहरु भनिए ती ठीक छैनन्, किनकि कर्मको फल वेदमा जे जे भनिएको छ, त्यही नै मिल्दछ। तर पनि त्यस किसिमका कर्महरुले साङ्गोपाङ्गजस्ता अरु सहायक कर्महरुको पनि अपेक्षा गर्दछन्। त्यस्तै ज्ञानको फल मोक्ष ता अवश्य छँदै छ, तैपनि उसले वेदमा भनेजस्ता कर्महरुको पनि अपेक्षा राख्तछ। यसपछि मात्र ऊ मोक्ष दिन समर्थ हुन्छ।

केचिद्वदन्तीति वितर्कवादिन- , स्तदप्यसद् दृष्टविरोधकारणात् ।
देहाभिमानादभिवर्धते क्रिया , विद्या गताहङ्कृतितः प्रसिद्ध्यति ॥१४॥

कुनै एउटा उल्टो विचार राख्ने व्यक्तिले ज्ञान र कर्म दुवैलाई मुक्तिको साधन होइनन् भन्ने धारणा राख्यो भने त्यो कुरा सत्य होइन भनेर ठान्नुपर्छ। किनकि त्यो त केवल दृष्टिदोष मात्र हो। अर्कोतर्फ व्यक्तिले जति-जति कर्महरु गर्दै जान्छ, त्यति-त्यति उसमा अहं भाव बढ्दै जान्छ। अहङ्कार नै अज्ञानको मूल जरो हो। जब ज्ञान प्राप्त हुन्छ अनि उसको अहङ्कार पनि नाश हुँदै जान्छ। अहङ्कार नाश भएपछि उसमा अज्ञान रहनै सक्तैन, स्वत विलीन हुन्छ। त्यस्तै ज्ञान र कर्म पनि आपसमा सहायक सिद्ध हुन सक्तैनन्।

विशुद्धविज्ञानविरोचनाञ्चिता , विद्यात्मवृत्तिश्चरमेति भण्यते ।
उदेति कर्माखिलकारकादिभि- , र्निहन्तिविद्याखिलकारकादिकम् ॥१५॥

वेदान्त वाक्यको राम्रो मनन गरेपछि आत्मज्ञान प्राप्त हुन्छ। त्यसैलाई विद्या (आत्मज्ञान) भन्दछन्। तत्त्वज्ञान भएपछि म नै कर्ता-भोक्ता हुँ भन्ने भावना स्वतः नाश हुन्छ। अनि उसले संसाररुपी कठिन र डरलाग्दो बाटो सहजै नाघेर पारि जान कुनै अर्को विकल्प खोज्दैन किनभने ऊ आफैं स्वतन्त्र छ। त्यसैले कर्म र ज्ञानको एकै ठाउँमा वास हुँदैन। कर्मले त केवल चित्तशुद्धि मात्र गर्दछ।

तस्मात्यजेत्कार्यमशेषतः सुधी- , र्विद्याविरोधान्न समुच्चयो भवेत् ।
आत्मानुसन्धानपरायणः सदा , निवृत्तसर्वेन्द्रियवृत्तिगोचरः ॥१६॥

कर्म र ज्ञानको कहिल्यै सम्बन्ध नहुने हुँदा मुक्त हुन चाहनेले कर्मको त्याग गर्नैपर्छ। तर जबसम्म चित्तशुद्धि हुँदैन, तबसम्म शास्त्रले बताएबमोजिमका नित्यनैमित्तिक कर्महरु भने निष्काम भावले गर्दै रहनुपर्दछ। त्यस किसिमका

कर्महरु ज्ञान प्राप्तिका निमित्त सहायक नै हुन्छन्। जब साधकको इन्द्रियवृत्ति परमात्मामा लीन हुन्छ, तब उसलाई कुनै पनि कर्मको आवश्यकता रहँदैन।

यावच्छरीरादिषु माययात्मधी- , स्तावद्विधेयो विधिवादकर्मणाम्।
नेतीतिवाक्यैरखिलं निषिध्य त- , ज्ज्ञात्वा परात्मानमथ त्यजेत्क्रियाः ॥१७॥

जबसम्म प्राणीले शरीर र इन्द्रियहरुलाई नै आत्मा भनेर सम्झन्छ तबसम्म वेदले बताएका यज्ञादि सम्पूर्ण कर्महरु नछाडिकन गर्दै रहनुपर्दछ। बिस्तार-बिस्तार, जब म, मेरो भन्ने अहङ्कार हराउँदै जान्छ, तब साधकले 'नेति-नेति' संसार झुट्टा हो भन्ने निश्चय गरेर सत्यस्वरुप चिदात्मामा मग्न हुनुपर्दछ। त्यसपछि उसलाई अरु कुनै कर्मको आवश्यकता पर्दैन।

यदा परात्मात्मविभेदभेदकं , विज्ञानमात्मन्यवभाति भास्वरम्।
तदैव माया प्रविलीयतेऽञ्जसा , सकारका कारणमात्मसंसृतेः ॥१८॥

जतिखेर जीवात्मा र परमात्मालाई मायामयी (अन्तःकरणरुपी) उपाधिको कारणले फरक देखाउँछ, त्यतिखेर नै साधकको मनभित्र सो फरकलाई नाश गर्न तेजिलो विज्ञानमयी प्रकाश स्वच्छन्दरुपमा झल्मलाउँछ। अनि आत्मालाई भवसागरमा घुमाउने माया तुरुन्तै हराउँछे, किनकि उज्यालोमा अँध्यारो रहनै सक्तैन। त्यसरी जीवात्मा र परमात्माको एकाकार भएपछि साधकको अन्तरात्मामा पनि ब्रम्ह-वृत्तिको प्रादुर्भाव हुन्छ।

श्रुति प्रमाणाभिविनाशिता च सा , कथं भविष्यत्यपि कार्यकारिणी।
विज्ञानमात्रादमलाद्वितीयत- , स्तस्मादविद्या न पुनर्भविष्यति ॥१९॥

जब तत्वमसि जस्ता वेदवाक्यको प्रमाणले आत्मज्ञान हुन्छ तब सो आत्मज्ञानरुपी प्रकाशद्वारा जीवात्मा र परमात्मालाई फरक देखाउने मायामयी अज्ञान पनि तुरुन्त नाश हुन्छ एक पटक नाश भइसकेको अविद्या फेरि

कसरी आओस् ! ऊ आउनै सक्तैन। त्यसपछि साधकमा डोरीलाई सर्प देख्ने भ्रम पनि नाश हुन्छ।

यदि स्म नष्टा न पुनः प्रसूयते , कर्ताहमस्येति मतिः कथं भवेत् ।
तस्मात्स्वतन्त्रा न किमप्यपेक्षते , विद्याविमोक्षाय विभाति केवला ॥२०॥

वेद-वाक्यद्वारा एकपल्ट नाश भइसकेको अविद्याको फेरि जन्म वा उत्पत्ति हुनै सक्तैन भने ज्ञानी व्यक्तिलाई म नै कर्ता हुँ भन्ने भावना कसरी आउन सकोस् ? किनभने ज्ञान आफैँ प्रकाशमान छ, स्वतन्त्र छ, मोक्षको निमित्त समर्थ छ। उसले अरु कुनै सहायताको अपेक्षा गर्दैन।

सा तैत्तिरीयश्रुतिराह सादरं , न्यासं प्रशस्ताखिलकर्मणा स्फुटम् ।
एतावदित्याह च वाजिनां श्रुति- , र्ज्ञानं विमोक्षाय न कर्म साधनम् ॥२१॥

यसबारेमा तैत्तिरीय श्रुतिको भनाइ छ भरसक कर्मको त्याग नै राम्रो हुन्छ। अर्कोतर्फ बाजसनेयको श्रुति पनि यसैमा सहमत छ। कर्मको माध्यमले मोक्ष मिल्दैन, केवल ज्ञानबाट मात्र मिल्दछ। त्यसैले निष्काम कर्मद्वारा ज्ञान प्राप्त भएपछि कर्मको आवश्यकता पर्दैन।

विद्यासमत्वेन तु दर्शितस्त्वया , क्रतुर्न दृष्टान्त उदाहृतः समः ।
फलैः पृथक्त्वाद्बहुकारकैः क्रतुः , संसाध्यते ज्ञानमतो विपर्ययम् ॥२२॥

समुच्चयवादीहरुले ज्ञान र कर्मलाई समान मान्दछन्। तर उनीहरु मनासिव उपमा दिन सक्तैनन्। तसर्थ ज्ञानको प्रसङ्गमा यज्ञहरुको उपमा दिनु ठीक मानिन्न। किनभने दुवै समान फलदायक हुँदैनन्। यज्ञादि कर्मबाट स्वर्गको सुखभोग मिल्छ भने ज्ञानबाट मोक्ष। अर्को तर्फ विचार गर्ने हो भने यज्ञ गर्नलाई प्रसस्त धन, अनेक कार्यकर्ता र सामाग्रीहरुको आवश्यकता पर्दछ।

सप्रत्यवायो ह्यहमित्यनात्मधी- , रज्ञप्रसिद्धा न तु तत्वदर्शिनः ।
तस्माद्बुधैस्त्याज्यमपिक्रियात्मभि- , र्विधानतः कर्म विधिप्रकाशितम् ।।२३।।

लक्ष्मण ! अज्ञानीहरुको अनात्मबुद्धिमा कर्मको त्यागले अवश्य दोषी भइन्छ भन्ने भावना जकडिएको हुन्छ । तर तत्त्वज्ञानीहरुमा त्यस किसिमको विचारधारा कहिल्यै हुँदैन । तसर्थ मन, चित्त विकाररहित भइसकेका तत्त्वज्ञ व्यक्तिहरुले शास्त्रमा बताएका कर्महरु पनि विधिपूर्वक छाडिदिनु उचित हुन्छ ।

श्रद्धान्वितस्तत्त्वमसीति वाक्यतो , गुरोः प्रसादादपि शुद्धमानसः ।
विज्ञान चैकात्म्यमथात्मजीवयोः , सुखी भवेन्मेरुरिवाप्रकम्पनः ।।२४।।

श्रद्धालु वैरागी व्यक्ति, जसको तत्त्वमसि जस्तो वेदवाक्य, र गुरुको शिक्षाद्वारा मन शुद्ध भएको हुन्छ, त्यस्तो साधकले जीवात्मा र परमात्माको फरक देख्तैन । अनि ऊ विषयवासनाबाट चित्त हटाई सुमेरुपर्वत झैँ निश्चल भएर आनन्दपूर्वक रहन्छ ।

आदौपदार्थावगतिर्हि कारणं , वाक्यार्थविज्ञानविधौ विधानतः ।
तत्त्वम्पदार्थौ परमात्मजीवका- , वसीति चैकात्म्यमथानयोर्भवेत् ।।२५।।

पहिले पदार्थ जानेपछि मात्र वाक्यको अर्थ जाननिन्छ । आत्मसंयमद्वारा पवित्र अन्तःकरण भइसकेका साधकहरुले मात्र पदार्थ जान्दछन् । त्यस्ता साधकहरुलाई मात्र महा-वाक्यको ज्ञान हुन्छ । यस महा-वाक्यमा तीन पदहरु छन्-पहिलो 'तत्', दोश्रो 'त्वम्' र तेश्रो 'असि' । तत् भनेको सर्वगुणसम्पन्न अखण्डानन्द परमात्मा हो । त्वम् भनेको सम्यक् ज्ञानको गुणले परिपूर्ण जीवात्मा । ती दुई तत्त्वको अभेद जनाउने शब्द हो 'असि' । त्यसरी परमात्मा र जीवात्मामा कुनै फरक छैन, दुवै एकाकार हुन् भनेर बुझाउने प्रमुख महा-वाक्य हो 'तत्त्वमसि' ।

प्रत्यक्परोक्षादिविरोधमात्मनो- , विहायसङ्गृह्य तयोश्चिदात्मताम् ।
संशोधितां लक्षणया च लक्षितां , ज्ञात्वा स्वमात्मानमथाद्वयो भवेत् ॥२६॥

हे भाइ लक्ष्मण ! यहाँनेर शङ्का-उपशङ्का हुन सक्छ । किनभने थोरै ज्ञान भएको र अहं भावना बोकेको जीवात्मा र सर्वज्ञ परमात्माको कसरी एकाकार हुनसक्छ भनौला । तर सो भावनालाई बदलेर तिमीले लक्षित र लक्षणा (उपमा र उपमेय) दुवैलाई समान माने झैं जीवात्मा र परमात्मालाई पनि फरक नसम्झेर एकाकार नै मान्नुपर्छ ।

एकात्मकत्वाज्जहती न सम्भवे- , तथाऽजहल्लक्षणता विरोधतः ।
सोऽयम्पदार्थाविव भागलक्षणा , युज्येत तत्वम्पदयोरदोषतः ॥२७॥

तिमीलाई अब म लक्षण र लक्षणाको स्वरुप बताउँछु राम्ररी सुन । यस सन्दर्भमा भन्नुपर्दा प्रस्तुत वाक्यको ठोस अर्थ मात्र नलिएर मिल्दोजुल्दो गरी वस्तुको यथार्थतालाई आत्मसात् गर्नुपर्छ । जस्तो पहिलो जहत् लक्षणा लिन्छौं भने गङ्गायां (घोष-गङ्गामा गाउँ छ) भन्दा गङ्गाभित्र भन्ने नभएर गङ्गाको तीरमा भन्ने सम्झनुपर्छ । दोश्रो अजहत् लक्षणा लिन्छौं भने- "काकेभ्यो दधि रक्ष्यताम्" भन्दा कागहरुबाट मात्र नभएर कुकुर र अरु सबै जनावरहरुबाट भन्ने पनि मान्नु पर्दछ । त्यसैले यी दुवै लक्षणाहरुलाई समेटेर बनेको जहत्-अजहत् लक्षण अथवा भागत्याग लक्षणालाई लिनुपर्छ । अनि मात्र 'तत् त्वम्' को यथार्थता बुझ्न सकिन्छ, किनकि यस वाक्यमा त्यसभित्र रहेको मुख्य अंश जीवात्मा र परमात्मा दुवै चैतन्यरुप हुँदा समान हुन् भन्ने प्रमाणित हुन्छ । जस्तो- "सोऽयं देवदत्तः" अर्थात् यो उही देवदत्तः हो जसलाई धेरै कालअघि मैले कहीं देखेको थिएं भन्दा सोऽयं यो वाक्यद्वारा 'तत्त्वमसि' वाक्यलाई प्रमाणित गर्न सकिन्छ ।

रसादिपपञ्चीकृत भूतसम्भवं , भोगालयं दुःखसुखादिकर्मणाम् ।
शरीरमाद्यन्तवदादिकर्मजं , मायामयं स्थूलमुपाधिमात्मनः ॥२८॥

विशेष गरेर जुन जीवको उपाधिभाग छ, त्यसको त्याग गर्ने विषयमा राम्ररी सुन। पृथ्वी, जल, तेज, वायु, आकाश यी पाँच तत्वबाट शरीर बनेको हुन्छ। तर शरीरमा तिनीहरुको भाग बराबर नभएर फरकफरक हुन्छ। त्यसैलाई पञ्चीकृत पंचमहाभूत भन्दछन्। त्यसरी उत्पन्न हुने शरीरले नै पूर्वजन्ममा गरेका शुभाशुभ कर्मको भोग गर्दछ र तदनुरुप त्यसको जन्म-मरण पनि भइरहन्छ। यो स्थूल देह नै आत्माको प्रथम उपाधि मानिन्छ।

सूक्ष्मं मनोबुद्धिदशेन्द्रियैर्युतं , प्राणैरपञ्चीकृत भूतसम्भवम् ।
भोक्तुः सुखादेरनुसाधनं भवे- , च्छरीरमन्यद्विदुरात्मनो बुधः ॥२९॥

विज्ञहरु अर्को एउटा सूक्ष्म शरीरलाई पनि जीवात्माको उपाधि मान्दछन्, जुन दश इन्द्रिय, पाँच प्राण, मन र बुद्धिसमेत सत्र बस्तुहरुले बनेको हुन्छ। तर यो अपञ्चीकृत पञ्चमहाभूतबाट बन्दछ। त्यस प्रकारको सूक्ष्म शरीर स्थूल शरीरमा आश्रित हुन्छ र त्यो नै सुख दुःखादि भोगको साधन पनि बन्दछ। आखिर यही स्थूल शरीर र सूक्ष्म शरीरको बिछोडबाट नै जीवात्माको मृत्यु हुन्छ।

अनाद्यनिर्वाच्यमपीह कारणं , मायाप्रधानं तु परं शरीरकम् ।
उपाधिभेदात्तु यतः पृथक् स्थितं , स्वात्मानमात्मन्यवधारयेत्क्रमात् ॥३०॥

माथि भनिएका विषयहरु स्थूल र सूक्ष्म शरीर जीवको उपाधि भए। अब परमात्मासम्बन्धी उपाधि सुन। बयान गरेर बयान गर्न नसकिने मायालाई झुट्टा मानने हो भने संसारको उत्पत्ति नै सम्भव हुँदैन, सत्य मान्ने हो भने ज्ञानद्वारा नाश हुन्छ। त्यसैले यसको बयान गरेर साध्य छैन। वास्तवमा यो नै सृष्टिको मूल कारण पनि हो। आत्मा पनि फरक-फरक नभएर एकै हो।

केवल उपाधिको कारणले मात्र फरकजस्तो प्रतीत हुन्छ। ज्ञानद्वारा उपाधिलाई हटाएपछि जीवात्मा र परमात्मामा देखिने भेद पनि नाश हुन्छ। दुवै एकाकार मानिन्छन् ।

कोशेष्वयं तेषु तु तत्तदाकृति- , र्विभाति सङ्गास्पटिकोपलो यथा ।
असङ्गरुपोऽयमजो यतोऽद्वयो , विज्ञायतेऽस्मिन्परितो विचारिते ॥३१॥

शरीरमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय जम्मा पाँच कोश हुन्छन्। तर आत्मा त यिनीहरुको साक्षी मात्र हो। तापनि ऐनाको अघिल्तिर जस्तो आकार र रङ भएको बस्तु राखिदियो उसमा पनि त्यस्तै रङ र आकृति देखिन्छ। वास्तवमा ऊ कुनै रङ या आकृतिको होइन। ऊ त जन्म-मृत्युदेखि पर, असङ्ग, आनन्दमय, अद्वितीय र निराकार छ। आकृति रङ त केवल कोशहरुको मात्र हो, आत्माको होइन।

बुद्धेस्त्रिधा वृत्तिरपीह दृश्यते , स्वप्नादिभेदेन गुणत्रयात्मनः ।
अन्योन्यतोऽस्मिन् व्यभिचारितो मृषा , नित्ये परे ब्रह्मणि केवले शिवे ॥३२॥

जाग्रत, स्वप्न र सुषुप्तिका फरकले देखिने तीन प्रकारका अवस्था त तीन गुणहरुले ढाकिएका बुद्धिका अवस्था मात्र हुन्। वास्तवमा आत्माका होइनन्। यो त केवल भ्रमले मात्र देखिने हो। आत्मा त तीन गुणहरुले रहित नित्य अङ्ग अद्वितीय आनन्दमय र अचिन्त्य हुन्छ। उसमा कुनै गुण र अवस्थाको आभाससम्म पनि हुँदैन। तसर्थ मुमुक्षु व्यक्तिले सदा-सर्वदा यस्तो विचार गरिरहनुपर्दछ।

देहेन्द्रियप्राणमनश्चिदात्मनां , संघादजस्रं परिवर्तते धियः ।
वृत्तिस्तमोमूलतयाज्ञलक्षणा , यावद्भवेत्तावदसौ भवोद्भवः ॥३३॥

देह, इन्द्रिय, प्राण, मन र चेतन आत्माको मिलनले निरन्तर बुद्धिको वृत्ति नै परिवर्तन भइरहन्छ। तमोगुणबाट उत्पन्न हुने वृत्तिहरु अज्ञानमयी

हुन्छन् । जबसम्म यो स्थिति रहिरहन्छ, तबसम्म संसारमा जन्म-मृत्यु भइरहन्छ । त्यसैले रजोगुण र तमोगुण त्यागेर आत्मसाक्षात्कर गर्नुपर्छ ।

नेतिप्रमाणेन निराकृताखिलो , हृदा समास्वादितचिद्घनामृतः ।
त्यजेदशेषं जगदात्तसद्रसं , पीत्वा यथाम्भः प्रजहाति तत्फलम् ॥३४॥

जुन साधकले 'नेति नेति' आदि श्रुतिवाक्यको प्रमाणले सम्पूर्ण संसारलाई मिथ्या एवं अनित्य मानेर केवल हृदयको चिद्घनरुप अमृतको मात्र पान गर्दछ, उसले समस्त संसारबाट यसको सार सत् ब्रम्हलाई ग्रहण गरेर, नरिवल भित्रको पानी पिएर मानिसले बाहिरको खोस्टो फ्याँकेझैं अरु सबै त्यागिदेओस् ।

कदाचिदात्मा न मृतो न जायते , न क्षीयते नापि विवर्धतेऽनवः ।
निरस्तसर्वातिशयः सुखात्मकः , स्वयम्प्रभः सर्वगतोऽयमद्वय ॥३५॥

आत्मा त नजन्मने, नमर्ने, न कहिल्यै दुब्लाउने घट-बढ नहुने सुखात्मक पुरातन समस्त स्वरुप, सर्वगत, स्वयंप्रकाश, अद्वितीय, अचिन्त्य र अव्यक्त परब्रम्ह परमात्मा हो । त्यसैले आत्मादेखि बाहेक अरु सम्पूर्ण पदार्थ विकारी र अनित्य हुन् ।

एवं विधे ज्ञानमये सुखात्मके , कथं भवो दुःखमयः प्रतीयते ।
अज्ञानतोऽध्यासवशात्प्रकाशते , ज्ञाने विलीयेत विरोधतः क्षणात् ॥३६॥

लक्ष्मण ! यहाँनिर अलिकति शङ्का उत्पन्न हुन्छ किनकि आत्मा यदि सुखमय ज्ञानरुप हो भने दुःखले परिपूर्ण यो संसार उसमा कसरी प्रतीत हुन सक्छ ? अज्ञानको कारण व्यक्तिले आत्मामा देह र इन्द्रियको मिथ्या अनुभव गर्दछ । त्यसैले गर्दा आत्मामा दुःखमयी संसारको भान हुन्छ । तत्त्वज्ञान हुनासाथ अज्ञान नाश भइहाल्छ । अनि उसमा यथार्थ ज्ञान भएर भ्रम तुरुन्त नाश हुन्छ ।

यदन्यदन्यत्र विभाव्यते भ्रमा- , दध्यासमित्याहुरमुं विपश्चितः ।
असर्पभूतेऽहिविभावनं यथा , रज्ज्वादिके तद्वदपीश्वरे जगत् ॥३७॥

भ्रममा परेर एउटामा अर्कोको प्रतीति हुनुलाई अध्यास भनिन्छ । जस्तो डोरीलाई सर्प र सर्पलाई डोरी देखेझैं परब्रम्ह परमात्मालाई पनि अनित्य झुट्टो संसारसमान देख्नु हो । जब मानिसहरुमा ज्ञान प्राप्त हुन्छ, तब त्यो भ्रम उसै हराएर जान्छ । अनि उनीहरुले डोरीलाई डोरी नै र सर्पलाई सर्प नै देख्छन् ।

विकल्पमायारहिते चिदात्मके- , ऽहंकारएषः प्रथमः प्रकल्पितः ।
अध्यास एवात्मनि सर्वकारणे , निरामये ब्रह्मणि केवले परे ॥३८॥

विकल्प र मायाले जो रहित छ, जो निरामय, अद्वितीय, अव्यक्त सच्चिदानन्दघन परब्रम्ह छ, सबभन्दा पहिले उसैमा अहङ्काररुप अध्यासको कल्पना गरिन्छ । जस्तो म मनुष्य हूँ , म नै सम्पूर्ण कर्ता, भोक्ता हूँ भन्नु नै संसारको अज्ञानरुपी मूल कारण हो ।

इच्छादिरागादिसुखादिधर्मिकाः , सदा धियः संसृतिहेतवः परे ।
यस्मात्प्रसुप्तो तदभावतः परः , सुखस्वरुपेण विभाव्यति हि नः ॥३९॥

संसारका जीवात्माहरुको साक्षीरुपी आत्मामा इच्छा-अनिच्छा, सुख-दुःख, राग-द्वेष आदि भ्रम हुँदैनन् । ती त केवल बुद्धिका वृत्तिहरु मात्र हुन् । ती वृत्तिहरु नै जन्ममरणका कारणरुप पनि बन्दछन् । निद्रावस्थामा यिनीहरुको अभाव भएर नै अन्तरात्मामा सुखको भान हुन्छ । बुद्धि भएको स्थानमा नै पाप, धर्म आदि सम्पूर्ण कार्य हुन्छन् । जहाँ बुद्धि हुँदैन, त्यहाँ इच्छा पनि रहँदैन, तर आत्मा त निद्रावस्थामा पनि रहिरहने हुँदा, निद्राबाट ब्यूँझेपछि ऊ भन्छ, "आज म आनन्दसँग सुतें, मलाई केही थाहा भएन ।"

अनाद्यविद्योद्भवबुद्धिबिम्बितो , जीवप्रकाशो यमितीर्यते चितः ।
आत्माधियः साक्षितया पृथक् स्थितो , बुद्ध्या परिच्छिन्नपरः स एव हि ॥४०॥

अनादि अवद्यािबाट उत्पन्न बुद्धिमा पर्न आउने चैतन्य प्रभुको तेजोमयी प्रकाशरुपी प्रतिबिम्बलाई नै जीव भनिन्छ। बुद्धिको साक्षीरुप आत्मा त उसबाट पनि भिन्नै हुन्छ । परमात्मा त बुद्धिको परिधिबाट पनि बाहिरै रहन्छन् । विस्तारै 'तत्वमसि' जस्तो वेदवाक्यको ज्ञान भएपछि जीवात्मा त पानीमा देखिएको प्रतिबिम्ब जस्तै रहेछ भन्ने ज्ञान हुन्छ। ज्ञानद्वारा अज्ञानरुपी पानी पोखिएपछि प्रतिबिम्ब पनि हराउँछ। अनि केवल सूर्यरुपी परमात्मा मात्र बाँकी रहन्छन् ।

चिद्बिम्बसाक्ष्यात्मधियां प्रसगङ्गत- , स्त्वेकत्र वासादनलाक्तलोहवत् ।
अन्योन्यमध्यासवशात् प्रतीयते , जडाजडत्वं च चिदात्मचेतसोः ॥४१॥

जसरी फलामको डल्लोलाई आगोमा तताएर तातो- रातो पारेपछि उसमा पनि आगोजस्तै गुण र आकारको अनुभव हुनथाल्छ, त्यसरी नै चेतनको प्रतिबिम्ब जीव- इन्द्रियसहित मन तथा अन्तःस्करणको पनि सम्बन्ध नगिचै हुनाले भ्रमवश आत्माको धर्म चेतनपना मनमा र मनको धर्म जडपना आत्मामा देखिन थाल्छ ।

गुरोः सकाशादपि वेदवाक्यतः , सञ्जातविद्यानुभवो निरीक्ष्यतम् ।
स्वात्मानमात्मस्थमुपाधिवर्जितं , त्यजेदशेषं जडमात्मगोचरम् ॥४२॥

सुयोग्य गुरुका नगिचै रहेर र वेदवाक्यद्वारा ज्ञानको उपदेश पाएपछि आत्मज्ञानको अनुभव हुन्छ। अनि आफ्नू हृदयभित्रको उपाधिरहित पवित्र एवं विशुद्ध आत्माको साक्षात्कार गरी आत्माझैं नै प्रतीत हुने देहेन्द्रियादि सम्पूर्ण जड पदार्थ त्यागिदिनु उत्तम हुन्छ ।

प्रकाशरुपोऽहमजोऽहमद्वयो- , ऽसकृद्विभातोऽहमतीव निर्मल ।
विशुद्धविज्ञानमयो निरामय , सम्पूर्ण आनन्दमयोऽहमक्रियः ॥४३॥

जान्न, बुझ्न लायक आत्मस्वरुपको वर्णन यस प्रकार गरिएको छ- म स्वयं प्रकाश हुँ , जन्मरहित हुँ , अद्वितीय हुँ, (अर्थात् मदेखि बाहेक अरु कोही छैन) नित्य प्रकाशमान,हुँ, अत्यन्त निर्मल अर्थात मायारहित हुँ, विशुद्ध ज्ञान परिपूर्ण कर्तृत्वादि अभिमानशून्य व्यापक र आनन्दरुप हुँ, त्यस्तै परिणाम रहित पनि हुँ, मेरो रुपान्तरण कहिल्यै हुँदैन ।

सदैव मुक्तोऽहमचिन्त्यशक्तिमा- , नतीन्द्रियज्ञानमविक्रियात्मकः ।
अनन्तपारोऽहमहर्निशं बुधै- , र्विभावितोऽहं हृदि वेदवादिभिः ॥४४॥

म नित्यमुक्त हुँ। मेरो शक्ति कल्पनाभन्दा पनि पर छ। इन्द्रियले पनि जान्न नसक्ने जो ज्ञान छ, त्यो मेरो स्वरुप हो । केही गरे पनि नगरे पनि परिणामले रहित छु। म देश, काल, परिस्थितिले रहित अनन्तपार हुँ। अर्थात् तीनै कालमा सर्वत्र रहिरहने हुँ। वेद जान्ने विद्वान्हरुले संसाररुपी समुद्र पार गर्न रात दिन आफ्नो हृदयमा चिन्तन गरिरहने परमात्मस्वरुप म नै हुँ ।

एवं सदात्मानमखण्डितात्मना , विचारमाणस्य विशुद्धभावना ।
हन्यादविद्यामचिरेण कारकै , रसायनं यद्वदुपारितं रुजः ॥४५॥

प्रतिदिन त्यसरी आत्मचिन्तन गर्दै रहने व्यक्तिको पवित्र र विशुद्ध भावनाले अन्तस्करणलाई स्वच्छ पारेर जन्म-मृत्युको कारणरुपी सम्पूर्ण अविद्या नाश पारिदिन्छ। जसरी प्रतिदिन नियमपूर्वक सेवन गरेको औषधिले रोग नाश पार्दछ ।

विविक्त आसीन उपारतेन्द्रियो , विनिर्जितात्मा विमलान्तराशयः ।
विभावयेदेकमनन्यसाधनो , विज्ञानदृक्केवल आत्मसंस्थितः ॥४६॥

आत्मचिन्तन गर्न प्रयास गर्ने व्यक्तिको स्थिति कस्तो हुनुपर्छ भने- एकान्त ठाउँमा बसेर सम्पूर्ण इन्द्रियहरुलाई उनीहरुको विषयबाट फर्काएर एकै ठाउँमा नियन्त्रण गर्नुपर्दछ । अनि अरु कुनै साधनको भरमा नपरेर केवल आफ्नू आत्मामा स्थिर भई ज्ञानदृष्टिद्वारा शुद्ध मनले आत्मचिन्तनमा निमग्न हुनुपर्छ ।

विश्वं यदेतत्परमात्मदर्शनं , विलापयेदात्मनि सर्वकारणे ।
पूर्णश्चिदानन्दमयोऽवतिष्ठते , न वेद बाह्यं न च किञ्चिदान्तरम् ॥४७॥

यो सम्पूर्ण संसार नै परमात्मस्वरुप छ भन्ने चित्तमा यस्तो सम्झेर प्रत्येकको कारणरुप आत्मामा मिलाओस् । यसरी पूर्ण सच्चिदानन्द स्वरुपमै जो स्थित हुन सक्छ, त्यस्ता साधकलाई आफ्नू भित्री र बाहिरी कुनै पनि बस्तुको कामना वा ज्ञान रहन्न । त्यस प्रकारको स्थितिमा पुगिसकेको साधकले ब्रम्हबाहेक अरु केही अनुभव गर्दैन ।

पूर्वं समाधेरखिलं विचिन्तये- , दोङ्कारमात्रं सचराचरं जगत् ।
तदैव वाच्यं प्रणवो हि वाचको , विभाव्यतेऽज्ञानवशान्न बोधतः ॥४८॥

कुनै पनि साधकले समाधिमा बस्नुभन्दा पहिले मनमा चिन्तन गरोस् कि यो देखिने सम्पूर्ण विश्व केवल ॐकार मात्र हो । समस्त संसार वाच्य र ॐ त्यसको वाचक हो हृदयको अज्ञानले नै यो संसार सत्य हो भन्ने प्रतीत पार्दछ । तर ज्ञान प्राप्त भएपछि संसार असत्य हो भन्ने विश्वास हुन्छ ।

अकारसंज्ञः पुरुषो हि विश्वको , ह्युकारकस्तैजस ईर्यते क्रमात् ।
प्राज्ञो मकारः परिपठ्यतेऽखिलैः , समाधिपूर्व न तु तत्त्वतो भवेत् ॥४९॥

ॐ मा अ उ म तीन वर्ण छन् । तीनमध्ये अ जागृत अवस्थाको विश्ववाचक वर्ण हो । 'उ' तैजस अवस्थाको स्वप्नाभिमानी वर्ण हो भने 'म' सुसुप्तावस्थाको प्राज्ञवाचक वर्ण हो । यो स्थिति समाधि लाग्नुभन्दा अगाडिको हो । तत्त्वज्ञान भएपछि सम्पूर्ण वृत्तिको नाश हुन्छ ।

विश्वं त्वकारं पुरुषं विलापये- , दुकारमध्ये बहुधा व्यवस्थितम् ।
ततो मकारे प्रविलाप्य तैजसं , द्वितीयवर्णं प्रणवस्य चान्तिमे ॥५०॥

अकाररुप विश्व पुरुषलाई उकारमा लीन गरेर ॐ कारको द्वितीय वर्ण तैजसरुप उकारलाई अन्तिम वर्ण मकारमा लीन गराओस् । अकारको वाच्य जुन विराटरुप संसार, त्यसको पनि वाच्य उकार जुन हिरण्यगर्भरुप तैजसमा लीन गराएर त्यसलाई पनि तृतीय अक्षर–मकारको वाच्य ईश्वरमा लय गराओस्, अर्थात् त्यसैको रुप भन्ने ठानोस् ।

मकारमप्यात्मनि चिद्घने परे , विलापयेत्प्राज्ञमपीह कारणम् ।
सोऽहं परं ब्रम्ह सदा विमुक्तिम- , द्विज्ञानदृङ् मुक्त उपाधितोऽमलः ॥५१॥

त्यसपछि मकार र मकारको वाच्य, जो आफूलाई कारणत्वको अभिमानी ठान्दछ, त्यो प्राज्ञ (प्राज्ञ भनिने पुरुष) लाई चैतन्यमय परमात्मामा मिलाइ दिनु । आखिर सम्पूर्ण जगत्, जसमा लीन हुन्छ, त्यो नित्य मुक्त परब्रम्ह म नै हुँ । वास्तवमा यस प्रकारको भावना जगाउने साधन तत्त्वज्ञान नै हो । यस प्रकारको भावना राख्ने मानिस जसमा राग, द्वेषादि जस्ता उपाधिले रहित हुन्छ । आखिर त्यस्तो साधक नै ब्रम्ह साक्षात्कार गर्न समर्थ हुन्छ ।

एवं सदाज्ञातपरात्मभावनः , स्वानन्दतुष्टः परिविस्मृताखिलः ।
आस्ते स नित्यात्मसुखप्रकाशकः , साक्षाद्विमुक्तोऽचलवारिसिन्धुवत् ॥५२॥

यस्ता प्रकारले मनमा परब्रम्ह परमात्माको भावना उत्पन्न भइसकेको, आफ्नै हृदयको परमानन्दमा निमग्न र सन्तुष्ट भइसकेको, विषयानन्दको परिणाम अत्यन्त दुःखदायक मानेर विषयादिबाट विरक्त भइसकेको, स्त्री पुत्रादि र धन-सम्पत्तिको लालसाबाट विमुख भइसकेको, नित्य सुखस्वरुप, प्रकाशमय आत्मारुप भएर रहेको जीवनमुक्त मुमुक्ष साधक नै निश्चल सागर झैं शान्त हुन्छ ।

एवं सदाभ्यस्तसमाधियोगिनो , निवृत्तसर्वेन्द्रियगोचरस्य हि ।
विनिर्जिताशेषरिपोरहं सदा , दृश्यो भवेयं जितषड्गुणात्मनः ॥५३॥

यसप्रकार जुन साधकले नित्य समाधियोगको अभ्यास गर्दछ, सम्पूर्ण इन्द्रियादिका विषयको त्याग गर्दछ, काम-क्रोधादि सम्पूर्ण शत्रुहरुलाई जितेको हुन्छ, त्यस्तै सर्वज्ञत्व, नित्यत्व, नित्यतृप्तत्व, ज्ञानस्वरुपत्व, स्वतन्त्रत्व तथा नित्य स्फूर्तिस्वरुप षड्गुणसम्पन्न आत्मालाई वशमा लिएको हुन्छ, त्यस्ता साधकले नित्य मेरो दर्शन पाउँछ ।

ध्यात्वैवमात्मानमहर्निशं मुनि- , स्तिष्ठेत्सदा मुक्तसमस्तबन्धनः ।
प्रारब्धमश्नन्नभिमानवर्जितो , मय्येव साक्षात्प्रविलीयते ततः ॥५४॥

यसप्रकार रात दिन आत्मचिन्तन गर्ने मुनि सबै किसिमका बन्धनबाट मुक्त रहुन् । अर्थात् म नै कर्ता भोक्ता हुँ भन्ने अहं भावना त्यागेर परमात्माद्वारा पाएको आफ्नु प्रारब्धकर्मको भोग भोगिरहुन् । यस प्रकारको ज्ञानी आत्मसाक्षात्कार गरेर आखिर मैमा लीन हुन सक्तछ ।

आदौ च मध्ये च तथैव चान्ततो , भवं विदित्वा भयशोककारणम् ।
हित्वा समस्तं विधिवादचोदितं , भजेत्स्वमात्मानमथाखिलात्मनाम् ।।५५।।

आदि, मध्य र अन्त्य सबैमा भय, शोक र चिन्ता नै प्रमुख कारण भएको संसार हो भन्ने जानेर समस्त वेद-विहित कर्महरु त्यागी संसारका प्रत्येक जीवको अन्तरात्मास्वरुप आफ्नै आत्माको मनन, चिन्तन र स्मरण गर्दै रहोस् ।

आत्मन्यभेदेन विभावयन्निदं , भवत्यभेदेन मयात्मना तदा ।
यथा जलं वारिनिधौ यथा पयः , क्षीरे वियद्व्योम्न्यनिले यथाऽनिलः ।।५६।।

जसरी समुद्रमा जल, दूधमा दूध तथा महाकाशमा घटाकाश र वायुमा वायु मिलेपछि अभिन्न हुन्छ, त्यसैगरी सांसारिक प्रपञ्चहरुको आफ्नु आत्मासँग परमात्म तत्त्वको अभिन्नता ठानिएपछि उनीहरुको जीव पनि उनै जगदीश्वर सित एकाकाररुपले लीन हुन्छ । त्यसपछि उसको नाम रहन्न, मेरो नाम हुन्छ ।

इत्थं यदीक्षेत हिं लोकसंस्थितो , जगन्मृषैवेति विभावयन्मुनिः ।
निराकृतत्वाच्छ्रुति युक्तिमानतो , यथेन्दुभेदो दिशि-दिग्भ्रमादयः ।।५७।।

अनेक श्रुति, युक्ति र स्मृति आदिका प्रमाणले ढाकिएको संसार असत्य भएर पनि सत्यझैं प्रतीत हुन्छ । जसरी कुनै व्यक्तिले भ्रम या रोगको कारणले गर्दा एउटा चन्द्रमालाई धेरैवटाजस्तो देख्छ र पूर्वलाई पश्चिम, उत्तरलाई दक्षिण ठान्दछ त्यसैगरी लौकिक व्यवहारमा रहेका ज्ञानीजनहरुले यो कुरा बुझेर संसारलाई सत्य नमानेर असत्य ठानोस् ।

यावन्न पश्येदखिलं मदात्मकं , तावन्मदाराधनतत्परो भवेत् ।
श्रद्धालुरत्युर्जितभक्तिलक्षणो , यस्तस्य दृश्योऽहमहर्निशं हृदि ॥५८॥

जबसम्म कुनै पनि ज्ञानी वा सामान्य व्यक्तिलाई सारा विश्व मेरै रुप हो भन्ने कुराको यथार्थ ज्ञान हुँदैन, तबसम्म रात दिन मेरै चिन्तन-मनन र आराधना गरिरहोस् । त्यस्तो श्रद्धालु भक्तको हृदयमा सदासर्वदा मेरै रुप झल्किरहन्छ ।

रहस्यमेतच्छ्रुतिसारसंग्रहम् , मया विनिश्चित्य तवोदितं प्रिय ।
यस्त्वेतदालोचयतीह बुद्धिमान् , स मुच्यते पातकराशिभिः क्षणात् ॥५९॥

श्रुति र स्मृतिको सारसङ्ग्रहरुपी रहस्य अर्थात् गोपनीय ज्ञान मैले निश्चय गरेर तिमीलाई बताएँ। जो ज्ञानी पुरुष यसलाई राम्ररी विचार गर्दछ, त्यो पुरुष एक क्षणमै सम्पूर्ण पापको थुप्रोबाट मुक्त हुन्छ ।

भ्रातर्यदीदं परिदृश्यतेजगन् , मायैव सर्वं परिहृत्य चेतसा ।
मद्भावनाभावितशुद्धमानसः , सुखी भवानन्दमयो निरामयः ॥६०॥

यो प्रत्यक्ष देखिइरहेको सम्पूर्ण संसार माया मात्र हो भन्ने जानेर यसलाई आफ्नो चित्तबाट हटाइदेऊ र अनि शुद्ध चित्त भएर मेरो चिन्तन गर्दै रहू । त्यसपछि दुःखरहित भएर सुखी र आनन्दमयी होऊ । यही मेरो तिमीलाई आशीर्वाद छ ।

यः सेवते मामगुणं गुणात्परं , हृदा कदा वा यदि वा गुणात्मकम् ।
सोऽहं स्वपादाञ्चितरेणुभिः स्पृशन् , पुनाति लोकत्रितयं यथा रविः ॥६१॥

ममा प्रकृतिको सत्वादि गुण हुँदैन किनभने म त्रिगुणात्मिका मायाभन्दा पर रहन्छु । तर भक्तहरुको रक्षा गर्नको निमित्त कहिलेकहीं गुणरुपमा पनि देखिन्छु । त्यसैले जुन साधक कहिले सगुणरुपमा र कहिले निर्गुणरुपमा मेरो

भजन गर्दछ, त्यस्ता साधकको पाउमा लागेको धुलाका कणहरुले सूर्यनारायणका किरणहरुले तीनलोक पवित्र पारे झैं सम्पूर्ण लोकलाई पवित्र पार्दछ ।

विज्ञानमेतदखिलं श्रुतिसारमेकं , वेदान्तवेद्यचरणेन मयैव गीतम् ।
यः श्रद्धया परिपठेद् गुरुभक्तियुक्तो , मद्रूपमेति यदि मद्वचनेषु भक्तिः ॥६२॥

यो अद्वितीय ज्ञान, श्रुति-स्मृति र पुराणादिको मुख्य सारअंश हो । यसलाई वेदान्त जान्नेको रुपमा मैले वर्णन गरेर तिमीलाई सुनाएको हुँ । जो गुरुको भक्तिले सम्पन्न, ज्ञानी व्यक्ति श्रद्धाभाव राखी यसको पठन, श्रवण गर्दछ, त्यस्ता व्यक्तिलाई मेरो वचनमा विश्वास र प्रीति हुनसक्यो भने त्यो मेरै रुप हुनेछ । जसको यो रामगीताको अर्थ राम्ररी बुझ्न सक्ने शक्ति हुँदैन, त्यस्ताले मूलमात्र पाठ गरे पनि श्रीराम प्रभुको भक्ति पाएर पछि मुक्त हुन्छ ।

[**स्व. श्री केदार नाथ आचार्य** (मुडखु) को (पुष्पाञ्जली छापाखाना टेकुमा २०५८ सालमा मुद्रित रामगीता पुस्तिकाबाट सामार उद्घृत]

सुनका सीता १०० जना द्वापरमा महारानी भए

लङ्कामा पुगेर रावणादि राक्षसहरुलाई मारेर अयोध्यामा फर्की अभिषेक लिई रामचन्द्रले राज्य सञ्चालन शुरु गर्नु भयो अनि "राजाराम" कहलाउँनु भयो । कुनै दिन दाजुलाई लक्ष्मणले सम्झाउँदै भने- अमरावतीको युद्धमा इन्द्रद्वारा वृत्रासुर मारियो । ब्रह्महत्याको पाप भयानक स्त्रीको रुपमा देखा परी देवराजलाई ग्रसित पार्न थाल्यो । देवगुरु वृहस्पति आदि महर्षिहरुको सम्मतिले त्यो पापलाई चार टुक्रा पारियो । त्यो टुक्रालाई माटो, पानी, नारी र अग्निको जिम्मा दिएपछि ब्रह्महत्याको पापबाट देवराज मुक्त भएका थिए । भाइका कुरा सुने पछि ब्राम्हण रावण कुम्भकर्णलाई आफुले मारेको कुरा संझेर श्रीराम चिन्तित भई सय अश्वमेघ यज्ञ गर्ने इच्छाले गुरु वशिष्ठसँग परामर्श गर्दा गुरुले पनि यज्ञ गर्नमा नै जोडाउनु भयो । तर ठूला अनुष्ठानहरु गर्दा वडा महारानी साथै हुनु अनिवार्य छ भन्ने कुरा पनि सुनाउँनु भयो । त्याग गरिएकी सीतालाई ल्याउँन रामले चाहनु भएन उहाँलाई पुनर्विवाहको रुचि पनि भएन । वडो असमञ्जसमा पर्नु भयो । गुरुले समस्या सुल्झाउँदै मन्त्री सुमन्त्रलाई १०० गोटा सुनकी सीताको प्रति मूर्ति तयार गर्न लगाएर शताश्वमेघ यज्ञ नैमिठषारण्य क्षेत्रमा पूर्ण गराउँनु भयो । यज्ञ पूर्ण भए पछि १०० वटै सीताजीका सुवर्ण प्रतिमाहरु दिव्य सुन्दरीको रुपमा प्रकट भए । राजा रामलाई हामीलाई नछोड्नोस् रानी वनाउँनु होस् भनी जिद्दी गर्न थाले पछि राजारामले पनि द्वापर युगमा कृष्णावतार लिंदा तिमी सबैलाई महारानी वनाउँनेछु भन्ने आश्वासन दिएर तिनीहंरुलाई खुशी पार्नु भयो । ती १०० वटैले द्वापर युगमा श्री कृष्णका १०० पटरानी हुन पनि पाएका थिए ।

-आनन्द रामायणबाट

लवणासुर बध, राज्यको बन्दोबस्त श्रीरामचन्द्रको सरयु प्रवेश र बैकुण्ठ तर्फ प्रस्थान

कुनै एकदिन यमुनाजीका तिरमा बस्ने मुनिश्वरहरु, च्यवन र उनीसँगै बस्ने अरु ऋषिवर्ग श्रीरघुनाथ भएको ठाउँमा आएर विन्ति गरे- "हे नाथ ! हामीलाई दुःख ताप देखि छुट्कारा दिनुहोस्।" रघुनाथले ऋषिगणको उत्कृष्ट तवरले स्वागत सत्कार गर्नुभयो। फेरि ऋषि च्यवनले विन्ति गरे- "म ब्राम्हण हजुरको सेवक हुँ, मलाई भन्नु होस्। जुनसुकै काम पनि सिद्ध गरेरै छोड्छु।" मधु नाम गरेको दैत्यलाई शिवले खुशी भएर त्रिशुल दिनु भयो। रावणकी बहिनी कुम्भिनसिबाट एक पुत्र जन्मियो उ राक्षसै समान थियो। त्यसको नाम लवण हो। लवणले त्यही त्रिशुल बोकी हामी ऋषिहरुलाई दुःख दिन थालेको छ।

श्रीरामले भन्नु भयो- "त्यसदेखि तपाईंहरु नडराउनुस् म अहिल्यै त्यसलाई मार्ने व्यवस्था गरिदिन्छु।" फेरि रघुनाथले आफ्ना सबै भाइलाई राखेर भन्नु भयो- त्यस लवणलाई गएर कसले मार्छौ ? भन उहाँका कुरा सुनेर भरतले आफु गएर मार्छु भनी विन्ति गरे- त्यसपछि शत्रुध्नले विन्ति गरे- "लक्ष्मणले हजुरका साथ गएर सेवा गरे अनि भरत पनि योगी बनेर बस्न पाए। हे रघुनाथ ! आज्ञा भए त्यसलाई म मारेर आउँछु"। शत्रुध्नका कुरा सुनेर श्रीराम बहुतै खुसी हुनुभयो।

श्रीरामले शत्रुध्नलाई तिमी यो वाण लिई लवण मारेर आउ भन्नु भयो र वाण पनि दिनु भयो। त्यस लवणको घरमा शिवको त्रिशुल छ, आहार खोज्न भनी नित्य पूजा सकेर बाहिर जान्छ, अनि आहार खोजी घर फर्केर भित्र पस्नु अगाडि नै यस शरले हानेर मारी देउ, उसले शिवको त्रिशुल पायो भने सबैलाई नाश गर्छ। त्यसलाई मारेर मधुवनमा बस्न योग्य एक सुन्दर शहर

खडा गर, त्यस शहरको नाम **मथुरा** होला। त्यहाँको तिमी राजा बनेर सबैका विपत्ति हटाउ, एकलै गएर राक्षसलाई मार, सेना पछि आउने छन्।

तिमी तीस चालीस हजार वर्ष राज्य गर भनी श्रीरामबाट आज्ञा भयो र ऋषिका आर्शिवाद लिई रत्रुध्न गएर सबै राक्षस मारी नयाँ बनेको शहरलाई मथुरा नाम राखी त्यहाँको राजा भए।

उता वाल्मिकिको आश्रममा बसेकी सीताजीबाट जुम्ल्याहा दुई सुकुमार पुत्र जन्मिए, तिनीहरुको नामकरण वाल्मीकि ऋषिद्वारा भयो। जेठो पुत्र **कुश** थिए, कान्छा **लव** भए। उनीहरुका नाम शास्त्र मन्त्रोच्चाण गरेर राखे। बेलैमा वेद शास्त्र पढुन् भनी ऋषिले ब्रतवन्ध पनि गराइ दिनुभयो। उत्तम निर्मल सूर्य वंश (कुल) मा उनीहरुको जन्म भयो। यसलाई होइन भन्नु मिथ्या कुरा हुन जान्छ अनि वाल्मिकि ऋषिले राम चरित्र पढ्नु भनी काव्य ढाँचामा कविता बनाई दुवैलाई दिनु भयो। त्यस कविता सुनाउँदा सबै खुशी हुन्थे। ती दुई सुकुमार हातमा सितार लिई ताल मिलाएर गाउँथे, यस्तो गाना सुनेर वनमा बसेका ऋषिगण प्रसन्न भई तारिफ गर्दथे। राम चरित्र वाल्मिकि आश्रममा बसेर गाएको सुन्दा सबै खुशी हुन्थे।

श्रीरामले अश्वमेघ यज्ञ गर्नु भयो। अनेकौं चीज वीज दान गर्नु भयो। अनि सीता बनमा भएकीले उनको ठाउँमा सुनकी सीता बनाएर स्थापित गर्नु भयो। पृथ्वीका ठूला ठूला राजा, ब्रम्हर्षी, ब्राम्हण, क्षेत्री र वैश्य यज्ञको दर्शन गर्न भनी आए। लवकुश वाल्मिकि ऋषि जहाँ थिए, त्यहीँ जान्थे र फुर्सद पाए पछि ज्ञान गुनका अनेकौं जिज्ञासा राख्थे। एक पटक कुशले विन्ति गरे- हे सर्वज्ञ गुरु ! कसरी मानिस बन्धनमा पर्छन् र के उपायले उनीहरुलाई बन्धन देखि मुक्ति मिल्छ ? सोकुरा मलाई बताईदिनुहोस्। कुशको कुरा सुनेर वाल्मिकि ऋषिले भन्नु भयो- जब मानिसले विवेक विचार नगरी अहङ्कारले मन्त्री जस्तो ठूलो व्यक्ति हुन्छ, त्यस मन्त्रीले आफूसँग भएका गुण जीवमा मिलाएर मै हुँ भनी अहङ्कार गर्दा जीव बन्धनमा बाँधिन्छ। सत्व, रजस, तम

यी तीन गुण अहङ्कारका रुप हुन्। यी तीनै तत्व मनले विचार गरेमा कहीं केही छैन, मनले सत्व गुण लिए, ऐश्वर्य भोग गर्न पाइन्छ, र जसले गर्दा स्त्री पुत्रमा व्यवहार बढाउँछ।

जो तम गुणमा खुशी मान्दछन् तिनलाई कहिले सुख शान्ति मिल्दैन। जसले विचार गरेर यी तीन गुण तुच्छ ठान्छ, उसले अवश्य बन्धनमुक्त भई संसार सहजैसँग पार तर्छन्। अहङ्कार तुच्छ कुरा हो भनी आत्मामा लेउ, आत्मालाई ठूलो ठान, वाल्मिकि ऋषिका यस्ता ज्ञानका कुरा सुनी कुश खुशी भए। फेरि वाल्मिकि ऋषि भन्नु हुन्छ- हे पुत्र ! तिमीहरुले गाएको सुनी सारा दुनियाँ खुशी हुन्छन्, तिम्रो पनि मान रहन्छ, श्रीरामले पनि गाना सुन्ने इच्छा गर्नु भएको छ तर उहाँले खुशी भएर दिएको उपहार भने नलिनु भनी वाल्मिकि ऋषिले उपदेश दिनु भयो।

त्यसपछि ऋषिका कुरा सुनेर रामका अगाडि गएर लवकुशले गाए, श्रीराम गाना सुनेर प्रसन्न हुनु भयो र ती दुई कुमारलाई सभामा ल्याउन हुकुम भयो। ती दुबै कुमार सभामा उपस्थित हुँदा, उनीहरुलाई देखेर आश्चर्य मानी सबैले भन्न लागे, यस्ता राम्रा कुमार कसका हुन् ? यी त राम जस्ता नै छन्। श्री रामका बस्त्र र भूषण लगाइ दिने हो भने कुन रामचन्द्र हुन् छुट्ट्याउन गाह्रो पर्छ भनी छलफल गर्दै थिए। ती दुई भाइले गन्धर्वको स्वरमा गाना गाउँदा श्रीरघुनाथ बहुत खुशी हुनु भयो र भरतलाई दश हजार रुपैयाँ देउ भनी हुकुम भयो। त्यो दश हजार रुपैयाँ नलिई तृण समान ठानेर जहाँ वाल्मिकि थिए दुवै भाइ त्यहीं फर्केर गए। यस्तो देखी रघुनाथले यी सीताका पुत्र हुन् भनी चिन्नु भयो। त्यसपछि शत्रुघ्नलाई भन्नु भयो- हे भाइ ! तिमी अहिले नै वाल्मिकि-आश्रममा गएर ऋषि सहित सीतालाई लिएर आउ भनी आज्ञा दिनु भयो।

सीतालाई म सियाँ दिन्छु, उनले सियाँ पाउन् र आफ्ना लोकापवाद रुपी दोष पखालि निर्मल भई बसुन्। जब श्रीरघुनाथबाट यस्तो हुकुम भयो अनि

शत्रुघ्न वाल्मिकि ऋषिको आश्रममा गएर सबै कुरा विन्ति गरे- शत्रुघ्नका आशय बुझेर रामले पठाएका हुन् भनी थाहा पाएर ऋषिले सीताले भोली सियाँ पाउँछिन् भनेर जवाफ दिनु भयो।

रत्रुघ्नले फर्केर गई वाल्मिकि ऋषिले भनेका सबै वृतान्त श्रीराचन्द्रजीलाई सुनाए। यस्तो कुरा सुन्ने वित्तिकै उहाँले लोकहरुले पनि थाहा पाउन् भनी आज्ञा गर्नु भयो। सीता भोली 'नियाँ' पसेको हेरौं भनी ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र सबै जाति जम्मा भए सीता वाल्मिकि ऋषिसँगै यज्ञ स्थलमा जानु भयो। त्यहाँ सीताजीलाई देखेर सबै खुशी थिए, त्यसैबेला वाल्मिकि ऋषिले भन्नु भयो- हे राम ! सीता अति शुद्ध र पवित्र छिन्, उनका सुकुमार दुई पुत्र लव कुश हुन्। तिनीहरुमा केही खोट छैन भए, म आफैं शपथ खान्छु। फेरि वाल्मिकि ऋषिले भन्नु भयो- म झुटो बोल्दिन झुटो भए मेरा तपस्या सबै निस्फल होस्। वाल्मिकिका कुरा सुनेर रघुनाथजीले भन्नु भयो- हे ऋषि ! अघि लङ्कामा सीतालाई नियाँ पस्न दिदाँ यी सीताले नियाँ जित्तिलिइन् र उनलाई स्वीकार गरें।

त्यसपछि अरुले अपवाद गर्‍यो भनी साँचो ठानेर त्याग गरें, यसमा गल्ति भए मलाई क्षमा गर्नुहोस्। लव र कुश जुमल्याहा दुई मेरा पुत्र हुन् र सीता पनि शुद्ध छिन् यसमा मेरो सन्देह छैन, रघुनाथजीका कुरा सुनेर सीताजी नियाँ पस्न तयार हुनु भयो। त्यसपछि ब्रम्हादिहरु र लोकपालहरु सीताजी भएको ठाउँमा आए अनि सीताजीले उनीहरुका अगाडि भन्नु भयो- "म रामको भक्तिनी हुँ म सत्य छु भने भूमिले मलाई बाटो दिउन्", भूमिले सीताजीका कुरा सुनेर आफु फांटेर त्यसभित्र सिंहासन तयार गरी राखिन्। जब सीताजी भित्र पसेर सिंहासनमा बस्नु भयो र मनमा उदासीनता लिएको देखेर भूमिले उनलाई जान सजिलो होस् भनी बाटो काटेर दिइन्।

जब जननी सीताजी भूमि भित्र जानु भयो, दुनियाँहरु मोहमा परे, त्यसपछि इन्द्रादिले खुशी भएर पुष्पवृष्टि गरे तर श्रीराम भने सीताजीलाई

सम्झेर शोक गर्न लाग्नु भयो यस्तो देखेर ब्रम्हादिहरु उहाँलाई संझाउँन र बुझाउँन थाले । जब उहाँले मन बुझाउँनु भयो त्यस पछि ब्राम्हणलाई दान दक्षिणा दिनु भयो, जो यज्ञमा बाँकी थिए, उनीहरुलाई मनग्य धन दौलत दिएर सन्तुष्ट पार्नु भयो । अनि टाढा टाढाबाट आएकाहरु विदा मागेर गए । श्रीराम सीताजीका वियोगले विरक्त भई यज्ञ स्थल छाडेर दुबै पुत्रका साथ अयोध्या प्रस्थान गर्नुभयो र उहाँ आएको देखेर माता कौशल्या खुशी हुनु भयो र कौशल्या माताले सोध्नु भयो- "हे पुत्र ! तिमी तीनै युगका स्वामी हौ, यस संसारदेखि कसरी मुक्ति मिल्छ ? र बन्धनबाद्ध कसरी छुट्कारा पाइन्छ ? मलाई भनिदेउ," माताका कुरा सुनेर भक्तियोगका सवै कुरा नै ठूलो हो भनी बताउनु भयो र भक्तियोगमा पनि त्रिगुण रहित भएको भक्ति उत्तम छ । गङ्गाजकि प्रवाह समान बनेर मन ईश्वर माथि राख्नुस् ।

मेरै भक्ति गरेर बस्नुहोस् (म) राम माथि आस्था राखेर साधना गरेमा अवश्य पार तरिइन्छ । श्रीरामले बताउनु भयो- कुनै पनि कुरामा इच्छा नराख्नु, सब धर्मलाई थाम्नु सत्काम गर्नु, हिंसा नगर्नु र मेरो स्तुति नित्य गर्नु, साँचो बोल्नु, मलाई स्मरण गर्नु, महेश्वरको पाउमा परेर दण्डवत् गरेमा अवश्य यस भव सागरबाट पार पाइन्छ । सबै प्राणीहरुमा मेरो वास हुन्छ , दीन दुःखी माथि दया गर्नुस्, अझ सकिन्छ भने मित्रता पनि बढाउनुस्, असल बाटा यिनै हुन् ।

वेदशास्त्र सुन्नु, खुशी मनले भजन किर्तन गर्नु, अहङ्कार नलिनु, आफ्नो मन शुद्ध राख्नु, जसरी फूलमा भएको वास्ना वायु देखि उडेर नाकमा पर्न आउँछ, त्यसैगरी जसले मेरो भक्ति गरेर बस्छ, उसको गन्ध सुवास उडाएर सहजैसँग मैमा ल्याउँछ ।

फेरि उहाँ भन्नु हुन्छ- म सर्व व्यापक छु, मलाई न बुझी पूजा गरे बेकार हुन्छ र म ती अबुझपन देखि खुशी हुन्न । जुन पूजा गर्नु थियो, त्यो नगरे के पूजा हुन्छ, तिनलाई अकाल मृत्युको भय हुन्छ, ती सधैं दुःखमा पर्छन्, सबै

जीवलाई एक समान ठानेर सेवा गरुन्- हे माता ! संसार पार तर्ने सजिलो उपाय यही हो, यसै गरी धेरै पार तरेर गएका छन् ।

तपाईलाई त सजिलो छ, म त हजुरको पुत्र हुँ, मलाई सम्झे मात्र पुग्छ । कौशल्या माता रघुनाथका कुरा सुनेर मुक्त हुनु भयो । कैकेयी पनि देह छाडी दशरथजी भएको ठाउँमा जानु भयो । त्यसै गरी दशरथकी रानी सुमित्राले संसारी सुख भोग गरेर आफ्ना प्रारब्धका बन्धनबाट छुट्कारा पाई देह त्याग गर्नु भयो र आफ्ना पति दशरथ भएको ठाउँमा जानु भयो । पापीष्ट स्वभाव भएका तीनकोटी गन्धर्वहरु छन्, यिनलाई मार्नु पर्‍यो भनी भरतका मामा युधाजितले रघुनाथ भएको ठाउँमा गएर विन्ति गरे । रामको आज्ञा पाई भरतजीले गएर गर्न्धवलाई मारे ।

त्यहाँ पुष्करावर्त र तक्षशिला नाउँको दुई पुरी खडा भए । पुष्करावर्तको राजा पुष्कर (भरतको छोरा) भए, अनि अर्को तक्षशिला नाउँको पुरी बनेर त्यसमा भरतको अर्का छोरा तक्षले राज्य गरे । पश्चिममा अत्यन्त दुष्ट स्वभाव भएका भिल्लहरु छन् तिनको संहार गरेर रत्न र दौलतले परिपूर्ण दुईवटा पुरी पनि बनाउनु भनी रामले लक्ष्मणलाई भन्नु भयो- "हे भाइ लक्ष्मण ! तिम्रा छोरालाई पश्चिम क्षेत्रको राजा बनाई देउ, त्यहाँ भएका दुष्ट भिल्लहरु मारी सम्पत्ति र रत्नादिले भरिपूर्ण गराउ र छोरालाई राज काज गर्न देउ ।" श्रीरघुनाथका कुरा सुनेर लक्ष्मण गएर भिल्लहरु मारी दिए, त्यसपछि छोरालाई राजा बनाए ।

कुनै दिन काल (मृत्यु) ऋषिको रुपलिई रघुनाथलाई भेट्न भनी आए, कसैले पनि काल हुन् भनी चिनेन, द्वारमा ऋषिलाई देखि लक्ष्मणले राम भएको ठाउँमा पुर्‍याई दिए । काल स्वरुप ऋषिले 'त्वं वर्धस्व' भनी श्रीरामलाई आशिष दिनु भयो । यस्तो देखेर उहाँले सोध्नु भयो- हे ऋषि ! आज के कामले भेट गर्न आउनु भयो । श्रीरामका कुरा सुनेर कालले विन्ति गरे- हे राम ! म तपाईलाई एकान्तमा मेरा कुरा गर्छु, यो कुरा कसैले सुन्नु हुँदैन, सुने भने

त्यसलाई मारी दिनुहोस्। काल पुरुषका कुरा सुनी वेशै हो भनी लक्ष्मणलाई भित्र लैजाउ भनी आज्ञा भयो। तिमीले कसैलाई पनि भित्र आउन नदेउ, जो वल गरी आउँछ, त्यसले ठूलो कष्ट र गोता भोग्नु पर्छ।

ब्रास्हण रुप काल पुरुषले भने- हे राम ! सबैलाई मार्ने काल म नै हुँ, म ब्रम्हाजीका सन्देश लिएर आएको छु। आज भाग्यवश हजुरको दर्शन पाएँ, मलाई आज्ञा भए, ब्रम्हाजीको सन्देश सुनाउँछु- "सृष्टि हुनु अगाडि पूर्ण रुपले आत्मा एक थियौं, पछि नारायण जलाशयमा वास हुदाँ ख्वामित्‌का नाभिमा रहेको कमल देखि म (ब्रम्हा) पैदा भएँ र ख्वामित् कै आज्ञाले लोकको सृष्टि गरें, जसले प्रजालाई दुःख दिन्थ्यो, तिनलाई मार्न युग युगमा अनेक अवतार हजुरले लिनु भयो। अहिलेको यो अवतार पनि पृथ्वीको भार हर्न र दुष्टको संहार गर्न लिनु भएको हो। एघार हजार वर्ष पनि वित्यो- हे राम ! हजुरको अरु बस्ने इच्छा छ भने आज्ञा भए हुन्छ।"

काल पुरुष मार्फत ब्रम्हाका कुरा सुनेर रघुनाथ हाँस्नु भयो। त्यसैबेला दुर्वासा ऋषि श्रीरामलाई भेटौं भनी आए। दुर्वासा ऋषिले कोठा बाहिर ढोकामा बसेका लक्ष्मणलाई भन्नु भयो- "हे लक्ष्मण ! मलाई रामसँग अहिल्यै भेट् गराइ देउ" यस्ता कुरा सुनी लक्ष्मण सङ्कटमा परे र उनी भन्छन- तपाई के कामले आउनु भयो। म पुरा गरी दिन्छु, काल जस्ता डरलाग्दा दुर्वासा ऋषिका भयावह कुरा सुनेर लक्ष्मणले मनमनै विचार गरे, म आफैं मर्न तयार हुन्छ तर कुलको नाश हुन दिन्न भनी लक्ष्मणले श्रीराम भएको ठाउँमा गएर विन्ति गरे- हजुरलाई बाहिर दुर्वासा ऋषि भेट्‌न द्वारमा खडा हुनुहुन्छ। अनि श्रीरामले काल पुरुषलाई विदा दिएर दुर्वासा ऋषिसँग भेट् गरी सोध्नु भयो- हे ऋषि ! आज के कामले पाल्नु भयो ? दुर्वासा ऋषिले भोजन गर्ने इच्छा प्रकट गर्नु भयो। यो सुनी भोजन तयार गरेर खुवाई दिएपछि ऋषि पनि खुशी हुनु भयो। श्रीरामले मनमा विचार गर्नु भयो, म कसरी आज लक्ष्मणलाई नसोधि गोप्य कोठामा पसेको भनी विपत्तीमा मारौं। फेरि लक्ष्मण भन्छन्- हे राम !

हजुरलाई सन्ताप पर्‍यो, मलाई मारी दिनुहवस्, यस्तो विन्ति सुनेर श्रीरामले ठूलो सभाको आयोजना गर्नु भयो र सबैले विन्ति गरे- हे राम ! लक्ष्मणलाई नमार्नुस् बरु त्याग गर्नुहोस्, यी अधिराज मार्न योग्य छैनन्, ज्यान मार्नु र त्यागेर वियोग गर्नु वरावर हो, यस्ता कुरा सुनी श्रीरामले लक्ष्मणलाई विदा दिनु भयो र उनी सरयु नदीमा गएर बसे।

नरलोक छोडी सरयुमा लक्ष्मण आएको सुनी ब्रम्हादि देवताहरु लक्ष्मणलाई भेट्न आए, उता श्रीराम पनि लक्ष्मणको वियोगले दिक्क मान्दै आफ्ना मन्त्रीलाई भन्नु भयो- म लक्ष्मण जहाँ गए, त्यहीं जान्छु यो राज्य भरतले गरी बस्नु, श्रीरामका कुरा सुनी भरत मूर्छा परे।

मूर्च्छा खुलेपछि श्रीरामलाई विन्ति गरे, म तपाईलाई छोडेर राज्य गर्दिन, हजुरका छोरा छन्, तिनलाई राजा बनाउनुहोस्। जेठा पुत्र कुश कोशलमा र कान्छा लव पश्चिमका राजा होउन्, यी दुई भाइले राज्य गरुन् र शत्रुध्न मथुरामा गएर बस्छन्, यो कुरा लक्ष्मणले पनि जानुन्, भरतका विन्ति सुनेर श्रीरामले आफुलाई छोडेर जानु हुन्छ कि भनी प्रजाहरु दुःखी भए। वशिष्ट ऋषिले श्रीरामलाई विन्त्ति गर्नु भयो- हे राम ! हजुरले राज्य छोड्दा प्रजाहरु टुहुरा हुन्छन् र रुन्छन् पनि वशिष्ट ऋषिका कुरा सुनेर श्रीराममा पनि दया जाग्यो र प्रजासँग भन्नु भयो- तिमीहरुको इच्छा के छ ? उनीहरुले भने हामी पनि हजुरका साथै जान्छौ, हाम्रो इच्छा पनि पूर्ण हुन्छ उत्तर कोशलमा दुवै लवकुश राज्य गर्न गए।

त्यसपछि केही दूतहरुलाई यो खबर गर्न शत्रुध्न भएको ठाउँ मथुरामा पठाइदिनु भयो। शत्रुध्नले छोरालाई राज्य सुम्पि श्रीराम भएको ठाउँमा जाने विचार गरी जेठा पुत्र सुबाहुलाई मथुरा र युपलाई विदिशाको राज्य दिएर आफू पनि श्रीरामका साथै जान्छु भनी श्रीरामसँग विन्ति गरे- यो कुरा सुनी ऋक्ष र वानरहरु सँगै जान तयार भए, त्यसैबेला सुग्रिवले विन्ति गरे- हे राम ! मैले अङ्गदलाई राज्य छोडी हजुरका साथै जान लागें, त्यसपछि श्रीराम

आफ्ना प्यारा भक्त विभीषण कहाँ गएर भन्नु भयो- हे विभीषण ! तिम्रो प्रारब्ध बलियो छ, तिमीलाई कसैले हर्न सक्दैन जहाँ सम्म यो भूमि रहन्छ, त्यहीँ सम्म राज्य गरी बस सोझा प्रजालाई असल शिक्षा दिनु र अन्यायीलाई सजाय दिनु ।

त्यहीँ हनुमानलाई देखेर चिरञ्जिवी रहु भनी आशिष दिनु भयो र मेरो आज्ञा सधैं पालन गरी बस । फेरि जाम्बवान्लाई उहाँ भन्नु हुन्छ- हे जाम्ववान ! तिमी म सँग नजाउ, द्वापर युगमा तिमीले युद्ध गर्नु छ, युद्ध गरेर तिमी स्वर्गमा गएर बस, सबैलाई यस्तो आज्ञा दिई श्रीराम प्रजाहरुका साथ प्रस्थान गर्नु भयो ।

त्यसबेला आफ्ना पुरोहित वशिष्ठलाई मंगल गर्नु भनी आफु बैकुण्ठ जान निस्कनु भयो । सीताजीले अघिको रुप छिपाएर लक्ष्मी भई वायाँ तिर बस्नु भयो र दक्षिण तर्फ भूमि बसिन् त्यहाँ तिनै भुवनका आफन्त भेला भए ।

अनेकौं शस्त्रास्त्र भिरेर मङ्गल शब्द गर्दै **गायत्रि र चारवेद** आए, अयोध्याबासी बालक, बूढा बूढी राममा तल्लिन थिए, सुग्रिव र सबै वानर आउँदा अयोध्या सून्य रहयो । अनि श्रीरामले सरयुलाई देखेर आफ्नो विराटरुप सम्झनु भयो, श्रीराम सबैका मालिक हुनुहुन्छ । त्यसवेला ब्रम्हा, ऋषि, देवताहरु आउँदा आकाश मार्ग भरियो देवताहरुले श्रीरामलाई पुष्प बृष्टि गर्नु भयो ।

त्यसवेला श्रीरामका यश किर्तन गर्दै गन्धर्वहरु र देवताहरु नाच्न गाउँन थाले अनि उहाँ सरयु भित्र पस्न जानु हुदाँ ब्रम्हाले दुई हात जोडी विन्ति गर्नु भयो- "हे राम ! अब हजुरले चतुर्भुज नारायण विष्णुका अवतार लिनुहोस् " अनि श्रीराम पनि चर्तुवाहु स्वरुपको हुनु भयो । शत्रुध्न र भरत शङ्ख चक्र भई श्रीरामका बाहुमा बसे, यस्तो रुप देखी ब्रम्हाण्डका सबै खुशी भए । त्यसपछि श्रीरामबाट हुकुम भयो- हे ब्रम्हा ! मैले आफुसँग आएका जति

सबैलाई साथ लिएर गएँ। यिनीहरुलाई तपाईले सत्य लोकमा बास् होस् भनी आशिष दिनु हवस्, सपरिवार सबै आनन्द मानी बसुन्, श्रीरामका कुरा सुनेर ब्रम्हाले छुट्टै लोक खडा पनि गर्नु भयो।

ती लोकबासी सरयुमा स्नान गरेर खुशी मानी नयाँ लोकमा बसे, सूर्यका अंश हुनाले सुग्रिव सूर्यमा गई मिले, संसारको भू-भार हरेर श्रीराम पनि बैकुण्ठ जानु भयो। **शिवजीले पार्वतीलाई यही राम कथा सुनाउनु भयो।**

जसले यस राम कथालाई ठूलो मानी पढ्छ, सुनाउँछ उसको जन्म जन्मान्तरको पाप नाश भई उसले स्वर्ग लोक पाउँछ। धरतीमा सुख सयल सँग दिन विताएर सहजै भव सागर पार तर्छ भनी यो रोचक राम कथा शिवजीले पार्वती समक्ष विस्तार गर्नु भएको थियो।

Acc. 48808 / 48607

श्री उत्तरकाण्ड समाप्त

रामायणको कथा पूरा भयो

त्रयोदसाक्षरी मन्त्र

कुनै महिनाको शुक्ल पक्ष सोमवार त्रयोदशीका दिन भगवान् शङ्कर उमालाई काखमा राखेर राम नाम मात्र जपी रहनु भएको थियो। उमालाई रामको नाममात्र जप गरेको सुन्दा खल्लो लाग्यो। आफ्नो पतिदेवलाई श्री सीताजीको नाम थपेर जप गर्न आग्रह गर्नु भयो। शिवजीले पनि खुशी भई "राम" शब्दको अगाडि "श्री" शब्द जोडेर जप गर्न शुरु गर्नु हुँदा निम्न त्रयोदशाक्षरी मन्त्र बन्न गएको हो जुन्

श्रीराम जय राम जय जय राम

सन्दर्भ सामाग्रीहरू:

१) भानुभक्तको रामायण- सूचना विभाग, २०४४ कार्तिक प्रथम संस्करण

२) अध्यात्म रामायण- नारायणी प्रकाशन चितवन २०६२

३) श्री वाल्मिकी रामायण- गीता प्रेश गोरखपुर

४) श्रीरामगीता (भावानुवाद)- ले. केदारनाथ आचार्य, पुष्पाञ्जली छापाखाना, टेकु

५) जीवन रस नामक रामायण- ले. जीवन प्रसाद शर्मा, आनन्द प्रिण्टिङ् प्रेस, वागबजार, २०४८ माघ

नाम : **मदनप्रसाद अर्याल**
ठेगाना : एभरेष्ट गीता निकेतन,वालाजु वाइपास, काठमाडौं
फोन : ४३५१०१२
जन्ममिति : २४ फरवरी १९४६
(२००२ फागुन ९ गते)
पिता माता : स्व.पं. तुलसीराम/भक्त कुमारी
शिक्षा : साहित्याचार्य द्वितीयखण्ड (सं.वि. वाराणसी), एम.ए. (नेपाली), वी.एल. (त्रि.वि. काठमाडौं), जन प्रशासनमा एम.ए. (चण्डीगढ)
पेशा : अध्ययन अनुसन्धान र पुस्तक लेखन, धार्मिक अनुषठान आयोजन (पूर्व रक्षा सचिव, राजपरिषद् सचिव)

कृतिहरू:

(१) एभरेष्ट गीता (गीताको अंग्रेजी, हिन्दी र नेपाली भाषाहरुमा अनुवाद, (२) भर्तृहरिका नीति शृङ्गार र वैराग्य शतक,(३) व्यवहार नीति सेवा नीति र कूटनीति (विदुर धौम्य र कणिक नीति), (४) सजिलो गीता (गीताको सरल नेपालीमा पद्यानुवाद), (५) चाणक्यको जीवनी र नीतिशास्त्र, (६) शिव स्तोत्र र रुद्री नेपालीमा, (७) नेपालीमा चण्डी (दुर्गा सप्तसती) (गद्य पद्यानुवाद), (८) सजिलो रमायण कथा (९) सजिलो महाभारतको कथा (तयारीमा)

महत्वपूर्ण सामाजिक योगदान:

(१) तरुण मा.वि. वालाजुको संस्थापक सचिव- २०२७, (२) वरुण क्याम्पस खाादवारी, संखुवासभाको संस्थापक- २०४३, (३) संस्थापक सदस्य ग्रामीण वहुमुखी क्याम्पस नेपालटार, काठमाडौं- २०५२, (४) संस्थापक सदस्य मकवानपुर बहुमुखी क्याम्पस, पालुङ- २०५३,

मनकामना आश्रम सेवा कोष तुम्लिङ्टार संखुवासभाको २०४३ सालमा स्थापना गर्नुका साथै २०४६ सालमा सिन्धुली जिल्लास्थित कालीमाई र कमलामाई नित्य पूजा व्यवस्था कोष स्थापना गर्नुका अतिरिक्त आजीवन सदस्यको हैसियतले धेरै सामाजिक र धार्मिक संस्थाहरुमा योगदान पुऱ्याउँदै रहेको ।

- वर्तमानमा वासुकी चौर भुवनेश्वरी मन्दिर कोटिहोम स्थल संरक्षण समिति बल्खु काठमाडौं -१४, को अध्यक्ष रही सेवा पुऱ्याउँदै ।
- निजी निवास वालाजुमा ६ वर्षको अवधिमा ९ पटक गरी अठार महापुराण विधिवत् लगाई ११ लाख बत्ती र सबै पुराणका पुस्तकहरु दान गरेर नयाँ कीर्तिमान कायम गरेको ।

नाम : **श्रीमती भवानी अधिकारी (अर्याल)**
ठेगाना : अनाम नगर, काठमाडौं, फोन : ४२४३९८२

जन्ममिति : २०१०/२/२५
पिता माता : स्व.पं. तुलसीराम/भक्त कुमारी
शिक्षा : वी.ए., वी.एड., ३५ वर्ष शिक्षिका भै काम गरेको
पति : सह.प्रा. सीताराम अधिकारी
छोरा छोरी : इ. शैलेश, सुश्री शैलजा (माइक्रो बायोलजिष्ट)
रचना : सजिलो रामायण कथा/ सजिलो महाभारत कथा (तयार गर्दै)

सजिलो रामायण कथा

एभरेष्ट गीता निकेतन बालाजु, बाइपास, काठमाडौं